## लेखक परिचय

# Taste the Power of Encouragement

# उत्साहको शक्तिलाई चाख्नुहोस्

Dr. Thomas Hwang

सम्पादकीय

## विषय सूची


**भाग १**

**जिब्रोको अचम्मको शक्ति**

प्रकृतिबाट संक्रमण

अनात्मिक आरधाना

हाम्रो आन्तरि विष सफा गर्नु

सम्पूर्ण परिवर्तन

**भाग २**

**म यस्तो व्यक्ति हुँ, जसलाई उत्साहको खाँचो छ**

पर्दा अनि येशूको देह

परमेश्वरबाट आउने उत्साह

**भाग ३**

**उत्साहले आश्चर्यकर्महरू उत्पन्न गर्दछ**

उत्साह, बलियो पार्ने शक्ति

प्रशंसाद्वारा उत्साहित गर्नुहोस्

सान्त्वनाद्वारा उत्साहित गर्नुहोस्

चुनौतिहरूद्वारा उत्साहित गर्नुहोस्

चेतावनीद्वारा उत्साहित गर्नुहोस्

**भाग ४**

**ठीकसित बोलिएको वचन**

**चाँदीमा जडान गरिएको सुनका स्याउहरूजस्तै हुन्छन्**

वचनले हड्डीहरू सुकाउँछ

तीतोपनाको जरा

तीता जराहरूलाई हटाउने तरिकाहरू

शुद्ध पारिएको जिब्रो

**भाग ५**

**उत्साह:**

**केवल शब्दहरूभन्दा काममा बढी सुन्दर हुन्छ**

शारीरिक स्पर्शद्वारा उत्साह दिनु

सुनुवाइद्वारा उत्साहित गर्नु

आतिथि सत्कारद्वारा उत्साहित गर्नु

अन्तर्बिन्ती प्रार्थनाद्वारा उत्साहित गर्नु

**भाग ६**

**बारनाबास, उत्साहको पुत्र**

बारनाबास, एक परोपकारी व्यक्ति

बारनाबास, एक असल व्यक्ति

मलाई उत्साह दिनेहरू

**भाग ७**

**पावलको विश्वासयोग्य सहयोगी, बारनाबास**

पावलको परिवर्तन

पावलको दश वर्षीय तालिम

बारनाबासले पावललाई एन्टिओखिया मण्डलीमा निम्त्याए

बारनाबास र पावलका फरक चरित्रहरू

अगुवालाई विश्वासयोग्य सहयोगीहरू आवश्यक पर्दछ

धेरै पावलहरू, थोरै बारनाबास

**भाग ८**

**पावलका भरपर्दा उत्साहदाताहरू**

चेलामा हुनुपर्ने योग्यताहरू

पावलका अविश्वासयोग्य चेलाहरू

पावलका विश्वासयोग्य चेलाहरू

किन परमेश्वरले पावललाई प्रेम गर्नुभयो ?

# Acknowledgements

# भाग
# १

## जिब्रोको अचम्मको
## शक्ति

**याकूब ३:१~१८**

भाइ हो, तिमीहरूमध्ये धेरै जना शिक्षक नहोओ। किनकि तिमीहरू जान्दछौ, हामी शिक्षा दिनेहरूको न्याय अझ कठोर रूपले हुनेछ। किनकि हामी सबै धेरै भूल गर्दछौँ। जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मानिस हुन्छ। … तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ। शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन्, र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्।

# जिब्रोको अचम्मको शक्ति
## The Amazing Power of the Tongue

कोरियाली भाषामा एउटा पुरानो तर हाँसो उठ्दो उखान छ, जसले बोलीको महत्त्व बारे राम्रोसँग बताउँछ: “एउटै असल शब्दले तपाईंको ऋण चुक्ता गर्नसक्छ।” तपाईंको बोलीवचन धेरै नै महत्त्वपूर्ण हुन्छ किनभने त्यो कुरा तपाईंको सोच विचार र भित्री अभिप्रायहरूद्वारा प्रभावित भएको हुन्छ। जसरी मुखबाट निस्केका शब्दहरूले मानिसको हृदयलाई घाउ र चोट लगाउन सक्छ, त्यसरी नै हामीले के बोल्छौँ र त्यो कसरी बोल्छौँ भन्ने कुराले मानिसको हृदय छुनसक्छ र त्यसले तिनीहरूलाई बचाउन पनि सक्छ। त्यसकारण कुनै मानिसले “जिब्रो” र त्यसको असीम शक्तिमाथि नियन्त्रण गर्न सक्छ भने, उक्त कुराले उसको जीवन “सफल” भएको एक साँचो सङ्केत देखाउँदछ।

दुइ वर्षअघि मेरो जीवनमा घटेको एउटा साँचो घटनाको बारेमा छोटकरीमा बताउन चाहन्छु। एक साँझ म जमिनमुनि रेलगाडी चल्ने ठाउँको भऱ्याङबाट तल ओर्लदै थिएँ। त्यहाँ अचानक बच्चा साथमा लिएकी एउटी महिलाले मलाई यस्तो प्रश्न गरिन्: “हजुरबुबा [बाजे], के तपाईंले हामीलाई यहाँबाट बाहिर निस्कने ढोका नं. ७ कहाँ छ भनी बताउन सक्नुहुन्छ ?” म त्यो “बाजे” भनेर सम्बोधन गरेको सुनेर म छक्क परेँ र उत्सुकतापूर्वक तिनलाई एकटक लगाएर हेरिरहेँ। तिनले फेरि सोधिन्, “बाजे, बाहिर निस्कने ढोका नं. ७ कहाँ छ ?” छक्क पर्दै मैले यसरी जवाफ दिएँ, “मलाई थाहा छैन, तिमीले अरू



कसैलाई सोध।”

(नोट: कोरियाली संस्कृतिमा खासै नाता नपरे पनि कुनै पाको व्यक्तिलाई “बाजे” अथवा “बजै” भनेर बोलाउनु सामान्य नै हुन्छ। जमिन मुनिको त्यो ठाउँमा उक्त अपरिचित महिलाले त्यसरी सम्बोधन गर्नु पनि कोरियाली संस्कृतिको साधारण नमुना हो।)

अरू कसैले भए उक्त महिलाको प्रश्नलाई त्यति वास्ता नगर्नसक्छ, तर मेरो विषयमा भन्ने हो भने, बाजे हुनुको बारेमा मैले कहिले पनि सोचेको थिइनँ। सायद त्यो घटनामा मेरो सेतो हुँदै गएको कपालले केही हदसम्म भूमिका खेलेको हुनसक्छ, तर मैले आफूले आफैलाई त्यति बुढो भएको सोचेको थिइनँ। मेरो लागि “बाजे” भनेर सम्बोधन गरिनु त्यति सुखद अनुभव थिएन तर पनि त्यसप्रति मैले केही गर्न सक्दिनथेँ, मात्र म साच्चै नै बुढो भइसकेँ त, भनेर आफैलाई प्रश्न गर्नु बाहेक मेरो लागि अरू विकल्प थिएन। “बाजे” भन्ने त्यो एउटै शब्द प्रतिध्वनिजस्तै गरी मेरो दिमागमा धेरैबेरसम्म गुञ्जिरह्यो, र त्यसबाट मैले छुटकारा पाउनै सकिनँ। त्यो घटना भएको दुइ वर्ष बितिसक्यो र पनि अझसम्म मैले त्यो बिर्सेको छैनँ। त्यही एउटा शब्द मलाई आधिकारिक रूपमा बाजे बनाउन पर्याप्त थियो। अरू व्यक्तिद्वारा अज्ञान र आकस्मिक रूपमा गरिएका काम-कुराहरूबाट अर्को व्यक्तिलाई चोट लागी त्यसबाट दु:खको अनुभव हुने तथ्य त प्राय: हामी सबैजनालाई नै अवगत छ। मेरो लागि त्यो एउटा घटनाचाहिँ राम्रो अनुभव दिने नमुना हो।

यहाँ यस्तै प्रकारको अर्को एउटा वास्तविक उदाहरण छ। केही वर्षअगाडिको घटना हो। एक दिन एकजना महिला कर्मचारी मेरो कार्यालय कोठामा आइन्। मैले तिनको शरीर मोटाएर केही तौल बढेको देखेँ। मैले ठट्टा गरेर तिनलाई यसो

भने, "अब तिमीले शारीरिक व्यायाम गर्न आवश्यक छ र रातको खाना कम खाने गर्नुपर्छ।" मेरो उक्त भनाइले तिनलाई ठूलो चोट पुग्यो। केही समयसम्म त तिनले मलाई केही कुरा पनि व्यक्त गरिनन् तर एक दिन मैले भनेको शब्दहरूले तिनलाई हृदयमा साँच्चै चोट लाग्यो भनेर ईमेलमा लेखेर पठाइन्। त्यसपछि मैले थाहा पाएँ, कि सामान्य रूपमा बोलिएका अर्थहीन शब्दहरूले अरू व्यक्तिलाई गहिरो चोट पुऱ्याउन सक्छ। त्यसैले अबदेखि उसो मैले मेरो जिब्रोमा ध्यान पुऱ्याउन दृढ निश्चय गरेको छु।

बाइबलले हामीलाई यो कुरा बताउँछ, कि स्वार्थीपन र अरूप्रति ध्यान नदिने स्वभावको परिणामस्वरूप नै हामी हठी र अरूसँग ठीक ढङ्गले व्यवहार गर्ने कौशलतामा कमजोर हुन पुग्छौँ। प्राय: हामीहरू स्वयम् आफूप्रति केन्द्रित भएर श्रोताहरूलाई हाम्रो शब्दहरूले के परिणाममा पुऱ्याउँछ भन्ने कुरा विचार नगरी अशिष्ट र अभद्र प्रकारले बोल्ने गर्दछौँ। त्यसैकारण प्रभुले १ कोरिन्थी १३:५ मा पावलमार्फत हामीलाई यसो भन्नुहुन्छ, "प्रेम हठी हुँदैन, न ढीट हुन्छ।" असल र उच्च चरित्र भएका व्यक्तिहरूमा प्रेमको यस पक्ष  राम्रो प्रकारले प्रकट भएको हुन्छ।

## प्रकृतिबाट संक्रमण
## Contagious by Nature

हामी विश्वासी [इसाई] दाजु-भाइ, दिदी-बहिनी, सहकर्मीहरू, आफ्नो श्रीमान् वा श्रीमती अथवा छोरा-छोरीहरूसँग कुराकानी गर्दा असावधानीपूर्वक निस्केको शब्दहरूले उनीहरूका हृदयलाई विषाक्त बनाएर दु:ख-कष्टतिर डोऱ्याउन सक्छ। कहिले-काहीँ हृदय विषाक्त भएका चिन्तित, उदास र उमेरभन्दा पनि पाको देखिने



अनुहार भएका व्यक्तिहरूसँग हाम्रो भेटघाट हुने गर्छ। हितोपदेश १६:२४ र १७:२२ यसरी बताउँदछ, कि हृदयमा भएको उक्त विषले हाम्रो हड्डीहरू सुकाउन सक्छ। तर अचम्म लाग्दो कुराचाहिँ के हो भने, हड्डीहरूलाई चोट पुऱ्याउन सक्ने त्यस विषालु पदार्थ अरू ठाउँबाट होइन तर हामीभित्रैबाट निस्कन्छ। डाह, सत्रुता र विभिन्न प्रकारका घृणाको अनुभूतिले भरिएको हृदयबाट त्यो विष उत्पन्न हुन्छ। यदि उक्त विष तपाईंको हृदयभित्र प्रवेश गरिसकेको छ भने, त्यसले गम्भीर समस्या ल्याउन सक्छ र त्यसद्वारा तपाईंले अरूलाई पनि संक्रमित पार्न सक्नुहुन्छ। सरुवा रोगले जस्तै गरी उक्त विषले अरूको हृदयहरूलाई पनि संक्रमित पार्दछ र विभिन्न प्रकारका समस्याहरू जन्मन थाल्छन्।

आज यो संसारको मानव समाजमा यो विष गम्भीर समस्याको रूपमा खडा भएको छ। नियालेर हेर्ने हो भने यो अर्वूद-रोग [क्यान्सर] -जस्तै हो। पुरानो अनि परम्परागत शल्य-चिकित्साको प्रक्रियाले यस प्रकारको संक्रमित हृदयलाई पूर्ण रूपमा निको पार्न सक्तैन। यदि हामीले हामीभित्रैबाट निस्कने त्यस्तो प्राणघातक खराब तत्वलाई उन्मुलन गर्न सक्यौँ भने, हामी पवित्र र शुद्ध प्राणीमा रूपान्तरित हुनेछौँ, जसबाट मानिसहरूले हामीलाई आदर मात्र गर्नेछैनन् तर परमेश्वरले पनि हामीलाई स्वीकर गर्नुहुनेछ। अर्को शब्दमा भन्ने हो भने, उक्त प्रकृयापछि हामी उच्च अनि परिष्कृत र परिमार्जित चरित्र भएका असल व्यक्तिहरू हुनेछौँ।

येशूका शारीरिक भाइ याकूब अरू प्रेरितहरूमध्येका एक अगुवा थिए। पहिलो शताब्दीमा यरूशलेम मण्डलीमा सतावट आएपछि विश्वासीहरू एसिया माइनरको विभिन्न ठाउँहरूमा छरपस्ट भए र ती ठाउँहरूमा मण्डली स्थापना गरी उनीहरूका विश्वासअनुसार आरधनाको अभ्यास गर्न थाले। तर दुर्भाग्यवस, ती विश्वासीहरूका

माझमा विभिन्न प्रकारका समस्याहरू उत्पन्न हुनथाले। वास्तवमा भन्ने हो भने, नयाँ करारमा भएको याकूबको पुस्तकमार्फत याकूबले यरूशलेमबाट गएर विदेशी भूमिहरूमा वसोवास गरिरहेका ती यहूदी विश्वासीहरूलाई त्यही समस्याहरूको समाधानबारे सम्बोधन गर्न लेखेका हुन्। उक्त पत्रमा जम्मा पाँच वटा अध्यायहरू छन्, र त्यो उक्त समयमा विद्यमान आत्मिक समस्याहरूको समाधान र उपचार गर्न लेखिएको थियो किनकि त्यस समयका विश्वासीहरूले एक-अर्कालाई संक्रमण गरी विषाक्त बनाइरहेका थिए र तिनीहरूका आत्मिक यात्रालाई झन् कठीन र अन्यौलपूर्ण बनाइरहेका थिए।

तेस्रो अध्यायमा आएर याकूबले उक्त विषयलाई चाखलाग्दो प्रकारले उल्लेख गरेका छन्। पवित्र आत्माको प्रेरणा पाएर उनले सबैभन्दा पहिले बोलिवचनको बारे यसरी उल्लेख गरेका छन्: यदि कसैले आफूलाई धार्मिक सम्झन्छ, तर आफ्नो जिब्रोमा लगाम लगाउन सक्तैन भने, उसले आफैलाई धोका दिन्छ र उसले गरेको धर्म-कर्मको कुनै अर्थ रहँदैन। यस पदको सीधा अर्थ निकालेर यसरी उल्था गर्न सकिन्छ: के तपाईं विश्वास गर्नुहुन्छ, कि बाइबल पढ्नु, प्रार्थना गर्नु, अरूलाई सेवा गर्नु, र भेटी-दशांश दिनु- यी सबै धार्मिक व्यक्तिको चिन्हहरू हुन् ? यदि तपाईं आफैलाई धार्मिक भन्नुहुन्छ तर आफ्नो जिब्रोलाई नियन्त्रण गर्न सक्नुहुन्न भने, तपाईंले आफैलाई धोका दिनुबाहेक अरू बढी केही गरिरहनुभएको छैन। यसप्रकारको देखावटी ईश्वर-भक्ति व्यर्थ हो भनेर बुझ्नुपर्छ किनभने यो परमेश्वरतर्फबाट आएको होइन तर मानिसबाट आएको हो। यो झूटा भक्ति हो किनकि त्यस्ता व्यक्तिहरूका भित्रपट्टि फोहोर कुराहरू र विषले भरिएको हुन्छ। यस खण्डले खासगरी भन्न खोजेको कुरा यही हो, कि देखावटी भक्तिले परमेश्वरको नजरमा कुनै अर्थ राख्दैन।



बोलिवचनको महत्त्वबारे अझ प्रकाश पार्न याकूब ३:३-६ मा तीन वटा उदाहरणहरू दिइएका छन्।

जब हामी घोडालाई हाम्रो आज्ञाकारी बनाउन त्यसको मुखमा लगाम लगाउँछौँ, तब त्यसको सम्पूर्ण शरीरलाई जता मनलाग्यो त्यतैतिर लान सक्छौँ। यस्तै प्रकारले पानी-जहाजहरूलाई लिनसक्छौँ। तिनीहरू आकारमा धेरै ठूला भए तापनि र तेज हावाले चल्ने भए तापनि एउटा सानो पतवारद्वारा कर्णधारले चालकले जता मन लाग्यो त्यतैतिर लिएर जान्छ। त्यसैगरी जिब्रो मानिसको शरीरको सानो अङ्ग भएर पनि यसले ठूलो घमण्ड र सेखी गर्छ। आगोको सानो झिल्काले ठूलो वन डढाउन सक्छ भन्ने कुरालाई विचार गर्नुहोस्। जिब्रो पनि एक प्रकारको आगो नै हो, जुन शरीरको अङ्गहरूमध्ये अधर्मको एउटा दुनियाँ नै हो। यसले सारा शरीरलाई दूषित पार्दछ र जीवनको सारा क्रममा नै आगो सल्काइदिन्छ र नरकको आगोमा त्यो जल्छ।

सर्वप्रथम, याकूबले जिब्रोलाई लगामसँग तुलना गरेका छन्, जसलाई हामी घोडाको मुखमा राख्छौँ र त्यसलाई आज्ञाकारी बनाउँछौँ। घोडा कति ठूलो जनावर हो भन्ने कुरा निश्चय तपाईंले देखेको हुनुपर्छ। तर त्यसको मुखमा राखिने लगाम शरीरको तुलनामा साह्रै नै सानो हुन्छ। लगाम सानै भए तापनि त्यसको मद्दतले हामीले घोडालाई नियन्त्रण गर्नसक्छौँ र त्यसलाई तालिम दिएर तह लगाउन सक्छौँ। सोहीअनुरूप, जिब्रो हाम्रो शरीरको सानो अङ्ग भएर पनि यसले मानिसको सम्पूर्ण व्यक्तित्वलाई डोऱ्याउन सक्छ र उसमा भएको चरित्रहरू अर्को व्यक्तिमा सार्न र संक्रमित पनि गर्नसक्छ।

दोस्रो दृष्टान्तमा जिब्रोलाई पानीजहाजमा भएको सानो पतवारको रूपमा

देखाइएको छ। जहाज जति नै ठूलो भए तापनि त्यसमा भएको सानो पतवारले जहाजको यात्रा र जानुपर्ने दिशा तय गर्दछ। तेस्रो दृष्टान्तमा चाहिँ जिब्रोलाई आगोको सानो झिल्कासँग तुलना गरिएको छ, जसले ठूलो क्षेत्र ओगटेको वनलाई पनि जलाएर नास पार्नसक्छ। जिब्रोले मानिसको सम्पूर्ण जीवनलाई आगोमा फाल्न सक्छ भन्ने कुरा बाइबलले बताउँछ। साँच्चै नै जिब्रो शरीरको एक सानो अङ्ग भए तापनि यससँग असीम र डरलाग्दो शक्ति लुकेर रहेको छ।

मेरो जिब्रोबाट निस्केका शब्दहरूद्वारा म कस्तो किसिमको मानिस हुँ भन्ने कुरा पाठकहरूलाई स्पष्ट रूपमा देखाउन सक्दिनँ तर त्यसद्वारा जिब्रो कति महत्त्वपूर्ण छ भन्ने कुराचाहिँ देखाउन सक्छु। हाम्रो मुख्य समस्याचाहिँ जिब्रोलाई कसरी नियन्त्रण गर्ने भन्ने हो। ८ पदमा यस्तो लेखिएको छ: "तर जिब्रोलाई कुनै मानिसले तह लाउन सक्दैन। घातक विषले भरिएको यो चञ्चल दुष्ट हो।" उक्त घातक विष हाम्रो जिब्रोहरूबाट निरन्तर बाहिर निस्किरहन्छ। जब हामी यो प्रकृयालाई राम्रोसँग जाँच गर्छौं, तब वास्तवमा यो समस्या जिब्रोको मात्रै कुरा होइन तर हृदयसँग सम्बन्धित विषय हो भन्ने कुरा थाहा पाउँछौँ किनभने हाम्रो हृदयभित्र जे छ, त्यही कुरा जिब्रोले बाहिर निकाल्छ। याकूबले हामीलाई यसो भनेर चेतावनी दिएका छन्, कि उही जिब्रोले प्रभुको प्रशंसा गर्ने र मानिसहरूलाई सराप्ने गर्छ भने त्यो व्यक्ति पाखण्डी हो। परमेश्वरले औधी मन पराउनु हुने हाम्रै दाजु-भाइ, दिदी-बहिनीहरूलाई सराप्नु अनि तिनीहरूलाई आफ्नै प्रतिरूपमा सृष्टि गर्नुहुने हाम्रो स्वर्गीय पितालाई प्रशंसा गर्नु- यी दुइ कामहरू के साँच्चै नै पाखण्डीपन र घृणित कुराहरू होइनन् र ? उही मुखबाट कसरी प्रशंसा र सराप निस्कन सक्छ ?

यस किसिमको असम्भव कुरालाई याकूबले ३:११-१२ मा यसरी उल्लेख गरेका



छन्: "के पानीको मूलको एउटै धाराबाट मीठो र तीतो पानी निस्कन्छ र ? मेरा भाइ हो, के अञ्जीरको बोटमा जैतून अथवा दाखको बोटमा अञ्जीर फल्न सक्छ र ? तीतो पानीको मूलबाट पनि मीठो पानी निस्कन सक्दैन।" यी पदहरूले के देखाउँदछ भने, हामीहरूका मुखबाट निस्कने शब्दहरूका वास्तविक सञ्चाइले त्यसको मुख्य श्रोतको रूपमा रहेको हाम्रो हृदयलाई धोखा दिनु प्राय: असम्भव नै हुन्छ। त्यसैले गर्दा हाम्रो हृदयभित्र जे कुरा हुन्छ, त्यसैलाई जिब्रोले प्रकट गर्दछ।

याकूबले हामीलाई फेरि यसरी चेतावनी दिन्छन्, "यदि तिमीहरूका हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन् भने, यी कुरामा अभिमान नगर, र सत्यतालाई झूटा नबनाओ।" कटु ईर्ष्या र अभिलाषालाई यहाँ तीतोपन र स्वार्थीपनको रूपमा सङ्केत गरी बुझाउन खोजिएको छ।

जब हामी स्वार्थी हुन्छौँ, तब प्राय: आफ्नै बारेमा मात्र सोच्ने गर्छौं। त्यसपछि हामीलाई जुनसुकै कुरामा पनि विजय हासिल गर्न र सफलता प्राप्त गर्न मन लागिरहन्छ। यस कुराले हामीलाई अरू व्यक्तिहरूप्रति डाही बनाउँदछ, र फलस्वरूप अरूको सफलताहरूप्रति हामीलाई घृणा जाग्छ तर अरूहरूका असफलता र कमजोरीहरूमा खुसी र आनन्दको अनुभूति हुनथाल्छ। अन्त्यमा, डाहले द्वन्द्व र विवादजस्ता समस्याहरूतिर डोऱ्याउँछ। स्वार्थीपन र डाह एक-आपसमा मिलेर काम गर्न थालेपछि हाम्रो समाजमा निश्चित रूपले द्वन्द, विवाद र झगडाजस्ता समस्याहरू सुरु हुन थाल्दछन्। ११ र १२ पदहरूअनुसार यी दुइ तत्वहरूचाहिँ साँच्चै नै विषालु अनि पिउनै नसकिने समुद्रका अति नै नुनिलो पानीजस्तै हुन्। हामी आफूलाई बाहिरी रूपमा ईश्वरभक्त व्यक्तिजस्तो देखाउन कोसिस गर्नसक्छौँ तर जबसम्म हाम्रो हृदयमा स्वार्थपूर्ण अभिलाषा र डाह हुन्छ,

तबसम्म कुनै पनि समयमा हाम्रो संसारिक ज्ञान-बुद्धिको खराब फलहरूले उक्त प्रयासलाई प्रकट गरी अवश्य नै झूट्टा सावित गरिदिन सक्छ।

कतिपय समयमा हामी उक्त घातक विषलाई हृदयबाट बाहिर निस्कनबाट रोक्न खोज्छौँ। केही मात्रामा त्यसो गर्न सकिए तापनि प्राय: हामी उक्त काममा असमर्थ हुनपग्छौँ। परमेश्वर पिताको स्वरूपमा सृष्टि गरिएका उहाँको सन्तानहरूलाई दु:ख र कष्टमा परेको देख्दा-देख्दै पनि प्राय: हामी तिनीहरूलाई विषालु कुराहरूद्वारा डस्छौँ। हामीहरूमध्ये धेरैले यो गलत काम अजान र अचेत अवस्थामा गरिरहेका हुनसक्न्छ तर अफसोसको कुरा के हो भने, केही व्यक्तिहरूले चाहिँ पूर्ण तयारी र विशेष उद्देश्यद्वारा अभिप्रेरित भएर नै यस प्रकारका अति घृणित कुकर्महरू गर्ने गर्दछन्। यस प्रकारको क्रियाकलापहरू परमेश्वरको आराधना गर्ने मण्डलीभित्र हुनुचाहिँ धेरै नै खतरनाक सावित हुनजान्छ।

बाइबलले डाहलाई अलग स्थानमा राखेको छ र यसलाई दुष्टको खतरनाक चरित्र भनेर उल्लेख गरेको छ। रिस र डाहको विषयमा चाखलाग्दो प्रकारले तुलना गरिएको कुरा हामी हितोपदेश २७:४ मा देख्न सक्छौँ: “क्रोध निर्दयी हुन्छ, र झोँकचाहिँ अत्यधिक, तर डाहको सामु को खडा हुनसक्छ ?” रिस र झोँक- यी दुइ कुरासँग ध्वंस गर्ने शक्ति हुन्छ तर पनि यिनीहरूलाई डाहसँग तुलना गर्न सकिँदैन किनकि डाह भनेको त्योभन्दा पनि अति नै विध्वंसकारी र खतरनाक हुन्छ। डाहले भरिएको हृदयले भीषण बाढी-पैह्रोले जस्तो गरी क्षति पुऱ्याउन सक्छ। डाह एकदमै हानी गर्ने र विध्वंस गर्ने तत्व हो, जसलाई हामी दुष्टको सबैभन्दा मुख्य अनि अति नै खराब चिरत्र हो भनी भन्न सक्छौँ।

सुरुमा लुसिफर परमेश्वरद्वारा मन पराइएको स्वर्गदूत थियो, तर पछि गएर त्यो



घमण्डी भएर निस्कियो। जब लुसिफर सर्वशक्तिमान् हुन खोज्यो, तब त्यसको विद्रोहको कारण त्यसलाई स्वर्गबाट धपाइयो। पतित लुसिफर परमेश्वरको प्रेमबाट च्युत भएपछि र त्यसको स्थानबाट हटाइएपछि, उहाँले त्यस स्वर्गदूतको नाउँ परिवर्तन गरिदिनुभयो। त्यसपछि त्यसलाई ‘शैतान’ अथवा ‘दुष्ट’ नाउँले सम्बोधन गरिन थालियो। आज पतन भएको उक्त लुसिफरले हामी परमेश्वरको सन्तानलाई तिरस्कार, घृणा, बदला र डाहको भावनाले हेर्ने गर्छ किनभने त्यसले अनुभव गर्न नपाएको परमेश्वरको अनुग्रह र प्रेममा हामीहरू खुसीसाथ रमाउँदै आनन्द मनाइरहेका छौँ, जुन त्यसलाई पटक्कै मन परेको छैन। हामीप्रति डाही भएर त्यसले सारा मानव जातिलाई परमेश्वरबाट अलग गर्न खोजिरहेको छ र उक्त काममा सफलता हासिल गर्न धेरै मानिसहरूलाई भड्काउने र उत्तेजित पार्ने काम गरिरहेको छ। यो कुरा प्रत्येक विश्वासीले राम्रोसँग बुझ्नु र मनन गर्नु अति आवश्यक छ।

शब्दको बनावटसम्बन्धी इतिहास र त्यसको व्युत्पत्ति विज्ञानअनुसार ‘दुष्ट’ भन्ने शब्दलाई अध्ययन गर्दा, यो शब्द वास्तवमा ग्रीक भाषाको ‘दियाबोलस’ (Diabolos) भन्ने शब्दबाट आएको हो, जसको अर्थ झूटो, निन्दा गर्ने, विध्वंस गर्ने, नास गर्ने र अलग गर्ने हुन्छ। हाम्रो अवस्था देखेर अति नै डाह गर्ने र तीतोपना बोकेर बस्ने त्यो पहिलेको स्वर्गदूत परमेश्वरको जनको पक्षमा कहिले पनि हुनै सक्दैन। योचाहिँ त्योसँग भएको डाहले भरिएको हृदयको कारणले गर्दा भएको हो। दु:खलाग्दो कुरा के हो भने त्यो डाही शैतानको कतिपय फोहोर चरित्रहरू हामीहरूमा पनि लुकेर बसिरहेको हुन्छ। यदि डाहलाई हाम्रो हृदयबाट हटाउन सकियो भने, पृथ्वी साँच्चै नै स्वर्गीय वातावरणले भरिन्छ र मानव समाजमा प्रेम, शान्ति, प्रशंसा, क्षमा, स्वीकार, उत्साह र उत्साहजस्ता असल कुराहरू प्रशस्त मात्रामा देख्न सकिन्छ। तर डाहको जरा बढ्दै आएर घृणाको भावना, विभिन्न

प्रकारको द्वन्द्व, विवाद र झगडाहरू, फूट र निराशाजस्ता खराब कुराहरूले यो संसार भरिएको छ।

साँच्चै भन्ने हो भने डाहभन्दा पनि त्यसले उत्पन्न गर्ने फलहरू अझ धेरै मात्रामा डरलाग्दा हुन्छन्। जब डाह हाम्रो हृदयमा सलबलाउन थाल्छ, तब झगडा र विवादका अवस्थाहरू सुरु हुन थाल्छन्। डाह र स्वार्थपनको भावना मिलेर काम गरेपछि अवश्य नै त्यहाँ लडाइँ-झगडा हुन्छ। वास्तवमा भन्ने हो भने, जब हामीले आफूलाई अरू व्यकतिभन्दा ठूलो ठान्छौँ, आफ्नै इच्छा र चाहनालाई मात्रै महत्त्व दिन थाल्छौँ, स्वार्थपूर्ण अभिलाषाहरूलाई बढवा दिन्छौँ र आफ्नो मात्रै भलाइको निम्ति लोभी बन्छौँ, तब बिस्तारै लडाइँ-झगडाको परिस्थिति सुरु हुनथाल्छ। अहिलेको समयमा यस्तै प्रकारका अरूको हानी हुने स्वार्थपूर्ण अभिलाषाहरू अनगिन्ती रूपमा बढेर गइरहेको छ, त्यसको फलस्वरूप विवाद, मतभेद र मानवीय विध्वंसकारी समाचारहरू हामी सधैँ सुनिरहेका छौँ।

आजको संसारमा अधिकांश सामाजिक मूल्य-मान्यताहरू, आर्थिक-नीतिहरू, नैतिक आदर्श र दर्शनका कुराहरू प्राथमिक रूपमा व्यक्तिगत स्वार्थसँग सम्बन्धित छन्। आज हामीहरू स्वतन्त्र विचार राख्ने र आफ्नै बारेमा मात्र सोच्ने स्वयम्-केन्द्रित समाजमा बाँचिरहेका छौँ भन्ने कुरामा कुनै सङ्का छैन, जहाँ अरूको मूल्य-मान्यता र हितको लागि कमै मात्र ध्यान दिइन्छ। तर मानिसमा भएको यस प्रकारको सोचाइको ढाँचाचाहिँ शैतानको सोचाइको एक विशेष नमुना हो। विगतको दुइ हजार वर्षलाई हेर्ने हो भने, मण्डलीभित्र पनि यस प्रकारको खराब विचारहरूले गहिरो जरा गाडेको पाइन्छ। वैधानिक दृष्टिकोणमा हामी विश्वासीहरू [इसाईहरू] परमेश्वरको असल सन्तान हुन पाएका छौँ र अहिले पनि



त्यही स्थानमा नै छौँ तर नैतिक रूपमा गहिरिएर विचार गर्ने हो भने, पक्कै पनि हामीहरूले उक्त अवस्थाअनुसार व्यवहार गरिरहेका छैनौँ। त्यसैकारण इसाई इतिहास अन्तहीन विवाद, द्वन्द्व, लडाइँ, झगडा, घृणा र तिरस्कारले व्याप्त भएको पाउँदछौँ। वर्तमान तथ्याङ्कलाई अध्ययन गर्ने हो भने, यो संसारमा येशूको नाउँमा विभिन्न सिद्धान्तहरू बनाएर सुरु भएका करिव बीस हजारजति इसाई सम्प्रदायहरू विद्यमान छन्। यस प्रकारको फूट र विभाजनहरूको श्रोतचाहिँ आफैलाई मात्र ध्यान दिने, अरूहरूको वास्ता नगर्ने स्वयम्-केन्द्रित स्वार्थपूर्ण विचार र व्यवहारको प्रकटिकरण हो।

तर त्यसो भयो भन्दैमा के हामी परमेश्वरका सबै सन्तानहरू ख्रीष्टमा दाजु-भाइ, दिदी-बहिनीहरू होइनौँ त ? के उहाँले हामीप्रति देखाउनु भएको प्रेमलाई स्वीकार गरेर, हामी सबै जनाले उहाँलाई पछ्याउने निर्णय गरेका होइनौँ ? मृत्युसम्मै पुगेर येशूले हामीलाई ईश्वरीय प्रेम प्रदर्शन गर्नुभयो र दया गरी उहाँले हाम्रा सबै दुष्ट कामहरूलाई क्षमा गरी दिनुभयो। अब विचार गरौँ, "के आज हामी विश्वासी भएर आफ्ना दाजु-भाइ, दिदी-बाहिनीहरूलाई सानोभन्दा सानो गल्तीहरूमा क्षमा दिन नसक्नु के शर्मलाग्दो कुरा होइन त ?"

प्रिय पाठकहरू, हामीले यो कुरा कहिल्यै पनि बिर्सनु हुँदैन, कि चाहे हामी समस्या खडा गर्ने झगडालु विश्वासीहरू हौँ अथवा हामी शान्तिमा रहने असल विश्वासीहरू हौँ, प्रभुको अनुग्रहले हामी सबैलाई अङ्गालोमा बाँधेको छ। आज पनि येशूले हामीलाई सहानुभुतिपूर्ण भावमा गरिरहनु भएको अनुरोध हाम्रो आत्मिक कान खोलेर सुन्न सक्नुपर्छ। उहाँ यसो भन्दै हुनुहुन्छः "छोरा / छोरी तिमी जस्तो अवस्थामा थियौ, त्यस्तै अवस्थामा मैले तिमीलाई स्वीकार गरी प्रेम गरेको हुँ।

त्यसकारण तिमीले पनि आफूमा भएको अपूर्णता र कमजोरीलाई सम्झना गरी एक आपसलाई प्रेम गरी स्वीकार गर्नु पर्दछ।" यस प्रकारको प्रेम, क्षमा र स्वीकारले भरिएको हृदय हामीमा विकास होस् भन्ने कुरा परमेश्वर चाहनुहुन्छ। यस प्रकारको हृदय भएका व्यक्तिहरूका जिब्रोबाट निस्कने बोलीवचन नाटकीय ढङ्गले परिवर्तन भएर जानेछ। उनीहरूका जिब्रोहरूबाट विष निस्कँदैन बरु मानिसहरूले त्यसबाट निस्कने कुराले जीवन पाउनेछन्।

## अनात्मिक आराधना
## Unspiritual Devotion

हामी याकूब ३:१५ मा फर्केर गयौं भने, त्यहाँ सांसारिक, अनात्मिक र दुष्ट बुद्धिको विरुद्धमा याकूबले चेतावनी दिएको कुरा उल्लेख भएको पाउँछौं। त्यस प्रकारको खराब व्यक्तिहरूले गर्ने आराधनाको अभ्यास यस्तो हुन्छ: तिनीहरू हृदयबाट नभई ओठहरूले मात्र परमेश्वरको प्रशंशा गर्छन् र बाहिरबाट धार्मिक देखिए तापनि अरूहरूको लागि तिनीहरूका जिब्रो कडा विषले भरिएको हुन्छ। धर्मशास्त्रअनुसार त्यस्ता व्यक्तिहरू नैसर्गिक प्रवृत्ति भएका पशुसरह हुन् किनभने तिनीहरूले व्यक्त गर्ने शब्दहरू आत्मिक किसिमको हुँदैन बरु त्यसको सट्टामा उद्दण्ड, जङ्गली र  पापले भरिएका हुन्छन्। त्यस प्रकारको बुद्धि अनात्मिक हो भनी याकूबले अधिकारपूर्ण ढङ्गले व्याख्या गरेका छन्। त्यस प्रकारको बुद्धिलाई दुष्टको बुद्धि पनि भन्न सकिन्छ किनभने जब विनास निम्त्याउनको लागि मानिसहरूले आफ्ना जिब्रोहरू नकारात्मक किसिमले प्रयोग गर्छन्, तब तिनीहरूले स्वर्गबाट



आउने बुद्धि अभ्यास नगरी दुष्टको बुद्धिचाहिँ व्यवहारमा उतारिरहेका हुन्छन्।

यसको अर्थ यही हो, कि केही व्यक्तिहरू वैधानिक रूपमा परमेश्वरकै घरनाका देखिए तापनि नैतिक रूपमा तिनीहरूले दुष्टले जस्तै गरी काम गरिरहेका हुन्छन्।

१७ पदमा याकूबले अर्को प्रकारको बुद्धिको बारेमा चर्चा गरेका छन्, जुन माथिबाट आउँछ: "तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ।" स्वर्गीय बुद्धिमा अरू धेरै प्रकारका चरित्रहरू र गुणहरू निर्धारण गरिएका हुन्छन्, जसलाई बुझ्नको निम्ति गहन र विस्तृत रूपमा हेर्नुपर्ने हुन्छ। स्वर्गीय बुद्धिमा हुनुपर्ने प्रथम र अति महत्त्वपूर्ण कुराचाहिँ शुद्धता हो। शुद्ध हृदयले सधैँ नै पहिला परमेश्वर अनि त्यसपछि आफ्नो छिमेकीहरूप्रति ध्यान दिन्छ। शुद्ध समझले आफ्नै स्वार्थपूर्ण इच्छा र चाहनाहरूको हिसाब-किताब गर्दैन, न त यो स्वयम्-केन्द्रित नै हुन्छ। शुद्ध हृदय भएको व्यक्ति साँच्चै नै पवित्र हुन्छ, जसले माथिबाटको बुद्धि प्राप्त गरेको हुन्छ।

अर्को महत्त्वपूर्ण कुरा के हो भने, ईश्वरीय बुद्धि विचारशील हुन्छ। विचारशील हुनु भनेको सभ्य, शिष्ट र भद्र तरिकाले नम्रतामा अरू व्यक्तिहरूलाई वास्ता गर्नु हो भन्ने बुझ्नुपर्छ। जहिले पनि अरूबाट केही सिक्नुपर्छ र अरूले बोलेको कुरामा विशेष ध्यान दिनुपर्छ भन्ने कुरा नम्र हृदयले सधैँ स्वीकार गर्छ। परमेश्वरको दया र सहानुभूति अनुभव गरेपछि मात्र हाम्रो हृदय नम्र हुन थाल्छ। एउटा व्यक्तिलाई तब मात्र नम्र व्यक्ति भन्न सकिन्छ, जब उसले परमेश्वरको अनुग्रह प्राप्त गर्छ, र उसले परमेश्वरबाट प्राप्त गरेको उक्त अनुग्रहलाई साँचो रूपमा अरूहरूलाई पनि बाँड्न र बताउन सक्छ। नम्रताले मानिसहरूलाई दयालु बनाउँछ अनि समस्या र

दुर्भाग्यजस्ता कुराहरूबाट ग्रस्त भएको पीडित व्यक्तिहरूलाई सहानुभूति देखाउन सक्छ। जब हामी अरूको जीवनमा भएका भावानात्मक, शारीरिक र आर्थिक समस्याहरूमा गरिरिएर ध्यान दिन्छौँ, तब हामीले ख्रीष्टको जस्तै दया प्रदर्शन गरिरहेका हुन्छौँ। त्यसैकारण बाइबलले भन्दछ, कि दयाबाट नै हामीले प्रशस्त मात्रामा असल फल फलाउन सक्छौँ। यस प्रकारको दया परमेश्वरको ईश्वरीय बुद्धिको साँचो गुणले भरिएको हुन्छ, जुन बुद्धि पवित्र आत्माले दिनुहुन्छ।

ईश्वरीय बुद्धिको अर्को महत्त्वपूर्ण पक्षचाहिँ निष्पक्षता हो। निष्पक्ष हुनुको शाब्दिक अर्थ कसैको पक्ष नलिनु र कसैप्रति पूर्वाग्रह राखी समर्थन नगर्नु भन्ने हुन्छ। जसरी निष्पक्ष न्यायाधीशहरूले मुद्दालाई पक्षपात नगरिकन फैसला गर्छन्, त्यसरी नै हामीहरूले पनि अरूलाई उचित प्रकारले व्यवहार गरोस् भन्ने कुरा परमेश्वर हामीप्रति अपेक्षा गर्नुहुन्छ। परमेश्वरको पक्षलाई त्यागेर विश्वासीहरू दायाँ वा बायाँतर्फ काहल्यै पनि फर्कनु हुँदैन, तर उहाँको व्यवस्थामा अटल र अडीक हुनुपर्छ। याद गर्नु पर्ने कुराचाहिँ के हो भने, शैतानले मानिसहरूको बीचमा सधैँ विभिन्न प्रकारका वाधाहरू ल्याएर दुःख दिइरहन्छ, जस्तैः गुटवन्दी, पक्षपात र एक-आपसमा विरोध आदि। त्यसकारण हामीलाई यो कुरा निश्चित रूपमा थाहा हुनुपर्छ, कि जब कुनै समूह अथवा संस्थामा एकता भङ्ग हुन्छ, तब अवश्य त्यहाँ शैतानले काम गरिरहेको हुन्छ। तब तुरुन्तै हामी एक-अर्कालाई अलग गर्न खोज्ने शैतानको उक्त पर्खालाई चकनाचुर पारी नास गरिदिनु पर्छ।

अन्त्यमा, हामी १७ पद पढ्दा यो कुरा थाहा गर्दछौँ, कि निष्पक्षता भन्ने कुरा इमान्दारीतासँग सम्बन्धित विषय हो। जब कुनै व्यक्तिको बाहिरी कुराहरू उसको आन्तरिक प्रकृति [अन्तर-आत्मा] -प्रति विरोधाभास भई, त्यससँग नमिल्ने हुन



जान्छ, तब परिस्थिति खराब र धोकापूर्ण भएर जान्छ। साधारण शब्दमा भन्ने हो भने त्यो परस्थितिलाई पाखण्डीपन भन्न सकिन्छ। परमेश्वरका बुद्धिमान् मानिसहरू प्रायः इमान्दार हुन्छन्, जसका बाहिरी कुराहरू भित्री कुराहरूसँग साँचो रूपमा मेल खाएका हुन्छन्। परमेश्वरका ईश्वरीय कामहरूद्वारा त्यस्ता व्यक्तिहरूका जिब्रोहरू परिवर्तन भएका हुन्छन्।

म यस कुरामा जोड दिन चाहन्छु, कि म एक प्रचारक भए तापनि यस प्रकारका समस्याहरूबाट अझै पूर्ण रूपमा मुक्त हुन सकेको छैनँ। हामी सबै नै यस्ता कुराहरूबाट केही न केही मात्रामा प्रभावित हुने गर्दछौँ।

## हाम्रो आन्तरिक विष सफा गर्नु
## Cleansing Our Inner Poison

इच्छा शक्ति प्रयोग गरेर केही हदसम्म हाम्रो भावनाहरू नियन्त्रण गर्न सकिन्छ। मानिहरूसँग कुराकानी गर्दै गर्दा हामी सिलसिला परिवर्तन गरेर यस्तो शब्दहरू भन्न सक्छौँ, जस्तैः म तपाईंलाई धेरै नै आदर-सम्मान गर्छु, म तपाईंसँग सही अभिप्रायले बोल्दैछु आदि। आत्माको परिवर्तन र त्यसको विशेष उपचार नभएसम्म हाम्रो मुखले मात्र यस्ता चिप्ला कुराहरू निकालेर हृदयलाई तुरुन्तै धोका दिन सक्छ। हामीहरूमध्ये धेरै जनाले यो कुराको अनुभव गरेका छौँ, कि कम मात्र बोल्ने मानिसहरूले उनीहरूभित्र भएका विषालु पदार्थ फैलाउने उपयुक्त मौका सजिलै पाउँदैनन्। तर मानिसको स्वभाविक स्वभावले गर्दा अन्त्यमा त्यो कुरा एक दिन

प्रकट भइहाल्दछ। यसो किन हुन्छ त भन्दा हाम्रो हृदयमा भएको विषालु पदार्थलाई निकालेर फाल्न नसक्नुले नै हो। दु:खलाग्दो कुरा के हो भने, त्यस खराब तत्वले हाम्रो हृदयलाई दुष्टको हृदयजस्तो स्वरूपमा रूपान्तरित गरिदिन्छ। त्यो तीतो विष र त्यसले हाम्रो हृदयमा बनाएको घाउचाहिँ हाम्रो सत्रु, त्यो दुष्ट बस्ने उपयुक्त ठाउँ बन्दछ। त्यसैले त्यसलाई  जरादेखि नै हटाउनको लागि हामीहरू धारिलो हतियार लिएर कठोर रूपमा अगाडि आएर त्यससँग सामना गर्नुपर्दछ।

हामीहरूले आत्मिक विषलाई हाम्रो हृदयबाट हटाएर, त्यस ठाउँमा येशूको चरित्र राखेको प्रभुले अपेक्षा गर्नुहुन्छ। यो काम छोटो समयमा गर्न सकिँदैन किनभने भित्री रूपमा भएको विष र त्यसको नराम्रो असरलाई हटाउन त्यति सजिलो छैन। यो क्रमवद्ध रूपमा बिस्तारै हुँदै जाने लामो प्रक्रिया हो। त्यसको लागि सर्वप्रथम, हृदयमा पलाएको उक्त विषालु गाँठोलाई आत्माको तरवारले काट्नुपर्छ, जुन हतियारचाहिँ परमेश्वरको वचन हो। त्यसपछि हाम्रो आत्मिक चिकित्सक, जो पवित्र आत्मा हुनुहुन्छ, उहाँसँग सहायता माग्नु पर्दछ। उहाँले त्यसको खराब संक्रमणलाई जलाई दिनुहुन्छ र बाँकी भएका खरानीलाई पनि धोइदिनुहुन्छ। यस प्रकारको आत्मिक अभिषेकबाट ती घाउहरू निको हुन्छन् र पूर्ण रूपमा चङ्गाइ प्राप्त हुन्छ। त्यसपछि ती मरेका क्यान्सरयुक्त कोषहरूमा परमेश्वरबाट प्राप्त असल कोषहरूले भर्नुपर्दछ, र वचनको शक्तिले तिनीहरूलाई पोषक तत्व दिइरहनु पर्दछ। त्यस प्रकारले जब मानिसको हृदय चङ्गाइ पाएर पूर्ण रूपमा परिवर्तन हुन्छ, तब उक्त व्यक्तिको जीवनमा जोस र जागृति आउँदछ। त्यसपछि उसको चरित्र र येशूको चरित्रमा समानता आउन थाल्दछ। यो काम दैनिक उपचार पद्धतिको रूपमा जीवनभरि नै गरिरहनु पर्ने लामो अनि क्रमवद्ध प्रकृया हो। वास्तवमा हामी यस प्रकृयालाई आत्मिक शुद्धिकरण अथवा पवित्र हुने प्रकृया भन्न सक्छौँ।



ठोस रूपमा भन्ने हो भने यो प्रक्रिया अन्तर्गत हामीमा भएका कमजोरीहरू र सङ्घर्षहरूका निम्ति दैनिक रूपमा गरिनु पर्ने स्वीकार र पश्चातापजस्ता कुराहरू पर्दछन्। हामीभित्र भएको डरलाग्दो विषालु तत्त्वलाई हामीले स्वीकार गर्नु नै पर्दछ र त्यसबाट छुटकारा अथवा चङ्गाइ दिने व्यक्ति येशूमात्र हुनुहुन्छ भनेर मानिलिनु पर्दछ। शुद्ध अथवा पवित्र हुँदै जाने प्रक्रियामा हामीले परमेश्वरको क्षमता र योग्यतामा पूर्ण रूपले विश्वास र भरोसा गर्नुपर्दछ। जब हामी यस्ता समस्याहरूलाई व्यक्तिगत क्षमता, शैक्षिक योग्यताहरू र इच्छाशक्तिद्वारा समाधान गर्न सकिँदैन भन्ने कुरा महशुस गर्न थाल्छौँ, तब मात्र शुद्धिकरणको प्रक्रिया हाम्रो जीवनमा सुरु हुन्छ। हामीले आफूलाई नम्र बनाएर यो कुरा स्वीकार गर्नुपर्दछ, कि परमेश्वर अति योग्य चिकित्सक हुनुहुन्छ र उहाँले हाम्रो हृदयको आत्मिक शल्यक्रिया गरेर त्यहाँ भएका दुष्टको सबै नराम्रा प्रभावहरूलाई निकालेर फालिदिनु हुन्छ। यो समस्यालाई सम्हाल्न सक्ने एउटै मात्र शक्तिशाली चिकित्सक हुनुहुन्छ, जो पवित्र आत्मा हो। पवित्र आत्माको जलाउने, धुने, काट्ने, निको पार्ने र शुद्धिकरण गर्ने शक्तिले मात्र यस प्रकारका समस्याहरू समाधान गर्न सकिन्छ।

उक्त उद्देश्य प्राप्त गर्नको लागि हामीहरू येशूको नजिक जानुपर्छ र गम्भीर भएर भित्री हृदयबाट उहाँसँग सहायता माग्नु पर्दछ भन्ने कुरा उहाँले हामीलाई सिकाउनु भएको छ। त्यसैले उक्त समस्याको समाधानको बाटो यही हो, कि परमेश्वरसँग हाम्रो दैनिक वार्तालापमा हामीले यसो भनेर प्रार्थना गर्नुपर्दछ, “प्रभु, ममा अझै आत्मिक अनुशासनको कमी छ। मेरो मुखबाट अझै विष निस्कन्छ, र मेरो व्यवहारले अरूलाई कष्ट र पीडा उत्पन्न गर्दछ, जसले गर्दा मैले मेरो दाजु-भाइ र दिदी-बहिनीहरूलाई प्रभुमा बलियो बनाउन सकेको छैनँ। कृपया मलाई सहायता गर्नुहोस्।” के यस प्रकारको  प्रार्थनाको अभ्यासद्वारा हामीले हाम्रो हृदयहरूलाई

तालिम दिइरहेका छौँ त ? वास्तवमा भन्ने हो भने यही अभ्यासले नै हाम्रो हृदयको विषालु तत्त्व घट्दै जान्छ र त्यो ठाउँ सफा हुँनथाल्छ, अनि पवित्र आत्माको कामद्वारा हाम्रो हृदयले चङ्गाइ र पुनर्यौवन पाउँदछ। त्यसपछि हाम्रो जिब्रो बिस्तारै तालिमप्राप्त ढङ्गमा बदलिँदै जान्छ। यो सञ्चारको एउटा मध्यम हो, जसले हाम्रो हृदयमा भएका कुराहरूलाई बाहिर प्रकट गर्दछ। चाखलाग्दो कुरा यो हो, कि कुनै व्यक्ति शुद्ध छ, कि छैन भन्ने जाँच उसले बोलेको शब्दहरूद्वारा गर्न सकिन्छ। शुद्धता र पवित्रतालाई धारण गरेको पुरुष अथवा महिलाले जीवनमा उत्साह प्रदान गर्ने शब्दहरू बोल्दछन्। सबै किसिमका परिस्थितिहरूमा त्यस्ता व्यक्तिहरूले आशा, सहास, शान्ति र सान्त्वनाजस्ता कुराहरू ल्याउँदछन्। तिनीहरूले विषालु शब्दहरू फैलाउँदैनन् तर त्यसको सट्टामा अनुग्रह र शान्ति प्रदान गर्ने शब्दहरू प्रकट गर्दछन्।

के हामीलाई दोष लगाई न्याय गर्ने र सधैँ निराशाजनक कुराहरू गर्ने व्यक्तिहरूभन्दा उत्साह दिने व्यक्तिहरूको वरिपरि बस्न रमाइलो लाग्दैन र ? यस प्रकारको सहायता गर्ने प्रवृत्ति भएका व्यक्तिहरूसँग सङ्गत गर्न सबैलाई मनपर्छ, किनभने एकान्त र अप्ठ्यारो परिस्थितिहरूमा हामीलाई यस्तै व्यक्तिहरूको खाँचो पर्दछ। यस्ता व्यक्तिहरूको सहयता र मित्रता साँच्चै नै येशूसँगको मित्रतामा प्राप्त हुने कुराहरूजस्तै हुन्। त्यसैकारणले गर्दा प्राय: समस्या र अप्ठ्यारो परिस्थितिहरूमा हामी उत्साह दिनुहुने प्रभुतिर पहिले हेर्न कोशिस गर्छौं।

यो संसारमा कहिल्यै पनि एक्लोपनको अनुभव नगरेका व्यक्ति पाउन सकिँदैन। जीवनमा धेरै रमाइलो गरी र मानिसहरूका माझमा राम्ररी घुलमिल भए तापनि अन्त्यमा एक दिन अवश्य हामीले एक्लोपन र एकान्तमा बिताउनु पर्ने हुन्छ। जब म



मेरो कार्यालयमा एक्लै हुन्छु, त्यस समय म परमेश्वरसँग छोटो रूपमा यस प्रकारले कुरा-कानी गर्ने गर्दछु: “प्रभु, एक दिन मैले यो संसारलाई छोडेर जानु पर्छ भन्ने कुरा मलाई थाहा छ। त्यसैले म यही घडी यो कुरा स्वीकार गर्दछु, कि अहिले मसँग जेजति थोकहरू छन् वास्तवमा ती मेरा होइनन्। मेरो संस्थाले बनाएको यो भवन, विभिन्न सञ्चारका माध्यमहरूसम्बन्धी प्रसारण कम्पनीहरू, र मैले हासिल गरेका सबै उपलब्धीहरू मेरा होइनन् ! जहिले तपाईंले मलाई बोलाउनुहुन्छ, यी कुराहरू छोडेर तत्कालै म जानुपर्छ। त्यस दिन मैले मेरो छोरा-छोरीहरू र प्रिय पत्नीलाई पनि छोड्नुपर्नेछ। प्रभु, त्यस समय म नितान्त एक्लो हुनेछु। त्यसबेला कोही पनि मेरो साथमा हुनेछैन। त्यो कुरालाई विचार गर्दा म अहिले नै एकदम एक्लो भएको महशुस गर्दछु।” एक्लोपनलाई बाहिरी दृष्टिकोणले अनुभव गर्न र बुझ्न सकिँदैन तर एक दिन अचम्म प्रकारले हामी सबै जनाले त्यो एकान्त अनि एक्लो अवस्थाको सामना गर्नुपर्नेछ। मैले पनि एक दिन त्यो कुरा अवश्य अनुभव गर्नेछु। यो मानिसको जीवनको यस्तो अवस्था हो, जुन सबैले अवश्य एक दिन अन्त्यमा अनुभव गर्नुपर्नेछ।

म एक पास्टर भएको हैसियतले कहिले-काहीँ अस्पतालमा बिरामी भेट्न जाने गर्दछु। यस्तै प्रकारको भेटघाटको क्रममा एकदिन मैले अस्पतालको आकस्मिक कक्षमा करिव साठी-सत्तरी वर्षको वृद्ध मानिसलाई भेटैं। उसले प्रार्थना र आत्मिक सहायताको निम्ति मलाई अनुरोध गर्‍यो। सास फेर्नको लागि उसलाई अक्सिजनको खाँचो थियो। अक्सिजन दिने उपकरणहरू उसको मुखमा जोडिएको कारणले गर्दा उसको अनुहार हेर्न लाएकको थिएन। मित्रहरू र परिवारका सदस्यहरूले उसलाई चारैतिरबाट घेरिरहेका थिए। तिनीहरू उनको हुनै लागेको मृत्युलाई हेर्न त्यहाँ जम्मा भएका थिए। अझ भन्ने हो भने तिनीहरू त्यो व्यक्तिको मृत्युलाई कुरेर बसिरहेका थिए। तर त्यहाँ अति अचम्मलाग्दो कुरा के थियो भने, ती मानिसहरूको

चेहरामा उसको त्यो कठिन मृत्यु र अन्तिम बिदाइको लागि कुनै दु:खको भाव देखिँदैनथ्यो। मैले तिनीहरूको अनुहारमा कुनै गम्भीरपना देखिनँ। त्यसको सट्टामा तिनीहरू त्यो व्यक्तिको अन्तिम संस्कार कहाँ, कसरी र कहिले गर्ने अनि त्यस कार्यक्रममा कति रुपैयाँ खर्च गर्ने भन्ने कुराहरूबारे छलफल गरिरहेका थिए।

यो कुरा विचार गरेर म छक्क परेँ, कि जीवनको अन्तिम घडीमा हुँदा मानिस कस्तो अचम्मलाग्दो गरी एक्लो हुँदोरहेछ। अन्त्यमा मैले यस्तो निष्कर्ष निकालेँ- एक व्यक्तिले एउटा मात्र जीवन जिउन पाउँछ र प्रत्येक शरीरमा एउटा मात्र प्राण रहेको हुन्छ। अस्पतालमा मैले भेटेको त्यो व्यक्तिले जीवनको अन्तिम समयमा रोग र मृत्युसँग युद्ध गरिरहेको थियो तर कसैले उसलाई साथ दिएको थिएन, ऊ एक्लै पीडादायक अनुभवमा सङ्घर्ष गर्दैथियो। त्यस्तै प्रकारले हामीहरूको व्यक्तिगत आत्मिक जीवनमा पनि पूर्ण इमान्दारी र पारदर्शितामा परमेश्वरसँग भेट गर्नुपर्नेछ र परिआएको हरेक परिस्थितिमा आफू एक्लैले समना गर्नुपर्नेछ। त्यस अवस्थामा कसैले हामीलाई चाहेर पनि साथ दिन सक्दैन।

प्रत्येक व्यक्तिले जीवनको अन्तिम अवस्थामा अनुभव गर्नुपर्ने एक्लोपनको अवस्था फरक-फरक हुन्छ। ती व्यक्तिहरू, जसले आफ्नो जीवन स्वयंप्रति मात्र केन्द्रित भएर स्वार्थपूर्ण रूपमा जिएका हुन्छन्, तिनीहरूले आफ्नो जीवनको अन्तिम घडी आकस्मिक कक्षमा पूर्ण रूपमा एक्लो भएको अनुभव गर्नुपर्नेछ। तर यस्ता व्यक्तिहरू पनि छन्, जसले आफ्नो जीवन अरू व्यक्तिहरूप्रति केन्द्रित भएर भलाइ र उपकारको काममा खर्च गरेका हुन्छन्, तिनीहरूले आफ्नो अन्तिम दिनहरू अझ चम्किलो रूमपा उत्तम अनुभवहरूका साथ आदर र प्रशंसा पाउँदै जिउँनेछन्। त्यसैले प्रत्येक व्यक्तिले जे रोपेको छ, त्यसैको कटनी गर्दछ। स्वार्थपूर्ण भावना बोकेर



उदासिनता र अरूप्रति कुनै वास्ता नदेखाउने व्यक्तिले कुनै असल फल फलाउन सक्दैन।

## सम्पूर्ण परिवर्तन
## Total Transformation

जिब्रोलाई तालिम दिनु चानचुने कुरा होइन। मानिसको बोलीवचनद्वारा यसको असली अवस्था प्रकट हुन्छ। केवल मानिसको व्यक्तिगत इच्छाशक्तिद्वारा मात्र बोलीवचनमाथि नियन्त्रण गर्न सकिँदैन, त्यसको निम्ति सक्रिय रूपमा आत्मविश्लेषण [आत्मालोचना] गरी हामीभित्र भएका विषहरूका श्रोतलाई नै हटाउनु पर्दछ।

हामीहरूका हृदयभित्र अवस्थित त्यो भयानक बाधा दिने डाहलाई हामीले हाम्रो आरधाना, प्रार्थना र परमेश्वरको वचनद्वारा टुक्रा-टुक्रा पार्नसक्छौँ। पवित्र आत्माको भरपूरि र अभिषेकद्वारा हामीभित्र गहिरो जरा गाडेर बसेको डाह, लोभ, घृणा र वैरभावको फोहर पर्खालिलाई हामीले दिन-दिनै धुने, जलाउने, टुक्र्याउने र काट्ने काम निरन्तर गरिरहनु पर्दछ। यस प्रकारले धेरै महीनाहरू र वर्षहरूसम्म निरन्तर गरिएको प्रयासपछि मात्र हामीले उत्कट-चाहना गरेको परिवर्तन प्राप्त गर्न सक्नेछौँ।

कहिले-काहीँ मानिसमा हुने उक्त परिवर्तन यति बिस्तारै अनि क्रमवद्ध रूपमा हुन्छ, कि उसको जीवनमा भएको परिवर्तन उसले भर्खरै व्यक्तिगत रूपमा अनुभव गरिरहेको हुनसक्छ। अनि उसको वरि-परिका मानिसहरूले यस प्रकारले प्रतिक्रिया जनाउँछन्: “यो व्यक्ति साँच्चै नै बदलिएको छ। पहिले ऊ धेरै नै रिसाउने गर्दथ्यो तर

अहिले शान्त र भद्र भएको छ।" हाम्रो जीवन परिवर्तन हुँदै गर्दा हाम्रो हृदयमा शान्तिले बास गर्दछ। त्यो शान्ति परिस्थितिअनुसार परिवर्तन भइरहने संसारिक शान्ति होइन तर विशेष प्रकारको स्थायी शान्ति हो। परमेश्वरको शान्ति कहिले पनि बाहिरी कुराहरूमा निर्भर हुँदैन तर सधैँ नै हाम्रो हृदयमा अटल रहिरहन्छ। त्यही शान्तिको कारणले गर्दा नै विश्वासीहरूले आफ्ना सत्रुहरूलाई पनि प्रेम गर्न सक्छन् र आफूलाई चोट पुऱ्याउने व्यक्तिप्रति पनि धिरजी भई नम्र र भद्र व्यवहार गर्न सक्छन्। एक समयमा हामीहरूको हृदय डाह र स्वार्थले भरिएको थियो तर अहिले परिवर्तन भइसकेपछि हाम्रो हृदय क्षमा र अनुग्रहजस्ता उत्तम कुराहरूले भरिएको छ। हामीमा यस प्रकारको परिवर्तन आएपछि पहिलेका हाम्रा सत्रुहरूलाई पनि प्रेम गर्न सक्छौँ, जसले गर्दा आफ्नै स्वइच्छाले हामीलाई अरूको सेवा गर्ने कामप्रति डोऱ्याउँदै लैजान्छ। पवित्र आत्माको शक्तिद्वारा स्भाविक रूपमा हामीमा यस प्रकारको काम गर्ने स्वभाव भित्री हृदयदेखि नै आउँदछ। जब हामी आफ्नो जीवनमा यस प्रकारको परिवर्तनहरू देख्छौँ, तब यस प्रकारले विचार गर्न थाल्छौँ, "अहिले मेरो जीवनमा थोरै मात्र भए पनि परिवर्तन आएको छ।"

शुद्धिकरण हाम्रो जीवनमा दैनिक रूपमा बिस्तारै अनि क्रमवद्ध हुँदै जाने महत्त्वपूर्ण प्रक्रिया हो, जसले हाम्रो जीवन सम्पूर्णतामा जिउन मद्दत गर्दछ। हामीहरूको जीवन शुद्धिकरण भइसकेपछि, हाम्रो बोली र व्यवहारले हाम्रो बाल-बच्चाहरूमा पनि प्रभाव पर्न थाल्दछ, जसको कारणले गर्दा उनीहरूको व्यवहार पनि वयस्क व्यक्तिहरूप्रति झुकाउ भएको देखिन्छ। यी सबै प्रक्रियाहरूको नतिजाचाहिँ यही हुन्छ, कि उक्त शुद्धिकरण प्रक्रिया हाम्रो एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने वैधानिक नियम बन्दैजान्छ। त्यसपछि हामीले हाम्रो जीवनमा फलाएका ती फलहरू लामो समयसम्म रहिरहन सक्छन्। ती फलहरू पक्कै पनि



हाम्रो भौतिक शरीर अथवा रुपैयाँ-पैसा होइनन्, जुन कुरा हामी बितेपछि कुनै काम लाग्दैनन्। भविष्यमा हामी एक दिन परेमेश्वरको सामु खडा हुनेछौँ, र हाम्रो क्षमता र योग्यताअनुसार उहाँले हामीलाई इनाम र नयाँ जिम्मेवारीहरू प्रदान गर्नुहुनेछ। त्यस समय परमेश्वरको स्वर्गीय राज्यमा हामीलाई महत्त्वपूर्ण भूमिकाहरू दिनुहुनेछ र उहाँले हामीलाई असल अनि विश्वासयोग्य सेवकहरू भनेर सम्बोधन गर्नुहुनेछ। विश्वासीहरूका निम्ति परमेश्वरले सुरक्षित राख्नुभएको आखिरी अनि विशेष आशिष् त्यही हो।

केही समय अघि मैले स्कुलमा सँगै पढेको दुइ जना साथीहरूसँग बसेर बेलुकीको खाना खाने अवसर पाएको थिएँ। ती दुइमध्ये एक जना प्रख्यात अनि सफल वकिल हुन् र अर्कोचाहिँ एक बैंकको संस्थापक हुन्, जो आर्थिक जगतमा अति प्रख्यात छन्। जब हामीहरू खाना खाने टेबिलको वरि-परि बस्यौँ, ती दुवै जनाले मलाई नियालेर हेर अनि यसो भने, कि म उनीहरूभन्दा जवान देखिन्छु रे। त्यसबेला मैले अनुभव गरेको अफसोसको कुरा के थियो भने मेरा ती साथीहरूका चाउरी परेको अनुहारले अहिलेको आधुनिक जीवनशैलीको पागलपनलाई प्रतिविम्वित गरिरहेको थियो। उनीहरूको रूखो अनुहारको तुलनामा मेरो अनुहार चिल्लो र उज्वल देखिन्थ्यो। मैले यो कुरा महशुस गरैं, कि उनीहरूले संसारिक सफलता हासिल गर्न स्वयम् -प्रति केन्द्रित भएर प्रतिस्प्रर्धा र डाहको स्वभावलाई अङ्गालेर ठूलो सङ्घर्ष गरिरहेका छन्। त्यसैको फलस्वरूप उनीहरूका अनुहारमा चाउरी परेको छ। त्यहाँ रुखोपन स्पष्ट देखिन्छ। म  पाठकहरूप्रति यही शुभेच्छा व्यक्ति गर्न चाहन्छु, कि वृद्ध अवस्थामा तपाईंहरूका अनुहारमा चाउरीको सट्टामा बुद्धि र शान्तिको ज्योतिले ढाकिएको होस्, जसले परमेश्वरको नजरमा तपाईंहरू असल र आनन्दित देखिनुहुनेछ।

प्रिय दाजु-भाइ तथा दिदी-बहिनीहरू, जीवनमा आइपर्ने संसारिक पीर-चिन्ताहरू र टाउको दुखाइबाट सधैँको निम्ति मुक्त हुनुहोस्। केही व्यक्तिहरूले यसप्रकारले तर्क गरेका छन्, कि मानिस एक समाजिक प्राणी भएकोले गर्दा ऊ पीर-चिन्ता, डाह, विवाद, झगडा र स्वार्थजस्ता कुराहरूबाट उम्कन सक्दैन र प्राय: मानिसले यस प्रकारका कुराहरूसँग समना गरिरहनुपर्दछ। वास्तवमा भन्ने हो भने शैतानको यी चरित्रहरूबाट पूर्ण रूपमा छुटकारा पाउन धेरै नै कठिन छ। त्यसो भए के हामी पवित्र हुन प्रयासरत व्यक्तिहरू यस काममा असफल हुन्छौँ त ? के पूर्ण परिवर्तनको हाम्रो आशालाई हामीले त्यागिदिने त ? अवश्य होइन ! जब हामीले दैनिक रूपमा परमेश्वरको जिवित वचन मनन गर्दै निरन्तर प्रार्थनाद्वारा आत्मिक पोषण तत्व  हृदयको गहिराइसम्म प्राप्त गर्दछौँ तबमात्र हामीमा भएको उक्त विषालु पदार्थलाई काट्न, जलाउन, धुन र त्यसले बनाएको घाउलाई निको पार्न सक्नेछौँ। त्यस किसिमले नविकरण भएको हाम्रो हृदयभित्र शान्तिले वास गर्दछ र पवित्र आत्माले परमेश्वरको बीउहरू रोप्न थाल्नुहुन्छ। त्यसपछि हामीले पवित्र आत्माका आत्मिक फलहरू फलाउन सक्छौँ र हाम्रो जीवनबाट ख्रीष्टलाई प्रतिविम्बित गर्न सक्छौँ। शुद्धिकरण भनेको यही प्रकृया हो। हाम्रो जीवन पवित्र र शुद्ध भएपछि ख्रीष्टले जस्तै उत्साह दिने काममा सक्रिय हुनसक्छौँ। हाम्रो जीवनको शुद्धिकरणको अवस्थाले स्वर्गीय राज्यमा हाम्रो स्थान कस्तो प्रकारको हुने हो भनी सुनिश्चित गराउँछ किनभने उक्त राज्य विभिन्न तहहरूमा वर्गिकरण भएको छ। शुद्धिकरणको प्रक्रियाद्वारा हामीहरू सबैजना उहाँमा बढ्दै गएको परमेश्वर चाहनुहुन्छ। भविष्यमा उहाँले हाम्रो निम्ति तयार पार्नुभएको सुन्दर आशिष्हरूमा रमाउन र आनन्द मनाउन सक्नेछौँ।

**हिब्रू १०:१९-२२**

यसकारण भाइ हो, येशूको रगतद्वारा महा-पवित्रस्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्नसक्छौँ। परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, हाम्रा हृदय खराब विवकबाट छर्कोद्वारा चोख्याएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔँ।



# भाग २

## म यस्तो व्यक्ति हुँ, जसलाई उत्साहको खाँचो छ

## I, the Very Person who needs Encouragement

# म यस्तो व्यक्ति हुँ, जसलाई उत्साहको खाँचो छ

## I, the Very Person who needs Encouragement

हामीहरू थकित भएको, आर्थिक रूपमा रित्तिएको र सङ्कटमा परेको अवस्थामा अरूद्वारा व्यक्त भएका उत्साह र सान्त्वनाका शब्दहरूले धेरै नै उर्जा प्राप्त गर्ने गर्दछौँ। आत्मा र भावनाको क्षेत्रमा कमजोर भएका व्यक्तिहरूलाई सहायता गर्न र बलियो बनाउन उत्साहभन्दा राम्रो अरू कुरा हुन सक्दैन। उत्साह छुटकारा दिने यस्तो औजार हो, जसले मानिसको जीवन बचाउन सक्छ। यहाँ हामीले बुझ्नुपर्ने कुरा के हो भने, कसैलाई उत्साह दिनको निम्ति सबैभन्दा पहिलो आवश्यक कुराचाहिँ पहिले उक्त व्यक्ति नै उत्साहित भएको हुनुपर्दछ। साँच्चै भन्ने हो भने, हाम्रो हृदयले परमेश्‍वरबाट सान्त्वना र ढाढस पाएपछि मात्र अरूलाई असल प्रकारले उत्साहित गर्न सक्दछौँ।

केही वर्षअगाडि मैले "जिपी" भन्ने सानो पहेँलो रङ्गको गीत गाउन सक्ने सुन्दर चराको बारेमा चाखलाग्दो लेख पढेको थिएँ। जिपीको सुन्दरता र सुरिलो आवाजको कारण त्यसको मालिक्नीले धेरै नै गर्व गर्दथिन्। तर उक्त मालिक्नी त्यति बुद्धिमती भने थिइनन्। एक दिन भ्याक्यूम क्लिनर मेसिन (vacuum cleaner machine) -



ले जिपीको पिँजडामा भएको धुलो निकाल्न खोज्दा, त्यो सानो चरालाई मेसिनले भित्र तान्यो। तिनले हतार-हतार गरी भ्याक्यूम क्लिनर खोलिन्। मेसिनभित्र जिपी धुलै-धुलो ढाकिएको अवस्थामा छट्पटाइरहेको थियो। त्यो चरालाई बचाउन र त्यसलाई ढाकेको धुलोको थुप्रो हटाउन तिनले आत्तिँदै चरामाथि पानि खन्याइन्। त्यसपछि कपाल सुकाउने मेसिन (hair dryer) -को सहायतामा निथ्रुक्क भिजेको जिपीको उपचार भयो। भ्याक्यूम क्लिनरभित्र धुलो, त्यसपछिको चिसो पानी अनि तातो हावा दिने मेसिनको सेकाइले त्यो चराले गीत गाउने क्षमता सदाको लागि गुमाउनु पर्‍यो।

जिपीको यो कथा पढ्मा रोचक लागे तापनि उक्त कथाले मानव जगतको वास्तविकतालाई व्यक्त गर्दछ। अप्ठ्यारो अनि सहनै नसकिने परिस्थितिहरूले जिपीको सुरिलो आवाजलाई समाप्त पारी मौनतामा पुर्‍याइदियो। के हामीहरू पनि यही चराले भोग्नुपरेको जस्तै कष्ट र परीक्षाहरूमा पर्ने गरेका छौँ, कि ? त्यो महिलाको गल्तीले गर्दा जिपीले आफ्नो आवाज गुमाउनु पर्‍यो र फलस्वरूप त्यो सानो चराले चाहेर पनि आफ्नो मालिकको निम्ति फेरि कहिल्यै गाउन सकेन। जिपीलाई भ्याक्यूम क्लिनरभित्र छिराएपछि अवश्य पनि ती महिलाले रमाउदै गीत गाउन सकिनन् र वास्तवमा भन्ने हो भने, त्यो चराको दु:खद अवस्था विचार गर्दा तिनमा गाउने शक्ति नै बाँकी रहेन भनेर भन्दा अत्युक्ति नहोला। त्यस्तै प्रकारले हामीलाई चिन्ता र समस्याहरूले प्रत्येक दिन छोपिरहँदा र समाधानको बाटो पत्ता नलाग्दा अरूको निम्ति "गाउन" हामीसँग समय नै हुँदैन बरु त्यसको सट्टामा हामी अरूको बारेमा गन-गन गरेर समय बिताउने गर्दछौँ। वास्तवमा भन्ने हो भने त्यसो गर्नाले हाम्रो समस्याहरू कहिले पनि समाधान हुँदैनन्। प्राय: हामी सबैले त्यस प्रकारको अनुभव गरेको हुनु पर्दछ।

आफ्नो छिमेकीलाई प्रेम र वास्ता गर्नुपर्दछ भनेर पास्टरले प्रवचन दिँदै गर्दा धेरैले यस्तो विचार गरेर प्रतिक्रिया जनाउछन् (कसै-कसैले मुख खोलेर पनि भन्न सक्छन्) : "पास्टर, के तपाईंले मेरो अहिलेको अवस्था बुझ्नुहुन्छ ? अहिले छिमेकीलाईभन्दा म आफैलाई प्रेमको खाँचो छ।" यस प्रकारले विचार गरिसकेपछि, परमेश्वरले वचनबाट दिनुभएको आज्ञाहरू पालन गर्न नसकेको आफ्नो कमजोरीप्रति हामीले आफैलाई दोषी महशुस गर्दछौँ। सत्यता के हो भने, परमेश्वरले उहाँको सन्तानलाई (म र तपाईंलाई पनि) गाह्रो अनि अप्ठ्यारो अवस्था र परिस्थितिहरू भएर लैजानुहुन्छ, ताकि हामीले कठिन परिस्थितिबाट गुज्रिरहेका व्यक्तिहरूलाई राम्रोसँग बुझ्न सकौँ।

भ.सं. २३ परमेश्वरको अति सुन्दर वचन भएको खण्ड हो। यस खण्डमा परमेश्वरले प्रेम गर्नुहुने दाऊदको विषयमा उल्लेख गरिएको छ। उहाँको सुरूको जीवनमा परमेश्वरले निराशा र दु:ख आउनु दिनु भए तापनि पछि तिनको जीवनलाई आशिष्मय रूपमा परिवर्तन गरिदिनुभयो। दाऊद इस्राएलीहरूका माझमा एक वीर नायक भए तापनि उनले सधैँ आनन्द र महिमामय जीवन बिताउन पाएनन्। उनले जीवनमा धेरै डरलाग्दा र खतरापूर्ण अवस्थाहरूका सामना गर्नुपर्‍यो। त्यस्तै अवस्थामा दाऊदले परमेश्वरको आराधना गरेको प्रमाण हामी यहाँ पाउन सक्छौँ: "मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउने छैनँ।" परमेश्वरको प्रेम र निरन्तर सुरक्षा र निर्देशन भए तापनि दाऊदले त्यस्तो नराम्रो अनुभवहरूका सामना गर्नुपर्‍यो। परमेश्वरले कहिले-काहीँ हामीलाई जानी-जानीकन "मृत्युको अन्धकारमय घाटी" -को बाटोमा हिँडाउनु हुन्छ। त्यस्तै परिस्थितिहरू हाम्रा अति आदरणीय व्यक्ति प्रेरित पावलको जीवनमा पनि आएको थियो। उनले यसरी लेखेका छन: "मेरो लागि जिउनु ख्रीष्ट हो भने मर्नुचाहिँ लाभ



हो।" यस विषयमा बाइबले गवाही दिएको छ, कि कहिले पनि पावल मृत्युभन्दा धेरै टाढा थिएन। यहाँ चाखलाग्दो कुरा के छ भने, परमेश्वरलाई पूर्ण हृदयले सेवा गर्ने र उहाँमा समर्पणताको जीवन जिउने व्यक्तिहरूमा विभिन्न प्रकारका दुर्भाग्यहरू आइपर्ने गर्दछन्। हामीलाई छक्क पार्ने सत्यताचाहिँ यही हो, कि कहिले-काही परमेश्वरले जानी-जानी उहाँको विषेश अभिप्रायद्वारा हामीलाई त्यस प्रकारका नराम्रा परिस्थितिहरूसँग डटेर सामना गर्न लगाउनुहुन्छ। परमेश्वरको पवित्र उद्देश्यचाहिँ उहाँका सेवकहरूलाई विभिन्न परिस्थितिहरूद्वारा नम्र तुल्याउनु नै हो, जसबाट तिनीहरूले समस्या र पीडामा परेकाहरूलाई सान्त्वना, र उत्साह दिन सक्नेछन्।

हिब्रूको पत्र यहूदी समुदायलाई येशू नै परमेश्वर र ख्रीष्ट हुनुहुन्छ र उहाँ सबै पापीहरूका खातिर क्रूसमा मर्नुभएको हो भन्ने शिक्षा दिनको लागि लेखिएको थियो। उक्त पत्रको लेखकले विभिन्न दृष्टान्तहरूद्वारा र पुरानो करारमा यहूदीहरूले अभ्यास गरेका बलिदानसम्बन्धी सबै धार्मिक विधिहरू व्याख्या गरेर ती सबै कुराहरूका केन्द्र-विन्दु येशू नै हुनुहुन्छ भन्ने कुरा यहूदीहरूलाई बुझाउन खोजेका छन्। हामीलाई थाहा छ, कि त्यस समयमा प्राय: यहूदीहरूले येशूलाई प्रभु हो भनी स्वीकार गर्न इन्कार गरे। जुन व्यक्तिहरू इसाई विश्वासमा आए, तिनीहरूले कठिन सतावटको सामना गर्नुपर्‍यो। ती यहूदीहरूमध्ये कोही आफ्नै परिवारका श्रीमान् अथवा श्रीमतीद्वारा, कोही आफ्ना सन्तानहरूद्वारा र कोही आफ्ना मित्रहरूद्वारा तिरस्कृत हुनुपर्‍यो। त्यस प्रकारले एक्ल्याइएका अथवा अलग पारिएका यहूदी विश्वासीहरूका लागि उपयुक्त शिक्षा दिने अभिप्रायले हिब्रूको पुस्तक लेखिएको थियो। ती व्यक्तिहरूलाई आर्थिक रूपमा पनि हानी पुगेको थियो किनभने तिनीहरू निरन्तर रूपमा भेदभावमा परेका थिए। उक्त कुरालाई आजको भाषामा वयान गर्ने



०००

हो भने, जब तिनीहरूलाई बैंकबाट आर्थिक सेवा आवश्यक परेको थियो, तब तिनीहरूको छुट्टै धार्मिक विश्वासले गर्दा बैंकहरूले तिनीहरूलाई ऋणको लागि स्वीकार गरेनन्। तिनीहरूमध्ये जो-जो व्यापारीहरू थिए, तिनीहरूले बैंकबाट ऋण पाउन सकेनन्। फलस्वरूप तिनीहरूले आफ्नो नियमित ग्राहकहरू गुमाउनुपर्‍यो। तिनीहरूले आर्थिक रूपमा भोग्नुपरेको ती सबै पक्षपात र दण्ड-सजायचाहिँ केवल ख्रीष्टमा विश्वास गरेको कारणले थियो। दोस्रो कुरा के थियो भने, तिनीहरूलाई सामाजिक रूपमा पनि सताइने गरिन्थ्यो। तिनीहरूका छोरा-छोरीहरूलाई स्कुलमा जान अनुमति थिएन, र कुनै यहूदी विश्वासीलाई काम वा रोजगारी पाउन पनि धेरै नै कठिन थियो। अब यस्तो परिस्थितिको कल्पना गर्नुहोस्, तपाईंको छिमेकीहरू तपाईंको परिवारप्रति एकदमै विरोधी छन् र तपाईंसँग सत्रुतापूर्वक व्यवहार गर्दछन् र उक्त समाजमा तपाईंको उपस्थितिले गर्दा उनीहरूका मान-इज्जत र प्रतिष्ठा घटेको अनुभूति गरिन्छ। त्यस्तो अवस्थामा हाम्रो भावनात्मक प्रतिक्रिया कस्तो होला ? पहिलो शताब्दीका इसाईहरूले प्राय: त्यस्तै कुराहरूका अनुभव गर्नु परेको थियो। तिनीहरूलाई तुच्छ ठानेर हाँसो उडाइने गरिन्थ्यो, घृणा र उपहासको पात्र बनाइन्थ्यो र तिनीहरूका अस्तित्वलाई नै इन्कार अनि तिरस्कार गरिन्थ्यो।

सायद तपाईंहरूमध्ये केहीलाई यो कुरा अवगत होला, कि अमेरिकाको केही भागहरूमा बस्ने अफ्रिकन मूलका अमेरिकी मानिसहरूलाई उनीहरूका स्थानीय छिमेकीहरूले अझै पनि टाढै राख्न चाहन्छन् किनभने तिनीहरूको उपस्थितिले समुदायको इज्जत र मूल्य-मान्यतामा नकारात्मक प्रभाव पर्दछ भन्ने उनीहरूका सोच छ। यो कुरा साँचो हो, कि मेरो सेवकाइको सुरुका वर्षहरूमा मैले केही समस्याहरू झेल्नु परेको थियो। मलाई यो कुरा सम्झना छ, कि मैले केही अफ्रिकन मूलका अमेरिकनहरूलाई सामाजिक कामको लागि जम्मा गर्न खोज्दा



मानिसहरूबाट मैले विरोधको सामना गर्नुपर्‍यो। मेरो कार्यालय भएको सहरमा "कालो रङ्गको मानिसहरू" भेला भएको कारणले गर्दा धेरैले उजुरी गरे र वाध्यतवश मैले सो कार्यलय बन्द गर्नुपर्‍यो। उनीहरूको गुनासो के थियो भने, ती काला रङ्गका मानिसहरूका उपस्थितिले समाजमा "सुरक्षा" र "प्रतिष्ठा" -सम्बन्धी समस्याहरू खडा हुने गम्भीर सम्भावना हुन्छ। कस्तो देखिनु हुन्छ र के कुरामा विश्वास गर्नुहुन्छ भन्नेजस्ता कुराले मात्र मानिसलाई छुट्ट्याएर पक्षपात गर्नु र पूर्वाग्रह राखी अनुसन्धान गर्नु त्यति शोभनीय देखिँदैन। त्यो समस्यालाई केलउँदा मैले के पाए भने सुरुका विश्वासीहरूले सामना गर्नु परेको दु:ख-कष्ट त्यस्तै थियो।

आजको वर्तमान समयमा पनि धेरै विश्वासीहरूले दुइ हजार वर्ष पहिलेको तिनीहरूका दाजु-भाइ, दिदी-बहिनीहरूलेझैं विश्वासको कारणले गर्दा आफ्ना परिवारका सदस्यहरूबाट अलग हुनु परिरहेको छ। केही विश्वासीहरूले चाहिँ विश्वासको कारणले गर्दा आर्थिक समस्याहरू भोगिरहनु परेको छ। यसैको कारणले गर्दा आज प्रभुलाई प्रेम गर्ने व्यक्तिहरूले दशांश, भेटी र मिसेनेरीहरूलाई सहयता गर्न ठूलो मूल्य चुकाइरहेका छन्। ती इमानदार विश्वासीहरूले कुनै छल-कपट नगरिकन सरकारको नियमअनुसार सबै प्रकारका करहरू तिर्छन्। तिनीहरूले आफ्नो व्यापार र अन्य कारोबारमा दोहोरो रूमपा फर्जी हिसाब-किताब राख्दैनन् र पनि तिनीहरूले बेइमान मानिसहरूले भन्दा बढी घाटा र नोक्सानी बेहोर्नु परेको छ। अफशोसको कुरा के हो भने ती विश्वासीहरूले सरकारको नियम-कानुनमुताविक राम्रा कामहरू गरेर इमानदार भए तापनि विभिन्न प्रकारका आर्थिक समस्याहरू अनुभव गरेर दवाव र निराशामा बाँच्नु परेको छ। तिनीहरूले सरकारी नियमअनुसार ऋण पाउन सक्तैनन् र धेरै जनाचाहिँ उधारो र ठूलो ऋणको भारले थिचिएका छन्।

असल र इमानदार नागरिक भएर देशमा रहेर परमेश्वरप्रति प्रार्थना गरिरहे पनि परमेश्वरलाई प्रेम गर्ने त्यस्ता व्यक्तिहरूका जीवनमा नराम्रा कुराहरू घट्ने सम्भावनाचाहिँ रहिरहन्छ। यस प्रकारले जब तिनीहरूका जीवनमा दु:ख-कष्ट र सङ्कट आइरहन्छ, तब स्वभाविक रूपमा प्रार्थना गर्नुचाहिँ तिनीहरूका लागि ठूलो चुनौति बन्न जान्छ। भेटी दिने काम पट्ट्याइलाग्दो अथवा दिक्क लाग्दो हुन जान्छ, मण्डलीको निम्ति स्वयम् सेवक भई सेवा गर्नु पनि कठिन कार्य हुन थाल्छ अनि सुसमाचारको काममा जोस सेलाउँछ। यसो भए तापनि हाम्रो निम्ति यसको अरू कुनै विकल्प नै छैन। जब प्रेरणा र हौसलाजस्ता कुराहरू लगातार सेलाउँदै जान्छ, तब मनभित्र विभिन्न प्रकारका शङ्काहरू उब्जन थाल्छन्। यस प्रकारका विषय-वस्तुहरूलाई हटाउन उत्कट चाहना हुन्छ तर यसबाट बाहिर निस्कने कुनै अर्को बाटो छैन। अन्त्यमा त्यसको नतिजाचाहिँ यस्तो हुन्छ: मानिसको मनमा पदत्याग, राजीनामा र इन्कारजस्ता भावनाहरू जन्मन थाल्छ। यस्तो निराशाजनक अवस्थामा पास्टरले कुनै हतोत्साही विश्वासीकहाँ आएर उसको छिमेकीलाई उत्साह दिन जानुहोस् भनेमा त्यो अति विरोधाभास र हास्यास्पद कुरा हुन्छ। यस्तो अवस्थामा मानिसहरूले यस प्रकारले उत्तर दिन्छन्: "मेरो छिमेकीलाई होइन तर मलाई नै अहिले उत्साहको खाँचो छ। तिनीहरू त बरु मभन्दा राम्रै छन्।"

यस्तो परिस्थितिमा परमेश्वरको आज्ञा यही हो भनेर हाम्रो छिमेकीहरूलाई उत्साह दिनु उक्त अवस्थालाई झन् बिगार्नुजस्तै हुन्छ। जब हामी परमेश्वरका आज्ञाहरू पालना गर्न सकेनौँ भन्ने विचार गरेर परमेश्वरप्रति आज्ञाकरी बन्न सङ्घर्ष गर्न थाल्छौँ र आफूलाई सधैँ दोषी भएको पाउँदछौँ। यो यस्तो अवस्था हो, जब हाम्रो सम्पूर्ण आत्मिक प्रणाली टुक्रा-टुक्रा भएर तल झरिरहेको हुन्छ। त्यसपछि परमेश्वरको आराधना प्रशंसा गर्दा कुनै आनन्दको अनुभव हुँदैन, र हामीले गरेका



प्रार्थनामा कुनै शक्ति नभएकोजस्तो लाग्न थाल्छ। जब यस्तो अवस्था आउँदछ, तब परिणामहरू यस्ता हुन्छन्: आराधना सेवा दिक्कलाग्दो र निराशलाग्दो हुन्छ, वचनको सेवकाइ कहिले टुङ्गिएलाजस्तो लाग्छ र सेवामा वाध्यतावश उपस्थिति हुनुपरिरहेछ जस्तो लाग्छ। हामीहरूमध्ये धेरै जना यस प्रकारको दुष्परिणामहरू ल्याउने परिस्थितिहरूसँग परिचित छौँ। हामीलाई ती निराशाजन अवस्थाहरू बारे राम्रो ज्ञान छ। यदि हामी अहिलेसम्म यस्ता परिस्थितिमा परेका छैनौँ भने, त्यस प्रकारको कष्ट र निराशमा परेका व्यक्तिहरूलाई सहायता गर्ने काममा असफल हुन्छौँ। बरु त्यसको सट्टामा समस्यामा परेका व्यक्तिहरूलाई न्याय गरेर यस प्रकारले दोष लगाउन पुग्छौँ, "त्यो व्यक्तिको विश्वास सेलाउँदै गएको छ। त्यसैकारण उसले कठिन परिस्थिति र महा सङ्कटको सामना गरिरहनु परेको छ।" अथवा हामी यसो भन्न सक्छौँ, "त्यो व्यक्तिले अवश्य पनि कुनै भयानक गल्ती (पाप) गरेको हुनुपर्छ र त अहिले त्यही पापको मूल्य चुकाउँदै छ।"

## पर्दा अनि येशूको देह

### The Veil, the Flesh of Jesus

योभन्दा अघिल्लो पाठको अन्तिम भनाइहरू अदूरदर्शिता र अधैर्यताको नतिजा हो र अझै स्पष्टसँग भन्ने हो भने ती गलत धारणाहरू हुन्। यदि हामीले परमेश्वरको दृष्टिकोणबाट हेर्न सक्यौँ भने वास्तविक कुराचाहिँ त्यसको ठीक विपरित पाउँदछौँ। परमेश्वरले उहाँका मानिसहरूका जीवनमा कष्टदायक परिस्थितिहरू आउन

दिनुहुन्छ किनभने आफ्ना प्यारा छोरा-छोरीहरूको विश्वास अझ सुदृढ र बलियो हुँदै गएको उहाँ चाहनुहुन्छ ! त्यस प्रकारको परीक्षा आउनुचाहिँ  उहाँले प्रेम गर्नुहुने सन्तानहरूलाई ईश्वरीय प्रेम प्रकट गर्ने एक तरिका हो भन्ने कुरा हामीले बुझ्न अति आवश्यक छ। उहाँले हिब्रूको पुस्तकमा व्यक्त गर्नुभएको यथार्थता यही हो।

हिब्रू बिश्वासीहरूलाई परमेश्वरले यसो भन्नुहुन्छ: “मेरा भाइहरू, तिमीहरूका दुख-कष्ट मलाई राम्ररी थाहा छ। मलाई यो पनि थाहा छ, कि तिमीहरूले इमानदारी पूर्वक जिउन प्रयास गरिरहेका छौ। तिमीहरूले आर्थिक क्षेत्रका सबै काम -कर्तव्यहरू पूरा गर र सबै प्रकारका करहरू र दशांश नियमित रूपमा बुझाउने गर। प्रार्थनालाई निरन्तर कायम राख र मेरा आज्ञाहरू पालना गर। तर त्यसो गरे तापनि तिमीहरूलाई विभिन्न प्रकारका समस्याहरू आइपर्नेछन्। तिमीहरूका समस्याहरूको कारण म बताउन चाहन्छु। यी सबै दु:ख-कष्टको रहस्यचाहिँ तिमीहरूलाई बलियो र नम्र तुल्याउनु नै हो। दु:खको समयमा तिमीहरूले अवश्य मलाई याद गर्नू। मैले क्रूसमा भोगेको कष्टलाई सम्झना गर। मन्दिरको पर्दा माथिदेखि तलसम्म च्यात्नको लागि मैले चुकाएको मूल्यलाई सम्झना गर। मैले उक्त कामद्वारा तिमीहरूको लागि महा पवित्र स्थानसम्मै बाटो खोलिदिएको छु र त्यो केवल तिमीहरूको उद्धारको लागि हो। दु:ख -कष्टको समयमा यो कुरा याद गर, कि तिमीहरूका सबै अवस्थाहरूका पछाडि परमेश्वरको इच्छा र योजना लुकिएको हुन्छ। त्यसैले आफ्नो विश्वासको आँखाले उहाँलाई अझै खोजी गर, ताकि तिमीहरूले दु:ख-कष्ट र सतावटको अवस्थामा पनि उहाँलाई भेट्न सक्नेछौ।” (हिब्रू १०:१९-३९)

पुरानो करारअनुसार यहूदीहरूका मन्दिर तीन वटा क्षेत्रहरूले बनिएको थियो: बाहिरी चोक, पवित्र-स्थान र महा पवित्र-स्थान। करारको सन्दुक महा पवित्र-



स्थानमा राखिएको हुन्थ्यो, जहाँ परमेश्वरको महिमा वास गर्नुहुन्थ्यो र त्यस ठाउँलाई पर्दाद्वारा छुट्ट्याइएको हुन्थ्यो। तर जब हाम्रो प्रभु क्रूसमा मर्नुभयो, तब यरूशलेम मन्दिरको पर्दा “टुप्पादेखि फेदसम्म दुइ भाग भएर च्यातियो” (मत्ती २७:५१)। उक्त अचम्मको घटनाले हामी विश्वासीहरूका जीवनमा विशेष अर्थ राख्दछ। अब पर्दा च्यातिसक्यो, त्यसैले हामी आफूमा विद्यमान अशुद्धता र असमानताको बाबजुद पनि सिधै परमेश्वरकहाँ जानसक्छौँ। उक्त पर्दा ख्रीष्टको शरीरको एक किसिमको नकल वा प्रतिविम्व थियो (हिब्रू ८:५)। त्यो एक किसिमको सङ्केत अथवा दृष्टान्त थियो (हिब्रू ९:९), र एक किसिमको छाया थियो (हिब्रू १०:१)। यस कुरालाई हिब्रू १०:२० ले प्रमाणित गर्दछ: “हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौँ।”

वास्तविक तथ्यचाहिँ यही हो- जीवनमा आउने कठिन परिस्थितिहरू यस्ता खालका सङ्केतहरू हुन्, जसले हामीलाई जागृत बनाएर परमेश्वरसँग मिलाप गराउन सहायता गर्दछन्। परमेश्वरले दु:ख-कष्टद्वारा नै हामी र उहाँ बीचको व्यक्तिगत सम्पर्क सुरुवात गर्नको लागि निमन्त्रणा दिनुहुन्छ। परमेश्वरले यस माध्यमद्वारा हामीसँग प्रेमिलो रूपमा सङ्गति गर्न चाहनुहुन्छ भन्ने कुरा हामीले कहिल्यै बिर्सनु हुँदैन। उहाँ हामीसँग मित्रताको सम्बन्ध गाँसेर नियमित सञ्चार र सङ्गतिमा रहन चाहनुहुन्छ। यो सम्बन्धमा समस्या उत्पन्न गर्ने कुराचाहिँ हामी धेरै समयमा हठी, अटेरी र कठोर हृदयको बनिरहन्छौँ। त्यसैकारण हामीले प्राय: सामना गर्नुपर्ने कठिन कुराहरूद्वारा उहाँ हामीलाई बचाउन र अझ बलियो बनाउन चाहनुहुन्छ, ताकि हामी उहाँको नजिक जान सकौँ। यस प्रकारको सकारात्मक सङ्केत पाउँदा हामीले कस्तो प्रतिक्रिया जनाउनुपर्छ  भन्ने कुरा हिब्रू १०:२२ ले

यसरी बताउँदछ: “हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी पारमेश्वरको समीप जाऔँ।” येशूले क्रूसमा बहाउनु भएको रगतले हामीलाई धोइ पखालीसकेको छ, त्यसैले हाम्रो विवेकले पाप र पवित्र कुराको भिन्नता छुट्ट्याउन सक्ने भएको छ। हामी बचाइएका व्यक्तिहरू भएको कारणले गर्दा अब हामी स्वतन्त्र र इमानदार रूपमा हाम्रा स्वर्गीय पिताकहाँ जान सक्छौँ भन्ने निश्चयता हामीसँग हुनु पर्दछ भन्ने कुरा उक्त पदले बताउँदछ।

“साँचो हृदय” लिएर भेट्न आओ भनेर परमेश्वरले हामीलाई निमन्त्रणा दिनुभएको छ। यो कुरा सम्भव हुनुमा ख्रीष्टको क्रूसमा बलिदानले हाम्रो पापहरू धोइएकोले मात्र होइन तर मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुइ भाग हुने गरी च्यातिएको कारणले गर्दा पनि हो। अब हामी स्वतन्त्र रूपमा महा पवित्र स्थानमा प्रवेश गर्न सक्छौँ र परमेश्वरसँग आशिष्मय सङ्गति पनि गर्न सक्छौँ। त्यस कारणले गर्दा, सर्वशक्तिमान् परमेश्वरको सामु जानलाई आवश्यक पर्ने मुख्य कुराचाहिँ "साँचो हृदय" नै हो। यस प्रकारको महत्त्वपूर्ण भेटघाटको लागि हामीले हाम्रो क्षेत्रबाट औपचारिकता मात्र पूरा गर्नु प्रयाप्त छैन। हामीमा भएको उत्कट चाहना र सत्यताले भरिएको साँचो हृदयले मात्र हामी परमेश्वरको सामु गएर उहाँलाई भेट्न सक्छौँ।

जब हामीमा यस प्रकारको प्रवृत्ति विकास हुन्छ, तब हाम्रो प्रार्थना परमेश्वरको सिंहासनसम्म पुग्दछ। भक्तिपूर्ण प्रार्थनाचाहिँ यस्तो प्रार्थना हो, जसद्वारा हाम्रो सम्पूर्ण हृदय नै परमेश्वरप्रति खन्याइएको हुन्छ र हाम्रो मुखबाट निस्कने प्रत्येक शब्द हृदयको गहिराइदेखि नै निस्किआउनेछ। साँचो प्रार्थना भनेको कुनै दुइ व्यक्ति



आकस्मिक भेट हुँदा उदाशीन रूपमा हात मिलाएर गरिने निरर्थक कुराकानीजस्तो होइन। प्राय: मानिसहरू औपचारिकता निभाउन यसरी कुराकानी गर्ने गर्दछन्: “नमस्ते ! जय मशीह ! तपाईं कस्तो हुनुहुन्छ ? तपाईंलाई भेट्दा खुसी लाग्यो आदि” केवल यस प्रकारको सामान्य कुराकानीले मात्र मानिसहरूको सम्बन्धलाई बलियो, प्रगाढ र स्थायी बनाउँदैन। जबसम्म मानिसहरू साँचो रूपमा नजिक भएर कुरा गर्दैनन्, तबसम्म उनीहरूका वार्तालाप सतहीपनमा सीमित रहन्छ, अर्थात् त्यस कुराकानीले कुनै गहिरो अर्थ दिँदैन। यस प्रकारको वार्तालापले व्यक्ति-व्यक्ति बीचको मित्रता, सम्बन्ध र सङ्गतिलाई सुदृढ पारी विकास गर्न सक्तैन। तर यस्तो प्रक्रियाको विपरित कुनै व्यक्तिले आफ्नो हृदय खोलेर गम्भीर हुँदै भित्री कुरा व्यक्त गर्दछ, तब उसको अभिव्यक्तिले अर्को व्यक्तिको हृदयमा हलचल हुने गरी त्यसको गहिराइसम्म स्पर्श गर्नसक्छ। साञ्चै भन्ने हो भने हाम्रो मित्रसँगको वार्तालाप सम्पूर्ण हृदयको गहिराइदेखि नै हुन आवश्यक छ, जसले दोहोरो सम्बन्धमा सक्रिय भूमिका खेल्दछ र त्यस प्रकारको कुराकानीले सकारात्मक नतिजा ल्याउँदछ। परमेश्वरसँगको हाम्रो सम्बन्ध र सङ्गतिमा पनि यही प्रक्रिया लागू हुन्छ। विश्वासीहरूले उहाँसँग घनिष्ठ अनि प्रगाढ सम्बन्ध बनाएर कुराकानी गरेको उहाँ चाहनुहुन्छ। त्यसैले यस विषयमा आफ्ना छोरा-छोरीहरूले पूर्ण रूपमा ध्यान दिएको उहाँ अपेक्षा गर्नुहुन्छ। जब हामी समस्यामा हुन्छौँ, तब साँचो हृदय लिएर उहाँसँग कुराकानी गर्नको लागि उहाँले हामीलाई उत्साह दिनुहुन्छ।

परमेश्वरको नजिक जानुभन्दा अघि विचार गर्नुपर्ने एउटा शर्त बाइबलले हामीलाई बताउँदछ: “हामीसँग विश्वासको पूर्ण निश्चयता हुनुपर्दछ” (हिब्रू ११:६)। अर्को शब्दमा भन्ने हो भने हाम्रो परमेश्वर साँचो परमेश्वर हुनुहुन्छ र उहाँका प्रतिज्ञाहरू कहिल्यै बिलाएर जाँदैनन् भन्ने करामा हामी विश्वस्त हुनुपर्दछ।

उहाँकहाँ खुल्ला रूपमा साँचो हृदय लिएर जाने व्यक्तिको आवश्यक्ताहरू उहाँले जुटाउनुहुन्छ र आशिष् दिनुहुन्छ भन्ने कुरामा हामीले पूर्ण रूपमा विश्वास गर्नुपर्दछ। कुनै पनि परिस्थितिमा हामीले उहाँप्रति शङ्का गर्नु हुँदैन।

एक छिन यस्तो कल्पना गर्नुहोस्- एक दिन तपाईंकी छोरी आएर तपाईंसँग एक जोर नयाँ जुत्ता मागिन्। त्यस समय तपाईंको निर्णय र तिनीप्रतिको प्रतिक्रियाचाहिँ तिनले कुन किसिमले मागिन् र कस्तो व्यवहार गरिन्, त्यसमा निर्भर हुन्छ। यदि तपाईंको छोरीले स्वभाविक इच्छाविना अर्थात् तपाईंमाथि शङ्का गरेर मागेकोजस्तो तपाईंले महशुस गर्नुभयो भने, के तिनको माग पूरा गर्न तपाईं खुसी हुनुहुन्छ ? आफ्ना छोरा-छोरीले शङ्का गरेको कुरा प्राय: आमा-बाबुहरूलाई पटक्कै मन पर्दैन। छोरा-छोरीले आफ्ना आवश्यकताहरू दृढ निश्चयता र विश्वाससाथ मागून् भन्ने प्रत्येक आमा-बाबुको भित्री चाहना हुन्छ। आफ्ना सन्तानले सम्पूर्ण हृदयले विश्वास गरून् भन्ने कुरा तिनीहरू अपेक्षा गर्दछन्। त्यस्तै प्रकारले हाम्र स्वर्गीय पिताले हामीबाट चाहनुभएको कुरा के हो भनेर हामीले बुझ्नुपर्दछ। म यस प्रकारले प्रार्थना गर्न आवश्यक छ भनी ठान्दछु, कि हाम्रो स्वर्गीय पिताले हामीलाई अझ बढ्ता गरी विश्वास गर्नसक्ने क्षमता प्रदान गरून्। धर्मशास्त्रमा हाम्रो प्रभुले यसो भन्नुभएको छ, “साँच्चै, म तिमीहरूलाई भन्दछु, कि तिमीहरूमा एउटा रायोको दानाजति विश्वास भएदेखि यस डाँडालाई यहाँबाट हटिजा भन्यौ भने त्यो हटिजानेछ। र तिमीहरूका निम्ति केही असम्भव हुनेछैन” (मत्ती १७:२०)। यहाँ येशूले भन्नूभएको छ- जससँग विश्वास छ, त्यसको निम्ति केही कुरा पनि असम्भव छैन। विश्वासद्वारा नै परमेश्वरको शक्ति प्रकट हुँदछ। निष्कर्षमा यसो भन्नु अतियुक्ति नहोला, कि हामीमा भएको सबै समस्याको जड यही हो- हामीमा धेरै थोरै मात्र विश्वास छ।



हामी परमेश्वरका सन्तानहरूले विश्वास बढ्दै जाओस् भनेर प्रार्थना गर्न अति आवश्यक छ, ताकि हामी पूर्ण निश्चयता साथ विश्वास र साँचो हृदय लिएर परमेश्वरको नजिक गएर यसो भन्न सक्नेछौँ, “पिता ! मलाई हेर्नुहोस् !” सम्पूर्ण विश्वासद्वारा हाम्रो हृदय उहाँमा खन्याउनु पर्दछ। त्यसपछि सारा कुरामा सामर्थ्यवान परमेश्वरले उहाँको इच्छा र योजनाअनुसार हामीहरूका समस्याहरू समाधान गरिदिनुहुनेछ। हामीले हाम्रो विगतका छलपूर्ण चलाखीहरूले भरिएका सांसारिक आदत, अभ्यास र तरिकाहरूलाई त्याग्नुपर्दछ र आफ्नो कुरालाई हटाएर उहाँका कुराहरू र तरिकालाई धारण गर्नुपर्दछ। जब हाम्रो प्रभुले हाम्रो नयाँ मनोवृत्तिलाई स्वीकार अनि मञ्जूर गर्नुहुन्छ, तब हाम्रो प्रार्थनाको उत्तरहरू आउन सुरु हुन थाल्दछ।

हामीहरू “विश्वासको सन्तानहरू” भएको कारणले गर्दा, निरन्तर तबसम्म प्रार्थना गरिरहनुपर्दछ, जबसम्म उहाँले प्रचूर मात्रामा आत्मिक दृढ विश्वाससाथ उपलब्ध गराउनुहुन्न। वास्तवमा प्रार्थना गर्नु भनेको हामीले हाम्रो योजना, इच्छा र शक्तिद्वारा केही पनि गर्न सक्तैनौँ, तर परमेश्वरप्रति विश्वास र पूर्ण रूपमा भरोसा गरेमा केही पनि असम्भव छैन भनेर स्वीकार गर्नु हो। त्यसकारण इसाई विश्वासीहरूले प्रार्थना गर्ने परमेश्वरको आज्ञाचाहिँ अनिवार्य रूपमा पछ्याउनु पर्ने वाध्यात्मक ईश्वरीय आदेश हो भनेर भन्दा अत्युक्ति नहोला। जब हामी साँचो हृदयले परमश्वरसँग प्रार्थना गर्दछौँ, तब हामीले पूर्ण रूपमा उहाँलाई विश्वास गरेका छौँ भन्ने कुरा उहाँले स्वीकार गर्नुहुन्छ र नतिजा यही हुन्छ, कि उहाँले प्रशस्त मात्रामा आफ्नो अनुग्रहले हामीलाई ढाक्नुहुन्छ। तर अफशोसको कुराचाहिँ के हो भने, कहिलेकाहीँ हामी त्यो “जिप्पी” नाउँको चराजस्तै बन्न पुग्छौँ। दैनिक रूपमा आइपर्ने पीर-चिन्ताहरू, निराशजनक परिस्थितिहरू र भावानात्मक दवावहरूले

चारैतिर छोपिएर हामी आत्मिक रूपमा अन्धो भएका हुन्छौं। त्यसको परिणामस्वरूप हामी परमेश्वरको उपस्थितिको बारेमा अनभिज्ञ बन्न पुग्दछौं र आफूलाई विश्वासी हुँ भनेर घोषणा गर्नेहरूले पनि वास्तवमा परमेश्वरमा भर पर्न सक्तैनन् अथवा  तिनीहरूले यो कुरा बिर्सन्छन्। जब विश्वासीहरूका आत्मिक अवस्था यहाँसम्म आइपुग्दछ, तब हाम्रो स्वर्गीय पिताले विनाविकल्प तर उद्देश्यसहित हामीमा दु:ख-कष्ट र सतावटहरू आउन दिनुहुन्छ। हामीले यसमा शङ्का गर्ने कुनै ठाउँ नै छैन। हामीलाई नम्र, आज्ञाकारी र उहाँमा भरपर्ने व्यक्ति बनाउन यो बाहेक उहाँको अरू कुनै तरिका छैन। वास्तविकता महशुस गरेर हामी उहाँको सामु घुँडा टेकेको परमेश्वर चाहनुहुन्छ। हामीहरूको व्यक्तिगत प्रायस र शक्तिबाट कुनै कुरा सम्भव छैन किनकि सबैथोक उहाँको नियन्त्रणमा छन्। आफैलाई बचाउनको लागि हाम्रो असक्षमता र अयोग्यालाई स्वीकार गर्नु नै परमेश्वरको सिंहासनतिर बढ्ने सही बाटो हो। एउटा बालकले झैँ कुनै शङ्का नगरी साँचो हृदय र विश्वाससाथ नम्र भएर उहाँको उपस्थितिभित्र कहिले आउला भनी हाम्रो स्वर्गीय पिता हामीलाई पर्खेर बसिरहनुभएको छ। उहाँ आफ्नो शक्तिशाली हातहरूले हामीलाई अङ्गालोमा बाँध्न सधैँ तयार हुनुहुन्छ। हामी उहाँको नजिक आएको हेर्न उहाँ पर्खिरहनुभको छ।

अब, महा पवित्र-स्थानलाई छेक्ने पर्दा टुप्पादेखि फेदसम्म दुइ भाग हुने गरी च्यातिसक्यो। त्यसैकारण जुनसुकै समयमा पनि हामी परमेश्वरको मन्दिरभित्र प्रवेश गर्नसक्छौं। यस कुराको आत्मिक अर्थ यही- कि अब हामी बचाउने प्रार्थनाद्वारा परमेश्वरको सिंहासनतर्फ अघि बढ्न सक्छौं। जब हामी उहाँको सिंहासनतिर जान्छौं, तब हाम्रो अवस्थाचाहिँ एक बालक झैँ आफ्नो कमजोरी र असक्षमतालाई स्वीकार गर्ने खालको हुनुपर्दछ। त्यसपछि, हामीले उहाँप्रति पूरा



ध्यान दिएर सम्पूर्ण भक्ति प्रकट गर्नुपर्दछ। यस प्रक्रियाको लागि उच्च स्तरको एकाग्रताको खाँचो पर्दछ। जब हामी यसको लागि आफू कमजोर भएको महशुस गर्दछौं, तब यो कुरा याद गर्नुपर्दछ, कि हाम्रो सल्लाहकार पवित्र आत्मा हामीलाई सहायता गर्न सधैँ हाम्रो नजिक उपस्थित हुनुहुन्छ। त्यसैकारण हामी उहाँसँग यसप्रकारले मार्गनिर्देशन माग्नुपर्दछ: "पवित्र आत्मा, कृपया मेरो हृदयलाई छुनुहोस्, ताकि म पूर्ण विश्वास र साँचो हृदयको निश्चयतामा मेरो पितासँग बोल्न सकूँ।" यस प्रकारले जब तपाईं पूर्ण रूपमा पवित्र आत्मामा भर पर्नुहुन्छ, तब उहाँले तपाईंलाई स्वर्गीय पितातर्फ जाने सही मार्गमा डोऱ्याउनुहुनेछ।

## परमेश्वरबाट आउने उत्साह

### Encouragement from the God

यदि प्रार्थना परमेश्वरसँगको सञ्चारको माध्यम होइन भने यो के हो त ? यस प्रश्नको उत्तर हामी यसरी दिनसक्छौं: यदि परमेश्वरसँग कुरा-कानी गर्ने हो भने, हामीले अर्थपूर्ण र गम्भीर भएर प्रार्थना गर्नुपर्दछ। उहाँसँग सञ्चार गर्नको लागि औपचारिकता निभाएको जस्तो गरी प्रार्थनालाई पटक-पटक दोहोऱ्याई रहनाले कुनै लाभ हुँदैन।  सर्वशक्तिमान् अनि सर्वज्ञानी परमेश्वरले हाम्रो अन्तरिक अभिप्राय राम्रोसँग बुझ्नु हुन्छ। हामीले गम्भीर भएर गरेको अनुरोध अवश्य उहाँले ध्यानपूर्वक सुन्नुहुन्छ। हामीले बिर्सनै नहुने अर्को कुरा के हो भने कुराकानी अथवा सञ्चार भनेको स्वभाविक रूपमा हुने दोहोरो प्रक्रिया हो। त्यसैले परमेश्वरसँगको हाम्रो कुराकानीमा उहाँले हामीलाई भन्न खोज्नुभएको कुरा हामीले सधैँ सुन्ने गर्नु पर्दछ।

मुख्य कुरा के हो भने प्रार्थनामा हामीले शान्त रहेर उहाँको आवाजलाई सुन्नुपर्दछ। यसको लागि एकान्त ठाउँ उपयुक्त हुन्छ। जब हामी शान्त, स्थिर, मौन र धिरजी भई मनन गर्दछौं, तब हाम्रो दु:ख-कष्टको समयमा उहाँ के भन्नुहुन्छ भन्ने कुरा हामी थाहा गर्न सक्दछौं। त्यतिमात्र होइन, हामीमा आइपरेका दु:ख-कष्टको उद्देश्य के हो र यी समस्याहरूका समाधानको बाटो के हो भन्ने कुरा पनि उहाँले हामीलाई बताउनु हुनेछ। कृपया प्रार्थनामा उहाँको आवाजलाई अवश्य सुन्ने गर्नुहोस्, पक्कै पनि त्यसबेला उहाँले तपाईंले बुझ्नेगरी नै बोल्नुहुनेछ। यस कुराको लागि हामीले पवित्र आत्मालाई धन्यवाद दिनुपर्दछ, जसले हामीलाई यस्ता कुराको निम्ति प्रेरणा दिनुहुन्छ। कुनै समयमा परमेश्वर विभिन्न अवस्था र परिस्थितिहरूद्वारा भएर पनि हामीसँग बोल्नुहुन्छ। यी सबै कुराहरूलाई नै परमेश्वर र हामीबीचको घनिष्ठ सम्बन्धरूपी वार्तालाप हो भन्न सकिन्छ। यदि हामीले यस प्रकारले पवित्र आत्माको मध्यस्थतामा परमेश्वरसँग घनिष्ठ सम्बन्ध कायम राखी कुराकानी गर्न सुरु गर्दछौं, तब मात्र हाम्रो स्वर्गीय पिताले आफ्नो महिमित उपस्थिति जनाई हामीलाई आशिष् दिन थाल्नुहुन्छ। प्रार्थना भनेको पुत्र परमेश्वर येशू र पवित्र आत्मालाई व्यक्तिगत रूपमा भेट्ने विशेष माध्यम हो। यस प्रकारको प्रार्थनाले हामीहरू उहाँसँग सञ्चार गर्ने कुरालाई मात्र बुझाउँदैन, तर उहाँको महिमित उपस्थितिलाई थाहा गर्ने र व्यक्तिगत रूपमा अनुभव गर्नसक्ने व्यक्ति पनि हामीलाई बनाउँदछ। त्यसैले जब हामी यस प्रकारले परमेश्वरको सङ्गतिमा साँचो रूपमा सहभागी हुन्छौं, तब हामीहरू उहाँको साँचो सन्तान हुन सक्नेछौं।

माथिका जानकारीहरू थाहा पाएपछि हामी तुरुन्तै यो कुरा बुझ्न सक्छौं, कि सैद्धान्तिक रूपमा यो प्रक्रिया जति सजिलो छ, त्यसलाई प्रयोगमा उतार्न त्यति सजिलो भने अवश्य छैन। सबैभन्दा पहिले हामीले थाहा पाउनु पर्दछ, कि प्रार्थना र



परमेश्वरसँगको दोहोरो सञ्चारको निम्ति उपयुक्त अनि विशेष खालको वातावरण हुनु अति आवश्यक छ। रेडियो, टेलिभिजन र उच्च आवाजमा सांसारिक गीत-सङ्गीत बजिरहेको ठाउँमा परमेश्वरसँग कुराकानी गर्न प्राय: असम्भव नै हुन्छ। त्यस्ता समयमा यदि हामीले हाम्रो आत्मिक आँखाले सावधानीपूर्वक त्यहाँको माहोललाई निरिक्षण गर्‍यौं भने त्यहाँ हाम्रो सत्रुको हस्तक्षेप भइरहेको कुरा थाहा गर्न सक्तछौं। त्यस्तो प्रकारको अवरोध दिने वातावरणले प्रार्थना गर्न कठिन बनाउँछ साथै हाम्रो अवस्थालाई झन् कष्टकर बनाइदिन्छ। त्यस किसिमको नकारात्मक आत्मिक परिवेशमा कुनै व्यक्तिले जबरजस्ती केही शब्दहरू निकालेर प्रार्थना गरिहाले तापनि त्यो परमेश्वरको सिंहासनतर्फ जान गाह्रो भइरहेको कुरा थाहा गर्न सकिन्छ र परमेश्वर पितासँग गहिरो अनि घनिष्ठ रूपमा कुराकानी गर्ने काम निरर्थक र उपलब्धिहीन हुनजान्छ। यो समस्याको समाधान सजिलो छ: सर्वप्रथम, हामीले दुष्ट आत्माको सबै प्रकारका क्रियाकलापहरूलाई हटाउनु पर्दछ र प्रार्थना गर्ने ठाउँको वातावरण पूर्ण रूपमा परिवर्तन गर्नु पर्दछ। रेडियो, टेलिभिजन बन्द गर्नुहोस्, र त्यसको सट्टामा परमेश्वरको महिमा र आराधना हुने खालका भजनहरू मधुर आवाजमा बजाउनुहोस्। त्यसपछि तपाईंले गरेको प्रार्थना स्वच्छ र सफा नदी झैं निरन्तर निस्किआउनेछ।

प्रत्येक पवित्र वेदी जहाँ आराधना हुने गर्दछ, त्यहाँ स्वर्गदूतहरूले जोशिलो प्रकारले सुरक्षा दिईरहेका हुन्छन् र उक्त विशेष ठाउँको अध्यक्षता अथवा सभापतित्व हाम्रो प्रभुले गर्नुहुन्छ। हालसालैको कुरा हो, मेरो एक अफ्रिकी मित्र, जससँग अगमवाणीको वरदान छ, उहाँले हाम्रो मण्डली भ्रमण गर्नुभयो। आइतवारको आराधना सेवापछि उहाँ मकहाँ आएर यसो भन्नभयो, कि जसै उहाँले हामीहरूले आराधाना गर्ने पवित्र वेदीमा पाइला टेक्नभयो, त्यहाँ स्वर्गदूतहरूका

उपस्थिति देखेर उहाँ छक्क पर्नुभयो। उहाँले दर्शनमा यो पनि देख्नुभयो, कि उक्त पवित्र वेदीमा प्रभु येशू पनि हुनुहुन्थ्यो र त्यो ठाउँ उहाँको आत्माले भरिएको थियो। उहाँले मलाई सेवकाइको निम्ति हौसला दिँदै यसो भन्नुभयो: "सुसमाचार अभियानको निम्ति संसारभरि नै तपाईंलाई प्रयोग गर्नु परमेश्वरको विशेष अभिप्राय छ र यो महिमित काम अहिलेदेखि नै पूरा हुन थालिसकेको छ।"

यदि परमेश्वर मण्डलीको केन्द्रमा हुनुहुन्छ भने पवित्रआत्माले त्यहाँ अति शक्तिशाली कामहरू प्रदर्शन गर्नुहुन्छ। सायद तपाईंको मण्डलीमा पास्टर राम्रो खालको वक्ता नहुन सक्छ, कहिलेकाहीँ आराधना अगुवाइ गर्ने सङ्गीत झुण्डले बेसुरा प्रकारले गाउन-बजाउन सक्छ, तर पवित्र आत्माले तपाईं र मजस्ता सीप र सिद्धताबाट टाढा भएका मानिसहरूलाई पनि उहाँको महिमाको निम्ति प्रयोग गर्नसक्नुहुन्छ। के मण्डलीमा अगाडि बस्ने पास्टर र सङ्गीत झुण्डतर्फ सबैको ध्यान जानु स्वभाविक कुरा होइन र ? तर हामीले बुझ्नुपर्ने कुराचाहिँ के हो भने, तिनीहरू पनि हामीजस्तै सामान्य मानिसहरू नै हुन्। त्यसैले कुनै पनि मण्डलीको केन्द्रमा पास्टर अथवा सङ्गीत झुण्ड होइन तर त्यहाँ पवित्र आत्मा वास गर्नुहुन्छ, जसले तिनीहरूमा भएर आफ्नो काम गर्नुहुन्छ। त्यसैकारण, हाम्रो विश्वासको आँखाले हेर्न सिक्दै जानुपर्ने कुरा के हो भने मानवीय अपूर्णता र कमजोरीहरूमा पनि पवित्र आत्माले उहाँको इच्छा र योजना पूरा गर्नुहुन्छ। हामीले अगाडि बस्ने समर्पित व्यक्तिहरूका लागि प्रार्थना गरिदिनु पर्दछ, ताकि परमेश्वरले उहाँहरूमा भएर सम्पूर्ण मण्डली समुदायलाई आशिष् दिनुभएको होस्। यस प्रकारको स्वीकारयोग्य सोच-विचार र अभिप्राय हामीमा विकसित भएपछि पवित्र आत्माले उहाँको अनुग्रहमा आश्चर्यकर्महरू निरन्तर मण्डलीमा देखाउँदै जानुहुन्छ।



प्रिय पाठकहरू, जब हामी पवित्र वेदीमा आएर परमेश्वरसँग कुराकानी गर्दछौँ, तब हामीले येशू प्रभुलाई भेट्न सक्छौँ र फलस्वरूप हामीहरूका जीवन परिवर्तन हुन थाल्दछ। यो हामी सबैलाई फाइदा हुने कुरा हो। सायद तपाईं मण्डली भवनभन्दा धेरै टाढा बस्नुहुन्छ होला र त्यहाँ जान प्रयाप्त समय पनि छैन होला, तैपनि हप्तामा एक पटक अवश्य प्रभुलाई भेट्नको लागि मण्डलीमा आउने गर्नुहोस् भन्ने मेरो विनम्र अनुरोध छ। तपाईं सधैँ मण्डली आउन नसक्नुको विभिन्न कारणहरू हुनसक्छन् तर म भन्दछु, कि ती सबै केवल परमेश्वरको आशिष्बाट टाढा रहने बाहनाहरू मात्र हुन्। यदि साँच्चै हामीले आफूलाई तुच्छ सम्झेर साँचो हृदयले परमेश्वरलाई भेट्न उत्कट इच्छा गर्दछौँ भने, समय र दूरीले हामीलाई खासै असर पार्दैन र त्यसको निम्ति हामीले चिन्ता पनि गरिरहनु पर्दैन, स्वयम् परमेश्वरले नै हाम्रो हृदयको अवस्था बुझेर सबै कुराको उचित व्यवस्था गरिदिनु हुन्छ। यदि हामी सबै जना हप्ताको एक दिन पवित्र वेदीमा आएर परमेश्वरसँग कुराकानी गर्ने बानी बसाल्यौँ भने, यो कुरा निश्चित छ, कि दिन प्रतिदिन तपाईं र मैले परमेश्वरबाट प्रचूर मात्रामा उत्साह र शक्ति निरन्तर पाउँदै जानेछौँ।

यो कुरालाई विशेष महत्त्व दिनु पर्दछ, कि साँचो उत्साह मानव जातिबाट उत्पन्न हुने कुरा होइन। हामीहरूका वरिपरि भएका मानिसहरूले हामीलाई एक दिन खुसी दिन्छन् तर अर्को दिन पीडा दिने गर्दछन्। यस्तो किन हुन्छ भने, यी सांसारिक उत्साहचाहिँ मानवीय स्वभावमा आधारित हुन्छ। अफसोसको कुरा यही हो, कि मानिसहरूका व्यक्तिगत इच्छा र अभिरूचिअनुसार तिनीहरूले हामीलाई उत्साहित अनि निरुत्साहित बनाइरहन्छन्। त्यसैले गर्दा हामी पूर्ण रूपमा मानिसहरूमा कहिल्यै पनि भर पर्नु हुँदैन। कृपया, तपाईंले आफैलाई यो प्रश्न गर्नुहोस्: विगतमा कति पटक मानिसहरूमा अति नै भरोसा गर्दा तपाईंले निराश हुनुपर्‍यो ? कति

पटक पीडाले गर्दा तपाईं यसरी कराउनुहुन्छ, “त्यस व्यक्तिलाई मैले अति नै विश्वास गरेको थिएँ, तर आज उसैले मलाई धोका दियो !” जब हामी मानिसमाथि भरोसा गर्दछौँ, तब कतिपय समयमा त्यसले हामीलाई दु:खित तुल्याउँदछ। मानिसको हृदय पापपूर्ण स्वभावहरूले भरिएको कारणले गर्दा यस प्रकारको दु:खद अनि अप्रिय घटनाहरू हटाउनै नसकिने गरी हाम्रो जीवनमा आइपर्दछन्।

हाम्रो जीवनमा माथि उल्लेखित पीडादाएक कुराहरू भयो भन्दैमा हामीले अरू व्यक्तिहरूबाट आफूलाई कहिल्यै अलग्याउनु हुँदैन। त्यसको सट्टामा हामीले स्वीकार र प्रेमपूर्वक ती व्यक्तिहरूलाई अङ्गालोमा बाँधेको परमेश्वर हेर्न चाहनुहुन्छ। विनाशर्त एक आपसमा प्रेम गरोस् भन्ने कुरा परमेश्वर अपेक्षा गर्नुहुन्छ र त्यसैको निम्ति तपाईं र मैले बोलावट पाएका छौँ। हाम्रा वरिपरिका मानिसहरू जस्तो अवस्थामा छन्, त्यस्तै अवस्थामा उनीहरूलाई अङ्गालो मार्न पुग्नेगरी हाम्रो हातहरू स्वागत गर्न हमेशा तयार अनि खोलिएको हुनुपर्दछ। विनाशर्तको प्रेम भनेको कुनै व्यक्तिको विश्वासयोग्यतामाथि ध्यान नदिनु र त्यसप्रति कुनै प्रश्न नउठउनु हो। यसको मतलव ऊ जस्तो अवस्थामा भए तापनि हामीले उप्रति प्रेम प्रकट गर्नु पर्दछ। यस प्रकारले अरूलाई प्रेम गर्नु भनेको सुरुमा परमेश्वरको अनुग्रहबाट पाएको विश्वासै गर्न नसकिने शक्तिको प्रकटिकरण हो। परमेश्वरबाट आउने यस प्रकारको शक्ति र उत्साहद्वारा नै हामी अरूलाई विनाशर्त उत्साह दिन सक्षम हुन्छौँ। यस प्रकारको शक्ति हाम्रो भित्री अन्तस्करणदेखि नै निस्कनु आवश्यक छ।

यदि तपाईं विवाहित हुनुहुन्छ भने सबैभन्दा पहिले आफ्नो पति अथवा पत्नीलाई निरन्तर उत्साह दिन सुरु गर्नुहोस्। आफ्नो जीवन साथीलाई सधैँ नै यस



प्रकार वास्ता र सहायताको सङ्केत देखाउनुहोस्। तर यो काम केवल बेलुका कामबाट घर फर्कने समयमा मात्र देखाउने होइन। अरूलाई यस प्रकारले सहायता गर्न र सुदृढ पार्न हामीमा भएको सीमित शक्ति प्रयाप्त छैन, त्यसको लागि हामीले परमेश्वरसँग सहायता माग्नु आवश्यक छ। उहाँसँगको दैनिक सहभागिता र सङ्गतिजस्ता आत्मकि क्रियाकलापहरूद्वारा हामीले उहाँको सान्त्वना र अधिकार प्राप्त गर्नुपर्छ।

व्यक्तिगत रूपमा म एक जिम्मेवार पति अनि पिता भएको कारणले गर्दा सधैँ म मेरी श्रीमती र तीन जना सन्तानहरूलाई ढाडस र उत्साह दिन भरमग्दुर प्रयास गर्दछु। प्राय: म सेवकाइको निम्ति शारीरिकरूपमा तिनीहरूबाट टाढा हुने भएकोले गर्दा प्रत्येक दिन उनीहरूलाई ईमेल लेख्ने गर्दछु र श्रीमतीलाई चाहिँ प्रत्येक दिन फोन गर्ने गर्दछु। ईमेलमा मेरो लेखाइ समय परिस्थितिअनुसार कहिले लामो र कहिले छोटो हुन्छ, तर प्रत्येक दिन मेरा प्रिय जनहरूसँग सम्पर्क गर्न म हतारिएको र भोकाएको हुन्छु।

व्यक्तिगत कुरा नलुकाई इमानदार भएर भन्नुपर्दा कहिलेकाहीँ म मेरो सेवकाइको दौरानमा परिवारसँग महीनौँ दिनसम्म टाढा रहनु पर्ने हुन्छ र प्रत्येक दिन ईमेल लेख्नु र फोन गर्न पनि असमर्थ हुन्छु। एक-दुइ दिनसम्म पनि खबर आदान-प्रदान भएन भने मेरो परिवारको सदस्यहरू निराश हुन्छन्। जब म सम्पर्कबाट टाढा हुन्छु, अनि मेरी श्रीमतीले मलाई यसरी हप्काउछिन्: “किन तपाईंले हामीलाई ईमेल लेख्नु हुन्न अनि फोन पनि गर्नुहुन्न ? हामीलाई बिर्सनु भयो, कि कसो ?” प्राय: यस प्रकारको प्रश्नहरू मैले सुन्नुपर्ने हुन्छ। त्यस्तो अवस्थामा म अति व्यस्त थिएँ भन्ने बाहानाले कुनै काम गर्दैन र अन्त्यमा आएर मैले उनीहरूसँग क्षमा माग्नुपर्ने हुन्छ र

मलाई लाग्छ, कि त्यसो गर्नु अति महत्त्वपूर्ण कुरा हो।

हामीले विनाशर्त निरन्तर प्रेम गर्ने तरिका सिक्न आवश्यक छ र यसको लागि कुनै बाहाना गर्नु हुँदैन। एक बिहान मेरी कान्छी छोरीले प्रार्थना गरिदिनको लागि फोन गरिन् किनभने तिनलाई यात्राले गर्दा रुघा-खोकी लागेको थियो। मैले तिनको चङ्गाइको निम्ति फोनमा नै प्रार्थना गरिदिएँ। भोलोपल्ट फेरि तिनले मलाई फोन गरिन् तर त्यसबेला तिनको आवाज प्रशन्नताले भरिएको थियो। तिनले भनिन्: "बुबा, तपाईंको सभा कस्तो भयो ? आराधना सेवाको लागि तयारी गरेर तपाई थाक्नुभएको होला... म तपाईंको निम्ति प्रार्थना गरिदिन्छु।" मैले लामो समयसम्म फोनमा छोरीले गरेको प्रार्थना ध्यान दिएर सुनिरहेँ। साँच्चै तिनले गरेकी त्यो प्रार्थना अचम्म खालको नै थियो।

मेरी कान्छी छोरीले हालसालै विश्व-विद्यालयबाट स्नातक पूरा गरेकी छिन्। तिनले मेरो लागि सधैँ यसरी प्रार्थना गर्छिन्: "परमेश्वर, मेरो बुबालाई दिन प्रति दिन अझ नम्र सेवक बनाउनु होस्।" यस प्रकारले मेरा सन्तानहरूले गर्ने प्रार्थनाहरू मेरो लागि अमूल्य उत्साहको श्रोत हुन्। जब तिनीहरूले मेरो सेवकाइको कारणले गर्दा गौरव र खुसीको कुरा व्यक्त गर्दछन्, तब म अति आनन्द अनुभव गर्दछु र मेरो आत्मविश्वास बढेर आउँदछ। प्रत्येक दिन मेरी श्रीमती र मेरा छोरा-छोरीहरूले मलाई दिएको उत्साह र ढाडसले मेरो भावनालाई उर्जाशील मात्र बनाउँदैन तर तिनीहरूले "जीवन बचाउने" शब्दहरू बोलिरहेका छन् भन्ने मलाई लाग्दछ। यो आशिष् दिनुहुने परमेश्वरलाई म यस प्रकारले प्रार्थना गर्ने गर्दछु, "परमेश्वर पिता, यी सन्तानहरू दिनुभएको लागि म तपाईंलाई धेरै धन्यवाद दिन्छु। म यस कुराको लागि तपाईंप्रति कृतज्ञ छु। तिनीहरू तपाईंप्रति समर्पित हुन सकून्। कृपया,



तिनीहरूलाई बाटो बिराउनबाट बचाउनुहोस्। तिनीहरूलाई तपाईंको परिश्रमी र विश्वासयोग्य सेवकहरू बनाउनुहोस्।"

हामीले पहिले नै यो कुरामा छलफल गरिसक्यौँ, कि अरूलाई बलियो बनाउनुभन्दा पहिले हामी आफू नै बलियो हुनु आवश्यक छ। यस अध्यायमा हामीले शक्ति कसरी प्राप्त गर्ने र साँचो प्रार्थनाद्वारा परमेश्वरको सिंहासन नजिक कसरी प्रवेश गर्ने अनि परमेश्वरसँग कसरी घनिष्ठ सम्बन्ध राख्ने भन्ने तरिकाहरूबारे विस्तृत छलफल गऱ्यौँ।

हामीहरूमध्ये धेरै जनाले येशूलाई पवित्र वेदीमा भेट्नेछौँ, जहाँ दुष्टको अवरोध र आक्रमण अति न्यून हुन्छ। त्यसैले म सबै पाठकहरूलाई पवित्र वेदीमा सकेसम्म बढी सहभागी हुन अनुरोध गर्दछु। चाहे बिहान होस् अथवा बेलुकीको समय होस् हामीले स्वर्गीय पितासँग महत्त्वपूर्ण समय बिताउनुपर्छ। म यो कुरा तपाईंहरूलाई निश्चित गराउन चाहन्छु, कि गम्भीर भएर साँचो हृदयले प्रार्थना गरेमा पवित्र आत्माले सो कुरा अवश्य तपाईंलाई दिनुहुनेछ। यदि हामी सम्पूर्ण अनि साँचो हृदयले निरन्तर हाम्रो प्रभूको नजिक आउने गरेमा उहाँले हाम्रो आत्मालाई मात्र सुदृढ बनाउने होइन तर उहाँको अचम्मको शक्ति र ईश्वरीय उत्साहद्वारा हामीलाई अरूहरूको आत्मालाई पनि बचाउन सक्ने सक्षम व्यक्तिमा परिवर्तन गरिदिनु हुनेछ।

**हिब्रू १०:२३-२५**

"हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौँ, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौँ। कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौँ। तर प्रभुको दिन नजिक अइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् उत्साह देओ।"



# भाग ३

# उत्साहले आश्चर्यकर्महरू उत्पन्न गर्दछ

## Encouragements That Create Miracles

# उत्साहले आश्चर्यकर्महरू उत्पन्न गर्दछ

## Encouragements That Create Miracles

विगतको बीस वर्षदेखि सुसमाचार अभियानको लागि मैले धेरै यात्राहरू गरिरहेको छु। कहिलेकाहीँ महीनौंसम्म पनि म घर-परिवारबाट टाढा रहने गर्दछु। उक्त समयमा जब म मेरा प्रियहरूलाई सम्झन्छु, तब मैले एक्लोपनको अनुभव गर्दछु। लामो समयसम्म भेटघाट नभए तापनि मेरा छोरा-छोरीहरूले मेरो सेवकाइलाई सहायता गर्न कहिले पनि पछि पर्दैनन्। प्राय: हवाइजहाजको यात्रामा हुँदा जब म बाइबल पल्टाउँछु, त्यहाँ मेरी श्रीमती र छोरा-छोरीहरूले लेखेको पत्र भएको खाम पाउने गर्दछु। म आफूलाई सबैभन्दा असल पिता हुँ भनेर चिनाउन चाहन्न तर घर परिवारबाट टाढा रहँदा त्यस प्रकारका पत्रहरूले मेरो कामको प्रशंसा गरेको म महशुस गर्दछु। ती अनौठा पत्रहरूले मलाई ठूलो सान्त्वना र शक्ति प्रदान गर्दछ अनि उनीहरूलाई फोनमा यसो भन्न म वाध्य हुनपुग्छु, "म लामो समयसम्म तिमीहरूबाट छुट्टिनु परेकोमा क्षमा चाहन्छु र तिमीहरूले गरिरहेका सहायताको लागि धेरै धन्यवाद।"

केही समय अघि मैले एक अमेरिकन सेविका- क्यारोल ल्याड (Carol Ladd) -ले लेख्नुभएको पुस्तक पढेको थिएँ, जुन पुस्तकको नाउँ, "सकारात्मक आमाको



शक्ति" (The Power of a Positive Mother) थियो। उक्त पुस्तकको लेखिकाले इसाई परिवेशभित्र केन्द्रित रहेर आमा-बाबु र छोरा-छोरी बीचको विषयवस्तुलाई चाखलाग्दो प्रकारले ब्याख्या गर्नुभएको छ। तिनले बच्चालाई भविष्यमा ठूलो व्यक्ति बनाउनको लागि अमा-बाबुहरूलाई उपयोगी सात वटा सिफारिसहरूको बारेमा चर्चा गर्नुभएको छ। क्यारोल ल्याडको पुस्तकको एक भागमा "उत्साहको शक्ति" भन्ने शीर्षक छ, जहाँ यो रहस्यलाई प्रकट गरिएको छ, कि आमा-बाबुबाट प्रशस्त उत्साह पाउने बालकले वास्तवमा सफलताको कुञ्जी [साँचो] पाएको हुन्छ। उहाँ सल्लाह दिनुहुन्छ, कि आमा-बाबुहरूले उनीहरूका सन्तानहरूलाई प्रोत्सान दिन सधैँ तयार रहनुपर्दछ।

आमा-बाबुहरूले ध्यान दिनुपर्ने अर्को महत्त्वपूर्ण कुरा के हो भने तिनीहरूले आफ्ना सन्तानलाई उत्साह दिँदा कुन तरिका उपयुक्त हुन्छ र कस्तो शब्दहरू प्रयोग गर्दा बढी प्रभाव पर्दछ भन्ने कुरा गम्भीर रूपले विचार गर्नुपर्दछ। कहिलेकाहीँ यस प्रकारको तरिका उपयुक्त हुनसक्छ, जस्तै: उत्साहका केही शब्दहरू लेखेर उसको सिरानीमा राखिदिने, खाजा राख्ने बाकसमा राखिदिने अथवा उनीहरूका पुस्तक वा बाइबलमा राखिदिने आदि। यस्तो सृजनात्मक तरिकालाई हामीहरूले अपनाउँदा धेरै राम्रो हुन्छ। हामीले बच्चाको निम्ति लेखिएका आशा र सहायताका शब्दहरू उसको जुत्तामा राख्नुहुँदैन, किन ? क्यारोल ल्याडले यस विषयमा आमा-बाबुहरूलाई सुझाव दिनुहुन्छ, कि बालकको प्रशंसा गर्न यस्तो कदम उठाउनुपर्दछ, जसले उसलाई प्रशस्त मात्रामा भावानात्मक सहायता मिलोस् र त्यसबाट उसले प्रसस्त उत्साह पाउन सकोस्।

तिनले प्रख्यात बेसबल खेलाडी, जीम सन्डबर्ग (Jim Sundberg) -को

उदाहरण प्रस्तुत गरेकी छिन्। सन्डबर्ग बालक हुँदा आफ्नो पितासँग घर पछाडिको चोकमा बेसबल खेल्ने गर्दथे। खेल्दैगर्दा उसको पिताले मौका पाउँदा छोरालाई यो कुरा सम्झना गराउने गर्दथ्यो, कि अब चाँडै नै ऊ प्रमुख टिमको निम्ति खेल्ने राम्रो खेलाडी बन्नेछ। उसको पिताको त्यही उत्साहले भरिएका शब्दहरूका परिणामस्वरूप केही वर्षपछि नै उसको खेलबारे एउटा इतिहास बन्यो । उसलाई एक उत्तम खेलाडी बनाउनको लागि सबैभन्दा ठूलो भूमिका उसको पिताले दिने उत्साहका शब्दहरू नै थियो।

सुसमाचारीय क्षेत्रमा जोन स्टोट (John Stott) भन्ने प्रख्यात ईश्वरशास्त्री हुनुहुन्छ, जो एङ्लीकन सम्प्रदायका इसाई हुनुहुन्छ। उनले आफ्नो जीवन अवधिमा कहल्यै विवाह गरेनन्। उहाँले लेख्नुभएका पुस्तकहरू र उहाँका प्रचारहरूले इसाई जगतमा ठूलो प्रभाव पारेको छ। उहाँले आफ्नो गवाहीमा यो कुरा बताएका छन्, कि विगतमा एक व्यक्तिको उत्साहजन प्रयासले गर्दा उहाँको जीवन परिवर्तन भयो र आत्मिक वृद्धि पनि हुँदै गयो। सुरुमा स्टोटको जीवन इसाई मूल्य-मान्यताभन्दा निकै टाढा थियो तर एक जना चिरपरिचित पास्टरले उहाँलाई सात वर्षको लामो समयसम्म निरन्तर हौसलाका पत्रहरू लेख्नुभयो र प्रार्थना पनि गरिदिनु भयो। कहिले पनि नमर्ने उत्साहले भरिएको पत्रहरूले बिस्तारै उहाँको जीवनमा काम गर्न थाल्यो। लामो समयसम्म उक्त व्यक्तिको निरन्तर प्रयासले अन्त्यमा स्टोटको हृदय छोयो र फलस्वरूप उहाँले येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्ने निर्णय लिनु भयो। उक्त पास्टरले लामो समयसम्म उत्साह दिई रहेको कारणले परमेश्वरले बलियो विश्वास भएको एक असल सेवक उत्पादन गर्नुभयो।

यसै विषयमा अर्को एक जना प्रतिष्ठित व्यक्ति हुनुहुन्छ, जो अरूको उत्साहप्रति



धन्यवादी भएका थिए, उहाँको नाउँ, रोबर्ट पोटर्नवे (Robert Poternway) हो र उहाँ स्विटजरल्याण्ड भन्ने देशको वरिष्ठ मानसिक चिकित्सक हुनुहुन्छ। उहाँले धेरै पुस्तकहरू लेख्नुभएको छ। एक दिन उहाँले आफ्नो एक प्रिय प्रशंसकबाट पत्र पाए, जसमा यस्ता शब्दहरू लेखिएका थिए: “व्यक्तिगत रूपमा मैले तपाईंलाई भेट्ने मौका पाएको छैन तर तपाईंले लेख्नुभएको पुस्तकले मलाई धेरै नै उत्साह र सहास प्रदान गरेको छ। यदि कुनै कारणवश पृथ्वीमा हाम्रो भेट भएन भने स्वर्गमा पुगेपछि सबैभन्दा पहिले म तपाईंलाई नै खोज्नेछु।” प्रशंसा र धन्यवादले भरिएको त्यो छोटो पत्रले उक्त स्वीस मनो-वैज्ञानिक निकै प्रभावित भए र त्यसबाट तिनले अचम्मको सहास पाए। त्यसैले, तपाईंलाई चिनेको व्यक्तिले लेखेको साधारण चिठ्ठीले तपाईंको जीवनमा विशेष उत्प्रेरणा जगाउन सक्छ, जसले तपाईंलाई आफ्नो काममा नयाँ शक्ति प्रदान गर्दछ।

## उत्साह, सुदृढ पार्ने शक्ति हो
## Encouragements, the Power of Strengthening

हामीले यो कुरा हेरिसक्यौँ, कि अरूको प्रशंसा गर्ने र उत्साह दिने व्यक्तिसँग विशेष प्रकारको क्षमता हुनु पर्दछ। यदि हाम्रो हृदयमा अरू व्यक्तिको लागि प्रयाप्त ठाउँ छैन भने, तिनीहरूलाई स्वीकार गर्न र तिनीहरूलाई उत्साह दिने काम गर्न प्राय: असम्भव नै हुन्छ। यस्ता असल कामहरूलाई रोक्ने तत्वहरू नै उत्साह दिने कामको प्रमुख अवरोधक हो।

पूर्ण रूपमा घृणा, वैरभाव, रीस र तितोपनले भरिएको समयमा के तपाईंले आफ्नो छिमेकीतिर फर्केर उसलाई साँचो सान्त्वना दिन सक्नुहुन्छ ? तपाईं आफै बोझले भरिएको बेलामा, रीस र झर्को लागेको बेलामा, डाहले भरिएको बेलामा र अरूप्रति ईर्ष्या जागेको समयमा, के तपाईंले छिमेकीप्रति उत्साहको कुराहरू बोल्न सक्नुहुन्छ ? के तपाईंले आफूमा भएको चिन्ता, अनिश्चितता र डरको भावनालाई पराजित गरेर आफ्ना दाजु-भाइ तथा दिदी-बहिनीहरूसँग हातेमालो गर्न सक्नुहुन्छ ? हामीहरूको हृदयमा भएका यस प्रकारको खराब अवस्थालाई हाम्रो प्रभुले अहिले नै देखाउँदै हुनुहुन्छ।

दिमागमा हुने यस्ता दवावपूर्ण अवस्थाहरूबाट छुटकारा पाउन यस संसारका धेरै मानिसहरूले प्राय: अस्थायी कुराहरूमाथि भरोसा गर्ने गर्दछन्, जस्तै: शारीरिक व्यायाम, सङ्गीत, चलचित्र, भ्रमण, अध्ययन, धार्मिक क्रियाकलापहरू र यस्तैखाले उनीहरूका अभिरुचि भएका कामहरू। यस्ता उपचारको अस्थायी प्रयासहरूले मानिसलाई सधैँको निम्ति छुटकारा दिन सक्दैन र यी तरिकाहरूद्वारा ठूला समस्याहरूसँग समाना गर्न पनि सकिँदैन।

हामीहरू परमेश्वरका सन्तानहरू भएको कारणले गर्दा यस्ता समस्याहरूलाई परमेश्वरकहाँ ल्याएर नै समाधान गर्नु पर्दछ। सर्वप्रथम, निरन्तर प्रार्थनाद्वारा हामीले हाम्रो हृदय र परमेश्वरको सिंहासनबीच सम्बन्ध स्थापना गर्नु पर्दछ। परमेश्वरको सिंहासनबाट निस्कने पवित्र अभिषेकले मात्र हामीभित्र भएका फोहोर कुराहरू धुन सकिन्छ। तर यदि हामीले आफूलाई नम्र तुल्याएर हाम्रो कमजोरीहरू येशूको चरणमा ल्याएनौँ भने, र आफ्नै बल र बुद्धिले समस्या समाधान गर्न कोशिस गऱ्यौँ भने, ती व्यर्थका प्रायसहरूले परिस्थितिलाई अझ बिगारिदिन्छ। ती मानवीय



प्रयासहरूले समस्याको जरोलाई पहिल्याएर समाधान गर्न सकिन्न, केवल ती समस्याहरूका लक्षणहरूलाई मात्र उपचार गर्न सकिन्छ। धेरै नै परिश्रम गरेपछि अन्त्यमा, मुख्य समस्याचाहिँ जस्ताको तस्तै नै रहिरहन्छ।

हाम्रो परमेश्वरसँग प्रत्येक दिन गहिरो व्यक्तिगत सङ्गति हुनुपर्दछ र हाम्रो हृदयभित्र भएका समस्याहरूलाई परमेश्वरले अवश्य समाधान गर्न सक्नुहुन्छ भन्ने दृढ विश्वास हामीमा हुनुपर्दछ। त्यसपछि मात्र विभिन्न प्रकारका सांसारिक कुराहरू हाम्रो हृदयबाट निस्केर जान्छन् र त्यसको ठाउँमा स्वर्गीय अनुग्रह र शान्तिले वास गर्दछ। अनि हामी अरूलाई प्रशंसा र स्वीकार गर्न सक्छौँ। हाम्रो हृदयमा भएको यस प्रकारको कुराले अरूलाई सुदृढ पार्न सहायता पुऱ्याउँदछ। यस प्रकारको प्रक्रिया धेरै नै महत्त्वपूर्ण छ।

हाम्रो मण्डलीमा भरखरै नयाँ जन्म पाएको एक जना विश्वासी प्राय: प्रत्येक दिन बिहानी प्रार्थनामा आउनुहुन्छ। एक पटक उहाँले मलाई यसो भन्नुभयो: "पास्टरज्यू, मैले बिहानी प्रार्थनामा सहभागी भएपछि दिनभरिको लागि प्रशस्त आत्मिक शक्ति पाउने गर्दछु। कुनै दिन कठिनाइ र दोधारको सामना गर्नु परे तापनि मलाई त्यसको निम्ति आवश्यक उर्जा मिलिरहेको हुन्छ।" म के विचार गर्दछु भने त्यहाँ एक प्रकारको अदृश्य शक्तिले उसलाई भित्रबाट बलियो बनाइरहेको हुनुपर्छ। उक्त व्यक्तिले दिनमा आफ्नो काम सुरु गर्नुभन्दा अघि बिहानै सर्वशक्तिमान् परमेश्वरसँग कुराकानी गर्ने गर्दछ, जसबाट उसले त्यस दिनको लागि शक्ति पाउँदछ। प्रत्येक बिहान प्रभुबाट शक्ति प्राप्त गरेनौँ भने, उक्त दिन आशिष्मय रूपमा जिउन प्राय: असम्भव नै हुन्छ। त्यसकारण बिहान गरिने प्रार्थनाको इसाई जीवनमा विशेष महत्त्व छ।

हिब्रू १०:२४ मा यसरी लेखिएको छ, “हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं।” यहाँ “उत्साहित गराउने” भन्ने वाक्यांशको अर्थ अरूलाई प्रेम गर्न र अरूप्रति असल काम गर्नलाई आवश्यक परेको हरेक कुरा हामीले गर्नु पर्दछ भन्ने हुन्छ। नयाँ करारको सुरुको ग्रीक बाइबलमा “उत्साहित गराउनु” भन्ने करालाई बुझाउन “पारोखुस्मोस” (paroxusmos) भन्ने शब्द प्रयोग गरिएको छ, जसले 'कुनै व्यक्तिमा लुकेर बसेको क्षमतालाई प्रकट गर्न प्रेरणा दिनु' भन्ने कुरालाई सङ्केत गर्दछ। हामी सबैसँग यस प्रकारको शक्ति भित्र गहिराइमा रहेको हुन्छ, र यसमा अरूलाई ईश्वरीय अगापे प्रेम गर्न र अरूप्रति असल गर्ने क्षमता हुन्छ। सुरुमा त्यस प्रकारको शक्ति लुकिएको अवस्थामा हुन्छ किनभने सांसारिक विचारहरू र पीर-चिन्ताले हामीलाई सताएको हुन्छ र ती कुराहरूले त्यो शक्ति प्रकट हुनबाट रोकिरहेको हुन्छ।

पहिलो शताब्दीका हिब्रू विश्वासीहरूलाई चारैतिर दु:ख-कष्टले घेरिरहेको अवस्थामा पनि पवित्र आत्माले तिनीहरूमा भएको क्षमतालाई जागृत गराउन र तिनीहरूलाई उक्त विषयबारे सचेत पार्न उत्साहित र उत्तेजित बनाउनु भएको थियो। तिनीहरूमा ईश्वरीय अगापे प्रेम गर्ने क्षमता छ भन्ने कुरा उहाँले जान्नुहुन्थ्यो त्यसैकारण उहाँ तिनीहरूलाई उत्साहित र जागृत बनाउन चाहनु हुन्थ्यो। यस प्रकारको उत्साहित पार्ने प्रक्रियालाई “उत्साह” अथवा “प्रशंसा” भनेर भनिन्छ।

हामी किशोर अवस्थाको (१२ देखि १८ वर्षसम्म) केटा-केटीहरूको जीवनलाई एउटा उदाहरणको रूपमा हेरौं। किशोर अवस्थामा आइपुगेपछि प्राय: मानिसले असल र खराबबीचको भिन्नता छुट्ट्याउन सक्छ। उक्त अवस्थामा पुगेपछि उनीहरूका आमा-बुबाले उनीहरूप्रति के अपेक्षा गरेका छन् भनेर तिनीहरूले



बुझ्छन्। तिनीहरूका आमा-बाबुले तिनीहरूलाई कस्तो “आदर्श” भएको छोरा अथवा छोरी बनाउन चाहन्छन् भन्ने कुरा पनि विचार गर्न सक्छन्। तर जवानी उमेरमा आइपर्ने विभिन्न सांसारिक बाधा-अवरोधहरू जस्तै: शैक्षिक तनाव, साथी-सङ्गीहरूसँगको सम्बन्धको तनाव, यौनजन्य परीक्षाहरू आदि कुराहरूले तिनीहरूका सुन्दर अनि सृजनात्मक क्षमताहरूलाई प्रस्फुटन हुन दिँदैन। यस्तो परिस्थितिमा आमा-बाबुहरूले आफ्ना छोरा-छोरीहरूलाई हौसला दिने, उत्साह दिने, प्रशंसा गर्ने गर्नु पर्दछ, जसबाट उनीहरूले आफूमा लुकेको क्षमतालाई विकास गर्न सहायता पाउँदछन्। विवाहित जोडीहरूमा पनि यही सिद्धान्त लागू हुन्छ। पति र पत्नीको बीचमा एक आपसलाई उत्साह दिने काम निरन्तर रूपमा हुनु पर्दछ।

उत्साह दिने दुइ वटा तरिकाहरू छन्: एउटाचाहिँ हाम्रो बोलिवचनबाट त्यसलाई प्रकट गर्न सक्दछौं र अर्कोचाहिँ कामबाट प्रकट गर्न सक्दछौं। यो अध्यायको सुरुमा नै दिइएका बाइबल खण्डहरूले शब्दहरूद्वारा उत्साह दिन सकिने चार वटा तरिकाहरूलाई बताएको छ।

पहिलो अनि अति नै महत्त्वपूर्ण उत्साह दिने तरिकाचाहिँ कुनै व्यक्तिको प्रशंसा गर्नु हो। परमेश्वर पनि जब हामीसँग बोल्नुहुन्छ, त्यस समयमा उहाँले हामीहरूको कमजोरी, दोष र गल्तीहरू देखाउनुभन्दा पहिले प्रशंसाबाट सुरु गर्नु हुन्छ। प्रकाशको पुस्तक २ र ३ अध्यायहरूमा जब उहाँले एसियाको सात मण्डलीहरूको विषयमा बोल्नुभयो, त्यसबेला यही तरिकालाई अपनाउनु भयो। उनीहरूको गल्तीलाई देखाउनुभन्दा पहिले उहाँले तिनीहरूको प्रशंसा गर्नुभयो। यो कुराले हामीलाई परमेश्वरको चरित्रबारे स्पष्ट जानकारी दिँदछ। उहाँ हाम्रो कमजोरी र गल्तीहरूलाई क्षमा गर्न इच्छुक हुनुहुन्छ। उहाँ हामीसँग सान्त्वना र उत्साहका

शब्दहरूमा बोल्न चाहनु हुन्छ। यदि हामी साँच्चै नै पवित्र आत्माद्वारा भरिएका छौँ र हाम्रो विश्वासचाहिँ वास्तविक हो भने, हाम्रो छिमेकीहरूका लागि हाम्रो मुखबाट उत्साहका शब्दहरू निस्कनुपर्दछ।

## प्रशंसाद्वारा उत्साहित गर्नुहोस्

## Encourage through Compliments

यो कुरा चाखलाग्दो छ, कि पावलले लेखेका तेह्र वटा पत्रहरूका मुख्य उद्देश्य मण्डलीमा भएका विविध समस्याहरूलाई देखाइदिनु र त्यसलाई सुधार गर्नु हो। तर पवित्र आत्मा पावलद्वारा भएर सधैँ आलोचनाभन्दा प्रशंसाका शब्दहरू बोल्न कहिले छुटाउनु भएन। पावलका सबै पत्रहरू हामीले अध्ययन गर्दा तिनीहरूका सुरुमा उत्साहजनक शब्दहरू उल्लेख भएको पाउँदछौँ साथै मण्डलीको असल गुणहरूलाई आदर गरेर सम्बोधन गरिएको पाउँदछौँ। प्रशंसाका कुराहरू लेखिसकेपछि मात्र उनले भन्न चाहेको कुरा लेख्दथे अनि त्यसपछि चुनौतिका कुराहरू लेख्ने गर्दथे। आजभोलि सांसारिक विद्वान्हरूले पनि आफ्ना लेखहरूमा यस्तै प्रकारले लेखाइको ढाँचालाई पछ्याउने गर्दछन्। हामीले खबर पत्रिकाहरू पढ्दाखेरि यस्तो कुरा भेट्टाउँदछौँ, कि कुनै व्यक्तिलाई आलोचना गर्नभन्दा पहिले उसको विषयमा सकारात्मक र राम्रा कुराहरू उल्लेख गर्ने गरिन्छ। जे भए तापनि हामी थाहा पाउनु पर्ने कुरा के हो भने, प्रशंसाले श्रोताको हृदयमा शक्ति र आनन्द उत्पन्न गर्दछ।



जब हामी इमानदार अनि कडा परिश्रम गर्ने मानिसहरूलाई देख्दछौँ, जसले सही प्रकारले जीवन यापन गरिरहेका हुन्छन् र परमेश्वरको वचनप्रति आज्ञाकारी भइरहेका हुन्छन्, तब हामी उनीहरूलाई केही सहायता गर्न नसके तापनि उनीहरूको प्रशंसा भने अवश्य गर्न सक्दछौँ। जब हामीले त्यस्ता योग्य अनि असल व्यक्तिहरूको प्रशंसा गर्दछौँ, तब उनीहरूको अनुहार चम्किन्छ र त्यसबाट खुसी र शक्ति प्रकट भएको अनुभव गर्न सक्दछौँ। त्यसप्रकारको खुसी र शक्ति कहिले-काहीँ आँशुको रूपमा पनि प्रकट हुनसक्छ। आँशु बहाउनाले मानिसको हृदयमा भएको विषालु पदार्थ बाहिर निस्कन्छ। त्यसैले हामीले बुझ्नुपर्ने कुरा के हो भने आँशु बहाउने व्यक्ति असल हो।

विशेषगरी म र मेरी श्रीमतीले हामीहरूका तीन बालकहरूलाई हुर्काउने क्रममा उत्साहको अचम्मलाग्दो रहस्यलाई बुझेका छौँ। एक पिताको हैसियतले मैले प्राय: सधैँ नै छोरा-छोरीहरूलाई प्रशंसा गर्ने कोसिस गरेँ। उदाहरणको लागि म यो कुरा यहाँ व्यक्त गर्न चाहन्छु, कि मेरा बच्चाहरूको पढाइको नतिजा कमजोर खालको आउँदा पनि मैले उनीहरूलाई कहिल्यै हप्काइनँ। उनीहरूको लब्धाङ्क पत्रमा श्रेणी “क” आउनु पर्नेमा श्रेणी “ख” आउँदा, मैले उनीहरूलाई गाली गरिनँ। त्यसको सट्टामा मैले मेरा छोरा-छोरीहरूलाई राम्रो तरिकाले सम्झाएँ, “यो नतिजाको विषयमा चिन्ता नगर। तिम्रो जाँचको नतिजामा श्रेणी “ख” आएको किन हो भने जाँचको समयमा तिमी बिरामी भएको थियौ, जसको कारण तिमी अति थकित अनि कमजोर पनि थियौ। यस विषयलाई लिएर पीर गर्नु पर्दैन। मलाई थाहा छ, यदि तिमीले अलि मिहेनत गर्‍यौ भने अर्को जाँचमा अवश्य श्रेणी “क” ल्याउनेछौ। यो कुरा पनि याद गर, कि कुनै व्यक्तिले श्रेणी “ख” पाउनुको अर्थ अर्को व्यक्तिले माथिल्लो तहको श्रेणी “क” पाउनको लागि अवश्य होइन।”

मैले यस्ता शब्दहरू भनेपछि त्यस समयको वातावरण अति रमाइलो हुन्थ्यो किनभने त्यस समय मेरा बच्चाहरूले मबाट कठोर शब्दहरू सुन्नुपर्छ होला भन्ने अपेक्षा लिएर आएका हुन्थे तर मैले नरम सोरले उत्साहको कुरा गर्दा तिनीहरूले शक्ति पाउने गर्दथे।

मैले बच्चाहरूलाई त्यस प्रकारले हुर्काएको हुनाले खराब नतिजा आए तापनि उनीहरूले आफ्ना लब्धाङ्क पत्र देखाउन कहिल्यै हिच्किचाएनन्। जस्तो श्रेणी आए तापनि मैले उनीहरूको प्रशंसा गर्दछु भन्ने कुरा उनीहरूलाई थाहा थियो। त्यसैकारण उनीहरूले लब्धाङ्क पत्र पाउनासाथ त्यो जस्तो भए तापनि ल्याएर मलाई खुसीसाथ देखाउँथे। वास्तवमा इमानदार भएर भन्नुपर्दा उनीहरूका "ख" श्रेणीको नतिजाले म सन्तुष्ट त हुन सक्दिन थिएँ तर मैले जे भए तापनि उनीहरूको प्रशंसा नै गर्दथेँ किनभने त्यसो गर्नुबाहेक अर्को कुनै राम्रो विकल्प थिएन। यदि त्यसो गर्नुको सट्टा मैले उनीहरूलाई बेस्सरी गाली गरेको भए त्यसले उनीहरूलाई निराशा र कुण्ठातिर डोऱ्याउँदै लैजान्थ्यो, जसको नतिजा नकारात्मक हुँदै जान्थ्यो ।

आजभोलि पनि म प्रत्येक बिहान मेरो परिवारका प्रिय जनहरूलाई यसरी ईमेल लेख्ने गर्दछु: "तिमीहरू सञ्चै छौ ? मलाई माफ गरिदेऊ किनभने म पिता भएर पनि प्राय: घरमा तिमीहरूसित बसिरहन पाउँदिनँ। म तिमीहरूसँग रहिरहन नपाए तापनि तिमीहरू राम्रोसँग हुर्किसकेका छौ, जसको लागि म अति नै खुसी र धन्यवादी पनि छु।" मेरा छोरा-छोरीहरूबाट म त्यसको रमाइलो प्रतिउत्तर पाउने गर्दछु, जसले गर्दा हाम्रो सम्बन्ध र सञ्चार सुमधुर र प्रेमिलो भएको छ। त्यसैगरी म मेरी श्रीमतीलाई पनि प्रेम र कृतज्ञताले भरिएको कुरा लेखिरन्छु र तिनले पनि मेरो लागि निरन्तर प्रार्थना गरिरहेकी छिन् भन्ने कुरा स्मरण गराउन कहिल्यै चुक्दिनन्।



तिनले निरन्तर रूपमा मलाई फोनबाट सम्पर्क गरिरहन्छिन् र मेरो प्रार्थनाका विषयहरूको बारेमा सोधिरहन्छिन् र उक्त हप्ताको लागि मेरा आवश्यक विषयहरूमा तिनले प्रार्थना गरिदिन्छिन्।

विशेष गरी म एक पास्टर भएकोले सधैँ मैले मेरो छिमेकीहरूप्रति आदर गरेको नमुना बच्चाहरूलाई एक असल उदाहरण भएर देखाउनु अति आवश्यक छ। मैले मेरा दाजु-भाइ तथा दिदी-बहिनीहरूप्रति सधैँ कृतज्ञता र आदर-सम्मानको सङ्केत देखाउनुपर्दछ। निश्चय पनि यो सबै विश्वासीहरूको कर्तव्य हो भन्ने मलाई लाग्दछ।

मानिसहरूलाई भेट्दा हामी यसो भनेर उत्साह दिन सक्छौँ, "आज तपाईंलाई राम्रो देखिएको छ।" यो सानो अनि साधारण वाक्यले उक्त व्यक्तिको मुहारलाई चम्किलो बनाइदिन्छ भने हामी यसो किन नगर्ने ? यो उदाहरण मेरो लागि पनि उत्तिकै लाभदायक छ। केही समयअगाडिको कुरा हो, जुन मलाई अझै राम्ररी सम्झना छ। एउटा महिला मकहाँ आएर अलि अरुचिकर र रमाइलो नलाग्ने कुरा भनिन्: "पास्टर, आज-भोलि तपाईं अलि बुढा हुँदै गइरहेको म देख्दैछु।" तिनको प्रतिक्रियाको लगत्तै मैले आफूलाई बुढो भएको महशुस गर्न थालेँ।

हामीले यो कुरा पनि थाहा पाउनुपर्दछ, कि रुखो प्रकारको इमानदारिता पनि सधैँ असल हुन सक्दैन। यदि तपाईं कुनै सिकिस्त बिरामीसँग कुराकानी गरिरहनु भएको छ भने उसलाई झ्वाट्ट यसो नभन्नुस्, "तपाईंलाई हेर्दाखेरि धेरै नै बिरामीजस्तो देखिन्छ।" यस प्रकारको भनाइचाहिँ प्रशंसा र उत्साहको ठ्याक्कै विपरित कुरा हो। यो भनाइ सत्य अनि इमानदार देखिए तापनि यसले श्रोतालाई कुनै प्रकारको सकारात्मक सहयोग मिल्दैन। त्यसैले कुराकानी गर्दा हामीले विवेकशील भएर होसियारी र बुद्धिमत्ता अपनाउनु पर्दछ र हामीसँग कुरा गर्ने

व्यक्तिमा लुकेर बसेको क्षमताहरूलाई प्रकट गर्न सक्ने उत्साहको कुराहरू बोल्नु राम्रो कुरा हो।

म एक पास्टर भएकोले मलाई ठुलो चोट पुग्ने कुराचाहिँ मेरो विरोधमा हुने अहितकर निन्दा-चर्चाहरू हुन्। कहिलेकाहीँ विश्वासीहरूका माझमा यस प्रकारका नकरात्मक हल्लाहरू फैलिने गर्दछन्। अनौठो लाग्दो कुरा के हो भने त्यस प्रकारका कुराहरू समय-समयमा मेरो कानमा आइपुग्छन् र त्यस प्रकारका कुराहरूले मलाई धेरै ने निरुत्साहित तुल्याउँछ। त्यस्ता नकारात्मक कुराहरूले म यति साह्रो निराश हुन्छु, कि आउँदो आइतवारको आरधाना सेवामा मलाई वचन प्रचार गर्न पनि मन लाग्दैन। वास्तवमा भन्ने हो भने आफूलाई आदर नगर्ने बरु खिस्सी र उपहास गर्ने मानिसहरूको अगाडि उभिएर प्रचार गर्न कसैलाई पनि इच्छा लाग्दैन। अरूको कुरा काट्ने र व्यर्थको उपहास गर्नेजस्तो कुराहरूले सबैतिर विनास निम्त्याउँदछ। यो कुरा मण्डली र पास्टरलाई मात्र लागू हुने होइन तर सबै ठाउँमा त्यसले नकारात्मक प्रभाव पार्दछ। त्यस प्रकारको खराब निन्दा-चर्चाको विपरित सबैलाई राम्रो नतिजा ल्याउने कुराचाहिँ उत्साह र प्रशंसा नै हो, जसले खुसी, आनन्द र सहासजस्ता सकारात्मक असरहरू प्रकट गर्दछन्।

यो सिद्धान्त पशुहरूमा पनि लागू भएको कुरा मैले अनुभव गरेको छु। यदि तपाईंले सर्कस हेर्नु भएको भए यो कुरा अवश्य याद गर्नु भएको होला, कि सर्कसमा पशुलाई तह लगाउने व्यक्तिले पशुद्वारा कुनै मनोरञ्जनपूर्ण प्रदर्शन गरेपछि त्यसलाई सुम्सुम्याएर स्याबासी दिने काम गर्दछन्। यथार्थ यही हो, कि जब तिनीहरूले सुमसुम्याएर वा धाप दिएर ती जनावरहरूलाई प्रशंसा र उत्साह स्वरूप स्याबासी दिन्छन्, तब ती जनावरहरू अर्को रोमाञ्चकारी तमाशा गर्न इच्छुक



हुन्छन्। मलाई यस्तो लाग्छ, कि घरमा कुकुर पाल्ने व्यक्तिहरूले यो उदाहरण चाँडै बुझ्न सक्छन्। यदि तपाईंले आफ्नो कुकुरले गरेको कुनै तमाशाको लागि स्याबासी दिनुहुन्छ भने त्यो फेरि अर्को तमाशा गर्न खुसीसाथ तयार हुन्छ र घरि-घरि तपाईंको वरिपरि घुम्ने गर्छ। हामीले बुझ्नुपर्ने महत्त्वपूर्ण कुरा यही हो, कि कुनै काम गराउनको लागि मानिसलाई मात्र होइन पशुहरूलाई पनि उत्साह, उत्साह र स्वीकारजन्य भावनाको आवश्यक्ता पर्दछ।

यो कुरा साँचो हो, कि मानिसलाई सफल हुनको लागि सहयता र उत्साहको अत्यन्त जरुरत पर्दछ र यो कुरा पक्कै पनि सत्य हो, कि हामी मानिस जाति परमेश्वरको स्वरूपमा सृष्टि गरिएका हौँ। धर्मशास्त्र बाइबलले हामीलाई परमेश्वरको व्यक्तित्वको बारेमा राम्रोसँग जानकारी दिन्छ। उहाँले हामीबाट प्रशंसा, आराधना, आदर-इज्जत, धन्यवाद र भक्तिजस्ता कुराहरूका अपेक्षा गर्नुहुन्छ। हामी र परमेश्वरबीचको जीवित सम्बन्धलाई स्थायी रूपमा राखिराख्न यस विषयमा थुप्रै आज्ञाहरू भएका खण्डहरू धर्मशास्त्रमा उल्लेख भएका छन्। तिनीहरू के को लागि हुन् त ? ती सबैको उद्देश्य यही हो, कि परमेश्वरको स्वभाव यस्तो छ: उहाँ आफूले सृष्टि गर्नुभएको थोकहरूबाट सधैँ आराधना र प्रशंसाको अपेक्षा गर्नुहुन्छ। त्यसैकारण, हामी मानव जाति परमेश्वरकै प्रतिरूपमा बनाइएका हौँ, र हामीले पनि स्वभाविक रूपमा प्रशंसा, उत्साह, कृतज्ञता र स्वीकारजस्ता असल कुराहरूको चाहनु गर्नु पर्दछ।

प्राय: म मेरा छोरा-छोरीहरूलाई उनीहरूको धन्यवादी जीवन देखेर म अति प्रसन्न छु भनेर उनीहरूलाई धन्यवाद दिने गर्दछु। तिनीहरूका अविश्वासी साथीहरू धुम्रपान र मद्यपानको लतमा छन् तर तिनीहरू त्यस्ता कुलतहरूबाट टाढा छन्।

अर्को कुरा के हो भने उनीहरू प्रत्येक हप्ता नबिराइ मण्डली आउँछन्। यस कुराले मलाई अझ उनीहरूप्रतिको कृतज्ञ र कदरको भावना झन् बढाउँछ। जब म शब्दहरूले उनीहरूको प्रशंसा गर्दछु, उनीहरू धेरै खुसी हुन्छन्। म यतिसम्म गर्दछु, कि जब म मेरा बच्चाहरूले भाँडा-कुँडा माझेको देख्दछु (यस्तो मौका वर्षमा एक पटक मात्र पाए तापनि), म उनीहरूको उक्त कामको निम्ति धन्यवादद्वारा उत्साह दिन्छु।

तपाईं आमा-बाबुहरूलाई म अनुरोध गर्दछु, कि कृपया आफ्ना छोरा-छोरीहरूलाई घरि-घरि प्रशंसा गरिरहने काममा नथाक्नु होस्। साँचो रूपमा भन्नुपर्दा अर्को कुरा के हो भने, यदि तपाईंका छोरा-छोरीहरूले प्रत्येक हप्ता मण्डली जान तपाईंलाई पछ्याउने गर्दछन् भने यस कुरामा तपाईंले गौरव र आनन्द अनुभव गर्नुपर्छ। यसको निम्ति परमेश्‍वरलाई धन्यवाद दिनुहोस्। कतिजना साना बालकहरूले सानै उमेरदेखि सण्डे स्कुलमा पढ्ने गर्दछन्। जवानहरूले आराधना झुण्डमा रहेर गीत गाएर र बाजाहरू बजाएर सङ्गतिलाई सुन्दर अनि आशिष्मय बनाउँछन्। कतिजनाले चाहिँ श्रव्य-दृश्य उपकरणहरूलाई सञ्चालन गर्दछन्। ती सबै व्यक्तिहरूले वास्तवमा परमेश्‍वरको सेवा गरेका हुन्। यिनीहरू जेजस्ता अवस्थामा भए तापनि सबै नै प्रशंसा र कदरका योग्य छन्। मण्डलीमा हुने आराधना सङ्गतिमा नाति-नातिनीहरूले अफ्ना हजुरबुबा अनि हजुरआमाको साथमा रहेर एकै ठाउँमा परमेश्‍वरको सेवा गर्नु कति सुन्दर र मनोहर हुन्छ !

मैले यो कुरा पहिले नै उल्लेख गरिसकेको छु, कि हामीले अरूलाई उत्साह दिने र तिनीहरूलाई प्रशंसा गर्न पाएको मौकालाई सधैँ सदुपयोग गर्नुपर्छ। यो कुरा हामीले आफ्नो छोरा-छोरीहरूमा पनि लागू गर्दै जानु पर्दछ। जब तपाईंले आफ्ना बच्चाहरू टेलिभिजन नहेरिकन, कम्प्युर गेम र अरूकुराहरूमा नअल्झिकन बाइबल



अध्ययन गरिरहेको देख्नुहुन्छ, तब उनीहरूलाई प्रशंसा गर्न नचुक्नु होस् र उनीहरूको कदर गर्नुहोस्। व्यक्तिगत रूपमा भन्नपर्दा मेरो घरमा मैले मेरा छोरा-छोरीहरूलाई समेटेर एउटा सानो स्तुति-प्रशंसाका भजनहरू सिक्ने केन्द्र बानएको छु। उनीहरूले सिकेर पारिवारिक प्रार्थना, आराधनाको समय र साँझको खाना खाने समयमा गीत भजन गाउने गर्दछन्। कहिलेकाहीँ तपाईंका छोरा-छोरीहरूलाई प्रशंसा गर्न प्रयोग गर्नुभएको शब्दहरूले उनीहरूका हृदय छुन्छ। तिनीहरूले जब आफ्ना आमा-बाबुले हामीलाई बुझ्दा रहेछन् भन्ने कुरा महशुस गर्दछन्, तब हर्षका आँशु बहाउन सक्नेछन्।

धेरै वर्षहरू बितेर गएपछि हाम्रो साँस्कृतिक मूल्य-मान्यताहरू पनि बिस्तारै परिवर्तन भएर जान्छन्। त्यसैले हामीहरूले हाम्रो सन्तानको समयको तत्कालीन सँस्कृतिलाई बुझ्ने कोसिस गर्नुपर्दछ। यसको उदाहरणको लागि विगतको कोरियन पुस्तालाई लिन सकिन्छ। उक्त समयका मानिसहरूमा कन्फुसियन र बुद्ध धर्मको प्रभाव परेको थियो। उक्त किसिमका विश्‍वासबाट प्रभावित भएका मानिसहरूले अरूको प्रशंसा गर्न र खुलेर अरूप्रति कृतज्ञता प्रकट गर्न कञ्जुसी गर्ने गर्दछन्।

वास्तवमा भन्ने हो भने कन्फुसियसवाद र बुद्ध धर्मका परम्पराहरू शैतानिक अभ्यासहरू हुन्, जसले मानिसहरूलाई अरूप्रति खुलेर धन्यवादी शब्दहरू अभिव्यक्त गर्न रोक्छ। अरूसँग खुलेर कुरा-कानी नगर्ने र गमक्क फुलेर बस्नु उनीहरूको चरित्र थियो। तिनीहरू आफूले आफैलाई गौरव र आदर-इज्जतको भावनाले हेर्ने घमण्डी स्वभावका हुन्थे। अझै पनि केही उमेरमा पाका व्यक्तिहरूले यसो भनेर वकालत गर्ने गर्दछन्, कि यदि कुनै व्यक्तिले आफ्नो श्रीमतीको सुन्दरता र तिनको राम्रो कामको प्रशंसा गर्नु परेमा वा कृतज्ञता प्रकट गर्नु परेमा खुलेर ठूलो

सोरमा तिनलाई धन्यवाद दिनु हुँदैन। त्यसो गरेमा तिनीहरूले आफ्नो प्रतिष्ठा र इज्जत गुमाउँछ भन्ने कुराले तिनीहरू डराउँछन्। धेरै विद्वान् व्यक्तिहरूमा पनि यस किसिमको सङ्कुचित भावना रहेको पाइन्छ।

यस कुराको विपरित हामी विश्वासीहरूलाई बाइबलीय सँस्कृतिअनुसार खुलेर हाम्रा भावनाहरू व्यक्त गर्ने स्वतन्त्रता छ। हामीहरूले स्वतन्त्र रूपमा हाम्रा भावनाहरू व्यक्त गरोस् भन्ने कुरा हाम्रो परमेश्वरले अपेक्षा गर्नुहुन्छ। हामी विश्वासी भएको हैसियतले धन्यवाद र प्रशंसाका शब्दहरू दोहोऱ्याइरहन पाउनु हाम्रो लागि गौरवको विषय हो। मेरो विषयमा भन्नुपर्दा विशेषगरी म मेरी श्रीमतीलाई धन्यवाद दिइरहन्छु र यो काम महत्त्वपूर्ण भएकोले यो मेरो जीवनको एक भाग नै भइसक्यो। एक-दुइ दिन उनीसँग कुराकानी गर्न पाइनँ भने खल्लो र जीवनमा केही खाली भएको अनुभव गर्ने गर्दछु।

त्यसैले हामीहरूले मान्दै आएको पुराना रीति-रिवाजहरू र शैतानिक सँस्कृतिलाई त्यागेर त्यसको सट्टामा परमेश्वरले दिनु भएको असल सँस्कृतिलाई स्वीकार गर्नुपर्दछ। हामीले हाम्रा छिमेकीहरूलाई आदर र प्रशंसा दिने काम गर्न थालेपछि उक्त ईश्वरीय प्रणाली हामीमा सुरु हुन थाल्दछ। त्यसैले, उत्साह दिने प्रक्रिया नै मानिसहरूलाई उत्साहित पार्ने पहिलो प्रकारको तरिका हो।

## सान्त्वनाद्वारा उत्साहित गर्नुहोस्

### Encourage through Consolations

उत्साह दिने दोस्रो अनि प्रशंसाभन्दा अलि विकसित तरिकाचाहिँ सान्त्वना दिनु



हो। हामी विश्वासीहरूले प्राय: पवित्र आत्मालाई "सबै कुरामा सान्त्वना दिने परमेश्वर" भनेर सम्बोधन गर्दछौँ। २ कोरिन्थी १:३ मा हाम्रो परमेश्वरलाई "करुणामय पिता, र सबै सान्त्वनाका परमेश्वर" भनेर उल्लेख गरिएको छ। हामी मानिस जाति सामान्य कारणमा पनि तुरुन्तै निराश हुनपुग्छौँ साथै डर र एक्लोपनाले हामीहरूलाई चाँडै प्रभाव पार्दछ। यस्तो परिस्थितिमा हामीलाई सान्त्वनाका शब्दहरूद्वारा उपचार गरिनु आवश्यक पर्दछ। मानिसहरू उक्त परिस्थितिमा हुँदाखेरि प्रशंसा गर्नु मात्र प्रयाप्त हुँदैन। त्यस समयमा हामीले सान्त्वनाका साथै प्रशंसा पनि गर्नु पर्दछ। मानिसहरू जति मात्रामा गम्भीर अनि निराशामा हुन्छन् त्यति नै हामीले प्रशंसा र सान्त्वनालाई बढाउनु पर्दछ। सान्त्वनाका शब्दहरू पीडित व्यक्तिको अवस्थाअनुसार उपयुक्त अर्थात् सुहाउदो प्रकारले व्यक्त गरिनु अति नै महत्त्वपूर्ण छ।

यदि कुनै व्यक्ति अरूको प्रशंसा गर्न र सान्त्वना दिन कञ्जुसी गर्दछ भने उसको जीवनमा त्यससम्बन्धी भावनाहरू पहिले नै नीरस भइसकेको हुनसक्छ। यो तथ्य यथार्थ हो, कि भावनात्मक सुख्खापनको कारणले गर्दा तिनीहरूले अरूको बारेमा विचार गर्न सक्दैनन्। त्यस प्रकारका निराश व्यक्तिहरूमा आत्मिक ताजापनको आवश्यक परेको हुन्छ। तिनीहरूसँग अरूको बारेमा विचार गर्नको लागि कुनै आत्मिक श्रोतहरू हुँदैनन्। फलस्वरूप, तिनीहरूका जीवनबाट कुनै प्रकारको शक्ति र चम्किलो कुरा प्रकट हुनसक्दैन।

म धेरै वर्ष उत्तर अमेरिकामा बसेको हुनाले, पश्चिमी मानिसहरू र कोरियालीहरूका बीचमा मैले केही विशेष भिन्नताहरू भेट्टाएको छु। म अझै पनि उत्तर अमेरिका र कोरिया आवत-जावत गरिरहने भएकोले मैले यो कुरा थाहा पाएको छु, कि कोरियालीहरूले पश्चिमका मानिसहरूका तुलनामा थोरै मात्र प्रशंसा र सान्त्वना दिने गर्दछन्।

मैले मेरो व्यक्तिगत अनुभवबाट यो कुरा पनि थाहा गरेको छु, कि आराधना सेवा

गर्ने समयमा पश्चिमका मानिसहरू प्राय: प्रफुल्ल मूद्रामा हँसिलो अनुहारमा प्रस्तुत हुन्छन् भने कोरियालीहरू त्यसको सट्टामा बढी मात्रामा गम्भीर मूद्रामा देखिन्छन्। हामीहरू परमेश्वरको सामु खडा हुँदा केही मात्रामा गम्भीर हुनु स्वभाविक हो अनि उक्त कुरा आवश्यक पनि छ तर हामी परमेश्वरको आराधना अनि स्तुति-प्रशंसा गर्दा हाँसी-खुसी र प्रफुल्ल मूद्रामा हुनु असल हो।

अब परमेश्वरले आज्ञा गर्नुभएको कुरालाई प्रत्येक सेवा-सङ्गतिपछि प्रयोगमा उतार्न तयार बनौँ। अरूलाई प्रफुल्लित बनाउन र सान्त्वना दिन हामी यस प्रकारको क्रियाकलापमा अघि बढौँ। उदाहरणको लागि हामी यसो भन्न सक्छौँ: "रोबर्ट आज दु:खी अनि चिन्तित देखिन्छ, आज म उसलाई हसाँएर खुसी बनाउँछु।" अथवा "मेरीलाई अहिले सान्त्वनाको आवश्यक छ, आज म उसलाई भेट्न जान्छु।" हामीले अरूको आँखामा दृष्टि लगाएर यो कुरा थाहा गर्न सक्छौँ, कि ऊ दु:खी अथवा चिन्तित छ अथवा छैन भनेर। यदि कुनै व्यक्तिलाई सान्त्वनाको खाँचो छ भन्ने तपाईंलाई लाग्यो भने, कृपया उसकहाँ जानुहोस् र सान्त्वना दिनुहोस्। हामीले परमेश्वरको आज्ञालाई कार्यमा परिणत गऱ्यौँ भने, प्रभुलाई प्रशन्न पार्न सक्छौँ। फलस्वरूप, उहाँले खुसीसाथ हाम्रो प्रार्थनाहरूको उत्तर दिनु हुन्छ।

अफसोसको कुरा के हो भने, आज धेरै विश्वासीहरू व्यक्तिगत रूपमा मात्र प्रभावशाली भएर स्वार्थी अनि अहम् भावनाले भरिएका छन्। तिनीहरूले आफ्नै प्रकारको मापदण्डले अरूको न्याय गर्ने गर्दछन्। थोरै मात्रामा वाधा दिने कुराहरूले तिनीहरूलाई चिन्तित बनाउँछ र त्यसप्रति नकारात्मक विचारधारा बनाई र आलोचना गर्न तिनीहरू पछि पर्दैनन्। जब मण्डलीमा त्यस प्रकारका मानिसहरू भेला हुन्छन्, तब त्यो मण्डली पूर्ण रूपमा स्वार्थी अभिप्राय र अनावश्यक मुद्दाहरूले भरिएको एक सांसारिक सङ्गठन बन्न पुग्दछ। यस्तो परिस्थितिमा ती मानिसहरू परमेश्वरको प्रेम अभ्यास गर्न विश्वासीहरू भेला हुने ठाउँमा जम्मा नहुँदा नै राम्रो हुन्छ। स्वार्थी मानिसहरू जम्मा भएको त्यो भेला अवश्य पनि निर्दयी, निरस, क्रूर र



कञ्जुसी प्रकारको हुनेछ।

प्रिय पाठकहरू, माथि उल्लेखित कुराको विपरित इसाईहरूको प्रेम अरूबाट लिनुमा होइन तर दिने कामबाट प्रकट हुँदछ। जब हामी हाम्रो छिमेकीहरूलाई प्रेम गर्नको निम्ति र तिनीहरूलाई खुसी पार्नको निम्ति कोसिस गर्छौं, तब परमेश्वरले हामीलाई नै सबैभन्दा पहिले आशिष्ले भरिपूर्ण गरी  खुसी अनि आनन्दित पार्नुहुनेछ। यो खुसी र आनन्दचाहिँ बयान नै गर्न नसकिने प्रशस्तताको आनन्द हो।

## चुनौतिहरूद्वारा उत्साहित गर्नुहोस्

## Encourage through Challenges

तेस्रो किसिमको इसाई उत्साह दिने तरिकाचाहिँ अरूलाई चुनौति दिनु हो। यो उत्साह दिने अघिल्ला तरिकाहरूभन्दा अझ विकसित रूप हो। यस्ता मानिसहरू पनि छन्, जसले प्रशंसा र सान्त्वनालाई त्यति महत्त्व दिँदैनन्। ती मानिसहरूलाई योभन्दा अघिका दुइ वटा तरिकाहरूले पूर्ण रूपमा उत्साहित गराउन सकिँदैन। तिनीहरूलाई उत्साहित गर्न आवश्यक पर्ने कुरा- 'चुनौति' नै हो। चुनौतिमा केही मात्रामा यस्तो किसिमको उत्तेजनाको खाँचो पर्दछ, जसले मानिसमा लुकिएको अवस्थामा भएको क्षमतालाई जागृत गराउन सक्छ। चुनौति भनेको मानिसलाई बिहानै उठाउने घण्टी अथवा खतराको सङ्केत दिने आवाजजस्तै हो। पावलद्वारा परमेश्वरले आफ्नो मण्डलीलाई दिनु भएको थुप्रै चुनौतिहरूका उदाहरण हामी नयाँ करारमा भेट्टाउँदछौँ।

पावलले रोम, एफिसी र कोरिन्थीको मण्डलीहरूलाई सम्बोधन गर्दा त्यहाँ भएका दाजु-भाइ तथा दिदी-बहिनीहरूका लागि चुनौति दिने शब्दहरू प्रयोग गरेका छन्। उनले यस प्रकारले लेखेका छन, "परमेश्वरको अनुग्रहमा म तिमी

भाइहरूलाई यो आग्रह गर्दछु ...।" "आग्रह" भन्ने शब्द अरूलाई सचेत गर्न अथवा वाध्य पार्नको लागि प्रयोग गरिन्छ भन्ने कुरा हामीलाई थाहा छ। यसको अर्थ हामीले यो शब्दद्वारा अरूलाई सल्लाह वा सुझाब दिनु भन्ने हुँदैन तर कुनै कामको निम्ति आवश्यक कदम उठाउन वाध्य पार्नु भन्ने हुन्छ।

यो अध्यायको सुरुमा दिइएको धर्मशास्त्र बाइबलको हिब्रू १०:२४ ले यस प्रकारको आज्ञा दिँदछ, "एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति उत्साहित गराओ।" २५ पदले यसो भन्दछ, "कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौँ तर एउटाले अर्कालाई झन् उत्साह देओ।" पद २५ मा उल्लेख भएको "उत्साह" शब्दलाई सुरुको ग्रीक बाइबलमा "पाराकालियो" [parakaleo] भन्ने शब्द प्रयोग गरिएको छ, जसको अर्थ "हाजिर हुनलाई जम्मा पार्नु" अथवा "अभिप्रेरित र उत्साहित गर्नु" भन्ने हुन्छ। त्यसैकारण, आराधनामा भेला हुन इन्कार गर्ने विश्वासीहरूलाई पावलले विशेष वास्ता गरेका थिए र उनीहरूलाई एक आपसमा भेट हुने कामको लागि उत्साहित गर्न उनले बोलावट दिएका छन्। उनको त्यस प्रकारको बोलावट आजको समयमा पनि लागू हुन्छ। कहिलेकाहीँ मात्र आराधना सेवामा उपस्थित हुने व्यक्तिहरूलाई परमेश्वरले आग्रह गर्नुहुन्छ, कि तिनीहरूले मुख्य प्राथमिकतालाई पुर्नविचार गरी प्राय: सधैं उहाँको सामु उपस्थित हुनुपर्दछ। सबै जना आराधना सेवाहरूमा भेला भएर परमेश्वरको साँचो रूपमा महिमा गरोस् भन्ने करा परमेश्वर आफ्ना सन्तानहरूप्रति अपेक्षा गर्नुहुन्छ।

जब विश्वाससम्बन्धी यस किसिमको दोधारको कुरा मेरो नजिकको दाजु-भाइ, दिदी-बहिनीहरूमा आइपर्दछ, तब म उनीहरूलाई स्वतन्त्र रूपमा निर्णय गर्न अनुमति दिन्छु। तर कहिलेकाहीँ परिस्थिति यस्तो हुन जान्छ, कि प्रशंसा र सान्त्वनाले तिनीहरूमाथि प्रभाव पर्दैन, तब चुनौति दिनुपर्ने आवश्यकता पर्दछ। यस प्रकारको अवस्थामा मानिसहरूलाई उत्साह दिनको निम्ति कुहिनाले घोचेर



घचघच्याउनु नै पर्ने हुन्छ। स्वयम् परमेश्वरले कहिलेकाहीँ मलाई यस प्रकारले चुनौति दिनुहुन्छ: "के तिमीले मेरा सन्तानहरूलाई हेर-विचार गरेको यही हो ? के तिमीले साच्चै यी असामान्य व्यक्तिहरूलाई आत्मिक रूपमा हुर्काइरहेका छौ ?" अहिले म उहाँको आज्ञाहरू पालन गर्न नसकेर यी शब्दहरूद्वारा भए पनि तपाईंहरूलाई चुनौति दिँदैछु।

जसलाई सान्त्वनाको खाँचो, तिनीहरूलाई सान्त्वना दिनुहोस् र जसलाई सशक्त उत्तेजनाको खाँचो छ, तिनीहरूलाई आग्रहपूर्वक चुनौति दिनुहोस्। पावलले यसै प्रकारको तरिका अपनाएका थिए। बिरामीको उपचार गर्दा डाक्टरले सकेसम्म शल्य -चिकित्सालाई रोक्न कोसिस गर्दछन् तर यदि आवश्यक परेमा र उसले औषधिहरू सेवन इन्कार गरेमा धारिलो चक्कुले "चिरफार" नै गर्ने गर्दछन्। परमेश्वरको तरिका पनि झण्डै यस्तै हो। बाइबलले हामीलाई त्यस्ता व्यक्तिहरूलाई चुनौति दिन र आवश्यक परेको खण्डमा काम गर्न वाध्य बनाउन अनुरोध गर्दछ। जोहरू अल्छे छन्, जोहरूलाई परमेश्वरको वचन थाहा छ तर त्यसको आज्ञापालन गर्दैनन् र अभ्यास पनि गर्दैनन् र जोहरू नधकेलिकन हलचल गर्नै मान्दैनन्, त्यस्ता व्यक्तिहरूलाई आरामको क्षेत्रबाट बाहिर निकाल्न जागृत गराउनु पर्दछ। यदि अन्तिममा तिनीहरूले स्वतन्त्र रूपमा नै आज्ञापालन गर्न सके भने र आफ्ना लुकिएका क्षमताहरूलाई अधिकतम रूपमा प्रस्फुटन गर्न सके भने अवश्य तिनीहरूले परमेश्वरको इच्छालाई पूर्ण रूपमा पालान गर्न र पूरा गर्न सक्नेछन्।

## चेतावनीद्वारा उत्साहित गर्नुहोस
### Encourage through Warning

इसाई उत्साहको अन्तिम तरिकाचाहिँ दोष देखाइदिनु र चेतावनी दिनु हो। तपाईंले दिनुभएको प्रशंसा र सान्त्वनाले कुनै व्यक्तिलाई प्रभाव पार्न सकेन र

चुनौतिलाई पनि उसले इन्कार गऱ्यो भने, उसलाई उत्साहित गराउने अर्को तरिका-सावधान गराउनु र चेतावनी दिनु हो। वास्तवमा सम्बन्धित व्यक्तिलाई उचित रूपमा चेतावनी दिने प्रक्रियाचाहिँ उत्साह दिने एक सक्रिय तरिका हो। उदाहरणको लागि पावलले १ थेसलोनिकी ५:१४ मा आग्रह गरेका कुरालाई हेरौँ। त्यहाँ यसरी लेखिएको छ- "अल्छेहरूलाई चेतावनी देओ।"

जब कुनै व्यक्तिलाई चेतावनी दिनु पर्नेहुन्छ, तब हामीले ठूलो जोखिम उठाउनु पर्ने हुन्छ। हामीले कसैलाई प्रशंसा गर्दा त्यसले त्यति हानी पुऱ्याउँदैन तर चेतावनी दिँदाचाहिँ अरूको भावनामा चोट लाग्न सक्छ। त्यसैले हामीहरूले याद गर्नु पर्ने कुरा के हो भने चेतावनी दिँदा सुन्ने व्यक्तिले त्यसलाई स्वीकार गरेर उक्त कुरालाई सहज रूपमा लियो भने त्यो व्यक्ति मित्र बन्न सक्छ तर दुर्भाग्यवस त्यसो हुन सकेन भने उक्त व्यक्तिले आफ्नो हृदयमा विषालु कुराहरू भरेर तपाईंको विरोध गर्ने सत्रुको रूपमा निस्कनसक्छ। तसर्थ, सकेसम्म चेतावनी दिने काम गर्नुभन्दा पहिले अर्को विकल्प खोजेर त्यसलाई हटाउनु पर्दछ र यस उपायलाई अन्तिम विकल्प अर्थात् अन्तिम हतियारको रूपमा मात्र प्रयोग गर्नुपर्दछ।

प्रियहरू, हामी यस प्रकारले सृष्टि गरिएका छौँ, कि उत्साहविना स्वस्थ भएर बाँच्न सक्दैनौँ। आज हामीहरूका परिवारहरूमा, मण्डलीहरूमा र समाजमा सही प्रकारको उत्साहको अभावले गर्दा हामीहरूका जीवन निराश, एक्लो र असह्य बन्न पुगेको छ। यो दु:खद तर सत्य-तथ्य हो, कि यी दिनहरूमा धेरै थोरै मानिसहरू मात्र उत्साह दिनसक्ने खालका अनि त्यसको निम्ति योग्य छन् तर बाँकी रहेका लाखौँ मानिसहरूचाहिँ भावनात्मक र आत्मिक रूपमा कमजोर अनि थकित अवस्थामा छन्, जसलाई तुरुन्तै विशेष सहायताको खाँचो छ। त्यसैकारण, हाम्रो आन्तरिक परिस्थिति जेजस्तो भए तापनि हामीहरू येशूको पाइलालाई पछ्याउने कोसिस गरौँ अनि अरूहरूलाई उत्साह दिने काममा कम्मर कसेर अघि बढौँ।

कोरियामा मोटर गाडीहरू अत्याधिक भएकोले गर्दा प्राय: सडकमा भीड हुने



गर्दछ, जसले गर्दा सवारी चलाउने कामले निकै थकित तुल्याउँछ र मैले वाध्य भएर सार्वजनिक बसमा यात्रा गर्नुपर्ने हुन्छ। जब-जब म बसमा यात्रा गर्दछु, त्यतिबेला मैले बस चालकहरूमा एउटा नराम्रो प्रवृत्ति हाबी भएको अनुभव गर्दछु। मैले पत्ता लगाएको कुरा असामान्य खालको बनाउन म चाहन्नँ तर वास्तवमा भन्ने हो भने धेरैजसो बस-चालकहरूका काम त्यति सन्तोषजनक देखिँदैन। तिनीहरू आफ्नो पेशाप्रति न त उत्साहित देखिन्छन् न त गौरव नै गर्दछन्। यस कुरालाई उदाहरणको रूपमा हेर्ने हो भने धेरै असामान्य कुराहरू चालकहरूमा पाइन्छन्। यदि कुनै यात्रु तिनीहरूकहाँ आएर कुनै प्रश्न सोधे भने तिनीहरूले चिढिएको ढङ्गमा र रिसालु पारामा ठाडो उत्तर दिने गर्दछन्। यो अति नै दु:खलाग्दो परम्परा हो। बस-चालकहरूले प्रत्येक दिन धेरै सङ्ख्याम यात्रुहरू भेट्ने गर्छन् तर समाजमा भएका ती मानिसहरूमा आनन्द र उत्साह प्रसारण गर्न पाएको सुन्दर अवसरलाई तिनीहरूले गुमाउने गर्दछन्। मानिहरूमा खुसीको भावना फैलाउन ठूलो कुराको आवश्यक्ता पर्दैनन् तर थोरै शब्दहरूले पनि तिनीहरूलाई उत्साहित पार्न सकिन्छ, जस्तै: "तपाईंको आजको दिन असल होस् ! कृपया, गाडीबाट बाहिर पाइला टेक्दा होसियार हुनुहोस्। तपाईंलाई शुभ-कामना !" यी छोटा वाक्यहरूले मानिसहरूलाई सजिलै उत्साह मिल्दछ। कुनै व्यक्तिले थाहा नभएको ठाउँको बारेमा सोधेमा यसरी उत्तर दिन सकिन्छ, जस्तै: " कृपया तपाईं अर्को बस बिसौनीमा झर्नुहोस् अथवा अर्को बस चढ्नको लागि तपाईं यहीँ उत्रनुहोस्। धन्यवाद !" यस प्रकारको सहयोगी अनि हार्दिक मीठा शब्दहरूले मानिसहरूमा अप्रत्यक्ष भए पनि ठूलो मार्गदर्शन र उत्साह मिल्दछ।

यदि सबै बस चालकहरूमा यस प्रकारको मनोवृत्ति सृजना भयो भने, त्यसले समाजमा पार्न सक्ने उत्कृष्ट प्रभावको बारेमा तपाईं के सोच्नुहुन्छ ? सायद त्यसो भएमा धेरै मानिसहरू बसमा नै यात्रा गर्न रुचाउनेछन् होला, किनभने तिनीहरूका स्वच्छ व्यवहारले मानिसहरूले ताजापनको महशुस गर्नेछन्। तर अफसोसको कुरा के हो भने हामीहरू बाँचिरहेको यो संसारको अवस्था अति फरक छ। चालकहरूले

गर्ने व्यवहारलाई सायद ज्यादति नै भन्नुपर्छ होला ! प्राय: तिनीहरू रातो बत्तीमा पनि सवारी अगाडि बढाउँछन्, द्रूत अनि खतरापूर्ण प्रकारले गाडी चलाउँछन्, असमान्य अनि दिक्कलाग्दो रूपमा हर्नको प्रयोग गर्दछन् र अरू चालक र उनीहरूसँग सम्बन्धित व्यक्तिहरूलाई तल खसालेर कुराकानी गरिरहेका हुन्छन्। जब-जब म यस प्रकारको कुराहरू प्रत्यक्ष भोग्ने गर्दछु, तब म मन-मनै परमेश्वरलाई यसो भन्दछु, "ओ प्रभु, यी व्यक्तिहरू समाजमा सेवकहरू भएर काम गर्दैछन् तर यिनीहरूको हृदय दुषित अनि भ्रष्ट भएको छ। यिनीहरूका बोली र व्यवहारले समाजमा नकारात्मक प्रभाव पार्न सक्दछ। सायद, यी चालकहरूका भीडमा केही इसाई व्यक्तिहरू पनि छन् होला। प्रभु, यिनीहरूलाई साँचो बाटोमा हिँडाउनुहोस्।"

चाखलाग्दो कुरा के हो भने, उत्तर अमेरिका र कोरियामा बस चालकहरूका तलब समान छ। प्राय: तिनीहरूले हजारदेखि बाह्रसय अमेरिकी डलरसम्म कमाउने गर्दछन्। बढी पाउनेले पन्ध्रसय डलरसम्म पाउँछन्। वास्तवमा भन्ने हो भने त्यति तलब पाउने अमेरिकन र क्यानेडियन चालकहरू खुसी देखिन्छन्। तिनीहरू आफूजस्तै काम गर्ने अरू चालकहरूप्रति नम्र व्यवहार गर्दछन्, र यात्रुहरूप्रति पनि तिनीहरू भद्र अनि शिष्ट रूपमा प्रस्तुत हुन्छन्। मैले व्यक्तिगत रूपमा यो कुरा अनुभव गरेको छु, कि सार्वजनिक स्थानहरूमा काम गर्ने यस्ता व्यक्तिहरूमा भएको मुस्कान र सकारात्मक मनोवृत्तिले गर्दा समाजमा प्रसस्त मात्रामा खुसीयाली फैलिरहेको हुन्छ। उनीहरूका योगदानलाई उपेक्षा अनि अवहेलान गर्न मिल्दैन। समाजलाई सुन्दर, सभ्य अनि चम्किलो बनाउन तिनीहरूले विशेष सहयोग गर्दछन्। वास्तवमा भन्ने हो भने खुसियाली भन्ने कुरा एक व्यक्तिबाट अर्को व्यक्तिमा प्रसारण हुँदै जान्छ।

मैले यहाँ यो कुरा भनिरहनु आवश्यक छैन, कि आज हामी सबैले आ-आफ्नो मनोवृत्ति परिवर्तन गर्न खाँचो छ। चाहे हामी सरकारी काम गरौँ, वा अर्ध-सरकारी वा गैर-सरकारी वा नीजी संस्थामा काम गरौँ, हामीहरूले अरूमा आनन्द र



खुसियाली प्रसारण गर्न कोसिस गर्नु पर्दछ। चाहे हामी सवारी चालक हौँ अथवा बसमा यात्रा गर्ने यात्रु हौँ, अथवा हामी कुनै पनि पेशामा लागेका भए तापनि हामीले पाएको सुन्दर अवसरलाई प्रयोग गरेर अरूलाई खुसी पार्ने प्रयास गर्नु पर्दछ। यदि हाम्रो छिमेकीहरूले हामीप्रति यस प्रकारको व्यवहार नगरे तापनि हामीहरूले उनीहरूप्रति राम्रो व्यवहार प्रकट गर्नु पर्दछ। जब म यात्रामा हुन्छु, तब सँगै भएको यात्रुसँग केही कुराकानी गरेर उसलाई उत्साहित पार्ने काममा आफूलाई व्यस्त बनाउछु। रमाइलो कुराकानीको कुनै निर्दिष्ट विधि त हुँदैन तर प्राय: म मौसम अनि मुख्य खेलकुदको समाचारलाई माध्यम बनाई अपरिचित व्यक्तिसँग कुरा गर्न सुरु गर्दछु। त्यस प्रकारको व्यवहारले तिनीहरू छक्क पर्दछन् र तिनीहरूमध्ये केहीले कौतुहलता अथवा रुखो व्यवहार गर्ने गर्दछन्। परिणाम जे भए तापनि तपाईंहरूले पनि त्यस्तै कुराकानीद्वारा मित्र बनाउने कामको अभ्यास गर्नुहोस् भन्ने म आग्रह गर्दछु। बस वा अन्य गाडीको यात्रामा मसँगै यात्रा गर्ने व्यक्तिलाई म छिमेकीको हैसियत वा नजरले हेर्ने गर्दछु। फलस्वरूप, तिनीहरूको जीवनमा छोटो समयको लागि भए तापनि खुसीको वातावरण ल्याई तिनीहरूको अनुहारलाई चम्किलो बनाउन म तिनीहरूसमक्ष प्रस्तुत हुने कोसिस गर्ने गर्दछु।

प्रिय दाजु-भाइ तथा दिदी-बहिनीहरू, अरूलाई उत्साहित गर्नको लागि ठूलो काम गर्नु पर्दैन। हामीबाट प्रेम पाउने अपेक्षा गर्ने सयौँ श्रोताहरू एकै ठाउँमा जम्मा पारेर उत्साह दिने काम सुरुवात गर्नु आवश्यक छैन तर त्यसको लागि हामी सानो समूहबाट पनि सुरु गर्न सक्छौँ। मानिसहरू जे-जस्तो अवस्थामा भए तापनि, जति सङ्ख्यामा भए तापनि हाम्रो उत्साहले तिनीहरूलाई एक प्रकारको विशष शक्ति मिल्दछ। हामीहरूको सानो प्रयासले मानिसहरूको जीवन परिवर्तन हुन्छ, उनीहरूमा आशा पलाउन थाल्छ र अन्त्यमा तिनीहरूको आत्मा बाँच्छ। अनि तिनीहरूमा सकारात्मक परिणामहरू गुणनात्मक रूपमा वृद्धि हुन थाल्दछन्। बिस्तारै-बिस्तारै यो संसार नै परिवर्तन हुँदै गएको हामी महशुस गर्न सक्नेछौँ।

प्रभु येशूले हामीमा अपेक्षा गर्नुभको कुरा यही हो, कि हामीले हाम्रो छिमेकीहरूलाई उत्साह दिनुपर्दछ। हाम्रा छिमेकीहरू एकै ठाउँ र एकै परिस्थितिमा

हुँदैनन्। तिनीहरू हाम्रो परिवारहरूमा, आफन्तहरूमा, साथीहरूमा, बसमा, काम गर्ने ठाउँमा र मण्डलीमा पनि हुन सक्छन्। आउनुहोस्, हामी परमेश्वरका आज्ञाकारी सन्तानझैँ उनीहरूलाई उत्साह दिन अघि बढौँ। ख्रीष्टमा रहेर एकले अर्कोलाई शक्तिशाली र बलियो बनाउदै जाऔँ।

हितोपदेश २५:११

ठीकसित बोलिएको वचन चाँदीमा जडान गरिएको सुनका स्याउहरूजस्तै हुन्छन्।



# भाग
# ४

## ठीकसित बोलिएको वचन
## चाँदीमा जडान गरिएको सुनका स्याउहरूजस्तै हुन्छन्

A Word Aptly Spoken,

Apples of Gold in Settings of Silver

# ठीकसित बोलिएको वचन चाँदीमा जडान गरिएको सुनका स्याउहरूजस्तै हुन्छन्

# A Word Aptly Spoken, Apples of Gold in Settings of Silver

हालसालै दक्षिण कोरिया सरकारले यस देशको अर्को भाग उत्तर कोरियासँग वार्ता गर्न पहल गऱ्यो (सन् २००४)। संसारमा कोरिया मात्र एक यस्तो देश हो, जहाँ एउटै भाषा र एउटै सँस्कृति छ। तर यो देश युद्धपछि मूलभूत राजनैतिक फरक विचारधाराले गर्दा उत्तरी र दक्षिणी गरी दुइ भागहरूमा विभाजित भयो। धेरै कुराहरूले यी दुइ देशहरूलाई समान देखाए तापनि यिनीहरू एक आपसलाई सत्रुको रूपमा हेर्दछन् र दुवै देशका सैनिकहरूले एक अर्कालाई विरोध गर्ने गर्दछन्। वास्तवमा भन्ने हो भने यसले मलाई दु:खित तुल्याउँछ र मेरो हृदयमा असजिलो अनुभव हुन्छ।

आफू कोरियाली भएको कुरामा मलाई गौरव लाग्दछ तर मेरो देश टुक्रिएको कारणले गर्दा मलाई शर्म लाग्छ प्राय: यो कुरा समाचारहरूका मुख्य विषयवस्तु बन्ने गर्दछ। विगतमा यी दुइ देशहरूले एकै ठाउँमा बसेर आ-आफ्नो कुराहरूमा छलफल गर्न सुन्दर अवसरहरू पाएका थिए। दक्षिण कोरिया सरकारको “सन-साइन पोलिसी” (The Sunshine Policy) -ले लिएको निर्णयलाई म समर्थन गर्दछु।



उक्त नीतिले सक्रिय रूपमा उत्तर कोरियासँग शान्तिकायम गरी कुनै विरोध नगर्ने शैली अपनाएको थियो। जब-जब व्यक्तिहरू, दलहरू अथवा राष्ट्रहरूका दृष्टिकोण र विचारधारामा मूलभूत रूपमा मतभेद र विवाद हुन्छ, तब द्वन्द्वात्मक परिस्थितिलाई नियन्त्रण गर्न र त्यसलाई मिलाउन विशेष मध्यस्थकर्ताको आवश्यक पर्दछ।

यही कुरालाई मनमा राखेर यो बाइबल पद हेर्नुहोस् भनी म अनुरोध गर्न चाहन्छु: “ठीकसित बोलिएको वचन चाँदीमा जडान गरिएको सुनका स्याउहरूजस्तै हुन्छन्।” मध्यस्थकर्ताको मुख्य भूमिकाचाहिँ एक आपसमा नमिल्ने समूहहरूका विशेष परिस्थितिलाई राम्रोसँग बुझ्नु र तिनीहरूमाझ भएको तनावको अवस्थालाई सामान्य रूपमा ल्याउनु हो। पोखिएको तरल पदार्थलाई स्पन्जले सोसेर लिएझैँ गरी मस्थकर्ताले काम गर्नु पर्दछ। त्यस प्रकारको तनाबको समयमा उपयुक्त ढङ्गले बोलिएका शब्दहरूले ठूलो काम गर्दछ। त्यस्तो परिस्थितिमा उचित प्रकारले प्रयोग गरिएका शब्दहरूले ती दुइ विरोधी पक्षहरूबीच भएको बरफको ठूलो ढिक्कालाई तोडिदिन्छ [पगालिदिन्छ]। त्यसैकारण उपयुक्त ढङ्गले व्यक्त गरिएका शब्दलाई बाइबलले “सुनका स्याउहरू” भनेर बताएको छ। यी यस्ताखाले शब्दहरू हुन्, जसले द्वन्द्वको समयमा शान्ति अनि घृणाको समयमा प्रेम र क्षमा प्रकट गर्दछन्। जहाँ डर र त्रास हुन्छ, त्यहाँ यी शब्दहरूले सान्त्वना प्रकट गर्दछ। हामीलाई साँच्चै नै यस्ता शब्दहरू प्रकट गर्ने व्यक्तिहरूको आवश्यकता छ, जसले चीसो बरफको ठूलो ढीक्कालाई तोडिदिन्छ अनि खराब सम्बन्धको अग्ला पर्खालहरूलाई भत्काइदिन्छ।

हामीले अघिल्लो अध्यायमा इसाई उत्साहका चार वटा किसिमहरूका बारेमा छलफल गऱ्यौं। इसाई उत्साहमा प्रशंसा गर्नु, सान्त्वना दिनु, मैत्रीपूर्ण रूपमा चुनौति

दिनु र सावधानीपूर्वक चेतावनी दिनुजस्ता कुराहरू पर्दछन्। यी तरिकाहरू फरक-फरक व्यक्तिहरूमा कसरी उपयुक्त ढङ्गले प्रयोग गर्नुपर्दछ भन्ने कुरा पनि हामीले सिक्यौँ। यो अध्यायमा हामी "ठीक प्रकारले बोलिने वचन" -को बारेमा कुरा गर्नेछौँ, जसले विशेष परिस्थितिहरूमा हाम्रो उत्साहलाई कसरी अनुकूल बनाउने भन्ने बारेमा सिकाउँदछ।

बाइबलले हामीलाई यसो भन्दछ- "चाँदीमा जडान भएका सुनका स्याउहरू" उत्पादन गर्न चाहने व्यक्तिले सर्वप्रथम, तत्कालीन अवस्थालाई होसियारीपूर्वक जाँच गर्नु पर्दछ र त्यसपछि उसले यस्तो प्रकारले उपयुक्त शब्दहरू बोल्नुपर्दछ, कि मानिसहरूको बीचमा भएका समस्याहरू र गतिरोधहरूलाई त्यसले समाधान गर्न सक्नु पर्दछ। किन परमेश्वरले "उपयुक्त शब्दहरू" -लाई "सुनका स्याउहरू" -सँग तुलना गर्नुभयो त ? यसको सरल अनि सीधा अर्थ यही हो- उहाँ हामीलाई यो कुरा देखाउन चाहनुहुन्छ, कि त्यस प्रकारको विशेष अनि असामन्य परिस्थितिमा गरिने मध्यस्थताको कामचाहिँ अति महत्त्वपूर्ण र मूल्यवान छ भनेर बुझाउनु हो। ती स्याउहरू साधारण स्याउहरू होइनन् तर सुनका स्याउहरूजस्ता हुन् र ती स्याउहरू साधारण प्लेट (थाल) -मा राखिदैनन् तर तिनीहरूलाई "सुन्दरताका साथ सजाइएका चाँदीका" प्लेटमा राखिन्छन्। यो कुराचाहिँ ती व्यक्तिहरूलाई श्रेय दिनको लागि उल्लेख गरिएका हुन्, जसले शान्तिका शब्दहरू आफ्नो मुखबाट निकाल्दछन्। साँच्चै नै ती व्यक्तिहरू सुनका स्याउहरूका मालिक हुने मान्यता राख्दछन्। यो दृष्टान्त त्यस्ता व्यक्तिहरूलाई आदर गर्नको लागि उल्लेख गरिएको हो, जोहरूले आफ्ना वरिपरिका मानिसहरूका लागि आफ्नो मुखबाट महत्त्वपूर्ण, मूल्यवान, महान्, अर्थपूर्ण, अद्‌भूत, आश्चर्यजनक अनि आनन्ददायक शब्दहरू निकाल्दछन्, जसले गर्दा त्यहाँको वातावरणमा शान्ति फैलिएर जान्छ। यो कुरा



सर्वविधित अनि प्रमाणित भइसकेको छ, कि केवल एउटै शब्दले पनि मानिसमा अचम्मलाग्दो परिवर्तन ल्याउन सक्छ।

हामीले अघिल्लो अध्यायहरूमा यी कुराहरू हेरिसक्यौँ, कि सहायता र उत्साह दिने शब्दहरूले बोल्ने र सुन्ने व्यक्ति दुवैलाई उर्जा प्रदान गर्दछ। यसै सन्धर्भमा बाइबले यस प्रकारको रमाइलो कुरा बताउँदछ: "मीठा वचनहरू महका चाकाहरूजस्तै हुन्, जसले प्राणलाई मिठास दिन्छ, र हड्डीहरू निको पार्छ" (हितोपदेश १६:२४)। धर्मशास्त्रले हामीलाई यो कुरा बताउँदछ, कि हामीले दिने मैत्रीपूर्ण उत्साह, न्यानो सान्त्वना र साँचो प्रशंसा भनेको प्राणको लागि मह र हाडको लागि औषधिजस्तै हो। हितोपदेश १५:३० -ले यसरी भन्दछ: "हँसिलो चेहराले हृदयलाई हर्षित तुल्याउँदछ, र शुभ-समाचारले हड्डीलाई स्वस्थ पार्छ।" शुभ-समाचारहरू, राम्रा अनि सहायता दिने शब्दहरूले हामीहरूलाई स्वस्थ बनाउन र हामीहरूका आत्मिक हड्डीहरूलाई बलियो पार्न मद्दत गर्दछन्।

मलाई एउटा जापानी भाषाको उखान थाहा छ, जसले यस्तो अर्थ दिन्छ: "एउटा कृपालु शब्दले तपाईंलाई हिउँद यामभरि नै न्यानो बनाउनसक्छ।" प्राय: जापानका मानिसहरूले येशूलाई अझै चिन्न पाएका छैनन्  र पनि  तिनीहरूले यो कुरा बुझेका छन्, कि एक आपसलाई उत्साह दिने कुरा अति लाभदायी छ। साँच्चै नै भन्ने हो भने केवल एउटा कृपालु शब्द तपाईंलाई हिउँदको चिसो तीन महीनासम्म न्यानो बनाउन प्रयाप्त छ ! यो उखानमा सत्यता भएर नै आजसम्म अस्तित्वमा रहेको छ। उत्साह दिने कुराको बिपक्षमा संसारभरि कहीँ पनि तर्क गरिएको पाउँदैनौं। मानिसहरूका संस्कृति जे-जस्तो भए तापनि सहायता, सान्त्वना, प्रशंसाका शब्दहरूले जहिले पनि हृदयलाई न्यानो बनाउँदछ र हड्डीहरूलाई बलियो पार्दछ।

केही व्यक्तिहरूले यस प्रकारले आफ्नो कुरा राखेका छन्- उत्साहविना मानिस एक हप्ता पनि स्वस्थ रूपमा बाँच्न असम्भव छ। प्रत्येक मानिस उत्साहित हुन चाहना गर्दछ किनभने उत्साह भनेको हाम्रो जीवनलाई सही रूपमा सञ्चालन गर्ने एक विशेष शक्ति हो।

## वचनले हड्डीहरू सुकाउँछ

## A Word Dries Up the Bones

अनुपयुक्त अनि असुहाउँदो वचनहरूले समस्याहरू उत्पन्न गर्दछ। यस्तै अवस्थाको बारेमा हितोपदेश १२:४ मा वर्णन गरिएको छः "चरित्रवान् पत्नी आफ्ना पतिको मुकुट हो, तर अपमान ल्याउने पत्नीचाहिँ तिनका हड्डी सडेको जस्तै हो।" बाइबलमा लेखिएको झैँ, उत्तम चरित्र भएकी पत्नी उसको पतिको गौरवको विषय हुन्छ। असल चरित्र भएकी महिलाले आफ्नो पतिसँग कसरी बस्ने अनि पतिको अपूर्णता र कमजोरीहरूलाई कसरी स्वीकार गर्ने र उनीप्रति कसरी आज्ञाकारी हुने भन्नेजस्ता कुराहरू राम्ररी जानेकी हुन्छिन्। त्यसको विपरित एउटी कठोर अनि मूर्ख पत्नी उसको पतिको लागि लाजको विषय हुन्छ, जसले उसको हड्डीहरू मक्काइदिन्छ।

अहिले म आफ्नो बारेमा केही कुरा बताउन चाहन्छु। म इसाई परिवारमा नै हुर्किएको व्यक्ति हुँ। तीस वर्षको उमेरमा मैले आगोजस्तै गरी आउनुभएको पवित्र आत्मालाई ग्रहण गरेँ। अनि त्यसपछि प्रभु येशूलाई व्यक्तिगत रूपमा मैले मेरो मुक्तिदाता भनेर स्वीकार गरेँ। मलाई अझ यो कुरा याद छ, कि मेरो जीवन



परिवर्तन भएलगत्तै म यस्तोगरी आत्माले भरिएँ, कि प्रभुको शक्तिमा मैले विभिन्न ठाउँहरू, जस्तैः बाटोमा, रेस्टुरेन्टहरूमा, अनि पसलहरूमा चारैतिर जोसका साथ सुसमाचार प्रचार गर्नथालेँ। मभित्र यस्तो खालको उत्तेजना थियो, जसले गर्दा आफ्नो रुपैयाँ-पैसा खर्च गरेर हजारौँ सुसमाचारीय पर्चाहरू र सुसमाचारीय क्यासेट टेपहरू बनाएर धेरै मानिसहरूलाई बाँडे।

त्यसबेला हाँसउठ्दो कुरा के थियो भने, म भरखरै तीस वर्षको भएको थिएँ तर मानिसहरूले मलाई "पास्टर" भनेर बोलाउने गर्दथे। त्यसको केही समयपछि मात्र म मण्डलीको डिकनमा नियुक्त भएँ। वास्तवमा भन्ने हो भने मेरी श्रीमतीलाई उक्त कुरा पटक्कै मन परेको थिएन। तपाईंलाई यो कुरा अचम्म लाग्न सक्छ, कि यदि कुनै व्यक्तिले मेरी श्रीमतीसँग ठट्टा गरेर फोनमा "पास्टर ह्वाङ" भनेर कुरा गऱ्यो भने तिनले झर्को मानेर फोन सम्पर्क नै काटिदिन्थी। तसर्थ, सुरुको अवस्थाहरूमा मेरी श्रीमती विश्वासीहरूको नजिक रहन त्यति खुसी थिइनन्। म सेमिनारीमा जाला भन्ने कुरामा तिनलाई डर थियो।

म यो कुरा तपाईंहरूलाई स्पष्ट गराउन चाहन्छु, कि जब मेरी श्रीमतीले येशूलाई व्यक्तिगत रूपमा भेट गरिन्, तब तिनको जीवन नाटकीय ढङ्गले परिवर्तन भयो। जब येशू नै साँचो मुक्तिदाता हुनुहुन्छ अनि उहाँले हामीलाई धेरै प्रेम गर्नुहुन्छ भन्ने कुरा तिनले अनुभव गरिन्, तब पूर्ण रूपमा आफ्नो जीवन उहाँमा समर्पण गरिन्।

म फेरि हाम्रो मुख्य विषयमा नै फर्कन चाहन्छु। अनुग्रहविनाको पत्नीको कसरी व्याख्या गर्न सकिन्छ ? अनि "हड्डीहरू सडाउने" भन्नाले के अर्थ लाग्दछ ? जब हामी सभा वा भोजमा जान्छौँ, तब त्यस प्रकारको "अनुग्रहरहित पत्नीहरू" -को उदाहरण

त्यहाँ देख्न सकिन्छ। त्यस्ता खालका पत्नीहरूले आफ्नो श्रीमानलाई आदर गर्नुको सट्टामा अवहेलना र तिरस्कार गर्ने गर्छन् र अरूका सामुन्ने तुच्छ बनाउँदछन्। त्यस्ता महिलाहरूलाई अविवेकी अनि निरुत्साही भनेर भन्दा फरक पर्दैन। त्यस प्रकारको पत्नीले जब उसको पतिको उपहास गर्दछ, तब उसलाई अप्ठ्यारोमा पार्दछ। साँच्चै भन्ने हो भने तिनले उसको पतिको हड्डीलाई सडाइरहेको हुन्छ र उसलाई निरुत्साही बनाएर उसमा भएको शक्तिलाई चुसिरहेको हुन्छ।

हितोपदेश १७:२२ ले हामीलाई यसो भन्दछ, "प्रसन्न हृदय असल औषधी हो, तर पेलिएको आत्माले हड्डीहरू सुकाउँछ।" यहाँ फेरि "हड्डीहरू" भन्ने शब्द उल्लेख गरिएको छ। बाइबलअनुसार विचार गर्ने हो भने कुनै व्यक्तिको "आत्मा" उसको "हड्डीहरू" -सँग सम्बन्धित छ भन्ने कुरा बुझिन्छ। जब हाम्रो हड्डीहरू स्वस्थ अनि बलियो हुन्छ, तब हाम्रो आत्माले शक्ति पाउँदछ र हामी छिमेकीहरूलाई न्योनो प्रेम बाँड्न सक्षम हुनेछौँ।

हितोपदेशको पुस्तकमा भएका क्रियापदहरूका तीन प्रकारका फरक-फरक शैलीहरूमा अर्थहरू व्यक्त गरिएका छन् । पहिलो प्रकारको क्रियापदचाहिँ त्यति गहिरो अर्थ नदिने "सतही" अथवा हलुका खालको छ। "सतही" भन्ने शब्दले यस्तो भाषा शैलीलाई बुझाउँछ, जुन त्यति सुहाउँदो र उपयुक्त देखिँदैन। यो शैलीले प्राय: बेइमान, धोकेबाज, व्यर्थको चिप्लो घस्ने, मीठा कुराहरूले फुस्ल्याउने आदि शब्दहरूलाई जनाउँछ। यस प्रकारको शब्दहरू प्रयोग भएको भाषा शैलीले स्वार्थ र आफूप्रति मात्र केन्द्रित भएका सांसारिक कुराहरूलाई बुझाउँदछ।

दोस्रो प्रकारको भाषा शैलीचाहिँ "विनासकारी" अथवा हानीगर्ने किसिमको छ। यस शैलीमा "हड्डीहरूलाई सुकाउने" भन्नेजस्ता शब्दहरू प्रयोग गरिएको छ। यी



शब्दहरूले श्रोतालाई निरुत्साहित अनि हारको मनस्थितिमा पुऱ्याइदिन्छ। यस प्रकारका शब्दहरू सुन्दा तपाईंलाई अरू व्यक्तिले चिसो पानि छ्यापेजस्तो अनुभव हुन्छ। यस्तो शब्दहरू सुन्दा कहिले-काहीँ पुराना समयमा प्रयोग हुने ठट्‌ट्यौलीजस्तो लाग्दछ। यस्ता शब्दहरूले हाम्रो भित्री भागमा चोट पुग्दछ र हामीलाई कमजोर, निरुत्साहित र अन्यौलमा पार्दछ। यसमा पर्ने शब्दहरू त्यति शिष्ट अनि भद्र खालका हुँदैनन्। विचार नगरिकन व्यक्त गरिएका साधारण शब्दहरूले पनि अरूलाई नराम्रो असर पार्नसक्छ। जे भए तापनि हामी विश्वासीहरूले यस प्रकारका विनासकारी शब्दहरूलाई बेवास्ता गर्नुहुँदैन। यसको नकारात्मक असरलाई राम्ररी बुझेर मूल्याङ्कन गर्न सक्नुपर्दछ। हितोपदेश १५:४ मा उल्लेख गरिएको यस्तै भाषा शैलीलाई हामीले कम आँक्नु हुँदैन- "निको पार्ने जिब्रो जीवनको रूख हो, तर छली जिब्रोले आत्मालाई आधात पऱ्याउँछ।"

तेस्रो अनि अन्तिम प्रकारको भाषाशैलीचाहिँ माथि उल्लेख गरिएका शैलीहरूभन्दा फरक छ। यो यस्तो प्रकारको शैली हो, जुन हामीहरूले सुन्न र बुझ्न आवश्यक छ। यस प्रकारको भाषाशैलीले चङ्‌गाइ गर्दछ अनि मानव-जातिलाई बचाउँछ। यस शैलीमा पर्ने वचनहरू हामीले अघिल्लो अध्यायमा अध्ययन गऱ्यौँ। यसमा यी कुराहरू पर्दछन्: उत्साह, प्रशंसा, सान्त्वना, प्रेममा चुनौति दिनु र वास्तासहित चेतावनी दिनु आदि।

आज-भोलिका मनोवैज्ञानिक अध्ययनहरूले यो कुरा निश्चित गराएको छ, कि उत्साहमा अचम्म प्रकारको शक्ति हुन्छ। विद्वान्हरूले यसो भनेका छन्, कि प्रशंसाले मानिसको दिमागको क्षमतालाई वृद्धि गराउँदछ र यो तथ्यलाई प्रयोगहरूद्वारा प्रमाणित भइसकेको छ। स्कुले विद्यार्थीहरूमा एउटा महत्त्वपूर्ण अध्ययन गरियो। ती

विद्यार्थीहरूलाई शिक्षकहरूले निरन्तर रूपमा यस प्रकारले उत्साह दिन्थे, "यो बालक धेरै चलाक छ ! उसमा राम्रो क्षमता छ।" बालकहरूलाई यस प्रकारले प्रशंसा गर्दा तिनीहरूको बौद्धिक क्षमता औसतभन्दा २० अङ्कले बढ्यो।

त्यसकारण, प्रशंसाले मानिसमा भएको शक्तिलाई बाहिर निकाल्दछ, जसले बौद्धिक क्षमतामा सकारात्मक प्रभाव पार्दछ। म यो कुरा विश्वास गर्दछु, कि पश्चिमी देशहरूमा शिक्षा दिने पद्धति उत्साह दिने कुरामा आधारित छ। प्राय: उत्तरी अमेरिकाका विद्यालयहरूका शिक्षकहरूले विद्यार्थीहरूलाई उत्साह दिने, सान्त्वना दिने, चुनौति दिने र सल्लाह दिने कुराहरूलाई तिनीहरूभित्र भएको क्षमतालाई बाहिर प्रस्फुटन गर्ने औजारको रूपमा प्रयोग गर्दछन्। इसाई उत्साहको बारेमा मैले अघि चर्चा गर्न खोजेको यही कुरा हो ।

यसै विषयमा अर्को पक्ष के छ भने, पूर्वीय देशहरू विशेष गरी कोरियाको शिक्षा पद्धतिलाई नियाल्दा त्यहाँ विद्यार्थीहरूलाई उत्साह दिने कुराभन्दा पनि तिनीहरूलाई शिक्षकहरूले हप्काउने कुरामा जोड दिएको पाउँदछौँ। आजभोलिका धेरै विशेषज्ञहरूले यसो भन्ने गर्छन्- विद्यालयमा शिक्षा लिने क्रममा धेरै मात्रामा गाली खाँदै हुर्कने विद्यार्थी पछि गएर धेरै नकारात्मक विचार भएका, अरूको आलोचना गर्ने, न्याय गर्ने र मुखबाट नराम्रा शब्दहरू अनि गालीहरू निकाल्ने कठोर व्यक्ति भएर निस्कन्छ। त्यस्ता व्यक्तिहरूले आफ्नो नराम्रो स्वभावलाई पछि आउने उसको सन्तानहरूमा पनि सार्दै जान्छ। मानिस जुन परिस्थितिमा हुर्केको हुन्छ, आफ्ना छोरा-छोरीहरूलाई पनि त्यस्तै तरिकाले हुर्काउँदछ।

तर यसको ठिक विपरित जुन बालकहरूले सानैदेखि प्रशंसा अनि राम्रो भरण-पोषण पाएर पूर्ण रूपमा सकारात्मक वातावरणमा हुर्कने मौका पाउँदछन्, तिनीहरू



पछि गएर उदार चित्त भएका, अरूलाई वास्ता-फिक्री गर्ने, क्षमा दिने र सहयोग गर्ने खालका असल चरित्र भएका व्यक्तिहरू भएर निस्कन्छन्। म र मेरी श्रीमतीले हाम्रा तीन जना सन्तानहरूलाई सकारात्मक वातावरणमा हुर्काउन सकेसम्म कोसिस गऱ्यौँ। छोरा-छोरीहरूलाई हुर्काउने र राम्रोसँग पालन-पोषण गर्नको निम्ति वास्ता गर्ने आमा-बाबुको हैसियतले धेरै पुस्तकहरू अध्ययन गऱ्यौँ। मेरी श्रीमतीले त्यस विषयसँग सम्बन्धित बजारमा उपलब्ध हुने पुस्तकहरू अध्ययन गरिन्। तिनले यति धेरै पुस्तकहरू पढिन्, कि मैले त्यो गन्न नै छोडिदिएँ। हामीले यस विषयमा जति पनि कुराहरू पश्चिमी देशका मानिसहरूबाट सिक्यौँ, त्यसैअनुरूप हाम्रा सन्तानहरूलाई सकारात्मक वातावरणमा हुर्काउन प्रयोगमा ल्यायौँ।

यदि तपाईंले मेरा छोरा-छोरीहरूलाई हेर्नुभयो भने तिनीहरूले मानिसहरूलाई अवहेलना अनि तिरस्कार गरेको भेट्टाउनु हुनेछैन। तिनीहरूले अरूको आलोचना गरेको पनि बिरलै पाउनहुन्छ। तिनीहरूसँग सकारात्मक मनोवृत्ति भएको पाउनुहुनेछ। मेरो व्यक्तिगत कुरा गर्ने हो भने म यो कुरा स्वीकार गर्दछु, कि यद्धपि म एक पास्टर भए तापनि ममा नकारात्मक स्वभावहरू विद्यमान भएको पाउँदछु। मभित्र एसियाली प्रवृत्तिले जरो गाडेको हुनाले खाना खाने समयमा कहिलेकाहीँ नकारात्मक वचनहरू बोल्ने गर्दछु। तर जब मैले यस्तो गर्ने गर्दछु, तब मेरा छोरा-छोरीहरूले मलाई यसरी सम्झाउँछन्: बुवा, किन तपाईंले त्यसो भन्नुभयो ? कृपया, त्यो व्यक्तिको बारेमा त्यति नकारात्मक नहुनुहोस् !" हाम्रो बालकहरूले हामीलाई यस किसिमले सिकाउने गर्दछन्। जब तिनीहरूले त्यसरी सम्झाउछन्, तब मभित्र अझै नकारात्मक प्रवृत्ति भएको कुरा महशुस गर्दछु र म तिनीहरूसँग क्षमा माग्दछु।

वास्तवमा भन्ने हो भने म आफ्नो छोरा-छोरीहरूबाट धेरै कुरा सिक्ने गर्दछु।

त्यसैकारणले गर्दा म प्राय: मानिसहरूका नकारात्मक पक्षहरूभन्दा तिनीहरूका राम्रा गुणहरूमा मेरो ध्यान केन्द्रित गर्ने कोसिस गर्दछु। यदि तपाईंले पनि यसै प्रकारले ध्यान दिन थाल्नुभयो भने मानिसहरूमा लुकेर रहेका प्रतिभा, क्षमता अनि मूल्यवान कुराहरू चाँडै नै देख्न सक्नुहुनेछ। यही दृष्टिकोण र विचारधाराको कारण म अरूहरूलाई विना कठिनाइ सजिलै प्रशंसा गर्न सक्दछु। जब म अरू मानिसहरूमा त्रुटिहरू भेट्टाउँदछु, तब तिनीहरूको बेइज्जत गर्ने, आलोचना गर्ने र न्याय गर्ने प्रकारले व्यवहार गर्दिनँ तर उसको भावनामा चोट नपुग्ने किसिमले र उसलाई सकेसम्म सुधार गर्ने हेतुले रचनात्मक रूपमा प्रतिक्रिया दिने प्रयास गर्दछु।

प्रिय पाठकहरू, कुनै व्यक्तिलाई रुखो र कठोर रूपमा गाली गरेर स्थायी रूपमा परिवर्तन गर्न सकिँदैन तर हृदयदेखिको प्रेम र दयालु व्यवहारले त्यो सम्भव हुन्छ। लठ्ठी र लौरोको प्रयोगले मानिसलाई अस्थायी रूपमा केही क्षणको निम्ति परिवर्तन गर्न सकिएला, तर त्यो परिवर्तन दोष स्वीकार गरिएको चिन्ह होइन खालि डरको क्षणिक परिणाम मात्र हो। लठ्ठीको प्रयोगले असलभन्दा खराब नतिजा ल्याउँदछ किनभने त्यसले मानिसलाई भित्रैदेखि आधारभूत रूपमा परिवर्तन गर्न सक्दैन। केवल प्रेमले मात्र मानिसलाई साँचो प्रकारले परिवर्तन गर्न सक्दछ। यसले मानिसलाई भित्रदेखि नै परिवर्तन गर्दछ र बाहिर देखिने उसको व्यवहारमा पनि सकारात्मक प्रभाव पर्दछ।

यस विषयमा चाखलाग्दो कुरा के छ भने, प्रशंसा र उत्साहले मानिसलाई अचम्मको शक्ति मिल्दछ यद्धपि त्यो न्यायसङ्गत, उचित र आवश्यक नदेखिन सक्छ। मानिसहरूले गल्ती गर्दा-गर्दै पनि यदि तपाईंले उनीहरूलाई उत्साह दिई नै रहनुभयो भने, तिनीहरूमा सकारात्मक चिन्हहरू देखिन्छन् र त्यसबाट तिनीहरूले



आफूलाई सुधार्ने प्रक्रियामा प्रसस्त फाइदा पाउँदछन्। मनोवैज्ञानिक विद्वान्हरूले आफ्ना महत्त्वपूर्ण प्रयोगहरूद्वारा यो दृष्टान्त दिएका छन्। समान क्षमता भएका “क” र “ख” दुइ समूहका मानिसहरूलाई एकै प्रकारका छ वटा प्रश्नहरू हल गर्न लगाइयो। नतिजा हेर्दा, पहिलो चरणमा ती दुवै समूहले बराबर अङ्क पाए। तिनीहरूले ६ पूर्णाङ्क मा ३ पाएका थिए। जब नतिजा घोषणा गर्ने समय भयो, तब मनोविश्लेषकहरूले सावधानीपूर्वक गम्भीर विचार-विमर्श गरी यस्तो घोषणा गरे। समूह “क” -ले ६ पूर्णाङ्कमा ५ अङ्क पाएका छन्। उनीहरूले समूह “ख” ले प्राप्त गरेको सही अङ्क नै प्रस्तुर गरे। त्यस नतिजाको कारण समूह “क” -ले यस प्रकारले विश्वास गरे, कि उनीहरूले समूह “ख” -ले भन्दा राम्रो गरेका छन् तर वास्तवमा त्यस्तो भएको भने थिएन। यही कारणले गर्दा दोस्रो चरणमा अचम्मलाग्दो परिणाम निस्कियो। फेरि उनीहरूका जाँच लिँदा समूह “क” -ले यसपटक साँच्चै नै ५ अङ्क ल्यायो तर समूह “ख” -ले चाहिँ पहिलो चरणमा झैँ ३ अङ्कमात्र ल्यायो। यस प्रयोगले यही कुरा प्रमाणित गर्दछ, कि प्रशंसाले मानिसको वौद्धिक क्षमतामा महत्त्वपूर्ण सुधार ल्याउँदछ। प्रशंसा साँचो रूपमा गरिएको होस् वा नहोस्, त्यसको नतिजाचाहिँ राम्रो नै निस्कन्छ।

## तीतोपनको जरा

## The Root of Bitterness

उत्साहको फाइदाहरूका बारेमा भएका सिद्धान्तहरूका बारेमा हामीहरू उत्सुक अनि सचेत हुनुपर्दछ। धेरै मानिसहरूका लागि यस्तो सिद्धान्त नयाँ नहुनसक्छ।

हामीहरूले जीवनमा कमसेकम एक पटक मात्र भए पनि "चाँदीमा जडान गरिएको सुनका स्याउहरू" -जस्तै कुराको अनुभव गरेको हुनुपर्दछ। मैले माथि उल्लेख गरेको मनोवैज्ञानिक अध्ययनहरू अचम्मलाग्दो अनि आमोल परिवर्तन गर्नसक्ने आविस्कारहरू होइनन् तर मैले भन्न खोजेको यति मात्र हो, कि हामीलाई प्रोत्सानको शक्तिबारे राम्रो जानकारी हुनसक्छ तर कहिलेकाहीँ त्यो ज्ञानलाई अभ्यासमा उतार्न हामी असफल हुन्छौँ।

सायद अघिको अनुच्छेदहरू पढेपछि तपाईंलाई आफू दोषी भएको ठानी दु:खको अनुभव हुनसक्छ किनभने तपाईंलाई यस्तो लाग्नसक्छ, कि तपाईंलाई उत्साहको महत्त्व र फाइदा थाहा छ र बुझ्नु पनि भएको छ तर यथार्थमा त्यसलाई व्यवहारमा उतार्न सक्नुभएको छैन। हामीले जानेको अनि सिकेको असल कुरा प्रयोगमा ल्याउन नसक्नुभन्दा त बरु उत्साहको महत्त्वबारे अनभिज्ञ नै भएको भए राम्रो हुन्थ्यो अनि त्यसले हामीलाई कुनै पनि हालतमा निराश बनाउन सक्ने थिएन। असल प्रवचनहरू सुन्दा र यस्ता विषयका पुस्तकहरू पढ्दा हामीहरूको दु:ख अझ बढेर जान्छ र हाम्रो भावनामा चोट पुग्दछ। अहिले हामीले सामना गर्नु परेको अन्यौल अनि दोधारको परिस्थिति यस्तै हो।

म तपाईंहरूलाई सोध्न चाहन्छु, कि किन हामी प्रशंसा गरेर अरूलाई उत्साहित गर्न सक्दैनौँ ? किन नचाहँदा नचाहँदै पनि हाम्रो मुखबाट नराम्रा अनि नकारात्मक कुराहरू मात्र बाहिर निस्कन्छ ? हाम्रो खास समस्याचाहिँ के हो त ? अरूलाई उत्साहित गराउन कुन कुराले हामीलाई रोकिरहेको छ ?

यी सबै प्रश्नहरूका जवाफ हाम्रो अन्तस्करणसँग सम्बन्धित छ। जब हाम्रो अन्तस्करणमा समस्या उत्पन्न हुन्छ, तब बाइबलले बताएअनुसारका परिणामहरू



हामीमा प्रकट हुँदछ (रोमी ७:२२, एफिसी ३:१६)। मर्कूस १२:३० मा प्रभु येशूले "अन्तस्करण" -बारे ठूलो रहस्य खोल्नु भएको छ। हाम्रो अन्तस्करणभित्र चार वटा महत्त्वपूर्ण भागहरू रहेको हुन्छ भनेर उक्त पदले भन्दछ: "तैँले परमप्रभु आफ्ना परमेश्‍वरलाई तेरो सारा हृदय (kardia) -ले, तेरो सारा प्राण (psuke) -ले, तेरो सारा समझ (dianoia) -ले, र तेरो सारा शक्ति (iskus) -ले प्रेम गर्।" यहाँ येशूले स्पष्ट रूपमा आज्ञा गर्नुभएको छ, कि हामीले परमेश्‍वरलाई प्रेम गर्न यी सबै अर्थात् चारै वटा कुराहरू प्रयोग गर्नुपर्दछ। यस कुराले यो पनि बुझाउँदछ, कि हाम्रो "अन्तस्करण" यी चारवटा पक्षहरू मिलेर बनेको हुन्छ। ग्रीक भाषामा हामीभित्र गहिराइमा भएको हृदय (kardia) -लाई "मानिसको आत्मा" (pneuma anthropos) पनि भनिन्छ, जुन कुरा उत्पत्ति ४१:८, ४५:२७, प्रस्थान ३५:२१, गन्ती १४:२४, १ शमूएल १:१५, २ राजा २:१५, अय्यूब ७:११ र २ कोरिन्थी २:१३ उल्लेख गरिएको छ। यस कुरालाई यहूदीहरूको पवित्र पालको महा पवित्र-स्थानमा भएको करारको सन्दुक र कृपा-स्थानसँग तुलना गरिएको छ। मनोविश्‍लेषकहरूले मानिसको "अवचेतन अवस्था" (subconscious) त्यही ठाउँमा बास गर्दछ भनेर भन्दछन्। हिब्रू १२:१५ ले बताएको "तीतोपनको जरा" ठीक त्यही स्थानमा हुन्छ, जसले नकारात्मक वचन र खराब मनोवृत्ति बाहिर ल्याउँदछ। यो त्यही विष हो, जुन हामीले पहिलो अध्यायमा नै छलफल गरेका थियौँ। यो त्यही तत्व हो, जसले हामीमा भएका सबै प्रकारका नकारात्मक कुराहरू बाहिर ल्याउन सक्रिय भूमिका खेल्दछ।

आत्मिक समस्या समाधान गर्नको लागि सबैभन्दा पहिले हामीभित्र यो विषालु पदार्थ रहेको छ भन्ने कुरालाई बुझ्नुपर्छ, मानिलिनुपर्दछ र त्यसलाई स्वीकार गर्नुपर्दछ। घृणा, डाह, रिस, चिन्ता, निराश साथै आफू नीच भएको र अलग भएको

भावना, दबाब, हतोत्साह, तिरस्कार, एक्लोपन, अविश्वासयोग्यता, अनाज्ञाकारिता, क्षमा दिन नसक्ने, विद्रोह र डर आदि कुराहरू हामीमा जम्मा भएपछि त्यसैबाट "तीतोपनको जरा" निस्केर आउँदछ। हामीले आमा-बाबु, दाजु-भाइ, दिदी-बहिनीहरू, सहपाठीहरू, शिक्षकहरू, सहकर्मीहरू र अरू अग्रजहरूबाट यस्ता कुराहरू जीवनभरि नै सामना गरिरहेका हुन्छौँ।

जबसम्म परमेश्वरले यी विषालु पदार्थहरूलाई धोएर सफा पार्नुहुन्न, तबसम्म यी खराब तत्वहरू हाम्रो हृदयको गहिराइमा भएको कुनै भागमा बसिरहन्छ। कहिलेकाहीँ हामी त्यसको उपस्थितको बारेमा त्यति सचेत हुँदैनौँ किनभने ती कुराहरू हाम्रो अवचेतन स्थानमा लुकेको हुन्छ। खराब अवस्थामा ती कुराहरू वीभत्स र त्रासपूर्ण तरिकाले बाहिर निस्कन्छन् अनि बल्ल हामीलाई त्यो हामीभित्र नै रहेछ भन्ने कुराको महशुस हुन्छ। विशेषगरी जब हाम्रो जीवनमा कठिनाइहरू आउँदछन्, त्यसबेला हामीभित्रको तीतोपनको जराले आफ्नो प्रभाव यसरी देखाउन थाल्दछ: हाम्रो खुसी अनि आनन्द घटेर जान्छ, हाम्रो वचन र काममा उत्साह र सक्रियता घटेर जान्छ, निराशाले ढाक्दछ, हामीले अरूलाई वास्ता गर्न सक्दैनौँ बरु हामी अरूप्रति कठोर बन्नपुग्छौँ, हामी खुल्ला रूपमा हाँस्न सक्दैनौँ त्यसको सट्टामा हामी अरूलाई व्यङ्ग गर्ने र वचनले घोच्ने व्यक्ति बन्न पुग्दछौँ। यी कुराहरू सबैमा लागू हुने सिद्धान्त हो। मभित्र पनि केही मात्रामा यस्ता विषले ठाउँ ओगटेको छ। तर हामीले यो कुरा बुझ्नुपर्दछ, कि फरक-फरक व्यक्ति र फरक-फरक परिस्थितिमा यस्ता विषालु पदार्थको उपस्थिति र यसको प्रभाव पनि फरक-फरक हुन्छ।

हामीले मानिसहरूसँग उचित अनि उपयुक्त तरिकाले कुराकानी गर्ने कोसिस गरे तापनि हामीभित्र भएको त्यो विषले उक्त काममा वाधा दिन्छ र हामीलाई असफल



तुल्याइदिन्छ। परिणामस्वरूप हामी अरूलाई उत्साह दिन सक्दैनौँ। हामीले पहिलो अध्यायमा यो कुराको बारेमा छलफल गर्‍यौँ, कि त्यो विष मानिसको जिब्रोको माध्यमबाट संसारभरि फैलिने गर्दछ। हामीले अरूलाई सहयोग गर्न र उत्साह दिन नसक्नुको कारण पनि यही हो, कि हाम्रो हृदय तीतोपनले भरिएको छ। त्यसकारण, तीतोपनले भरिएको हृदय भएको मानिसबाट मीठो वचन निस्कन सक्छ भन्ने कुरामा हामी कसरी अपेक्षा गर्न सक्छौँ ? मुखबाट निस्कने विषालु कुरामा हामीले नियन्त्रण गर्न सकेनौँ भने त्यसबाट यस्ता परिणामहरू निस्कछन्, जस्तै: हाम्रो वचनले हाम्रो परिवार, मित्रहरू र समाजलाई डस्छ, संक्रमित पार्दछ र तिनीहरूलाई गम्भीर रूपमा चोट पुर्‍याउँदछ।

सृष्टिको समयदेखि नै यो विषले कसरी मानव जातिलाई विभिन्न समस्याहरूमा पार्दै आएको छ भन्ने कुरा हामीले पहिलो अध्यायमा हेरिसक्यौँ। उक्त अन्यौलताको परिस्थितिलाई कसले समाधान गर्न सक्छ त ? हामी विश्वासीहरूले यो विषबाट कसरी छुटकारा पाउन सक्छौँ ? अनि कसरी उत्साहको सबै किसिमका फाइदाहरूमा हामी रमाउन सक्छौँ त ?

एक पास्टर भएको हैसियतले गर्दा मलाई यस कुराले उदास अनि दु:खित तुल्याउँदछ, कि ख्रीष्टमा भएका केही दाजु-भाइ, दिदी-बहिनीहरूले यो विषलाई परमेश्वरको मण्डलीभित्र फैलाउने काम गरिरहेका छन्। म परमेश्वरलाई यसो भन्ने गर्दछु, "प्रभु, कसरी तपाईंका सन्तानहरू, जोहरूलाई तपाईंले आफ्नै पुत्रको मूल्य चुकाएर अनन्त जीवन दिएर ग्रहण गर्नुभएको छ, तिनीहरू किन आज तीतोपनको जराले भरिएका छन् ? प्रभु, मण्डलीभित्र देखा परेका यी नराम्रा कुराहरू देख्दा मलाई रुन मन लाग्छ।" आज म मेरा आफ्नै दाजु-भाइ अनि दिदी-बहिनीहरूका

खराबीप्रति खेदो अनि निन्दा गरिरहेको छु तर मलाई यो कुरा राम्रोसँग थाहा छ, कि येशू, जो मेरो लागि मर्नुभयो, उहाँ मेरो आफ्नै पाप र गल्तीहरूका लागि पनि रुनुहुन्छ। प्रिय पाठकहरू, तपाईंहरूलाई मैले न्याय गरिरहेको जस्तो लाग्नसक्छ तर म यो कुरा स्वीकार गर्दछु, कि म पनि दोषी ठहरिन योग्यको मानिस हुँ।

किन अहिलेका मण्डलीहरू यति धेरै समस्याहरूले गर्दा अपाङ्ग बनेका छन् ? के तपाईंको मण्डलीभित्र भएका समस्याहरू देख्नुहुन्छ ? अलि पुरानो मण्डलीमा गएर हेर्नुहोस् त। त्यहाँ गहिरिएर हेर्नुभयो भने परमेश्वरको अनुग्रह र शान्ति सजिलै पाउन गाह्रो हुन्छ। बरु त्यसको सट्टामा मण्डलीको आफ्नै परम्पराहरू, सिद्धान्तहरू र त्यसको सङ्गठित स्वरूप मूर्तिको रूपमा विकास भइसकेको भेट्टाउनुहुन्छ, अनि त्यहाँ विश्वासीहरूचाहिँ ती कुराहरूलाई नै पुजिरहेको पाउनुहुनेछ। सायद तपाईंले यो पनि देख्नुहुनेछ, कि त्यहाँका मानिसहरूले परमेश्वरलाई भन्दा बढी उनीहरूका सङ्गठनको प्रथाहरू, जसले तिनीहरूलाई धेरै सहज अनि आरामदायी बनाएका छन् त्यसैको आराधना गरिरहेका हुन्छन्। मण्डलीभित्र विभिन्न प्रकारका गुट र विभाजनका कुराहरू देख्नसक्नुहुनेछ, जस्तै: केही पास्टरहरू अरू पास्टर, एल्डर र डिकनहरूका विरुद्धमा लडिरहेका हुन्छन्। सानो तहका अगुवाहरू पनि ठूला तहका अगुवाहरूका विरुद्धमा आवाज उठाइरहेका हुन्छन्। विश्वासीहरू पास्टर अनि अगुवाहरूका विरोध गरिरहेका हुन्छन् र पास्टरचाहिँ आफ्ना विश्वासीहरूका विरुद्धमा हुन्छन्। यस प्रकारका दु:खलाग्दो दृश्यहरू आज संसारको धेरै वटा मण्डलीहरूमा देख्न सकिन्छ, किन ? किनभने तिनीहरूका हृदयहरू तीतोपनको जराले भरिएका छन्। हामीहरू परमेश्वरको अनुग्रहको कारणले गर्दा वैधानिक रूपमा उहाँका सन्तानहरू भएका छौँ तर नैतिक रूपमा इमानदार भएर विचार गर्ने हो भने हामीमा भएको तीतोपनको जरा नहटाएसम्म हामीले परमेश्वरका असल



सन्तान भएको व्यवहार देखाइरहेका हुँदैनौँ। अहिलेको अवस्थामा प्राय: सबैले भोगिरहेको अन्योल र दोधारको परिस्थिति यही हो, जुन एकै दिनमा अथवा छिट्टै नै समाधान हुने रोग पक्कै होइन।

## तीतोपनको जराहरू हटाउने तरिकाहरू

## The Ways of Removing the Bitter Roots

हृदयमा भएको विषालु जरा उखेलेर फाल्नको निम्ति म केही सल्लाह सुझावहरू दिन चाहन्छु। त्यसको निम्ति हामीले सबैभन्दा पहिला उक्त विषालु तीतोपन हामीभित्र भएको कुरालाई स्वीकार गर्नु आवश्यक छ। उक्त कुरालाई बुझेर स्वीकार नगरेसम्म हामीले समस्यालाई समाधान गर्न सक्दैनौँ। आफ्नो हृदयमा तीतोपनको जराहरू छन् भन्ने कुरा स्वीकार गरेपछि तपाईंले परमेश्वरसँग नम्र निवेदन गर्दै यसरी कुराकानी गर्नुपर्दछ: “प्रभु, मभित्र तीतोपन छ भन्ने कुरा मैले थाहा गरेँ। मैले यस्तो खराब कुराहरूलाई आश्रय दिइरहेको थिएँ भन्ने कुरा मलाई थाहा थिएन तर अहिले मैले जाने, कि डाह, घृणा र अरू यस्तै फोहोर कुराहरू मभित्र रहेछन्। प्रभु, कृपया मलाई यस्ता कुराहरूबाट धोएर सफा पार्नुहोस् र तिनीहरूबाट छुटकारा दिनुहोस् !” यस प्रकारको प्रार्थनाद्वारा तपाईंले प्रभुलाई हृदय सफा पार्ने अधिकार दिनुहुन्छ। जब तपाईंले यस प्रकारले प्रार्थना गर्नुहुन्छ, तब तपाईंको हृदयको गहिराइमा जरा गाडेर बसेका विषालु कुराहरू हल्लिन थाल्छन् र त्यसको जराहरू खुकुलो हुन थाल्दछन् र तिनीहरू निस्केर जान तयार हुन्छन्।

अब हामीले परमेश्वर र हाम्रो बीचमा वाधा भएर रहेको समस्यालाई स्वीकार गरेपछि आफूमा भएका कमजोरीहरूलाई पनि स्वीकार गर्नुपर्दछ। हामीमा भएका तीतोपनको जराहरूले हाम्रो परिवारको सदस्यहरूमा र मित्रहरूमा पारेको असरलाई पनि हामीले बुझ्नुपर्दछ। त्यसपछि यसरी प्रार्थना गर्नुपर्दछः "म एक कमजोर अनि अपूर्ण मानिस हुँ। म चाँडै नै डाह गर्ने गर्दछु। प्रभु, मलाई क्षमा गर्नुहोस्।" नम्र भएर आफ्नो समस्याहरू स्वीकार गर्नुभयो भने, तपाईंको हृदयमा भएका तीतोपनको जराहरू हल्लिन अनि खुकुलो हुन थाल्दछन्। हामीले बुझ्नुपर्ने कुरा के हो भने घमण्डी व्यक्तिले यसो गर्न सक्दैन किनभने उसले आफूभित्र तीतोपनको जरा छ भनेर स्वीकार गर्न इन्कार गर्दछ। बरु त्यस्तो व्यक्तिले अरूको गल्तीहरू पत्ता लगाउने र दोष लगाउने काममा आनन्द मनाउँछ। तर एउटा नम्र व्यक्तिले चाहिँ आफूलाई होच्याएर यस प्रकारको काम गर्नसक्छ।

हामीले आफ्नो समस्यालाई स्वीकार गरेपछि अरू मानिसहरूले पनि उनीहरूमा भएको तीतोपनको जरासँग सङ्घर्ष गरिरहेका छन् भन्ने कुरा थाहा पाउनु पर्दछ। जब हामीले हाम्रो छिमेकीहरू पनि हाम्रो हृदयमा भएको जस्तै किसिमको समस्याले पीडित छन् भनेर बुझ्छौँ, तब उनीहरूको चङ्गाइको निम्ति परमेश्वरसँग प्रार्थना गर्नुपर्दछ। जब तपाईंले यसो गर्नुहुन्छ, तब तपाईंको हृदयबाट परमेश्वरको अनुग्रह तिनीहरूका हृदयहरूमा बगेर जान थाल्दछ। अनि उनीहरूका तीतोपनको जरा बाहिर निकाल्न तपाईंले उनीहरूलाई सहायता गर्न तयार हुनुहुनेछ। तपाईंको उत्साह, प्रशंसा र सान्त्वनाले गर्दा तिनीहरूले चङ्गाइ पाउनेछन् र तिनीहरूका तीतोपनको जराहरू बिस्तारै हटेर जान थाल्नेछन्।

हामीभित्र भएका कमजोरीहरू स्वीकार गर्नसक्ने र अरू व्यक्तिहरूमा भएको



तीतोपनको जराहरूको बारेमा बुझ्नसक्ने शक्ति परमेश्वरको वचनबाट आउँदछ। परमेश्वरको वचनमा सफा पार्ने, जलाउने र काट्ने शक्ति हुन्छ। त्यसकारण हामीहरूले धर्मशास्त्र नियमित रूपमा पढ्नुपर्छ, स्मरण गर्नुपर्छ र मनन गर्नुपर्छ। जब परमेश्वरको वचनले घोषणा गरेका कुराहरू हामी सुन्दछौँ, तब यी कुराहरू हाम्रो हृदयको गहिराइमा गएर हामीमा भएको तीतोपनको जराहरूलाई उखलेर बाहिर निकाल्दछ। हामीले परमेश्वरको वचन पढ्दा र सुन्दा उक्त काम हुन्छ भन्ने कुरा इमानदारीपूर्वक अपेक्षा गरी त्यसलाई विश्वाससाथ व्यवहारमा उतार्नु पर्दछ।

जब परमेश्वरको वचनले हाम्रो हृदय (kardia) -को गहिराइलाई छुन्छ, तब त्यसले त्यहाँ भएका तीतोपनको जराहरूलाई निकालेर हामीलाई चङ्गाइ गर्दछ। परमेश्वरको वचन हाम्रो अचम्मको सल्लाहाकार पवित्र आत्मासँग मिलेर काम गर्नुहुन्छ। हाम्रो हृदयको गहिराइमा भएका तीतोपनको जराहरूलाई परमेश्वरको वचन, जुन आत्माको तरवार हो (एफिसी ६:१७), उक्त हतियारले छेडेको अनि काटेको अनुभव गर्न कोसिस गरौँ। यो काम केवल वचन पढ्दैमा र अध्ययन गर्दैमा तुरुन्त हुने कुरा होइन। हाम्रो आत्मिक खाना रूपी वचनलाई हाम्रो हृदयको सबैभन्दा तल्लो भागसम्म पुर्‍याउनुपर्दछ, जसलाई हामी परमेश्वरको वचन मनन गर्नु भनेर भन्दछौँ। राजा दाऊदले यस कुरालाई अभ्यास अनि अनुभव गरेका थिए, जुन कुरा भजनको पुस्तकमा पाइन्छः "धन्य हो त्यो मानिस, जो परमप्रभुको व्यवस्थामा नै खुसी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ।"

भजनको पुस्तकमा धेरै वटा पदहरूले यो कुरा देखाउँदछ, कि दाऊद तिनमा भएको तीतोपनको जराहरूसँग परिचित अनि त्यसबारे सचेत थिए। तर परमेश्वरको वचन मनन गरेर तिनले उक्त विषालु पदार्थहरूमा विजय प्राप्त गरेका

थिए। त्यसैकारण उनी परमेश्वरबाट प्रेम र मानिसहरूबाट आदर पाउन लायकका व्यक्ति हुन सकेका थिए। परमेश्वरको वचन मनन गरेको कारणले गर्दा नै उनले- “परमप्रभु आफ्ना परमेश्वरलाई [उनको] सारा हृदयले, [उनको] सारा प्राणले, [उनको] सारा समझले र [उनको] सारा शक्तिले प्रेम गर्न सकेका थिए (मर्कूस १२:३०)। यही प्रक्रियाद्वारा परमेश्वरले उनमा भएको तीतोपनको जराहरू हटाइदिनुभएको थियो।

परमेश्वरको वचन मनन गर्नु (अथवा ध्यान गर्नु) अरू धर्मका मानिसहरूले अभ्यास गर्ने ध्यानभन्दा धेरै नै फरक छ। परमेश्वरको वचनमा मनन गर्नु भन्नाले साधारण प्रकारले हृदयलाई रित्याउनु भन्ने मात्र अर्थ लाग्दैन। यो यस्तो प्रकारको ठोस, वास्तविक अनि प्रयोगात्मक प्रक्रिया हो, जसद्वारा हामी व्यक्तिगत रूपमा येशूलाई भेट्दछौँ। “अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो” (यूहन्ना १:१४)। यदि वचन भनेको येशू हुनुहुन्छ भने, वचन मनन गर्नु भनेको परमेश्वरलाई भेट गर्नु र उहाँसँग कुराकानी गर्नु नै हो।

वचन मनन गर्नु भन्नाले येशू सँगसँगै हिँड्नु हो (मत्ती २८:२०)। यो प्रक्रिया हामीभित्र हुनुभएको पवित्र आत्मा जसलाई “पन्युमा” भनिन्छ (यूहन्ना ७:३८-३९), र बाहिर हुनुभएको जसलाई “पारा क्लेटोस” (यूहन्ना १४:१६)-सँग कुराकानी गर्नु हो, जुन पेन्तिकोसको दिनमा माथिल्लो कोठामा भएका पत्रुस लगाएत अन्य चेलाहरूमा ओर्लिआउनुभएको थियो। उक्त आत्मा हाम्रो हृदयमा आउनुहुन्छ अनि तीतोपनको जराहरूलाई हटाउनुहुन्छ। उक्त आत्माको ज्वालाले जलाउने काम गर्दछ (प्रस्थान ३:२; प्रेरित २:३), सफा पानीले जस्तै धुने काम गर्दछ (हिब्रू १०:२२), हावाको झोक्काजस्तो भएर आई हाम्रो हृदयमा भएका खराब चरित्रहरूलाई उडाएर



लानुहुन्छ (प्रेरित २:२) र उहाँ ढुकुरजस्तै गरी हामीमा ओर्लेर आउनुहुन्छ (मत्ती ३:१६; मर्कूस १:१०)। अन्त्यमा, हामीले शान्ति र सान्त्वना पाएर संसारको डर र चिन्ताहरूबाट छुटकारा पाउँदछौँ।

जब हामी इसाईहरूले नम्र भएर परमेश्वरको वचन मनन गर्दछौँ, तब आत्माको तरवार रूपी पवित्र आत्माले जलाएर र धोएर हामीमा भएका तीतोपनको जराहरूलाई काटेर जरैसमेत सधैँको निम्ति हटाइदिनुहुन्छ। वचन मनन गर्ने क्रममा हामीले गरेका गहिरो प्रार्थनाले गर्दा हाम्रो दैनिक जीवनमा पवित्र आत्मा हामीसँगै हुनुभएको अनुभव हामी गर्न सक्छौँ। यस प्रकारको अनुभवलाई “पवित्र आत्माको अभिषेक” अथवा “पवित्र आत्माको बप्तिस्मा” भनिन्छ। यो कुरा एक पटकमात्र गरिने अनुभव होइन, तर जहिलेसम्म पवित्र आत्मालाई हामीभित्र काम गर्न दिन्छौँ, तबसम्म निरन्तर जहिले पनि हामी उक्त अनुभव गर्नसक्छौँ। जब दैनिक रूपमा हामी सधैँ नै परमेश्वर हामीसँग हुनुभएको अनुभव गर्नसक्छौँ, तब पवित्र आत्मा हाम्रो घनिष्ठ मित्र अनि सल्लाहकार हुनुहुनेछ र यस्तो अवस्थालाई “पवित्र आत्माको भरपूरी” भनिन्छ।

आत्माले अभिषेक हुनु भनेको हामी इसाईहरूको विशेष अधिकार साथै अनिवार्य कर्तव्य हो। उचित अनि योग्य प्रकारको वचन मननद्वारा प्राप्त हुने यो कुरालाई पूर्ण रूपमा सौभाग्य अनि सुन्दर अवसर सम्झेर त्यसमा आनन्द मनाउनु पर्दछ। जब हामी परमेश्वरको वचन मनन गर्दछौँ अथवा परमेश्वरसँग कुराकानी गर्दछौँ, तब हाम्रो आत्मिक इन्द्रियहरू जागृत हुन थाल्छन् र हाम्रो संवेदनशीलता बढेर जान्छ। जब हाम्रो आत्मिक आँखाहरू उघारिन्छ, तब हामी प्रभुको महिमित सिंहासन देख्न सक्छौँ ! यस प्रकारको अनुभव गर्ने केही व्यक्तिहरूलाई हेरौँ, जस्तै: यूहन्ना (प्रकाश

४:५), पावल (२ कोरिन्थी १२:२) र यशैया (यशैया ६:१-१३) - यी व्यक्तिहरूले परमेश्वरको सिंहासन देखेका थिए। अरू सन्तहरूले झैँ हामीहरूसँग पनि सिंहासनलाई हेर्ने क्षमता मात्र हुने होइन तर उहाँसँग व्यक्तिगत सम्बन्ध स्थापित गरी त्रिएक परमेश्वरको तीनै वटा व्यक्तित्वहरूसँग कुराकानी गर्न सक्छौँ।

धर्मशास्त्रले हामीलाई यो कुरा बताउँदछ, कि कसैले पनि परमेश्वर पितालाई कहिल्यै देखेको छैन र हामीले उहाँको महिमा मात्र देख्नसक्छौँ (यूहन्ना १:१८)। तर हामीले येशूलाई चिन्न र भेट्न सक्छौँ, जो एकमात्र यस्तो परमेश्वर हुनुहुन्छ, जसले पितालाई प्रकट गर्नुहुन्छ (यूहन्ना १:१८, भ.सं.११०:१)। यूहन्ना, पावल र यशैयाले झैँ हामीले पनि हाम्रो आत्मिक आँखाहरू खोलेर पुत्रलाई हेर्ने चाहना गर्नुपर्दछ। तर यसो गर्नको लागि पहिला हामीले आफ्नो आत्मिकीपन विकास गर्नुपर्दछ। हामीहरूले यो कुरा पनि भुल्नुहुँदैन, कि येशू जसले सबै कुरा बनाउनुभयो, उहाँ विभिन्न तरिकाले हामीहरूको माझमा प्रकट हुन सक्नुहुन्छ।

परमेश्वर सबै परिस्थितिहरूका मालिक हुनुहुन्छ र उहाँ कुनै पनि बेलामा कुनै पनि रूपमा देखापर्न सक्नुहुन्छ। हामीले परमेश्वरलाई सानो बाकसभित्र सीमित राख्नुहुन्न, बरु यस्तो विश्वास र अपेक्षा गर्नुपर्दछ, कि परमेश्वर यस्तो अचम्म प्रकारले प्रकट हुनुहुन्छ, कि कहिलेकाहीँ हामीलाई विश्वास गर्न गाह्रो हुन्छ। उदाहरणको लागि येशू एक पटक यूहन्नाको सामु प्रकट हुनुभएको घटनालाई लिन सकिन्छ- "तब मैले एउटा थुमा उभिरहनुभएको देखेँ, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो" (प्रकाश ५:६)। उक्त समयमा थुमा अनौठो तर आकर्षक रूपमा देखा पर्नभयो। उहाँका सातओटा सिङहरू र सातओटा आँखाहरू थिए। त्यहाँ हामीलाई कल्पना गर्न नै गाह्रो हुने कुरा के हो भने पुनरुत्थान हुनुभएको थुमा आउनुभएर



पिता परमेश्वरबाट एउटा मुट्ठो लिनुभयो।

बाइबलले हामीलाई यो बताउँदछ, कि उक्त मुट्ठोमा सातओटा मोहोरहरू लगाएर बन्द गरिएको छ, जसमा अन्त्यका समयका रहस्यहरू लेखिएका छन्। त्यसबेला देखिएको येशूको रूप अचम्मलाग्दो छ। येशू आदि अनि अन्त्य अर्थात् इतिहासलाई अधीन गर्ने स्वामी हुनुहुन्छ (प्रकाश १:८; १:१७), उहाँ त्यो विशेष अवस्थामा यूहन्नाकहाँ देखा पर्नुभयो र उक्त मुट्ठोमा भएका सातओटा मोहोरहरू खोल्नुभयो (प्रकाश ६:१)। त्यो कुरा पत्मोस टापुमा आफूले अति प्रेम गर्ने चेला यूहन्नाकहाँ देखा पर्नुभएको बेलाको घटना हो। हामीले बुझ्नुपर्ने मुख्य कुरा के हो भने उक्त घटनाभन्दा ६५ वर्षअघि स्वर्गारोहण हुनुभएको येशू र यूहन्नाले दर्शनमा भेटेको व्यक्ति एउटै हुनुहुन्थ्यो। त्यस अवस्थामा उहाँ अलि फरक स्वरूपमा देखा पर्नभएको थियो।

प्रकाश १:१२-१५ मा यूहन्नाले येशूलाई यसरी व्याख्या गरेका छन्: "मसँग बोल्नेलाई हेरौँ भनेर म पछि फर्कें। फर्केर हेर्दा सातओटा सुनका सामदान र सामदानहरूका माझमा "मानिसको पुत्रजस्तै" पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लाउनुभएको एक जनालाई मैले देखेँ। उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता, र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए। उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए, र उहाँको सोरचाहिँ उर्लिंदो पानीहरूको आवाजजस्तै थियो।" के यी कुराहरू येशूको विस्तृत अनि विशेष विवरण होइन त ?

उहाँको विवरण यत्तिकैमा सकिँदैन। यूहन्नाले यो पनि उल्लेख गरेका छन्, कि येशूले उहाँको दाहिने हात तिनीमाथि राख्नुभयो अनि यसो भन्नुभयो, "नडराऊ,

आदि र अन्त्य र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्" (प्रकाश १:१७-१८)। उक्त समयमा येशू दया र अनुग्रहले पूर्ण भएर तिनको सामु देखापर्नु भएको थियो। जब उहाँ पर्गामममको मण्डलीसँग बोल्नुभयो, उहाँले यसो भन्नुभयो, "यी कुरा धारिलो, दुइधारे तरवार साथमा हुनेले भन्दछ" (प्रकाश २:१२)। त्यस्तै प्रकारले उहाँले सार्डिसको मण्डलीसँग बोल्नुहुँदा यसो भन्नुभयो, 'यी कुरा परमेश्वरका "सात आत्मा र सात तारा हुनेले' भन्दछ" (प्रकाश ३:१)। फिलाडेल्फियाको मण्डलीसँग यसो भन्नुभयो, "यी कुरा त्यसले भन्दछ, जो 'पवित्र' छ, जो 'सत्य' छ , जससँग 'दाऊदको साँचो' छ" (प्रकाश ३:७)। लाउडिकियाको मण्डलीलाईचाहिँ यसो भन्नुभयो, "यी कुरा आमिन, विश्वासयोग्य र साँचो साक्षी र 'परमेश्वरका सृष्टिको शासकले' भन्दछ" (प्रकाश ३:१४)। यसर्थ हामीले यी खण्डहरूलाई यसरी बुझ्नुपर्दछ, कि येशू विभिन्न व्यक्तिहरूका सामु विभिन्न अवस्थाहरूमा विभिन्न प्रकारको विशेष स्वरूपहरूमा देखा पर्नुहुन्छ।

हामीले यो कुरा स्मरण गर्न अति महत्त्वपूर्ण छ, कि त्यही येशू, जो विभिन्न स्वरूपहरूमा देखापर्नु हुन्छ, उहाँले हामीसँग सधैँभरि अर्थात् युगको अन्त्यसम्म नै साथमा रहने प्रतिज्ञा गर्नुभएको छ (मत्ती २८:२०)। उहाँ हामीसँग घरमा, काम गर्ने ठाउँमा र मण्डलीमा पनि सँगै हुनुहुन्छ। उहाँ सर्वव्यापि हुनुहुन्छ। तर यहाँ स्मरणयोग्य कुरा के छ भने, वास्तवमा समस्याचाहिँ हामीभित्र नै विद्यमान छ। हाम्रो विश्वास र आत्मिक संवेदनशीलताको कमीले गर्दा नै साथैमा हुनुभएको परमेश्वरलाई हामीले देख्न र उहाँको उपस्थितिलाई अनुभव गर्न सकिरहेका छैनौँ। यो अति अफसोस अनि दु:खलाग्दो कुरा हो। वास्तविक कुरा के हो भने येशू हामीसँगै हुनुहुन्छ भन्ने कुरालाई स्वीकार गरेर गरिने प्रार्थनाले आत्माको अभिषेक ल्याउँदछ।



यहाँ हामीले बुझ्नुपर्ने अर्को कुरा के छ भने, जहाँ येशूको उपस्थिति हुन्छ, त्यहाँ पवित्र आत्मा पनि हुनुहुन्छ। स्वर्गीय सिंहासनबाट आउनुभएको हाम्रो अचम्मको सल्लाहाकार, जसलाई हामी पवित्र आत्मा भनेर सम्बोधन गर्दछौँ, उहाँ सधैँ हामीसँग बसेर हाम्रो कमजोरीहरूमा सहायता गर्नुहुन्छ अनि हाम्रो साथमा हुनुभएको येशूलाई भेट्नुहुन्छ। "शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ" (रोमी ८:२६)।

हामीमा आउने आत्माको अभिषेकलाई हामीले विश्वासको आँखाले देख्नु अति आवश्यक छ। आत्माद्वारा पूर्णरूपमा धोइएर सफा हुनको लागि हामी शिरदेखि पाउसम्मै अभिषेक हुनु आवश्यक छ। वचन मनन र गहिरो प्रकारको प्रार्थनाद्वारा पवित्र आत्मा हाम्रो अनुहार, घाँटी, कुम, पाखुरा, पेट, कम्मर, खुट्टा हुँदै अन्त्यमा पैतालासम्मै पुगेको अनुभव गर्न सक्नु पर्दछ। विश्वाससाथ अभिषेकलाई ग्रहण गर्न सक्यौँ भने मात्र त्यस प्रकारको अनुभव गर्न सम्भव हुन्छ। त्यसपछि हामीमा भएको तीतोपनको जराहरू बिस्तारै हटेर जान थाल्नेछन्। अनि हाम्रो हृदयले पवित्र आत्माका फलहरू फलाउन सुरु गर्दछ।

हाम्रो हृदयलाई सफा बनाउने कुरा बिस्तारै हुने प्रक्रिया हो, जसको लागि हाम्रो दैनिक प्रार्थना अनिवार्य छ। यो संसारमा भएका फोहोर कुराहरूले हामीलाई सधैँ नै प्रभाव पारिरहने हुनाले हामीले दैनिक रूपमा त्यसलाई सफा गरिरहनु पर्दछ। त्यसैकारणले गर्दा परमेश्वरले १ थेसलोनिकी ५:१५ मा हामीलाई यसो भन्नुभएको छ: "निरन्तर प्रार्थना गरिरहो।" (कोरियाली भाषामा यो पदलाई चाखलाग्दो प्रकारले उल्था गरिएको छ: "नरोकिकन प्रार्थना गर।") वास्तवमा भन्ने हो भने यो संसार आत्मिक प्रदुषणले भरिएको छ, त्यसैले प्रत्येक दिन प्रार्थनाद्वारा हामीले

आफैलाई धोएर सफा पार्नु पर्दछ। यो कुरा फेरि एकचोटि उल्लेख गर्न चाहन्छु, कि मानिसको पूर्ण चङ्गाइ र परिवर्तन भनेको लामो समय लिने प्रक्रिया हो किनभने तीतोपनको जराहरू हामीभित्र बलियो गरी बसेका हुन्छन्। एकै रातमा सबै कुराहरू परिवर्तन हुन सक्दैनन्, तर केही समय बितेपछि हामीमा असल फलहरू देखिन थाल्नेछन्। यो प्रक्रिया दैनिक रूपमा बिस्तारै अनि एक-एक खुड्किला गरेर हुने कुरा हो। प्रार्थना र वचन मननमा हामीले गरेको प्रयास र मिहेनतको प्रतिफल हाम्रो आत्मिक यात्रामा हुने प्रगतिले प्रतिविम्बित गर्दछ।

प्रेरित पावलले ख्रीष्टमा भएका दाजु-भाइ, दिदी-बहिनीहरूलाई यस प्रकारले आग्रह गरेका छन: "यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्‍वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" (रोमी १२:२)। यहाँ 'परिवर्तित होओ' भन्ने वाक्यांशले कुनै व्यक्तिको चरित्र, स्वभाव, स्वरूप र बाहिरबाट देखिने सबै कुराहरू फेरिनु पर्दछ भन्ने बुझाउँदछ। यसको मतलव हामीमा आधारभूत अनि महत्त्वपूर्ण परिवर्तनहरू हुन आवश्यक छ। आत्मिक परिवर्तनले माग गरेको कुरा भनेको हाम्रो आत्मिक पृष्ठभूमि पूर्ण रूपमा नविकरण हुनु हो। त्यसको लागि हामीभित्रको सबै किसिमको तीतोपनको जराहरूलाई उखलेर फाल्नुपर्दछ र हामीले आफैलाई नविकरण गर्नु पर्दछ। हामीले आफैलाई कसरी नविकरण गर्ने त ?

आफूलाई नविकरण गर्नको लागि हामीभित्र भएको तीतोपनको जराहरूलाई निकालेर त्यसको ठाउँमा पवित्र आत्माका फलहरू भर्नु पर्दछ। त्यसपछि जब हामी प्रेमको लागि प्रार्थना गर्दछौँ, तब परमेश्‍वरले हाम्रो हृदयमा प्रचुर मात्रामा प्रेम राखिदिनुहुन्छ। जब हामी आनन्दको लागि प्रार्थना गर्दछौँ, तब सांसारिक पीर-



चिन्ताले सताइरहेको समयमा पनि परमेश्‍वरले हाम्रो हृदयलाई आनन्दित तुल्याउनुहुन्छ। अनि विश्‍वाससाथ हामीले जे माग्छौँ, त्यो कुरा पाउनेछौँ। के यी कुराहरू हाम्रो जीवनमा लागू भएपछि बाइबलको यो खण्डले भनेजस्तै हुँदैन त ? "अब विश्‍वासचाहिँ आशा राखिएका कुराको निश्‍चय र नदेखिएका कुराको दृढ भरोसा हो" (हिब्रू ११:१)। यदि हामीले साँचो रूपले नै हाम्रो हृदयको परिवर्तनको चाहना गर्‍यौँ भने, पवित्र आत्मा आउनुहुनेछ र ती कुराहरू पूरा गरिदिनुहुनेछ।

जब हाम्रो आत्मिक जीवनमा हृदयको चङ्गाइ हुने प्रक्रिया निरन्तर हुन थाल्दछ, तब पहिलेको भन्दा हामी फरक किसिमको देखिन थाल्छौँ। आउनुहोस्, हामी त्यही उत्कट चाहना गर्दै धैर्यता, दया, शान्ति र अरू सबै किसिमका आत्मिक गुणहरूका लागि निरन्तर प्रार्थना गरौँ। त्यसपछि हाम्रो हृदय (kardia) परिवर्तन भएर शुद्ध हृदयमा रूपान्तरित हुनेछ। जब हाम्रो हृदय शुद्ध हुन्छ, तब त्यो विषालु कुराहरू नभएको हृदयले जिब्रोलाई पनि शुद्ध बनाउँदछ। त्यसपछि हाम्रो मुखबाट पवित्र आत्माको शक्ति प्रकट हुन थाल्दछ, जसले हाम्रा वरि-परिका छिमेकीहरूलाई बचाउँछ, चङ्गाइ दिन्छ अनि तिनीहरूलाई उत्साहित तुल्याउँदछ।

## शुद्ध पारिएको जिब्रो

### Sanctified Tongue

माथि उल्लेखित कुराहरूलाई हामीले निरन्तर रूपमा अभ्यास गर्न सक्यौँ भने हाम्रो बोलीवचन "स्वस्थ" हुन्छ। बिस्तारै-बिस्तारै हामीमा उपयुक्त र ठीक प्रकारले बोल्ने क्षमता विकास हुन्छ र हाम्रो मुखबाट निस्कने वचनहरूमा उचित अनि असल

शब्दहरूको मात्रा बढेर जान्छ। अनि हाम्रो मुखबाट उत्साह र सान्त्वनाले भरिएका शब्दहरू अझ धेरै मात्रामा निस्कन्छन्। त्यसपछि हामीमा आत्मसंयम र धैर्यताजस्ता असल कुराहरू बढ्न थाल्छ। त्यसपछि आत्माको अगुवाइमा हामीमा यस्तो शक्ति विकसित हुन्छ, जसअनुसार सही इसाई सन्धर्भ र प्रसङ्गलाई अनुसरण गरेर बोल्न सक्नेछौँ। हामीले अरूलाई सजिलै क्षमा दिन सक्नेछौँ, बदला लिने भावना हटेर जानेछ, अरूलाई स्वीकार गर्न सक्नेछौँ र अरूप्रति दया देखाउन सक्नेछौँ। यद्धपि यो झट्टै हुने प्रक्रिया होइन, तैपनि कुनै विशेष संक्रमण-अवस्थालाई पार गरेपछि हामी पहिलेभन्दा पूर्ण रूपले फरक हुन सक्नेछौँ।

प्रिय पाठकहरू, के आत्मिक फलहरूले भरिपूर्ण भएका व्यक्तिहरूसँग सङ्गत गर्न हामीलाई आनन्द लाग्दैन त ? जब हाम्रो हृदयमा भएका विषालु कुराहरू टाढा हुँदै अन्त्यमा हटेर जान्छ तब हामीमा पवित्र आत्माका फलहरू फल्न थाल्छन्। अनि हामीमा यस्तो शक्ति विकसित भएर आउँदछ, जुन शक्तिले अरू व्यक्तिहरूलाई परिवर्तन गर्न र तिनीहरूका जीवनलाई बचाउन सक्छ। हामीहरू ख्रीष्टको स्वभावमा विकसित हुँदै र सिद्ध हुँदै जानेछौँ। फलस्वरूप प्रभु येशू ख्रीष्टको लागि हामी शक्तिशाली गवाही भएर निस्कनेछौँ। पवित्र आत्माद्वारा हृदय शुद्धिकरण भएपछि मात्र तपाईं पूर्ण रूपमा येशूको गवाही हुन सक्नुहुनेछ। सुसमाचारीय तालिम र चेलापनको तालिमले मात्र हामीलाई ख्रीष्टको परिपक्व गवाही बनाउन सक्दैन। त्यस प्रकारको तालिमहरू लाभदायी छन् तर त्यतिले मात्र अरू मानिसहरूको जीवन साँचो प्रकारले परिवर्तन गर्न हामी सफल हुन सक्दैनौँ। यस्ता किसिमका तालिम लिएका मानिसहरूले आफ्नो वौद्धिक क्षमताअनुसार वचन प्रचार गर्न त सक्छन् तर उनीहरूमा आत्मिक शक्तिको कमीले गर्दा अरू व्यक्तिहरूमा साँचो प्रकारले प्रभाव पार्न र सकारात्मक परिवर्तन ल्याउन भने



सक्दैनन्।

शुद्धिकरण प्रक्रियाद्वारा दिन प्रतिदिन ख्रीष्टजस्तै हुने क्रममा परमेश्वरको महिमा हामीमा आउन थाल्दछ, जसले हामीलाई पनि केही मात्रामा महिमित पार्न थाल्दछ। हामी उमेरमा पाको हुँदै जाँदा ख्रीष्टको स्वभावहरू पनि बढी मात्रामा अनुसरण गर्दै जानुपर्दछ, जसको कारणले गर्दा हामी आत्मिक परिपक्वतामा पुग्न सक्दछौँ। यहाँ हामीले बुझ्नुपर्ने तथ्यचाहिँ के हो भने आत्मिक परिपक्वता एकै रातमा प्राप्त हुने कुरा होइन। कुनै व्यक्ति पचास वर्षको उमेरमा नपुगेसम्म आत्मिक परिपक्वता हाशिल गर्न गाह्रो छ। उदाहरणको लागि प्रेरित पावल र पत्रुसको जीवनलाई हेर्न सकिन्छ। करिव साठी वर्षको उमेरमा पुगेपछि मात्र उनीहरू आत्मिक रूपमा परिपक्व भएका थिए। पावलले तिमोथीलाई लेखेका पत्रहरू र पत्रुसद्वारा लेखिएका पुस्तकहरूलाई हामी आदर अनि प्रशंसा गर्न सक्दछौँ ती पुस्तकहरू दुवैजना प्रेरितहरूले उनीहरूको जीवनको करिव साठी वर्षको उमेरमा पुगेर लेखेका थिए। धेरै वर्षहरूको सङ्घर्ष, नम्रता अनि पवित्रतामा गरिएका तालिमहरू र विभिन्न अनुभवहरूले पावल र पत्रुसलाई आत्मिक परिपक्वतामा पुऱ्याएको थियो र तिनै कुराहरूद्वारा शुद्धिकरण भएर महिमित पनि भएका थिए।

हामीले जति धेरै येशूका गुणहरूलाई अनुसरण गर्दछौँ, त्यति नै धेरै मात्रामा हाम्रो हृदय शुद्ध हुँदै जान्छ। हाम्रो हृदयमात्र होइन जिब्रो पनि शुद्ध हुँदै जान्छ। आफ्नो हृदय शुद्धिकरणको निम्ति अथक प्रयास गर्नेहरूलाई पछि स्वर्गमा आदर अनि महिमा प्राप्त हुनेछ। त्यस्ता व्यक्तिहरू यस पृथ्वीमा हुँदाको आत्मिक प्रगतिको स्तरअनुसार उनीहरूका जीवनबाट येशूको महिमा प्रतिविम्वित भइरहेको हुन्छ र भविष्यमा स्वर्गमा त्यस्ता व्यक्तिहरूलाई महत्त्वपूर्ण इनामहरू र नयाँ प्रकारका

जिम्मेवारीहरू दिइनेछन्।

यदि हामी यसप्रकारको आत्मिक परिपक्वतामा पुग्न सक्यौँ भने स्वर्गमा नयाँ अनि विशेष वर्गको अगुवाहरू हुन सक्नेछौँ। हामीले बुझ्नुपर्ने आधारभूत अनि अन्तिम कुरा के हो भने स्वर्गमा हामीले पाउने स्थान अहिले हामीले पृथ्वीमा पाएका तह, पद र मान-प्रतिष्ठामा आधारित हुँदैन तर परिपक्वतामा पुग्न अहिले कस्तो किसिमको चरित्र हामीले निर्माण गर्दैछौँ त्यसमा भर पर्दछ। यी कुराहरू हामीले कसरी हाम्रो हृदय, जिब्रो र सम्पूर्ण व्यक्तित्वलाई तालिम दिँदैछौँ अनि परिवर्तन गर्दैछौँ भन्नेजस्ता कुरामा आधारित भएको हुन्छ। वास्तवमा हामीहरू यस संसारमा नून अनि ज्योति हुनको निम्ति बोलावट पाएका विशेष व्यक्तिहरू हौँ। नूनले झैँ स्वाद दिन र ज्योतिझैँ चम्कनको लागि हामीहरू भित्रैदेखि परिवर्तन हुनु अनि शुद्धिकरण हुँदै जानु अति आवश्यक छ। हामीभित्र शुद्धिकरणको बलियो जग निर्माण भएपछि मात्र हामीले अरूलाई परमेश्वरको वचन बाँडेको सार्थक अनि प्रभावकारी हुन्छ। त्यसपछि हामीले गरेको बाइबल अध्ययन, हाम्रो प्रवचनहरू र हामीले गरेका सुसमाचारका कामहरू शसक्त अनि शक्तिशाली ढङ्गले अगाडि बढ्न थाल्दछन्, जसले अन्धकार हटाउन सक्छ अनि मानिसहरूलाई खराब कुराहरूबाट स्वतन्त्रता दिनसक्छ। अन्तिम नतिजाचाहिँ यही हो, कि परमेश्वर हामीद्वारा भएर महिमित हुनुहुनेछ। आमिन !

**मर्कूस १:४०-४२**

अनि एउटा कुष्ठरोगी उहाँकहाँ आएर घुँडा टेक्दै यसो भनेर बिन्ती गर्‍यो, “तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ।” तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, “म इच्छा गर्दछु, तिमी निको भइजाऊ।” त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो।



# भाग ५

## उत्साह:
## केवल शब्दहरूभन्दा काममा बढी सुन्दर हुन्छ

## Encouragement:
## More Beautiful in Action Than in Mere Words

## उत्साह:
## केवल शब्दहरूमा भन्दा काममा बढी सुन्दर हुन्छ
## Encouragement:
## More Beautiful in Action Than in Mere Words

यो घटना आजभन्दा करिव ४० वर्षअगाडिको हो। सन् १९६८ मा खल्तीमा ५० डलर लिएर म अमेरिका पुगेँ। त्यतिबेलाको मेरो जीवन धेरै कठिनाइहरूले भरिएको अनि दयनीय अवस्थामा थियो। म एक विद्यार्थी भएको कारणले गर्दा आफ्नो जीविकाको लागि प्रर्याप्त हुने गरी कमाउन सकेको थिइनँ। त्यसबेला धेरै कोरियाली विद्यार्थीहरूले आफ्नो खर्चको लागि साधारण कामहरू गरेर पैसा कमाउनु पर्ने बाध्यता थियो। तिनीहरूले कुनै भोजनालय [रेस्टुरेण्ट] -मा भाँडाहरू सफा गर्ने अनि मुख्य बेरालाई सहायता गर्ने काम गर्दथे। त्यहाँका भोजनालयहरूको स्तरअनुसार बेराहरूले आफ्नो साथमा एक वा दुइ केटाहरूलाई टेबल मिलाउने, भाँडा सफा गर्ने र पानी दिने काममा सहायकको रूपमा राखेका हुन्थे।

त्यस प्रकारले सहायकको रूपमा काम गर्ने व्यक्तिले आफ्नो कामलाई सुधार गरेर राम्रो गर्दै जानु उसको लागि फाइदाजनक हुन्थ्यो किनभने प्रयाप्त अनुभव



बटुलिसकेपछि म्यानेजर [व्यवस्थापक] -ले उक्त व्यक्ति [केटा अथवा केटी] -लाई पदोन्नति गरेर बेराको स्थानमा पुऱ्याइदिन्थे। तर अमेरिकाको ठूलो अनि महँगो रेस्टुरेण्टमा बेराको स्थानमा रहेर काम गर्नको लागि अङ्ग्रेजी भाषाको राम्रो ज्ञान आवश्यक पर्दथ्यो। त्यतिमात्र होइन उसले अमेरिकीहरूसँग कुराकानी गर्नुपर्ने हुनाले केही मात्रामा उनीहरूको सँस्कृति पनि जान्न आवश्यक पर्दथ्यो। खानाको सुरुमा दिने परिकार, अन्तिममा दिने परिकारका साथै अरू विभिन्न खानाहरूको नाम र त्यसको बारेमा जानकारी हुनु पनि त्यति नै जरुरी थियो। ती विभिन्न कुराहरूको आवश्यकता पर्ने थाहा हुँदा-हुँदै पनि मैले बेरा बन्ने विचार गरेँ।

थोरै सीप भएका साधारण मजदुरहरूको भन्दा बेराको कमाइ तीनगुणा बढी हुने भएकोले त्यसबेला मेरा कोरियाली मित्रहरूले मेरो कामप्रति गर्व गर्ने गरेको कुरा अझै मलाई याद आउँदछ। वास्तवमा भन्ने हो भने सुरूका दिनहरूमा मेरो काम त्यति सजिलोचाहिँ अवश्य थिएन। पहिलो महिनामा एक जना पुरानो अनि अनुभवी बेराले मलाई तालिम दिनुभयो र उहाँले नै मेरो काम निरिक्षण गर्नुहुन्थ्यो। उहाँसँग त्यस पेशामा तीस वर्षसम्म काम गरेको अनुभव थियो। मेरो कामको सुरुका दिनहरूमा उक्त अनुभवी बेराले जे-जे काम गर्नुहुन्थ्यो, त्यो हेरेर मैले सबै कुरा सिक्नु पर्दथ्यो।

एक दिन मलाई काम सिकाउनु हुने उक्त बेराले पाँच जना मानिसहरू बसेर खाइरहेका टेबलमा सेवा गर्दै हुनुहुन्थ्यो। तिनीहरूले समुद्री जीवहरूको परिकार खानलाई माग गरेका थिए। तिनीहरूले खाना खाइसकेपछि बिलमा तोकिएको रकमको पाँच प्रतिसत मात्र बक्सिस छोडेर गए। (उत्तर अमेरिकामा कम्तीमा पनि दश प्रतिसत बक्सिस दिनुपर्ने प्रचलन थियो र धेरैले पन्ध्र प्रतिसत दिएर जान्थे।)

त्यति थोरै बक्सिस देखेर मलाई काम सिकाउनुहुने बेरा रिसाए। उनले बाहिरको गल्लीमा आएर ती ग्राहकहरूलाई सराप्न अनि उनीहरूको बेइज्जत गर्न थाले। ती पाहुनाहरू त्यहाँबाट गइसकेका हुनाले कुनै दुर्घटना हुन त पाएन तर उसको मुखबाट अश्लील अनि लाजलाग्दो सरापका शब्दहरू भने प्रशस्त मात्रामा निस्कियो। त्यसरी उहाँको स्वभाव तुरुन्तै परिवर्तन भएको देख्दा म छक्क परेँ। प्राय: शान्त, नम्र, शिष्ट र सुसँस्कृत खालको देखिने उक्त बेरा केही क्षणमा नै अभद्र र अशिष्ट ढाँचाको व्यक्तिमा बदलियो। वास्तवमा उसँग दुइ वटा स्वरूपहरू थियो: उसको पेशागत स्वरूप र उसको व्यक्तिगत स्वरूप।

हाम्रो वरिपरि भएका मानिसहरूमा दुइ अथवा तीन वटा फरक-फरक स्वरूपहरू भेट्टाउनु त्यति गाह्रो काम होइन। त्यस्ता मानिसहरू तपाईंको सामु सामान्य अवस्थामा नम्र, भद्र, शिष्ट, विचारशील र अरूका वास्ता गर्ने खालका देखिन्छन् तर परिस्थिति प्रतिकुल हुन पुग्यो भने ती मानिसहरू पूर्ण रूपमा फरक स्वभावका देखिन थाल्छन्। त्यस्ता मानिसहरूले परिस्थितिअनुसार असल अनि खराब दुवै किसिमको व्यवहार प्रकट गर्ने गर्दछन्। कहिलेकाहीँ ती व्यक्तिहरू राजाजस्ता देखिन्छन् भने कहिलेकाहीँ फोहोरको डङ्गुरजस्ता देखिन्छन्। तिनीहरूका स्वरूप र व्यवहार उनीहरूका व्यक्तिगत स्वार्थ र स्वइच्छामा भर परेको हुन्छ।

अगाडिका अध्यायहरूमा विशेष गरी हामीले इसाई उत्साह अन्तर्गत शब्दहरूले मानिसहरूलाई उत्साहित गर्ने विषयमा छलफल गर्‍यौं। तर हामीले बुझ्नुपर्ने कुराचाहिँ के हो भने शब्द र काम भनेको फरक-फरक कुराहरू हुन्। शब्दहरूद्वारा उत्साह दिनु एउटा पक्ष हो भने काम अथवा व्यवहारद्वारा उत्साह दिनु अर्को पक्ष



हो। केही विशेषज्ञहरूले यस प्रकारले तर्क गर्ने गर्दछन्: मानिसले व्यक्त गर्ने उत्साहका शब्दहरूले अरूको जीवनमा ४०% प्रभाव पार्दछ भने शब्दको प्रयोगविना हाम्रो कामहरूले ६०% प्रभाव पार्न सक्छ। एक जना विशेषज्ञले त यसो भनेका छन्: हामीले गर्ने काम अथवा हाम्रो व्यवहारद्वारा अरू मानिसहरूमा ९३% सम्म प्रभाव पार्न सक्छ, जुन कुरा शब्दहरूबाट अपेक्षा गर्न सकिँदैन।

विशेषज्ञहरूले यसरी तर्क दिएका छन्- बोली र काम मेल नखाने अर्न्तमुखी व्यक्तिहरूलाई अरूले विश्वास अनि भरोसा गर्न गाह्रो हुन्छ। मैले माथि उल्लेख गरेको मलाई काम सिकाउने त्यो पुरानो अनि अनुभवी बेरा, जसलाई म आदरको भावनाले हेर्ने गर्थे तर जब उसले भोजनालयमा आएका पाहुनाहरूलाई सराप्न र बेइज्जत गर्न सुरु गर्‍यो, तब मभित्र उप्रति भएको सबै विश्वसनीयता हटेर गयो। त्यस घटनापछि उप्रतिको मेरो विश्वास र आदर बाँकी रहेन किनभने त्यो दिन उसले नियमित रूपमा आउने ग्राहकहरूलाई बेइज्जत गर्ने खालको अनावश्यक र अनुपयुक्त शब्दहरू प्रकट गर्‍यो। त्यस्ता मानिसहरूप्रति हाम्रो विश्वास सेलाएर जान्छ र अचानक कुनबेला तिनीहरूका बोलिवचन र आचरण बदलिने हो भन्ने कुराले हामीलाई सशङ्कित तुल्याइरहन्छ। तिनीहरूले हामीसँग मिठा-मिठा शब्दहरू बोलेर र देखावटी रूपमा असल व्यवहार देखाएर हाम्रो सम्बन्धको अनुचित लाभ उठाइरहेका हुन्छन्। यदि परिस्थिति बिग्रिदै गयो भने तिनीहरू सजिलै हाम्रो विरोधमा उत्रिन पनि सक्छन्। अर्को शब्दमा भन्ने हो भने तिनीहरू आफैमा एकदमै विरोधाभासपूर्ण आचरण लिएर बाँचिरहेका हुन्छन्। त्यस्ता व्यक्तिहरूसँग हरसमय सतर्क अनि सावधान हुनुपर्दछ।

के त्यस्ता विरोधाभासपूर्ण चरित्र भएका मानिसहरूसँग भेटघाट गरी

तिनीहरूसँग सामना गर्ने काम असाधारण र अस्वभाविक होइन त ? हामीले बुझ्नुपर्ने कुरा के हो भने त्यस्ता मानिसहरूको व्यवहार तिनीहरूका बोलिवचनभन्दा नाटकीय प्रकारले फरक हुने गर्दछ। तिनीहरूमा भएको विरोधाभास र इमानदारीपनको कमीजस्ता कुराहरूले हामीलाई तिनीहरूप्रति एकदमै निराश तुल्याउँदछ।

अब आउने अध्यायमा म इसाई उत्साहको अलि फरक प्रकारको दृष्टिकोण प्रस्तुत गर्नेछु। हामीबीच एकआपसको सम्बन्धमा शब्दहरूले भन्दा पनि व्यवहार र कामले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। त्यसैले हाम्रो शब्दहरूसँग मेल खाने प्रकारका काम र व्यवहारद्वारा अरूहरूलाई कसरी उत्साहित गर्ने भन्ने कुरामा म विशेष जोड दिनेछु।

## शारीरिक स्पर्शद्वारा उत्साह दिनु

## Encouraging by Physical Contact

यो अध्यायको सुरुमा राखिएको बाइबल खण्ड हेर्दा यो कुरा स्पष्ट देख्न सकिन्छ। हाम्रो प्रभु येशूले चङ्गाइ गर्नुहुँदा शब्दको साथसाथै काम पनि प्रयोग गर्नुभयो। येशूले उक्त कुष्ठ रोगीमाथि आफ्नो हात राख्नुभएको कुरा त्यहाँ देख्न सकिन्छ। उहाँले वचनमात्र बोलेर पनि त्यो व्यक्तिलाई सजिलै निको पार्न सक्नुहुन्थ्यो तर त्यस घटनामा उहाँ त्यस रोगीको नजिक जानुभयो र त्यसलाई छुनुभयो। जब येशूले उक्त कुष्ठरोगीलाई छुनुभयो, तब उहाँको इश्वरीय चङ्गाइ गर्ने



शक्ति अझ प्रभावकारी रूमपा त्यस व्यक्तिमा बगेर गयो। यो उदाहरणमा हाम्रो काम र व्यवहारबाट उत्साहको शक्ति राम्रो प्रकारले प्रकट हुनसक्छ भन्ने कुरा देख्न सकिन्छ।

विगतको शताब्दीमा कम्युनिस्ट समुदायका मानिसहरूले एक अर्कालाई अङ्गालो हाल्ने र गालामा म्वाइ खाने गरेर एकताको भावना र स्नेहलाई प्रकट गर्ने गर्दथे। मुस्लिम देशका मानिसहरूले पनि एक अर्काप्रति स्नेह प्रकट गर्न न्यानो अभिवादन गरेको मैले देखेको छु। त्यस्तै प्रकारले ल्याटिन-अमेरिकीहरूले पनि एक अर्कालाई अङ्गालोमा बाँध्न कति पनि हिच्किचाउँदैनन्। ती व्यक्तिहरूले शारीरिक स्पर्शद्वारा एक आपस बीचको परिचय र भातृत्व प्रेमलाई ठोस रूपमा प्रकट गर्दछन्। वास्तवमा भन्ने हो भने शारीरिक स्पर्श, जस्तैः छुनु, अङ्गालो हाल्नु, हात मिलाउनु र म्वाइ खानु आदि क्रियाकलापहरूद्वारा हामीले बोलेको कुरालाई अझ बलियो रूपमा प्रकट गर्न सहायता गर्दछ।

मानिस सामाजिक प्राणी भएकोले गर्दा समुदाय र परिवारमा शारीरिक क्रियाकलापद्वारा स्नेह-प्रेम प्रकट गर्नु अति आवश्यक छ। पतिले आफ्नो पत्नीलाई स्पर्श र मुस्कानद्वारा प्रेम प्रकट गर्नुपर्दछ। जीवनसाथीप्रति यस्ता व्यवहारमार्फत आफ्नो दया, भद्रता र वास्ता देखाउनु असल कुरा हो। पतिले पत्नीलाई प्रेम प्रकट गर्न केवल शब्दहरूमात्र प्रयाप्त हुँदैनन्, तर त्यसको निम्ति विभिन्न प्रकारको क्रियाकलापहरू आवश्यक पर्दछन्। कुनै पतिले आफ्नी पत्नीलाई 'म तिमीलाई प्रेम गर्छु' भनेर ढ्याम्म ढोका लगाएर घर बाहिर जानु राम्रो व्यवहार होइन। यसप्रकारको विरोधाभासपूर्ण काम र शब्दहरूको प्रयोगले आफूप्रति जीवनसाथीको विश्वासनीयतालाई घटाउने काम गर्दछ।

मर्कूस १ अध्यायको सुरुदेखि नै येशूले हामीलाई एउटा महत्त्वपूर्ण पाठ सिकाउनुभएको छ। सिमोन पत्रुसको सासूलाई जरोबाट निको पार्न उहाँले वचनमात्र बोल्नुभएन तर नजिक गएर उहाँले आफ्नो हातले तिनलाई समात्नुभयो। त्यस समय येशूले तिनको हात समातेर तिनलाई उठाउनु भएको घटना हामीले विचार गर्नु पर्दछ। हामीलाई अचम्म लाग्ने कुरा के हो भने स्वयम् उहाँ परमेश्वर भएर पनि किन तत्कालै वचनद्वारा तिनलाई चङ्गाइ नगरिकन उहाँ तिनको नजिक जानु, तिनलाई छुनु र समातेर उठाउनुजस्ता कार्यहरू गर्नुभयो त ? कुष्ठरोग लागेको मानिसलाई पनि उहाँले त्यस्तै प्रकारले निको पार्नुभयो। उक्त व्यक्तिलाई "निको भइजाऊ" भन्नुभन्दा पहिले दयाले भरिएर येशू नजिक गएर त्यसलाई छुनुभयो।

आश्चर्यकर्महरू गर्नको लागि येशूले उहाँको वचन र काम- यी दुवै कुरालाई प्रयोग गर्नुभएको अरू केही घटनाहरू बाइबलमा उल्लेख गरिएका छन्। मर्कूस ५:४१ मा येशूले याइरसकी छोरीलाई बिउँताउनु भएको घटना छ। उक्त समयमा उहाँले त्यस मृत केटीको हात समातेर यसो भन्नुभयो, "तालिता कूमी" [Talitha koum], (जसको अर्थ हो, "ए बालिका, म तिमीलाई भन्दछु, उठ")। त्यसपछि त्यो बाह्र वर्षको मृत केटी अचम्म किसिमले जीवित भइन्। त्यस्तै प्रकारले मर्कूस ७:३३ मा बहिरो र गूँगो मानिसलाई निको पारिएिको घटना उल्लेख गरिएको छ। बाइबलअनुसार त्यस घटनामा येशूले त्यस व्यक्तिलाई भीडबाट अलग्गै एकान्त ठाउँमा लानुभयो आफ्नो औँला त्यसको कानमा राख्नुभयो। त्यसपछि उहाँले थुक्नुभयो र त्यसको जिब्रोमा छुनुभयो। अन्त्यमा येशूले यसो भन्नुभयो, "इफ्फाता", अर्थात् "खोलिजा"। त्यसपछि उक्त अशक्त व्यक्तिको कान खोलियो, र त्यसको जिब्रोको बन्धन फुक्यो, र त्यो स्पष्ट रूपमा बोल्नसक्ने भयो।



यी उदाहरणहरू हेर्दाखेरि हामी समान कुरा के पाउँदछौँ भने जब येशूले रोगी मानिसलाई छुनुभयो, तब परमेश्वरको आश्चर्यकर्म त्यहाँ प्रदर्शित भयो। हामीलाई यसले अचम्ममा पार्दछ- कसरी उक्त छुवाइले त्यस प्रकारको आश्चर्यकर्म घट्न पुग्यो त ?

जब हामी अरूहरूलाई उत्साह दिन्छौँ, त्यस समयमा हाम्रो हृदय खुल्ला भएको हुन्छ अनि हामीमा भएको शक्ति निस्कन थाल्दछ। अरूलाई उत्साह दिने क्रममा जब हामी ती व्यक्तिहरूलाई स्पर्श गर्दछौँ, तब शक्ति शारीरिक रूपमा तिनीहरूमा हस्तान्तरित हुन थाल्दछ। कुनै व्यक्तिमाथि हात राखेर प्रार्थना गर्दा पनि यही सिद्धान्त लागू हुन्छ। प्रार्थना गर्दा जब म कुनै व्यक्तिमाथि आफ्नो हात राख्दछु, तब तुरुन्तै म उसको दिमागको अवस्था महशुस गर्न सक्दछु। मैले धेरैचोटि यस्तो कुरा पनि अनभव गरेको छु, कि शङ्का र पीर-चिन्ताले अपाङ्ग बनेका मानिसहरूले प्रार्थना गर्दा आफ्नो हृदय खोल्दैनन र परिणामस्वरूप तिनीहरूले मेलै हात राखेर गरेको प्रार्थनाबाट त्यति लाभ पाउँदैनन् किनभने तिनीहरूले आत्मालाई तिनीहरूभित्र काम गर्ने अनुमति दिँदैनन्।

त्यसकारण जब म मेरा दाजु-भाइ तथा दिदी-बहिनीहरूका लागि प्रार्थना गर्ने गर्दछु, तब प्राय: म यो कुरा उनीहरूलाई भन्ने गर्दछु, कि त्यसबेला उनीहरूले आफ्नो हृदय खोल्नुपर्दछ, तनावमुक्त भई स्वतन्त्र हुनुपर्दछ र पीर-चिन्ताबाट आफूलाई पूर्ण रूपमा मुक्त पार्नु पर्दछ। यदि कुनै व्यक्तिले आफ्नो हृदयको ढोका खुल्ला गर्दैन भने कसरी उभित्र पवित्र आत्माले काम गर्नुहुन्छ भन्ने कुरामा हामी अपेक्षा गर्नसक्छौँ ? त्यस्तै प्रकारले वौद्धिक क्षेत्रका मानिसहरू, दर्शनशास्त्रीहरू र विभिन्न प्रकारले अनावश्यक प्रश्नहरू उठाएर चिन्तन-मनन गरी यो भएन त्यो भएन भनी नाटीकुटी

गर्ने व्यक्तिहरूको जीवनमा पनि आत्माले सजिलै काम गर्न सक्नुहुन्न। तर त्यसको विपरित कुनै संवेदनशील व्यक्ति, जसले इमानदारीसाथ आफ्नो भावनाहरूमाथि नियन्त्रण गर्नसक्छ, उसले तुरुन्तै आफूमा आत्माले आगोले झैँ काम गरेको कुरा अनुभव गर्नसक्छ। "आत्मामा दीन हुने" यस्तै प्रकारका मानिसहरू हुन्, र "स्वर्गको राज्य" तिनीहरूका लागि योग्य हुन्छ। प्रार्थना गर्दा जब तिनीहरू रुन्छन्, काम्ने गर्छन् र स्वर्गीय भाषामा बोल्ने गर्छन्, तब हामी स्पष्ट रूपमा आत्माको काम तिनीहरूमा प्रकट भएको देख्दछौँ।

कुनै व्यक्तिले हात राखेर प्रार्थना गर्दा लाभ पाउन दुइ वटा कुरामा विशेष ध्यान दिनुपर्दछ। सर्वप्रथम, उक्त व्यक्तिले आफूलाई नम्र तुल्याउनु पर्दछ र आफ्नो समस्या समाधान गर्नको निम्ति उत्कट रूपमा चाहना गर्नु पर्दछ। त्यस प्रकारको मनोवृत्ति भएको व्यक्तिले आफूलाई नम्र बनाएर पवित्र आत्माको विशेष वरदानको लागि परमेश्वरसँग माग्नु पर्दछ। अर्को महत्त्वपूर्ण पक्षचाहिँ विश्वास हो। हात राखेर प्रार्थना गरिदिने व्यक्तिमाथि विश्वास अनि भरोसा गरेर उसले यसो भन्नुपर्दछ, "यो व्यक्ति सर्वशक्तिमान् परमेश्वरको सेवक हो। उहाँले हात राखेर प्रार्थना गरेपछि मेरो समस्या अवश्य समाधान हुनेछ।" विश्वास यस्तो तत्व हो, जसले उत्साह दिने व्यक्ति र उत्साह पाउने व्यक्तिलाई एक आपसमा जोड्ने काम गर्दछ। यसले दुइ व्यक्तिहरू बीच भएको सीमालाई खुल्ला गरेर तिनीहरूको बीचमा पुल [साँघु] निर्माण गर्ने काम गर्दछ।

उत्साह दिने व्यक्तिले हात राखेर प्रार्थना गर्दा त्यसलाई अर्को व्यक्तिले विश्वाससहित ग्रहण गरेमा उसले विभिन्न प्रकारका आत्मिक वरदानहरू प्राप्त गर्नसक्छ, जस्तै: बुद्धि, ज्ञान, विश्वास, चङ्गाइ गर्ने, आश्चर्यकर्म गर्ने शक्ति,



अगमवाणी बोल्ने, आत्माहरू छुट्ट्याउने, अन्यभाषाहरूमा बोल्ने र त्यसको अर्थ खोल्ने आदि। प्रार्थना गर्दा हामीले ध्यान दिनुपर्ने कुरा के हो भने त्यस समयको आत्मिक सम्बन्ध दोहोरो प्रकारको हुन्छ र कस्तो प्रकारको व्यक्तिले हात राखेर प्रार्थना गर्दैछ भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ। आजभोलि धेरै व्यक्तिहरूले आफू परमेश्वरको सेवक हुँ भनेर दाबी गर्ने धेरै पास्टरहरूको जीवनमा गम्भीर समस्याहरू भेट्टाउन सकिन्छ। नियमित रूपमा मण्डली गइरहने मानिसहरूले यो कुरामा सावधान हुनुपर्दछ, कि खराब चरित्र अनि दुष्ट आचरण भएका मानिसहरूसँग हामीले आत्मिक सम्बन्ध राख्नु हुँदैन। यसो भन्नुको मतलव के हो भने हामीले त्यस्ता व्यक्तिहरूका शिक्षालाई स्वीकार गर्नु हुँदैन अनि तिनीहरूबाट हात राखेर प्रार्थना गरिदिन पनि माग गर्नु हुँदैन किनभने तिनीहरूका नकारात्मक प्रवृत्ति र कमजोर आत्मिकपनको हामीलाई कुनै आवश्यक्ता पर्दैन। आशिष्को लागि कुनै व्यक्तिले हामीमाथि हात राखेर प्रार्थना गर्नुभन्दा पहिले हामीले उसको आत्मिक अवस्था, मनोवृत्ति र व्यक्तित्वलाई होसियारीपूर्वक जाँच गर्नु पर्दछ। तर यो कुरा पक्का हो, कि हात राखेर प्रार्थना गर्ने काम एउटा सेवकको आत्मिक कर्तव्य र अधिकार हो। जसरी एउटी गर्भवती महिलाले आफ्नो पेटमा हात राखेर भित्र भएको बालकलाई आशिष् दिनसक्छ, त्यसरी नै पास्टर तथा अगुवाले अरूमाथि हात राखेर प्रार्थना गरिदिन सक्छ। त्यस प्रकारले गरिएको प्रार्थनाको आशिष् कहिले पनि बिलाएर जाँदैन। बालक गर्भमा हुँदै उसको आमाले उसको निम्ति परमेश्वरसँग मागेको आशिष्ले उसलाई जीवनभरि नै फाइदा पऱ्याउँदछ।

गर्भमा हुँदैदेखि आमाबाट आशिष् पाएको बालक हुर्कदै गएर असल जवान बन्दछ र उसमा राम्रा स्वभाव र चरित्रहरू विकसित हुन्छन्। वास्तवमा भन्ने हो भने आमाको पेटमा बालक हुर्कने र बढ्ने क्रम उसको जन्मपछि रोकिँदैन बरु त्यसपछि

त्यो अझ अर्को रूपमा सुरु भएर वृद्धि हुँदै जान्छ। मानिसको अवस्था नाबालकदेखि लिएर जवान अवस्था होउञ्जेल आमाको आत्मिक अवस्थाबाट प्रत्यक्ष रूपमा प्रभावित भएको हुन्छ। आमाको आत्मिक गुण, विशेषता र चरित्र (चाहे त्यो असल होस् अथवा खराब होस्) -ले हुर्कदै गरेको बालकमा निरन्तर असर पारिरहेको हुन्छ। त्यसैकारणले गर्दा प्रत्येक आमाले आफ्नो बालकको खातिर सबै परिस्थिति र सबै समयाहरूमा परमेश्वरसामु विश्वासयोग्य ठहरिने प्रकारले उभिनु अति आवश्यक छ। छोरा-छोरीहरूलाई असल प्रकारले हुर्काउनको लागि म आमा-बाबुहरूलाई यही सल्लाह दिन चाहन्छु, कि प्रत्येक बिहान उनीहरूलाई अङ्गालो बाँधेर राम्रो प्रकारले कुराकानी गर्नुहोस्। योभन्दा राम्रो उपाय अर्को केही हुन सक्दैन।

म र मेरी श्रीमतीले हाम्रा छोरा-छोरीहरूलाई हुर्काउने क्रममा गरेको काम यही हो। प्रत्येक बिहान हाम्रो बच्चाहरू स्कुल जान लागेको बेलामा तिनीहरूलाई केही क्षण भए पनि अङ्गालो बाँधेर उनीहरूका सुरक्षा र पढाइको निम्ति छोटो प्रार्थना गरिदिन्थ्यौँ। तिनीहरू दिउँसो स्कुलबाट फर्केर आउँदा पनि आमाले तिनीहरूलाई फेरि अङ्गालोमा लिएर माया गर्ने गर्थिन्। म सबै आमा-बुबाहरूलाई अर्को एउटा कुरा पनि आग्रह गर्न चाहन्छु, "कृपया आफ्नो छोरा-छोरीहरूसँग कुरा गर्ने बेलामा तपाईंहरू सावधान र सचेत हुने गर्नुहोस्। असावधानीपूर्वक हाम्रो मुखबाट फुत्केको एउटा मात्र शब्दले पनि बच्चाहरूमा विध्वंशकारी प्रभाव पार्न सक्छ। यदि बच्चाहरूलाई असल प्रकारले हुर्काएर ठूलो व्यक्ति बनाउने हो भने म अति ब्यस्त छु र तिनीहरूका लागि दिने समय छैन भन्नेजस्ता बहाना तपाईंले कहिले पनि बनाउन पाउनुहुन्न। तपाईंहरूलाई म एउटा सुझाव दिन चाहान्छु: कहिलेकाहीँ बच्चाहरूसँग बोल्दै गर्दा हाम्रो मुखबाट नराम्रा शब्दहरू निस्कने सम्भावना रहन्छ। त्यसलाई रोक्नको लागि तपाईं बच्चासँग बोल्नुभन्दा पहिले उसलाई अङ्गालो लिनुहोस्।



यसले गर्दा अनावश्यक रूपमा मुखबाट निस्कने शब्द रोक्न तपाईंलाई मद्दत मिल्दछ। यदि बालकहरूलाई कोठामा पढिरहेको भेट्टाउनुभयो भने, तिनीहरूसँग कुरा गर्नुभन्दा पहिले (राम्रो होस् वा नराम्रो), तिनीहरूका नजिक गएर कुममा धाप मार्नुहोस्। विशेषगरी राती सुत्नुभन्दा अगाडि तिनीहरूका लागि प्रार्थना गरिदिन नभुल्नुहोस्। त्यसबेला तिनीहरू निदाइसकेका भए पनि तपाईंको प्रार्थनाको सुनवाइ हुनेछ र गहिरो निद्रामा पनि तिनीहरूले त्यसलाई सुन्नेछन्।

म सानै हुँदा प्रत्येक रात सुत्नुभन्दा अघि मेरी आमाले मेरो लागि प्रार्थना गरिदिनुहुन्थ्यो। म उहाँको प्रेममा रमाउँदै हुर्किएँ र उहाँको प्रेम र प्रार्थनाले नै आज मलाई यहाँसम्म ल्याइपुऱ्याएको छ। म यो कुरामा विश्वास गर्दछु, कि मेरी आमाले त्यसबेला गर्नु भएको प्रार्थनाले मेरो भविष्य अर्थात् आजको अवस्थाको चित्र कोरिसकेको थियो। त्यही कारणले गर्दा म आज पास्टर बन्न सकेको हुँ र मेरी बहिनीले पनि एक असल सेवकको पत्नी हुने सौभाग्य पाएकी छिन्।

हामीले अरू व्यक्तिलाई आदर, प्रेम र कृतज्ञता व्यक्त गर्न गरेको सानो प्रयास चाहे त्यो हात मिलाउनुजस्तो सामान्य काम नै किन नहोस्, त्यसले अचम्मको आशिष् ल्याउन सक्छ। यदि हामीमा ठीक प्रकारको मनोवृत्ति छैन भने त्यस्ता खाले क्रियाकलाप एउटा औपचारिक अभिवादनमा नै सीमित रहन्छ। मानिसमा आशिष् ल्याउने र उत्साह दिन सकिने यस्ताखाले थुप्रै तरिकाहरू छन्। हामीले अरू व्यक्तिहरूलाई मुस्कुराएर उनीहरूको प्रशंसा हुने खालका केही शब्दहरू व्यक्त गर्न सक्छौँ अथवा आदरसाथ उनीहरूसँग हात मिलाउन सक्छौँ। यस्ता सामान्य अनि सानो प्रयासले पनि ठूलो परिवर्तन ल्याउन सक्छ।

यस्तै प्रकारले उत्साह दिने कामहरू हामी अस्पतालमा पनि गर्न सक्दछौँ।

अस्पतालमा भरना भएका व्यक्तिहरू निराश भएर कोही भेट्न आउँछन्, कि भनी कुरिरहेका हुन्छन्। कोही बिरामीहरूचाहिँ विश्वासै गर्न नसकिने भयाकन पीडाले गर्दा एकान्तमा छटपटाइरहेका हुन्छन्। त्यस्तो अवस्थामा भएका धेरैजसो बिरामीहरूको जीवनमा मृत्यु नजिकै आइसकेको हुन्छ। म एक पास्टर भएकोले गर्दा अक्सर म अस्पतालका बिछ्यौनामा लडिरहेका बिरामीहरूलाई भेट्न जाने गर्दछु। प्राय: म त्यस्ता समयहरूमा तिनीहरूका लागि प्रार्थना गर्नुभन्दा पहिले उनीहरूका हात समात्न आतुर भएको हुन्छु। यदि म तिनीहरूका हातसम्म पुग्न सकिनँ भने तिनीहरूका खुट्टा भए पनि समात्ने कोसिस गर्दछु। कहिलेकाहीँ त्यस्तो परिस्थितिहरूमा म आफ्नो हात बिरामीको चोट र घाउमाथि राख्ने गर्दछु। त्यस प्रकारको क्रियाकलापले गर्दा ममा भएको चङ्गाइको आत्मिक वरदान उक्त बिरामीमा सरेर जान थाल्दछ र फलस्वरूप उसले प्रेमिलो न्यानोपन महशुस गरेको म देख्दछु र उसले आफ्नो हृदय खुल्ला गरी ममा भएको चङ्गाइको शक्तिलाई सहर्ष ग्रहण गर्दछ। अन्तमा म के भन्न चाहन्छु भने कुनै मानिस मृत्यु हुँदा, जब हामी अन्तिम संस्कार अथवा अन्तिम बिदाइको सेवा र दफन कार्यमा सहभागी हुन्छौँ, त्यसबेला त्यो परिवारका शोकाकूल व्यक्तिहरूलाई केवल समवेदनाको शब्दहरूमात्र व्यक्त गर्नुभन्दा अझ केही बढी हामी गर्न सक्छौँ। हामीले उनीहरूका हात समात्न सक्छौँ, तिनीहरूलाई अङ्गालो हाल्न सक्छौँ र हामी पनि तिनीहरूसँगै रुन सक्छौँ। म यस प्रकारका गतिविधिहरूद्वारा मेरा छिमेकीहरूलाई सान्त्वना दिने गर्दछु। आफ्नो काम र व्यवहारद्वारा सजिलै मानिसहरूलाई उत्साहित गर्न सकिने यो पहिलो तरिका हो।



## सुनुवाइद्वारा उत्साहित गर्नु

## Encouraging by Listening

मानिसहरूलाई हाम्रो कामद्वारा उत्साहित गर्ने अर्को तरिकाचाहिँ के भने हामीले होशियारी र धैर्यताका सात उनीहरूका कुराहरू सुनिदिनु हो अर्थात् हामी होशियार अनि धिरजी श्रोता बन्नु हो। अरूहरूसँग धेरै बोलेर हामीले उनीहरूलाई धेरै मात्रामा उत्साह दिन सक्छौँ भन्ने अवधारणा गलत हो। प्राय: गरेर धेरै वटा परिस्थितिहरूमा यो सिद्धान्त सही ठहरिँदैन। अवस्था र परिस्थितिअनुसार श्रोता पनि राम्रो उत्साह दिने व्यक्ति हुनसक्छ।

याकूब १:१९ ले यसो भन्दछ: "प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढीलो र रिसाउनमा धीमा हुनुपर्छ।" जे भए तापनि के हामीसँग सुन्नका लागि दुइ वटा कानहरू र बोल्नको लागि मुखचाहिँ एउटा मात्र छ होइन र ? यो कुराले यही सल्लाह दिन्छ, कि हामीले अरूको कुरा सुन्न हाम्रो कान तयारी अवस्थामा राख्नुपर्छ र बोल्नुभन्दा अघि दुइचोटि विचार गर्नुपर्छ। वास्तवमा भन्ने हो भने हामी आफै घमण्डले फुल्ने र नकारात्मक कुराहरू गर्नबाट जोगिनुपर्दछ।

धेरैचोटि हामीले "उपयुक्त" प्रकारले नबोल्ने मानिसहरूसँग सामना गर्नुपर्ने हुन्छ। त्यस्ता व्यक्तिहरूले अरूको भावनालाई कदर गर्दैनन्, विशेष अवस्थालाई बेवास्ता गर्दछन्, तत्कालीन वातावरणलाई बिर्सन्छन् र आफ्नै कुराहरूमात्र बोल्न ब्यस्त रहन्छन्। हामीले अगाडिको अध्यायमा छलफल गरेको कुराकानी गर्ने "उपयुक्त" तरिका यस्तो होइन। यस प्रकारको लापरबाही कुराकानीले श्रोतालाई चिसो पानी छ्यापेको जस्तो प्रभाव पर्दछ। यस प्रकारका "अनुपयुक्त" ढङ्गले

कुराकानी गर्ने व्यक्तिलाई राम्रो इसाई विश्वासको साथै बुद्धिको खाँचो पर्दछ। तिनीहरूले यस प्रकारले विचार गर्नु राम्रो हुन्छ: "यस्तो परिस्थितिमा मैले बोल्नु पर्ने कुराहरूचाहिँ यस्तो प्रकारको हो।" सुन्न मन नलाग्ने कुराहरू बोलिरहने व्यक्ति बन्न हामीलाई इच्छा हुँदैन। आफूलाई त्यस्तो अप्ठ्यारो व्यक्ति बनाउने कसैको पनि चाहना हुँदैन। यदि हामीसँग त्यसप्रकारको प्रवृत्ति छ भने सबै कुरा प्रभुको अघि राखेर बुद्धिको लागि प्रार्थना गर्नु पर्दछ र मनोवृत्तिलाई परिवर्तन गर्नुपर्दछ। यदि त्यसो गर्न सकेनौँ भने, हाम्रो वरिपरि भएका मानिसहरूले हाम्रो त्यस प्रकारको असजिलो व्यवहारको कारण अप्ठ्यारो महशुस गर्न सक्छन्।

त्यसकारण, अरूको कुराहरू धैर्यतापूर्वक सुनिदिने काम महत्त्वपूर्ण हुन्छ। हामीहरूमध्ये केही व्यक्तिहरू यति धेरै बोलिरहन्छन्, कि तिनीहरूको कारणले गर्दा सुन्नु पर्दछ भन्ने विचारधारा हामीलाई त्यति सहज लाग्दैन। यसै विषयमा मेरी श्रीमतीले मलाई यसो भन्ने गर्छिन्: "किन तपाईं अरू मानिसहरूका कुरा सुन्नुहुन्न ? तपाईंलाई केवल तिनीहरूलाई सिकाउन मात्र इच्छा लाग्छ।" तिनको त्यसप्रकारको कुराले म दोषी भएको अनुभव गर्दछु र परमेश्वरसँग मार्ग-निर्देशनको लागि प्रार्थना गर्ने गर्दछु। अनि म यो कुरा स्वीकार गर्दछु- म सुन्नभन्दा बोल्न बढी चाहना गर्ने व्यक्ति हुँ। त्यसैले गर्दा म अरूलाई सिकाउने भन्दा उनीहरूको कुरा सुन्ने व्यक्ति बन्नको लागि कडा प्रयास गर्दछु।

जोए बेली [Joe Bailey] भन्ने एक जना अमेरिकी लेखिकाको लेख मैले पढेको थिएँ। उनले आफ्ना तीन जना बच्चाहरूको ज्यान जाने गरी भएको कार दुर्घटनाको बारेमा उक्त लेखमा वर्णन गरेकी छिन्। त्यसमा बेलीले अन्तिम संस्कारको बारेमा विस्तृत विवरण उल्लेख गरेकी छिन्। उक्त अन्तिम संस्कार कार्यक्रममा प्रत्येक व्यक्ति



उनलाई समवेदना प्रकट गर्न व्यस्त थिए। त्यहाँ उपस्थित भएका सयौँ व्यक्तिहरूले पालैपालो तिनीकहाँ आएर केही सहानुभूति र आश्वासनका शब्दहरू प्रकट गर्ने गर्दथे। तर त्यहाँ आएका एक जना विशेष व्यक्तिबाट उनले त्यो निराश अनि दु:खदायी अवस्थामा शक्ति पाइन्। त्यो व्यक्ति उहाँको नजिक आयो तर केही बोलेन। केवल उसले तिनको हात समातेर प्रार्थना गर्न थाल्यो। जोए बेली उक्त व्यक्तिबाट निकै प्रभावित भइन् र उहाँले उबाट यस्तो प्रकारले उत्साहित भइन्, कि सम्पूर्ण कार्यक्रम नसकिएसम्म नै उसलाई साथमा रहिरहनको निम्ति तिनले अनुरोध गरिन्। त्यहाँ आएका सयौँ मानिसहरूले व्यक्त गरेका समवेदनाका औपचारिक शब्दहरूले तिनको बोझमाथि अझ बोझ थपिरहेको थियो तर त्यो अपरिचित व्यक्तिले उनको हात समातेर गरेको सानो कामद्वारा जोए बेलीलाई उत्साहित तुल्याएको थियो। त्यो लेख पढिसकेपछि मानिसहरूप्रति धेरै शब्दहरू बोलेर मात्र उनीहरूलाई प्रभावकारी रूपमा उत्साहित गर्न र सान्त्वना दिन सकिँदो रहेनछ मैले विचार गर्न थालेँ र यो उक्त महत्त्वपूर्ण कुरा महशुस गर्न सकैं।

उदाहरणीय श्रोताको मनोवृत्ति कस्तो हुनुपर्छ भन्ने बारेमा म अझ केही बताउन चाहन्छु। एक छिनलाई मानौँ, अहिले तपाईं एक श्रोताको स्थानमा हुनुहुन्छ अनि मेरो कुरा सुन्दै हुनुहुन्छ। सबैभन्दा पहिले बुझ्नुपर्ने कुरा के हो भने हामी शब्दहरूद्वारा सम्पर्क र सञ्चार गरिरहेको भए तापनि नजर मिलाएर आमने-सामने एक आपसलाई हेर्ने कुरा महत्त्वपूर्ण छ। जब हामी अरूहरूसँग कुराकानी गर्दछौँ, तब केही व्यक्तिरू भुइँतिर हेर्ने गर्दछन् भने कोही आफ्ना आँखा बन्द गर्ने गर्दछन्। यस प्रकारको व्यवहारले बोल्ने व्यक्तिको शक्तिलाई कमजोर बनाइदिन्छ र उनलाई निराश बनाउँदछ (आफूसँग कुरा गर्ने व्यक्तिको जुत्तातिर मात्र हेरिरहनु अशिष्ट अनि खराब बानी हो)। मैले पहिलेदेखि नै अनुभव गरेको र सिकेको कुरा के हो भने जहिले

पनि मसँग बोल्ने व्यक्तिप्रति आफ्नो ध्यान केन्द्रित गर्ने गर्दछु। आजभोलि म मानिसहरूसँग कुरा गर्दा उनीहरूले भन्न खोजेको कुराप्रति बडो एकाग्रता साथ ध्यान दिने गर्दछु, यद्धपि उनीहरूको बोलाइ अप्राशङ्गिक पनि हुनसक्छ। हामीले बुझ्नुपर्ने अर्को कुरा के हो भने हामीसँग बोल्ने व्यक्तिले भनेको प्रत्येक शब्द हामीले बुझ्न सक्छौँ भन्ने कुरामा अपेक्षा गर्न सकिँदैन। तैपनि उप्रति ध्यान दिएर प्रत्येक प्रयासलाई चाखलाग्दो बनाउने कुराप्रतिचाहिँ अपेक्षा गर्न सकिन्छ। एक श्रोताको हैसियतले म यो कुरा निश्चय गराउन चाहन्छु, कि म बोल्ने व्यक्तिको आँखामा सीधा हेर्ने गर्दछु, ताकि मैले उसलाई पछ्याइरहको छु भन्ने कुरा उसले जान्न सकोस्। उसले ठट्यौली प्रकारले बोल्दा म हाँसीदिन्छु अनि ऊ मुस्कुराउँदा म पनि मुस्कुराइदिन्छु।

यी सबै कामहरू देखावटी, औपचारिक, निष्क्रिय र मौन देखिए तापनि मानिसलाई उत्साहित गर्ने यो शक्तिशाली माध्यम हो। यसको महत्त्वलाई दबाउन सकिँदैन। यदि तपाईं अरूको कुरा सुन्दै हुनुहुन्छ भने, आफूलाई उक्त व्यक्तिप्रति केन्द्रित गराउनुहोस्। उक्त समयमा टेढो आँखाले हेर्ने अथवा दाँया-बाँया कतै टाढातिर दृष्टि पुऱ्याउनु हुँदैन। कुराकानी गरिरहँदा अरू कुनै व्यक्ति देखापरेमा तिनीहरूप्रति ध्यान केन्द्रित नगर्नुहोस् किनभने त्यसो गर्नाले हामीसँग कुरा गरिरहेको व्यक्ति निराश हुन पुग्छ। कुरा गर्दा उक्त व्यक्तिसँग पूर्ण रूपमा आमने-सामने बस्नुहोस्। हाम्रो यसप्रकारको क्रियाकलापद्वारा बोल्ने व्यक्तिलाई आदर र इज्जत मिल्दछ।

कुराकानी गर्दा अरूको कुरा सुन्न आफूलाई समर्पित गर्नु पर्दछ किनभने यो धेरै नै गम्भीर कुरा हो। आफूलाई श्रोता बनाउने क्रममा हामीसँग त्यसलाई रोक्ने खराब



मनोवृत्तिहरू छन् भने हाम्रा बाल-बच्चाहरूले पनि त्यसैलाई अनुसरण गर्ने गर्दछन्। अहिले हामीमा भएका नकारात्मक व्यवहारहरूले गर्दा भविष्यमा तिनीहरूले विभिन्न समस्याहरूको समना गर्नु पर्ने हुन्छ। परिवारलाई असल अनि सुव्यवस्थित बनाउनको लागि आमा-बाबुहरूले आफू उदाहरणीय श्रोताको भूमिका निभाएर बाल-बच्चाहरूलाई अरूको कुरा सुन्ने र उत्साह दिने व्यक्ति बनाउनु पर्दछ।

म एक पिता भएकोले गर्दा मेरा बच्चाहरूलाई मण्डलीमा ठीक प्रकारले व्यवहर गर्न सिकाएँ। मण्डलीभित्र ठीक किसिमले बस्नु, शान्त रहनु र पास्टरतर्फ ध्यान दिन मैले उनीहरूलाई आग्रह गर्ने गर्थें। यद्धपि मैले सबै कुरा सिकाए तापनि उनीहरूको चेहरामा केही अस्वभाविक कुराहरू भने देखिने गर्दथ्यो। मण्डलीमा वचन पट्यारलाग्दो भए तापनि अप्रसन्न मुद्रामा मुख बिगारेर बस्नु हुँदैन भनी म तिनीहरूलाई भन्ने गर्दथें। वक्तालाई वाधा पुग्ने किसिमको कुनै पनि काम गर्न म तिनीहरूलाई अनुमति दिन्नथें किनभने त्यसो गर्नु हाम्रो इसाई विश्वासको विपरित हुनजान्थ्यो र त्यसप्रकारको खराब मनोवृत्तिले अरूलाई हतोत्साही बनाउँदछ।

वचन प्रचार गर्ने बेलामा मलाई दर्शकहरूको मनोवृत्ति र व्यवहार अवलोकन गर्ने मौका मिल्दछ। त्यस क्रममा मैले विभिन्न प्रकारको विविधता पाउने गरेको छु। कोही व्यक्तिहरू प्रसन्न मुद्रामा देखिन्छन् भने कोही व्यक्तिहरू गम्भीर देखिन्छन्। कोही व्यक्तिहरूचाहिँ वचन चाँडै सकिए हुन्थ्यो भनी विचार गरिरहेका हुन्छन्। त्यहाँ यस्ता अनुहारहरू पनि पाइन्छन्, जसले मनमनै यसो भनिरहेका हुन्छन्: "प्रभु, मैले आज सुनेको वचनबाट के कुरा अपनाउनु आवश्यक छ भनी तपाईं बोल्नुहोस्" हामीले याद गर्नुपर्ने कुरा के हो भने हाम्रा आँखाहरूबाट हाम्रो विचार र भित्री मनोवृत्तिहरू झल्किरहेका हुन्छन्।

परमेश्वरले हामीलाई प्रत्येक सम्भावित तरिकाद्वारा उत्साह दिन लगाउनुहुन्छ, ताकि परमेश्वरका सन्तान भएकोले हामीहरूबाट हाम्रा शारीरिक हाउभाउ र प्रत्येक क्रियाकलापमाथि नियन्त्रण राख्ने कुरामा उहाँले अपेक्षा गर्नुहुन्छ। जब हामी मण्डलीमा एकै ठाउँमा भेला हुन्छौं, तब हामी यस कुरामा अझ होसियार हुनु पर्दछ। प्रचार गरिरहेको समयमा केही व्यक्तिहरूले ती कुराहरूलाई लेखिरहेको मैले देख्ने गर्दछु। मेरो अनुभवबाट यस विषयमा के भन्न सक्छु भने, त्यस प्रकारको काम गर्नुचाहिँ वक्तालाई उत्साह दिने राम्रो तरिका हो। यस्तो परिकल्पना गर्नुहोस्- कुनै व्यक्तिले तपाईंले बोल्नुभएको प्रत्येक शब्द उसको कापीमा लेख्दैछ भने तपाईंको प्रतिक्रिया कस्तो हुनेछ ? तपाईं एक वक्ताको हैसियतले त्यस प्रकारको क्रियाकलापबाट बलियो हुँदै जानुहुनेछ र यो कुरा अनुभव गर्नुहुनेछ- तपाईंले मण्डलीको लागि दिनुभएको शिक्षालाई उक्त व्यक्तिले धेरै मूल्यवान सम्झेको छ। यो एउटा यस्तो उदाहरण हो, जसलाई हामी सजिलै अपनाउन सक्छौं। कृपया, तपाईं कुनै सङ्गति अथवा बाइबल अध्ययनमा जाँदा कलम र कापी बोक्ने बानी बसाल्नुहोस्। अनि त्यहाँ सिकाइएका र छलफल गरिएका कुराहरूलाई नोट गर्ने बानी बसाल्नुहोस्। यस्तो बानी बसाल्नु धेरै लाभदायक हुन्छ। यसो गर्नाले तपाईं उक्त वक्तालाई छुट्टै किसिमले प्रभाव पार्न सक्नुहुनेछ र उहाँले तपाईंको प्रयासलाई महत्त्वका साथ कदर गर्नुहुनेछ। त्यसको ठीक विपरित वक्तालाई मुख बिगारेर एकटक लगाएर हेरिरहने र हात बाँधेर बसिरहने व्यक्तिलाई कसैले पनि मन पराउँदैन। कृपया, यस विषयमा आफ्ना छोरा-छोरीहरूलाई राम्ररी सिकाउनुहोस्।

जुनसुकै परिस्थितिमा पनि हामी उत्साह दिने उदाहरणीय व्यक्ति बन्न कोसिस गरौं। फलस्वरूप हाम्रा सन्तानहरूमा पनि यसै अनुरूपको प्रवृत्ति विकास भएर जानेछ। तपाईंका कलिला बालकहरूलाई आदरयोग्य जवानको रूपमा हुर्काउनको



लागि तपाईंले आफ्नो तर्फबाट ठूलो प्रयास गर्नु पर्नेछ। बालकहरूले धेरै कुराहरू राम्रोसँग छुट्ट्याउन नसक्ने भएकोले तिनीहरूले गर्ने प्रत्येक क्रियाकलापलाई नजिकबाट निरिक्षण अनि नियाल्नु पर्दछ। तिनीहरूका शारीरिक क्रियाकलापहरूमा पनि विना अपवाद यही सिद्धान्त अपनाउनु पर्दछ।

मण्डलीमा वचन प्रचार भइरहेको समयमा केही व्यक्तिहरू खबर-कागज र अन्य पत्र-पत्रिकाहरू पढिरहेका देख्न सकिन्छ। कोहीचाहिँ चित्रहरू कोरिरहेका हुन्छन् भने कोही भजन अथवा अरू पुस्तकहरूका पानाहरू पल्टाइरहेका पनि मैले देख्ने गर्दछु। यस्ता व्यक्तिहरूको ध्यान वचनबाट भङ्ग भएर अन्तैतिर गइसकेको हुन्छ। मण्डलीमा जब मेरा बच्चाहरूले वचनबाट ध्यान हटाएर अन्य पत्र-पत्रिकाहरूतिर अल्झिने अथवा दायाँ-बायाँतिर हेर्ने गर्दथे, तब म उनीहरूलाई चिमोटने गर्दथैं। त्यसपछि तिनीहरूले मेरो अस्वीकृतिको भावना बुझिहाल्थे र वक्ताप्रति ध्यान दिएर सुन्न थाल्थे।

म आमाहरूलाई पनि केही सुझाव दिन चाहन्छु। आधारभूत रूपमा म के विचार गर्दछु भने, आरधना सेवा चलिरहेको समयमा नाबालक शिशुहरूलाई मुख्य भवनभित्र नल्याउँदा नै राम्रो हुन्छ। तिनीहरूलाई विशेष प्रकारले हेरविचार गर्नको लागि बनाइएको नर्सरी कोठामा राख्नु पर्दछ। त्यहाँ तिनीहरूका आवश्यकताहरूको प्रवन्ध मिलाइएको हुन्छ। सेवा सञ्चालन भइरहेको बेलामा मानिसहरूलाई यताउति हिँड्न अनि हल्ला गर्नबाट रोक्नु पर्दछ किनभने यस्ता अनावश्यक क्रियाकलापहरूद्वारा ती व्यक्तिहरूका लागि मात्र होइन अरू व्यक्तिहरूलाई पनि उनीहरूको ध्यान केन्द्रित गर्न वाधा हुन्छ। सेवाको गम्भीरपनमाथि वाधा दिने त्यसप्रकारको गतिविधिहरूमा चासो नदिईकन त्यतिकै चूप लागेर बस्नु हुँदैन। धेरै

आमाहरूले आफ्नो बच्चाहरू रोएको बेला त्यसलाई साधारण रूपमा लिने गर्छन् र त्यो घटना उनीहरूले सजिलै सहन सक्छन्। साँच्चै नै साना बालकहरू रुनु-कराउनु स्वभाविक कुरा हो तर पनि तिनीहरूलाई मुख्य वेदी भएको ठाउँमा राख्नु त्यति उचित देखिँदैन। यी कुराहरू नबुझ्ने आमाहरूलाई लापरवाही अथवा गैरजिम्मेवार महिला भनेर भन्दा अनुपयुक्त नहोला।

मण्डलीभित्र बस्दा अपनाउनु र पछ्याउनु पर्ने केही आधारभूत शिष्टाचारका नियमहरू छन्। प्रार्थना र वचनको समयमा शान्त रहनु तीमध्येका मुख्य हुन्। आराधना सेवा भइरहेको बेलामा त्यसलाई बेवास्ता गरी हल्ला गर्नु र ठूलो सोरमा कुराकानी गर्नु शिष्टता होइन र यसले मानिसहरूलाई उत्साहित पनि गर्न सक्दैन। हामीले सधैँ दिमागमा राख्नुपर्ने पहिलो कुरा के हो भने यस प्रकारको व्यवहारले ल्याउने समस्याचाहिँ के हो भने यसले परमेश्वरलाई आदर-इज्जत नगरेको प्रष्ट हुनजान्छ। दोस्रो कुरा के हो भने वचन वक्ता र श्रोताहरूको ध्यानलाई भङ्ग गरेर वाधा दिनु भनेको पूर्ण रूपमा अनुत्तरदायी बन्नु हो, जुन कुरा उत्साह दिने कामको ठीक विवरित हुन्छ।

म तपाईंहरूलाई अर्को उदाहरण पनि दिन चाहन्छु। प्राय: गरी मैले मण्डलीमा विवाहको कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। यस्तो काम परमेश्वरका सेवकहरूले संसारभरि नै गरिरहेका छन्। तर नहिचकिचाइकन भन्ने हो भने केही विवाह समारोहहरूमा बाहिर बजारको हल्लाभन्दा पनि बढी आवाजहरू निस्किरहेको सुनिन्छ। केही व्यक्तिहरू विवाह समारोहहरूमा विवाहित जोडीलाई आशिष् दिनको लागि होइन तर औपचारिता निभाउन आएकाजस्ता देखिन्छन्। तिनीहरू त्यहाँ उपस्थित भएनन् भने समाजमा इज्जत प्रतिष्ठा घटेर जानेछ भन्ने खालको सोचाइ



तिनीहरूमा हुन्छ। प्राय: तिनीहरू विवाह कार्यक्रममा आएर विवाहित जोडी र उनीहरूका परिवारलाई केही रुपैयाँ-पैसा सहायता गर्न चाहन्छन्, जसले गर्दा देखावटी सम्बन्ध कायम राख्न मद्दत पुग्दछ। साँचो इमानदारीपनको अभाव भएका र त्यस प्रकारका मनोवृत्ति भएका मानिसहरूका जमघटले उक्त महत्त्वपूर्ण समारोहलाई कोलाहलपूर्ण अनि हल्ला भएको अव्यवस्थित जमघटमा परिणत गरिदिन्छ। पवित्र विवाहको कार्यक्रम चलिरहेको बेलामा बच्चाहरू रोइरहेका र मानिसहरू एक-आपसमा कुरा-कानी गरिरहेका मैले देख्ने गरेको छु। जब म पवित्र विवाहको अनुष्ठान आधिकारिक रूपमा सञ्चालन गर्दछु, तब त्यस समारोहको महत्त्व र गम्भीरतालाई कायम राख्ने अवस्था बनाउन म मानिसहरूलाई केही शर्तहरू बताउने गर्दछु। हालसालै मैले एउटा होटेलमा विवाह कार्यक्रम सञ्चालन गरेको थिएँ। उक्त कार्यक्रमको सुरुमा नै त्यहाँ आएका शुभेच्छुकहरूलाई मैले उक्त महत्त्वपूर्ण समारोहको लागि हामीले गम्भीर वातावरण सृजना गर्नु पर्दछ भनी सल्लाह दिएँ, ताकि विवाह कार्यक्रम राम्रो प्रकारले समापन गर्न सकियोस्। मैले त्यहाँका सबै ढोकाहरू बन्द गर्न लगाएँ, मानिसहरू भित्र बाहिर गर्ने क्रमलाई नियन्त्र गर्न लगाएँ र बालकहरूलाई शान्त राख्नुहोस् भनी सूचना दिएँ। त्यसपछि त्यहाँको वातावरण उक्त समारोहको लागि सुहाउँदो बन्न पुग्यो। फलस्वरूप, त्यसपछि आशिष्मय प्रकारले मैले उक्त अनुष्टानलाई अघि बढाउन सकैं।

माथि उल्लेखित विभिन्न प्रकारका उदाहरणहरूद्वारा स्वीकारयोग्य तरिकाले उत्साह दिने केही नुमनाहरूमा छलफल गर्‍यौँ। हामीले अध्ययन गरेका कुराहरूलाई निष्कर्षमा भन्ने हो भने कामद्वारा उत्साह दिनुको पहिलो चरण स्पर्श हो, दोस्रोचाहिँ अरूको कुरा ध्यान अनि आदरसाथ सुन्नु हो।

# अतिथिसत्कारद्वारा उत्साहित गर्नु

## Encouraging by Hospitality

शारीरिक स्पर्श र सुनुवाइद्वारा बाहेक अरूलाई हाम्रो कामद्वारा उत्साहित गराउने तेस्रो तरिका पनि छ। उत्साह दिने यो तरिकामा पाहुनाहरूलाई मैत्रीपूर्ण भावनामा स्वागत गर्ने र राम्रो व्यवहार गर्नेजस्ता कुराहरू पर्दछन्, जुन कामलाई अर्को शब्दमा 'अतिथिसत्कार' भनिन्छ। विशेषगरी महिलाहरूले यस कुरामा ध्यान दिनु राम्रो हुन्छ। बाइबलले यसो भन्दछ: "विनागनगन एउटाले अर्काको अतिथिसत्कार गर" (१ पत्रुस ४:९)।

बाइबलले यो कुरा स्पष्टसँग बताएको छ, कि मण्डलीका अगुवाहरू (विशेष गरी एल्डरहरू र डिकनहरू) -सँग अतिथिसत्कार गर्नसक्ने गुण हुनु अति आवश्यक छ (१ तिमोथी ३:२)। घरको ढोका पाहुनाहरूका लागि हमेसा खुल्ला राखी स्वागत गर्नु मण्डलीमा विशेष जिम्मेवारी पाएका व्यक्तिहरूको कर्तव्य हो। हाम्रो घरका सबै सदस्यहरू, पाहुनाहरू र अपरिचित नयाँ व्यक्तिहरूलाई अभिवादन अनि स्वागत गर्न हर समय तयार हुनुपर्दछ। हामीले घरमा आएका व्यक्तिहरूलाई चिया अथवा कफी दिएर न्यानो रूपमा स्वागत गर्नसक्छौँ। यस विषयमा हामीले जान्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने अतिथिसत्कारद्वारा सजिलै अनि तुरुन्तै ती व्यक्तिहरू र हामीबीच भएका सम्बन्धात्मक पर्खाललाई तोड्न सकिन्छ।

कोरियामा भएको हाम्रो मण्डली र ईश्वर-शास्त्र सिकाउने विद्यालयले सात वर्षभन्दा लामो समयदेखि विदेशी मानिसहरूको जिम्मेवारी लिएर उनीहरूलाई सहायता गरिरहेको छ। हामीले तिनीहरूलाई विनामूल्य खाने कुरा, बस्ने ठाउँ र



आत्मिकी शिक्षा उपलब्ध गराइरहेका छौँ।

ती विद्यार्थीहरू दुइ-तीन वर्षसम्म हामीहरूसँग बस्ने गर्दछन्। तिनीहरूलाई सँगै राखेर पाल्नु अनि तिनीहरूलाई त्यति लामो समयसम्म पढाउनु-सिकाउनु अवश्य पनि सजिलो छैन। त्यस विषयलाई लिएर हामीमा धेरै प्रकारका समस्याहरू बेला-बेलामा उठ्ने गछन्। त्यहाँ विभिन्न देशबाट आएका फरक-फरक प्रकारका विद्यार्थीहरू छन्, जोहरूसँग बेग्ला-बेग्लै व्यक्तित्व र आनी-बानीहरू छन्, जसको कारणले गर्दा हाम्रा सहकर्मी साथीहरूले धेरै कठिनाइ सामना गर्नुपर्ने हुन्छ। तिनीहरूलाई सबै थोक सित्तैमा उपलब्ध गराए तापनि केही विद्यार्थीहरू गुनासो अनि गनगन गरिरहन्छन्। त्यस्ता कुराहरूको बाबजुद पनि हाम्रा सहकर्मीहरूले अन्यथा विचार नगरी अन्तिम समयसम्म नै तिनीहरूसँग दयालु र प्रेमिलो व्यवहार गर्न सिकेका छन्। पढाइ सकेर दिक्षान्तित भएर घर जाने बेलामा तिनीहरूले सबै कुरा बुझ्छन् अनि हाम्रो उदारचित्त र प्रेमपूर्ण सहयोगको लागि कृतज्ञ भएर धन्यवाद दिन्छन्। धन्यवाद दिँदै गर्दा तिनीहरूका आँखाहरूमा आँसु छचल्किरहेको हुन्छ।

तर यहाँ बुझ्नुपर्ने कुरा के छ भने, ती विदेशी मानिसहरू त्यो विन्दुसम्म आइपुग्नुको पछाडि हाम्रा धेरै कर्मचारी मित्रहरूले ठूलो बलिदान गर्नु पर्दछ। विना तलब तिनीहरूले परिश्रम गर्दछन् र आफ्नो समय खर्च गर्दछन् तर त्यसको साटो धन्यवादको शब्दहरू पनि तिनीहरूले पाउँदैनन्। त्यो यस्तो प्रकारको उदारता हो, जसको निम्ति प्राप्त गर्ने व्यक्तिले कुनै मूल्य चुकाएको हुँदैन। अवस्था र समस्यहरू जे -जस्तो भए तापनि हामीले नथाकिकन अतिथिसत्कारलाई नियमित अभ्यास गरिरहनुपर्दछ। यसो गरेर नै हामीले अरूहरूलाई उत्साहित गर्न र तिनीहरूलाई सान्त्वना दिनसक्छौँ भन्ने कुरा जान्नु पर्दछ। महत्त्वपूर्ण कुराचाहिँ के हो भने, यस

प्रकारले अतिथिसत्कारको निम्ति परिश्रम गर्ने व्यक्तिहरूका लागि दिइने थुप्रै आशिष्हरूको प्रतिज्ञा बाइबलमा पाउन सक्छौं।

जब म हाम्रो सेवकाइको अतितलाई फर्केर हेर्छु, तब यो 'ए.एम.आइ. बाइबल कलेज' -लाई निरन्तर अघि बढाउनको लागि अनगिन्ती व्यक्तिहरूले आर्थिक सहायता गरेका छन् भन्ने कुरा महशुस गर्दछु। धेरै व्यक्तिहरूले विगतका सात वर्षदेखि यो विद्यालयलाई बनाउनको लागि प्रशस्त मात्रामा आर्थिक लगानी र आत्मिक योगदान गरिरहनुभएको छ।

हामीले प्रयोग गर्ने सामानहरूको निर्माणमा सहायता गर्ने व्यक्तिहरूप्रति म सधैँ कृतज्ञ अनि धन्यवादी छु, किनभने यी सुविधाहरू जुटाउनु चानचुने कुरा होइन। म ती व्यक्तिहरूप्रति पनि धन्यवादी छु, ज-जसले निरन्तर रूपमा भान्साघरको लागि आवश्यक समाग्रीहरू, विद्युतीय उपकरणहरू, फर्निचहरू, खाने कुराहरू र लत्ता-कपडाहरू जुटाइरहनु भएको छ। म ती व्यक्तिहरूप्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु, जसले आफ्नो कमाइको निश्चित भाग हाम्रो सेवकाइको निम्ति भेटीस्वरूप दिने गर्नुहुन्छ। वास्तवमा भन्ने हो भने ती दाजुभाइ अनि दिदीबहिनीहरूले मुठ्ठी नखोल्नुभएको भए यी कुनै पनि काम हामी गर्न सक्तैनथ्यौं। हाम्रो मण्डलीको पुल्पीट, जहाँबाट म परमेश्वरको वचन प्रचार गर्ने गर्दछु, त्यो एक जना एल्डरले दिनुभएको हो। मण्डलीमा भएको पियानो एक विश्वासयोग्य डिकनले दिनुभएको हो। हाम्रो विद्यालयमा पढाउनु हुने प्राध्यापकहरूले कुनै विशेष इनाम पाउन सकेका छैनन्।

आर्थिक योगदानको साथसाथै बहुमूल्य समय पनि प्रभुको सेवकाइको लागि खर्च गर्ने व्यक्तिहरूको हामीसँग कमी छैन। उहाँहरू आएर आफूसँग भएको सीप र



क्षमताहरूद्वारा हामीलाई सहायता गर्नुहुन्छ, जस्तै: कोही व्यक्तिहरूले खाना पकाउन सहायता गर्नुहुन्छ, कोहीले सरसफाइ र अन्य आवश्यक कामहरू गरिदिनुहुन्छ। त्यसैगरी केही व्यक्तिहरूले पढाउने काममा पनि हामीलाई सहायता गर्नुहुन्छ। सरल भाषामा भन्ने हो भने यस प्रकारको कामलाई उदारताको एक असल नमुना हो भन्न सकिन्छ। उहाँहरूका ती कामहरू र व्यवहारहरू इसाई हृदयको दयालु र प्रेमिलो दृष्टान्तहरू हुनु भनी भन्न सकिन्छ। मेरा दाजुभाइ र दिदीबहिनीहरूले गर्नुभएका उदारताका सबै कामहरू यहाँ उल्लेख गर्नु असम्भव छ। माथि उद्धृत घटनाहरू केही उदाहरणहरू मात्र हुन्। हालसालै नाइजेरियाबाट पास्टर जोसुवा हाम्रो विद्यालयमा केही समयको लागि अध्यापन गर्न आउनुभएको थियो। उहाँले मलाई बताउनुभयो, कि हाम्रो मण्डलीको एक जवान भाइले उहाँलाई धेरै सहायता गरिरहनुभएको छ। उहाँको भनाइअनुसार उक्त जवान केटो उहाँको दाहिने हातजस्तै भएको छ। पास्टर जोसुवाको लागि त्यो भाइ साँचो उत्साह दिने व्यक्ति भएको छ, जसको कारणले गर्दा उहाँले आफूलाई परमेश्वरले दिनुभएको सबै प्रकारको कामहरू गर्न शक्ति मिलेको छ। उक्त जवान व्यक्तिको कामहरूलाई परमेश्वरले अवश्य मूल्याङ्कन गर्नुहुनेछ भन्ने कुरामा म विश्वस्त छु।

अर्को कुरा के हो भने, जब मण्डलीमा विशेष कार्यक्रमहरू हुन्छन्, तब जवानहरूले परिश्रम गरेर फोटो खिचिरहेको दृश्य म देख्ने गर्दछु। तिनीहरूले पछि ती फोटोहरू धुलाएर भित्तामा टाँस्ने गर्दछन् र सबैले ती कार्यक्रमहरूका गतिविधिहरू हेरेर मूल्याङ्कन गर्न सक्छन्। समर्पणतासहित गरिएका त्यसप्रकारका कामहरूको म प्रशंसा गर्दछु। हाम्रो मण्डलीमा केही नयाँ व्यक्तिहरू भरखरै विश्वासमा आएका छन् भने अरू केहीचाहिँ आर्थिक रूपमा असुरक्षित अवस्थामा छन्। तिनीहरू अन्यौल र समस्याहरूका बीचमा बाँचिरहेका भए तापनि विना

गुनासो र विना गनगन मण्डलीको निम्ति निरन्तर परिश्रम गरिरहेको म देख्दछु। हाम्रो विद्यालयबाट पचास जना विद्यार्थीहरू दिक्षान्तित भइसकेका छन् र तिनीहरूलाई सफल बनाउन योगदान गर्नुहुने स्वयम् सेवकहरूप्रति म धन्यवादी छु। हाम्रो विद्यालयमा अध्ययन गरेका ती विद्यार्थीहरू अहिले विश्वको विभिन्न भागमा रहेर परमेश्वरको सेवकाइ गरिरहेका छन्। तिनीहरूमध्ये केही मिसनेरी भएर पनि काम गरिरहेका छन्। हाल करिव तीस जना विद्यार्थीहरू हामीसँग छन्, जोहरू करिव एक दर्जन जति देशहरूबाट आएका हुन्। यी विद्यार्थीहरू परमेश्वरको सेवा गर्ने आशा र उद्देश्य लिएर ए. एम. आइ. बाइबल कलेजमा पढिरहेका छन्।

माथि उल्लेखित कुराहरूबाट हामी के बुझ्न सक्छौं भने, ती थोरै सङ्ख्याका व्यक्तिहरूका कारणले गर्दा आज धेरैभन्दा धेरै व्यक्तिहरूले परमेश्वरको अनुग्रहमा आनन्द मनाउन पाइरहेका छन्। समर्पणताका साथ आफ्नो सम्पत्ति र समय दिने त्यस्ता व्यक्तिहरू परमेश्वरको राज्यको लागि उत्साह दिनेहरू हुन्। प्रिय पाठकहरूलाई यो कुरामा उत्साह दिन चाहान्छु। कृपया, हप्तामा एकपटक मात्र मण्डलीमा जाने कुरामा सन्तुष्ट भएर नबस्नुहोस्। अरूलाई सहायता गर्न र केही कुरा दिनको लागि सक्रियताका साथ अघि बढ्नुहोस्। सानो बलिदानले पनि सयगुणा बढी फल उत्पन्न गर्नेछ भन्ने सोचेर उत्साह दिने सक्रिय व्यक्ति बन्नुहोस् भनी म तपाईंहरूलाई चुनौति दिन चाहान्छु। यसप्रकारको मनोवृत्ति विकास गरेर सहायता अनि अतिथिसत्कार गरी मानिसहरूलाई कामद्वारा उत्साहित गर्ने तेस्रो तरिका हो।



## अन्तर्बिन्ती प्रार्थनाद्वारा उत्साह दिनु
## Encouraging Through Intercessory Prayer

हामीहरूले कामद्वारा उत्साह गर्ने चौथो तरिका अन्तर्बिन्ती प्रार्थना गर्नु हो, जुन अरूको भलाइको निम्ति परमेश्वरलाई प्रार्थनाद्वारा निवेदन चढाउने काम हो। यसलाई हामी मध्यस्थताको प्रार्थना पनि भन्दछौं। हामीहरू सँगै बसेर एक-अर्काको निम्ति र अरू व्यक्तिहरूका भलाइको निम्ति प्रार्थना गर्न मण्डलीमा नियमित रूपमा प्रार्थना सभाहरू आयोजना गरिन्छन्। यसप्रकारले अन्तर्बिन्ती प्रार्थना गर्नु भनेको इसाई जीवनको महत्त्वपूर्ण भाग हो। जसरी हामीले आफ्नो छिमेकीहरूलाई प्रेम गर्न आवश्यक छ, त्यसैगरी हामीले तिनीहरूका भलाइको निम्ति प्रार्थना पनि गर्नुपर्दछ। त्यस कुराको निम्ति हामी एक्लै बसेर पनि प्रार्थना गर्नसक्छौं, तर समूहमा सँगै बसेर एक-अर्काको निम्ति अन्तर्बिन्ती प्रार्थना गर्नु अझ लाभदायी र आशिष्मय हुन्छ। सबैजना सँगै हुँदा हामीहरू संयुक्त आत्मिक शक्तिमा कुनै विशेष साझा उद्देश्यको निम्ति प्रार्थना गर्नसक्छौं। अन्तर्बिन्ती प्रार्थनाको सबैभन्दा अचम्म लाग्दो तथ्य के हो भने, जब हामीले अरूको निम्ति प्रार्थना गर्दछौं भने हामी कहिल्यै पनि रित्तिदैनौं। हामीमा मात्र होइन तर हाम्रो लागि प्रार्थना गरिदिने व्यक्तिमा पनि यही सिद्धान्त लागू हुन्छ। त्यसैकारणले गर्दा यो रहस्य बुझिसकेका परिपक्व विश्वासीहरू एकै ठाउँमा भेला भएर नियमित रूपमा अन्तर्बिन्ती प्रार्थना गर्ने गर्दछन्।

किन हामीहरू कोषीय झुण्ड [सानो समूह] -मा भेला भएर सङ्गति गर्ने गर्दछौं ? त्यसको धेरै वटा कारणहरूमध्ये एउटा कारणचाहिँ के हो भने त्यस ठाउँमा हामी एक-आपसको निम्ति प्रार्थना गर्ने गर्दछौं र हामीलाई यो कुरा थाहा हुनुपर्दछ

छ, कि अन्तर्बिन्ती प्रार्थना गर्नाले एकले अर्कोलाई आत्मिक शक्ति प्रदान गर्दछ। विश्वासी दाजुभाइ-दिदीबहिनीहरू भेला हुँदा एक आपसको विषयहरू बाँडेर एकले अर्कोको हात समातेर गोलो भई प्रार्थना गर्दाको अनुभव विशेष अनि अद्‌भूत हुन्छ। त्यस समयमा आफ्नो लागि भन्दा पनि अर्काको लागि प्रार्थना गर्नु र उत्साह दिनु धेरै नै असल हुन्छ।

म मानिसहरूलाई प्रत्येक दिन बिहानै मण्डलीमा आएर प्रार्थना गर्नुहोस् भनी कर लगाउन चाहन्नँ। तैपनि हप्ताको कम्तीमा एकपटक वा दुइपटकचाहिँ मण्डलीमा आएर बिहानी प्रार्थनामा सहभागी हुनुहोस् भन्ने कुरामा उत्साह दिन चाहन्छु। मलाई विश्वास छ, कि तपाईंको उपस्थितिले अवश्य पनि अरू व्यक्तिहरूलाई उत्साह र शक्ति मिल्नेछ। मण्डलीमा तपाईंलाई देख्दा अरू दाजुभाइ-दिदीबहिनीहरू धेरै खुसी र उत्साहित हुनेछन्।

दुःखलाग्दो कुरा के हो भने हाम्रो मण्डलीका केही सहकर्मी मित्रहरू प्रार्थना सभाहरूमा भाग लिन हिच्किचाउछन्। हामी आफै बसेर राम्रोसँग प्रार्थना गर्नसक्छौँ भनी तिनीहरू भन्ने गर्दछन्। कुनै व्यक्तिले शान्त कोठामा बसेर परमेश्वरले मात्र सुन्ने गरी प्रार्थना गर्न सक्छ तर यो कुरा कहिले पनि भुल्नु हुँदैन, कि हामी प्रार्थना सभाहरूमा सहभागी भइदिँदा त्यहाँ आएका अरू विश्वासी व्यक्तिहरूलाई धेरै मात्रामा शक्ति र उत्साह मिल्ने गर्दछ। समूहमा हामी विश्वासी दाजुभाइ-दिदीबहिनीहरू उपस्थित भएर प्रार्थना गर्दा त्यो समूहको अगुवा कति धेरै खुसी र धन्यवादी हुन्छन् भन्ने कुरालाई एकचोटि कल्पना गर्नुहोस् त ! कसरी अरूलाई उत्साहित र शक्तिशाली बनाउन सकिन्छ भन्ने कुराप्रति हामीले कोसिस गर्नु पर्दछ र त्यसप्रकारको काममा उत्सुकता प्रकट गर्नु पर्दछ। दुर्भाग्यवस आजभोलिका



मानिसहरूले व्यक्तिगत विशेषतामा मात्र ध्यान दिन थालेकोले स्वयम् आफूप्रतिमात्र केन्द्रित भएका छन्। तिनीहरूले आफ्नै स्वार्थका कुराहरूमा मात्र अभिरुचि राख्दछन् तर अरूहरूका बारेमा कुनै वास्ता राख्दैनन्। संसारमा मानिसहरूलाई जेजस्तो कुराले प्रभाव पारे तापनि हामी विश्वासीहरूले एक अर्कोलाई उत्साह दिने र वास्ता गर्नेजस्ता असल कामहरूद्वारा समाजलाई चम्किलो बनाउँदै लैजानु पर्दछ।

प्रत्येक शनिवारको आराधना सेवाको तयारीको निम्ति प्रशस्त परिश्रम र समय दिनुहुने व्यक्तिहरूलाई हामीले हार्दिकताका साथ स्मरण गर्नु पर्दछ। बाहिरबाट सरसरती हेर्दा सुरुमा हामीले उहाँहरूका समर्पणता, उदारता र बलिदानलाई देख्न सक्दैनौँ तर आराधना सेवामा जुन सुन्दर कुराहरू हामी देख्दछौँ, ती सबै उहाँहरूका परिश्रमको नतिजा हो। उहाँहरूका कामहरूको फलस्वरूप उक्त आराधना सेवा परमेश्वरको नजरमा दागरहित अनि अति सुन्दर हुन पुग्दछ। भवनभित्र देखिने कुराहरूले पनि त्यहाँ सहभागी भएका प्रत्येक व्यक्तिलाई उत्साहित गर्दछ। कहिलेकाहीँ मण्डलीमा सेवापछि हामी सँगै बसेर खाना खाने गर्दछौँ। यदि हाम्रा दाजुभाइ-दिदीबहिनीहरूले प्रेमसाथ हाम्रो निम्ति खाना तयार पारेका छन् भने उहाँहरूको उदारतालाई सहर्ष स्वीकार गर्दै त्यसमा सहभागी हुनु पर्दछ र उहाँहरूको प्रेम र दयाको निम्ति धन्यवादी हुनु पर्दछ। म यस विषयलाई अझ स्पष्ट बनाउन चाहन्छु, कि सेवा सकिएपछि त्यस प्रकारको हाम्रो क्रियाकलापले हाम्रो निम्ति खाना तयार पार्ने महानुभावहरूलाई ठूलो उत्साह मिल्दछ। कृपया त्यस्तो परिस्थितिमा कहिले पनि यसो नभन्नुहोस्: "अहिले म व्यस्त छु, मैले अरू धेरै काम कुराहरू गर्नु पर्नेछ। अहिलेलाई म भ्याउँदिनँ।" त्यसप्रकारका बहाना बनाउनुको सट्टामा हामी खुसीसाथ उहाँहरूसँग एउटै टेबलमा सहभागी हुनु धेरै राम्रो हुन्छ। हामीलाई खाना बनाउने व्यक्तिसँग हात मिलाउनु, उहाँलाई धन्यवाद दिनु र खाने

कुराको प्रशंसा गर्नुजस्ता कामले उक्त व्यक्तिलाई धेरै शक्ति र उत्साह मिल्दछ। त्यस्तो परिस्थितिद्वारा हामीले अरूलाई कसरी उत्साहित गर्न सकिन्छ भन्ने बारेमा यो एउटा राम्रो उदाहरण हो।

अब म यो अध्यायमा छलफल गरिएका मुख्य-मुख्य कुराहरूलाई संक्षेपमा दोहोऱ्याउन चाहन्छु। हामीले सिकेको सबैभन्दा पहिलो कुरा के थियो भने उत्साह दिने कामलाई शब्दहरूमा मात्र सीमित राख्नुहुँदैन तर यसलाई आफूले भ्याएसम्म सबै प्रकारका कामहरूद्वारा प्रकट गर्नु पर्दछ। दोस्रो कुरा के थियो भने हामीले पाँच किसिमका कामहरूद्वारा अरूहरूलाई उत्साह दिने क्रियाकलापहरूको अभ्यास गर्नु पर्दछ। ती कामहरू यिनै हुन्: शारीरिक रूपले स्पर्श गर्नु, धैर्य भएर अरूको कुरा सुन्नु, अतिथिसत्कार गर्नु, अन्तर्बिन्ती प्रार्थना गर्नु र अरू व्यक्तिले निमन्त्रणा दिएको ठाउँमा सहभागी हुनु। यी विभिन्न प्रकारका उत्साह दिने कामहरूद्वारा हाम्रा छिमेकीहरूलाई उत्साह दिएर बलियो बनाउन सक्नेछौँ।

अरूलाई उत्साह दिने व्यक्तिलाई परमेश्वरले कस्तो आशिष् दिने प्रतिज्ञा गर्नुभएको छ त ? पहिलो कुरा के हो भने जब उक्त व्यक्तिलाई प्रोत्सहनको खाँचो पर्दछ, तब परमेश्वरले निश्चय नै प्रत्यक्ष रूपमा उत्साह दिनुहुन्छ अथवा अरू व्यक्तिहरूबाट सो काम पूरा गर्नु हुनेछ। दोस्रो कुराचाहिँ के हो भने जब हामी अरूलाई उत्साह दिन्छौँ, तब त्यो व्यक्तिबाट हामीले आदर र स्नेह पाउनेछौँ। हामीहरूको माध्यमद्वारा मानिसहरूले आशिष् पाउने हुनाले हाम्रो उपस्थितिलाई उनीहरूले स्वागतसाथ धेरै नै मन पराउनेछन्।

तेस्रो महत्त्वपूर्ण कुरा के हो भने उत्साह दिने व्यक्तिले आफूमा भएका वरदानहरू र आशिष्हरू आफ्ना भावी सन्तानहरूमा पनि हस्तान्तरण गर्दै जान्छ। म के भन्न



चाहन्छु भने बच्चाहरूलाई दिइने साँचो शिक्षा केवल शब्दहरूमा मात्र सीमित हुनु हुँदैन। बिस्तारै आमाबाबुहरूले प्रदर्शन गरेका राम्रा बानी-व्यहोराहरू तिनीहरूका बच्चाहरूले अनुकरण गर्ने गर्दछन्। त्यसैले, हामीले जानेका उत्साह दिने यस प्रकारका तरिकाहरू दिमागमा मात्र रहन दिनु हुँदैन। हामीले ती तरिकाहरूलाई निरन्तर अभ्यस गर्नु पर्दछ र परिवारमा सकारात्मक वातावरण जन्माउनका लागि तिनीहरूलाई फैलाउनु पर्दछ।

यदि हामीले सबै किसिमको परिस्थितिहरूमा अरूलाई उत्साह दिने कामलाई हाम्रो जीवनको एक भाग बनाउँदछौँ भने संसारमा हामीले मानिसहरूबाट आदर-इज्जत प्राप्त गर्नसक्छौँ अनि स्वर्गमा चाहिँ परमेश्वरले हामीलाई औधि मन पराउनु हुनेछ। परमेश्वरले हामीलाई स्वर्गमा इज्जत गरेर आदरयोग्य स्थानमा राख्नु हुनेछ किनभने उहाँका सन्तानहरू, जो यस संसारमा गरिब, दु:खी अनि एक्लो अवस्थामा छन्, तिनीहरूलाई हामीले बलियो बनाएका छौँ, आवश्यक पर्दा सान्त्वना दिएका छौँ र उत्साहित पनि गरेका छौँ। अर्को महत्त्वपूर्ण कुरा के हो भने उत्साह दिने व्यक्तिको हृदय अनुग्रह र शान्तिले भरिनेछ। जब तपाईंले आफ्नो बोलीवनच र व्यवहारहरूद्वारा मानिसहरू उत्साहित र बलियो बनाउनु हुनेछ, तब त्यस कुराले तपाईंमा आनन्द र शान्ति ल्याउनेछ।

जीवनभरि नै हामीले अरूलाई उत्साह दिने कुरा परमेश्वरले अपेक्षा गर्नुहुन्छ भन्ने कुरामा म विश्वस्त छु र तपाईंहरूले पनि त्यस्तै असल काम गरेर बाँच्नुहोस् भनी म अनुरोध गर्न चाहन्छु। यदि हामीले साँचो इमानदारिताका साथ एक आपसमा प्रेम गरेर निरन्तर रूपमा उत्साह दिन थाल्यौँ भने संसारमा परमेश्वरको राज्य स्थापित हुन सुरु गर्नेछ। जब हामीले यस प्रकारको उत्साह दिने काम आफ्नै

देशमा गर्छौं भने त्यसलाई प्रचारको काम [evangelism] भनिन्छ र यदि यो काम अरू देशहरूमा गएर त्यहाँका मानिसहरूलाई गर्दछौँ भने त्यसलाई विश्वव्यापि सुसमाचार अभियान [world mission] भनेर भनिन्छ।

प्रेरित ४:३६-३७

"अब साइप्रस देशको लेवी कुलका योसेफ, जसलाई प्रेरितहरूले बारनाबास भनी नाउँ राखेका थिए (जसको अर्थ उत्साहको पुत्र हो), उनले आफ्नो जमिन बेचेर त्यो रकम ल्याएर प्रेरितहरूका चरणमा राखिदिए।"



# भाग ६

## बारनाबास, उत्साहको पुत्र

## Barnabas, the Son of Encouragement

# बारनाबास, उत्साहको पुत्र
## Barnabas, the Son of Encouragement

करिव २० वर्षअघि परमेश्वरले मलाई सेमिनारीमा पठाउनुभयो। सन् १९८० को सुरुमा म ईश्वरशास्त्र सिक्ने क्रममा सेमिनारीमा हुँदा उत्तर अमेरकाको सुख सयलको जीवन मैले छोड्नु पर्नेछ भनी परमेश्वरले मलाई बताइसक्नुभएको थियो। त्यसैले जब मैले समय पाउथैं, तब परमेश्वरको अगुवाइमा विभिन्न मिसन-क्षेत्रहरू अवलोकन गर्न जान्थैं। मिसन-क्षेत्रका मण्डलीहरूले मलाई त्यहाँ आएर वचन प्रचार गर्न अनुरोध गर्ने गर्थ्यो। म संयुक्त राज्य अमेरिका अथवा क्यानडाबाट कोरियामा आउँथैं र त्यहाँबाट अरू ठाउँहरू, जस्तै: भारत, चीन, फिलिपिन्स, थाइल्याण्ड र कम्बोडियाजस्ता देशहरूमा भ्रमण गर्न जान्थैं।

सेवकाइको सुरुको समयमा अरू देशहरू भ्रमण गर्दा मैले अप्ठ्यारा साँस्कृतिक परिस्थितिहरूको सामना गर्नुपऱ्यो। मैले अरू देशहरूमा यात्रा गर्नु कठिन भएको अनुभव गरैं। संसारको धनी राष्ट्रबाट निस्केर गरिब अनि भोकमरीले ग्रसित देशहरूमा गएर त्यहाँका मानिसहरूसँग जिउनु मेरो लागि ठूलो चुनौतिको कुरा थियो। विकासशील देशहरूमा हप्ता दिन बस्न सुरुमा मलाई धेरै गाह्रो थियो। त्यहाँ मैले फरक खालका रीतिरिवाज, फरक मौसम, फरक वातावरणसँग जुध्नु पर्ने



हुन्थ्यो। सबैभन्दा मुख्य समस्याचाहिँ खानामा थियो। ती देशहरूमा भ्रमण गर्दा म खुसी थिएँ भनेर सजिलै भन्न सक्दिनँ।

त्यसबेला मेरो भित्री हृदयमा परमेश्वरप्रति यस्तो गनगन थियो: "प्रभु, किन तपाईंले मलाई पृथ्वीको त्यस्तो ठाउँमा पठाउनुभयो ?" त्यसबेला मलाई जान मन नलाग्ने ठाउँहरूमध्ये एउटा गन्तव्य भारत थियो। मैले भारत नजान धेरै कोसिस गरैं। प्रत्येकपल्ट म त्यहाँ गएको बेला अब कहिले पनि नफर्कने विचार गर्थैं। तर परमेश्वरले तालिम दिनको लागि मलाई बारम्बार भारतमा पठाउनुभयो।

भारतबाट फर्कने क्रममा म केही समयको लागि कोरियाको सिओल भन्ने ठाउँमा गई बस्ने गर्दथैं। वास्तवमा भन्ने हो भने सिओलमा मेरो लागि बस्न कुनै ठाउँ थिएन किनभने मैले आफ्नो देश र घर छोडेको लामो समय भइसकेको थियो। मेरो केही अफन्तहरू भने कोरियामा नै थिए तर उनीहरूको घरमा बसेर दु:ख दिनु मेरो विचारमा ठीक लागेन। त्यसैले हरेकपटक म चढेको हवाइजहाज सिओलमा अवतरण हुन लाग्दा मैले यसरी प्रार्थना गर्थें, "प्रभु, यो हप्ता सिओलमा म कहाँ बस्न ठीक हुन्छ ?" परमेश्वरले कहिल्यै पनि आफ्नो दासको आवश्यक्ता पूरा गर्न हिच्किचाउनु भएन। मैले बस्नको लागि सुहाउँदो ठाउँ ठीक समयमा नै पाउँथैं।

कोरियामा जाँदा मैले परमेश्वरको वचन प्रचार गरेको सुन्न चाहने र मलाई केही दिनको लागि अतिथिको रूपमा आफ्नो घरमा निम्तो दिन चाहने केही मानिसहरू थिए। तर उनीहरूले मलाई अतिथिको रूपमा बोलाउन गाह्रो थियो। त्यसैले मैले उनीहरूको समस्या बुझी बडो होसियारीसाथ उनीहरूलाई वाधा नदिने कोसिस गर्ने गर्थैं। मैले उनीहरूसँग बस्न असजिलो महशुस गर्ने कारण यही थियो।

म अन्य देशहरूमा बस्नु र त्यहाँका मानिसहरूको घरमा समय बिताउनु परमेश्वरले मेरो जीवनमा बनाउनु भएको योजना हो भन्ने म विश्वास गर्दछु। त्यस प्रकारको बसाइबाट मैले धेरै नयाँ अनुभव पाउथैं। म सिओलमा भएको बेला साथीहरूले मेरो सेवकाइको बारेमा धेरै प्रश्नहरू गर्ने गर्दथे, जस्तै: "संसारभरि घुमेर आजभोलि तपाईं के गर्दै हुनुहुन्छ ?" खुसीको कुरा के हो भने त्यो समयामा मेरो केही सम्पन्न साथीहरूले मेरो खाँचो बुझ्दथे र सिओलमा म हतारमा भएको बेला र यातायातको साधन चाहिएको बेला साथीहरूलाई सहयोगको लागि बोलाउँदा उनीहरू आफ्नो सानदार कार लिएर मलाई लिन आउँथे। परमेश्वरले जहिले पनि मेरो खाँचो र आवश्यक्ताहरू पूरा गर्न उपयुक्त व्यक्तिहरू जुटाउनुहुन्थ्यो। ठीक समयामा कोही न कोही व्यक्तिलाई मेरो सहयोगको निम्ति पठाइदिनुभएको कुरा मैले अनुभव गरेको छु। पूर्ण रूपमा मसँग अपरिचित व्यक्तिहरूले पनि सहयोगको हात बढाउन इच्छा गरेका केही घटनाहरू छन्। जब म मानिसहरूसँग बोल्दथैं, तब तिनीहरूले म पास्टरको भएको कुरा थाहा पाउँथे र मलाई सहयोग गर्न मन गरिहाल्थे। अहिलेसम्म विभिन्न व्यक्तिहरूले मेरो आवत-जावतको खर्च र बास बस्ने ठाउँको सम्पूर्ण व्यवस्था मिलाइदिने गरिरहेका छन्। कोही विमानस्थलमा नै आएर मलाई अभिवादन गर्ने गर्दछन् र उनीहरूको घरमा पाहुना भएर जानलाई आफ्नो गाडीसहित लिन आउँछन्। कहिलेकाहिँ कुनै होटेलको राम्रो कोठा मेरो निम्ति तिनीहरूले व्यवस्था गरिराखेका हुन्छन्।

करिब १५ बर्षसम्म मैले कोरियालगयत संसारको बिभिन्न ठाउँहरूमा भ्रमण गर्दा, विभिन्न प्रकारका ठाउँहरूमा बसैं र बिभिन्न किसिमका खानेकुराहरू खाएँ। त्यस्तो अनुभवहरूद्वारा परमेश्वरले मलाई नम्र बनाउँदै लैजानुभयो। मेरो लागि आज कहाँ गएर सुत्ने भन्ने रोजाइको बिलकुलै कुनै मौका थिएन अर्थात् कुनै रात म कुन



ठाउँमा गएर सुत्छु भन्ने छनौट गर्न पाउँदिन थिएँ। परमेश्वरको निर्देशनमा आज एक ठाउँमा बस्नुपर्दथ्यो भने भोलि अर्कै ठाउँमा उहाँले डोऱ्याउनुहुन्थ्यो। मैले विना कुनै गनगन उहाँले उपलब्ध गराउनुभएको बस्ने ठाउँ, खाने कुरा र आवश्यक समाग्रीहरू स्वीकार गर्नुपर्दथ्यो। त्यस प्रकारले परमेश्वरले मलाई तल-तल झार्दै लानुभयो। सेवकाइको दौरानमा मलाई घरिघरि सहायता गर्ने केही विशेष व्यक्तिहरू हुनुहुन्छ। म उहाँहरूप्रति अति आभारी छु।

मैले त्यसप्रकारले जिउन थालेपछि येशू ख्रीष्टले उहाँको जीवन यस पथ्वीमा कसरी जिउनुभएको रहेछ भन्ने कुरा राम्रोसँग बुझ्ने मौका पाएँ। हामी बाइबल अध्ययन गर्दा देख्न सक्छौं, कि स्वयम् परमेश्वर भएर पनि येशूको स्थायी रूपमा बस्नको लागि घर थिएन। तीन वर्षको सेवकाइ अवधिमा उहाँले सार्वजनिक रूपमा घुमन्ते जीवन जिउनुभयो। प्राय: येशू उत्तरी इस्राएलको कफर्नहुम भन्ने क्षेत्रमा बस्नुहुन्थ्यो। जब उहाँ यहूदीहरूको सात वटा धार्मिक चाडहरू मनाउन यरूशलेम जानुहुन्थ्यो, तब त्यहाँ बस्नको लागि उहाँको कुनै विशेष ठाउँ थिएन। (उहाँको शारीरिक अमा-बुबा नासरत अर्थात् उत्तरी इस्राएलमा नै बसोबास गर्नुहुन्थ्यो।)

हरेकपल्ट येशू यरूशलेममा जानुहुँदा विशेषगरी त्यहाँ एउटा ठाउँमा जानुहुन्थ्यो, जुन ठाउँलाई बेथानी भनिन्छ। त्यो ठाउँ येरूशलेमको नजिकै पर्दछ। उहाँ त्यहाँ मार्था, मरियम र लाजरसलाई भेट गर्न जानुहुन्थ्यो। दिउँसो उहाँको सेवकाइ यरूशलेममा हुने गर्दथ्यो तर राती खाना खान र बास बस्नको लागि लाजरसको घरमा नै जानुहुन्थ्यो। हामीले बुझ्नुपर्ने कुरा के हो भने येशूले संसारमा हुँदा एउटा विदेशीजस्तो भएर फिरन्ते जीवन जिउनुभयो।

त्यसकारण, येशूले यसो भन्नुभयो भन्ने कुरामा हामीले अचम्म मान्नु पर्दैन, "स्यालका दूला र आकाशका चराचुरुङ्गीहरूका गुँड हुन्छन् तर मानिसको पुत्रको लागि त शिर ढल्काउने ठाउँ पनि छैन" (मत्ती ८:२०)। त्यही जीवनशैलीलाई उहाँका चेलाहरूले अनुसरण गरिरहेका थिए। तिनीहरू प्राय: सबै जना गालीलको उत्तरी क्षेत्रबाट आएका थिए खालि यहूदा इस्करियोत मात्र यहूदिया क्षेत्रबाट आएका थिए। जब उहाँ यरूशलेम जानुहुन्थ्यो, तब उहाँका चेलाहरूले उहाँलाई पछ्याउँथे। त्यहाँ तिनीहरूको निम्ति बस्नलाई कुनै ठाउँ उपलब्ध थिएन। यस विषयमा एउटा प्रश्न जहिले पनि मैले आफैलाई सधैँ सोध्ने गर्दछु, "ती चेलाहरू यरूशलेम गएको बेला कहाँ बस्थे होला ? के तिनीरूले एक महिनको लागि कुनै घरको कोठा भाडामा लिन्थे ?" वास्तवमा भन्ने हो भने येशू र ती चेलाहरूको प्रार्थना गर्ने कुनै गोप्य ठाउँसमेत त्यहाँ थिएन। उहाँहरू प्रार्थना गर्न त्यहाँको सभाघर अथवा मन्दिर जानुबाहेक अरू कुनै विकल्प थिएन। धेरैपटक यहूदी अधिकारीहरू र धार्मिका अगुवाहरूको सत्रुतापूर्ण व्यवहारको कारणले गर्दा येशू र उहाँका चेलाहरू डाँडाहरू र टाढाका खेतहरूमा गएर प्रार्थना गर्नु पर्दथ्यो।

पुनरुत्थान भएको चालीस दिनपछि अर्थात् उहाँ स्वर्गारोहणभन्दा केही समयअगाडि करिब छ सय जना उहाँलाई पछ्याउने चेलाहरूलाई येशूले महत्त्वपूर्ण आज्ञा दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यस [पवित्र आत्मा] -बारे तिमीहरूले मबाट सुनिसकेका छौ" (प्रेरित १:४)।



छ सय जना मानिसहरू एकै ठाउँमा जम्मा हुनलाई कुनै उपयुक्त ठाउँ थिएन। त्यसैले तिनीहरूमध्ये धेरै जना यताउति लागे र खालि एक सय बीस जनामात्र एकै ठाउँमा जमघट भएर प्रतीक्षा गरिरहे। त्यसबेला एक सय बीस जना अटाउने ठूलो कोठा उपलब्ध थिएन। त्यस कुरामा बारनाबासलाई धन्यवाद दिनुपर्दछ। एक सय बीस जना चेलाहरूमध्येका उनी पनि एक हुन्। उनैले एक सय बीस जना व्यक्तिहरू अटाउनसक्ने ठाउँको बन्दोबस्त गरे।

आजभोलिको सन्दर्भमा हामी बारनाबासलाई प्रवासी भन्नसक्छौँ किनभने उनी यरूशलेमको नजिकको क्षेत्र अथवा यहूदियाबाट आएका होइनन्। उनी साइप्रस भन्ने ठाउँबाट आएका यहूदी थिए, जुन ठाउँ भू-मध्य सागरको एउटा टापु हो। वंशावलिअनुसार उनी लेवी कुलका मानिस थिए। उनी परमेश्वरको सेवक हुनको निम्ति चुनिएको थियो। प्राय: उनी यहूदीहरूको सात वटा चाडहरू- निस्तार चाड, अखमिरे रोटीको चाड, पहिलो फलको चाड, पेन्तिकोसको चाड, तुरही फुक्ने चाड, प्रायश्चितको चाड र छाप्रोवासको चाड मनाउन यरूशलेम जाने गर्दथे। त्यसबेला उनी प्यालेस्टाइनमा उनकी दिदी मरियमसँग बस्दथिन्, जो मर्कूसको आमा थिइन्। बारनाबास मर्कूसको आफ्नै मामा थिए।

बाइबलले बताएअनुसार यरूशलेममा मरियमको ठूलो घर थियो। येशू पुनरुत्थान हुनुभन्दाअघि बारनाबास र मरियम दुवैले उहाँलाई चिनेका थिएनन्। येशू पुनरुत्थान हुनुभएर यस संसारमा चालीस दिन देखा पर्नुभएको अवधिमा उनीहरू परिवर्तन भई इसाई बनेका थिए। येशूले स्वर्गारोहण हुने बेलामा चेलाहरूलाई यस्तो आज्ञा दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतिक्षा गर" (प्रेरित १:४)। बारनाबासले यो कुरा थाहा पाए, कि यरूशलेममा त्यति धेरै मानिसहरू अटाउने उपयुक्त ठाउँ थिएन।

तसर्थ, येशूको आज्ञाअनुसार चेलाहरूलाई एकै ठाउँमा भेला गर्न उसले आफ्नो दिदीको घर प्रयोग गर्ने उपाय निकाले।

## बारनाबास, एक परोपकारी व्यक्ति
## An Altruistic Person, Barnabas

यहाँ चाखलाग्दो कुरा के छ भने बारनाबासको सुरुको नाउँ योसेफ थियो। बाइबल बताएअनुसार प्रेरितहरूले उनलाई बारनाबास नाउँले बोलाउन थाले, जसको अर्थ ग्रीक भाषामा "उत्साहको पुत्र हो" (प्रेरित ४:३६)। ग्रीक भाषामा उनको नामको अर्थ कुनै व्यक्तिलाई निरन्तर उत्साह दिने र अरूलाई सहायता गर्ने हुन्छ। साँच्चै बारनाबासले सधैँ अरूलाई उत्साह दिईरहन्थे र उनको वरिपरि भएकाहरूलाई सकारात्मक रूपले हौसला दिई बलियो बनाउने गर्दथे।

म अलि फरक विषय तर प्राशङ्गिक एउटा घटनाको बारेमा भन्न चाहन्छु। यो घटना मैले चिनेको एक जना एल्डरको बारेमा हो, जो एक इसाई आश्रय केन्द्रको प्रवन्धक हुनुहुन्छ। त्यो आश्रय केन्द्रको नाउँ "इसाई प्रतिष्ठान" (The Christian Academy) हो। यो केन्द्र अमेरिकाको न्यू जर्सी (New Jersey) भन्ने क्षेत्रमा एकदम प्रख्यात छ। उक्त एल्डरकी पत्नी बच्चाहरूको राम्रो विशेषज्ञ हुनुहुन्छ। केही वर्षअगाडि त्यो एल्डरको पति-पत्नी सिओलमा घुम्न आएका थिए। उनीहरूले मलाई आफू बसेको होटेलमा भेट्न आउनलाई अनुरोध गरे। फोनमा बातचित भएपछि, म उनीहरूलाई भेट्न होटेलतिर गएँ। होटेलको बैठक कोठामा उनीहरू मलाई अघिबाटै पर्खिरहेका थिए। हमीले एक-अर्कासँग अभिवादन साटासाट



गरिसकेपछि, त्यो एल्डरले यसो भन्नुभयो, "पास्टरज्यू, एउटा स्वर्गदूत आएर मलाई भन्यो, कि सेवकाइको लागि यो विशेष भेटी तपाईंलाई दिनू।" उसले स्वर्गदूतको बारेमा फेरि बोल्न सुरु गऱ्यो, त्यसैले मैले उसलाई त्यस विषयमा अलि स्पष्ट गरी भन्न लगाएँ। त्यो एल्डरले मेरो मण्डलीको एक जना महिला डिकनको बारेमा कुरा गरेको रहेछ भन्ने कुरा त्यसपछिमात्र मलाई थाहा भयो। तिनलाई "स्वर्गदूत" भनेको सुनेर म छक्कै परेँ। त्यस विषयमा स्पष्टसँग व्याख्या गर्न मैले उहाँलाई शिष्टतापूर्वक अनुरोध गरेँ। उहाँले यसरी जवाफ दिनुभयो, कि त्यो डिकनलाई उहाँले दुइ दशकभन्दा अघिदेखि नै चिन्नुहुन्थ्यो। वास्तवमा तिनी स्वभावमा स्वर्गदूतजस्तै थिइन्। पछि मैले त्यो डिकनको बारेमा यो कुरा थाहा पाएँ, कि तिनीलाई न्यू जर्सीमा धेरै मानिसहरूले स्वर्गदूत भनेर बोलाउँथे किनभने तिनी विशेषगरी उदारता, भलाइ र विश्वसयोग्यताले भरिएकी महिला थिइन्। मैले यो महशुस गरेँ, कि तिनी बारनाबासजस्तै अरूहरूलाई उत्साह दिने व्यक्ति थिइन्। न्यू जर्सीबाट आएको त्यो दम्पत्तिले त्यस समयदेखि अहिलेसम्म नै हाम्रो सेवकाइको लागि प्रार्थना र आर्थिक रूपले निरन्तर सहयोग गरिरहेका छन्। ती महिला जोसँग स्वर्गदूतको जस्तै स्वभाव छ, तिनले धेरै मानिसहरूलाई उत्साह दिएर सहायता गरिरहेकी छिन्। त्यो दम्पत्तिले तिनीबाट प्रेरणा पाए अनि तिनको उदाहरणलाई पछ्याउँदै हाम्रो सेवकाइको लागि सहायता गरिरहेका छन्।

अब हामी बाइबलमा फर्केर जाऔँ। दिदीको घर चेलाहरूका निम्ति प्रयोग हुन सक्छ भन्ने विचार बारनाबासको मनमा आयो। तत्कालै तिनले आफ्नो दिदीसँग चेलाहरूको अप्ठ्यारो परिस्थितिको बारेमा बातचित गरे। परिणामस्वरूप "मर्कूसको घरको बुइगल" एक सय बीस जना चेलाहरूका निम्ति तयार पारे। हामी जुन "मर्कूसको घरको बुइगल" -को बारेमा कुरा गर्दछौँ, त्यो मर्कूस भन्ने व्यक्ति

मरियामको छोरा थिए। यस विषयमा बाइबलले वर्णन गरेको छ: "... तिनी मर्कूस भनिने यूहन्नाकी आमा मरियमको घरमा गए" (प्रेरित १२:१२)। त्यसबेलाको समयमा एउटै कोठामा त्यति ठूलो जमातलाई राख्नु साधारण कुरा थिएन (प्रेरित १:१५)। बारनाबास र मर्कूसको परिवारले अनुग्रही भएर आफ्नो घर पहिलो इसाईहरूको आराधना गर्ने वेदी बनाउनलाई प्रदान गऱ्यो। त्यही ठाउँबाट इसाई इतिहासको सुरुवात भयो। उनीहरूसँग सुन्दर अनि समर्पित हृदय भएको कारणले गर्दा परमेश्वरले बारनाबास र मर्कूसको परिवारलाई प्रसस्त मात्रामा अशिष् दिनुभयो।

पेन्तिकोसको दिनपछि यरूशलेम मण्डलीका धेरै इसाईहरू (विश्वसीहरू) कडा सतावटको कारणले विभिन्न ठाउँहरूमा छरपस्ट भए (प्रेरित ८:१-२)। हरेक समय तिनीहरू भेला हुनुपर्दा बारनाबासको घर परिवासरसँग एक साथ भेला हुन्थे। तिनीहरू भेला हुने ठाउँचाहिँ मर्कूसको घरको बुइगल नै थियो (प्रेरित १२:१२)। परमेश्वरको राज्य विस्तारको लागि मर्कूसको महत्त्वपूर्ण योगदान बारेमा हामीलाई थाहा छ अनि सुसमाचारीय मर्कूसको पुस्तकको लेखक पनि उनी नै हुन्।

बाइबलमा धेरै पटक मर्कूसको घरलाई प्रयोग गरिएको घटनाहरू उल्लेख गरिएको छ। चेलाहरूलाई भेटघाटको निम्ति ठूलो ठाउँको आवश्यक हुँदा मर्कूसको घरको आवश्यक पर्दथ्यो। उदाहरणको लागि केही घटनाहरूलाई हेरौं: राजा हेरोदले चेलाहरूलाई सतावट दिएको बेलामा र येशू ख्रीष्टको एक जना चेला याकूबको हत्या गरेको समयमा मानिसहरू त्यहाँ भेला भएका थिए। उक्त राजाले पत्रुसलाई बन्दी बनाएर झ्यालखानामा राखेको बेलामा इसाईहरू मर्कूसको घरमा जम्मा भई पत्रुसको निम्ति प्रार्थना गरिरहेको थिए। परमेश्वरका दूतद्वारा जब पत्रुस अचम्म



तरिकाले झ्यालखानाबाट छुटे, तब उनी मर्कूसको घरको बुइगलतिर डौडेर गएर। त्यहाँ उसको भाइहरू अघिबाटै भेला भएर तिनको निम्ति प्रार्थना गरिरहेका थिए (प्रेरित १२:१२)। आजको सन्दर्भमा हामी त्यस ठाउँलाई "प्रार्थना केन्द्र" (Prayer Center) भन्नसक्छौँ।

बारनाबास उदार चित्त भएका र अरूलाई वास्ता गर्ने कस्तो व्यक्ति थिए र उनलाई परमेश्वरले अचम्म प्रकारका कामहरू गर्न कसरी प्रयोग गर्नुभयो भन्ने रहस्यको कुरा हामी गम्भीर भएर विचार गरौँ।

परमेश्वरका सेवकको हैसियतले हामीहरू सबै जना उहाँको दास हौँ। तर आजभोलि विश्वासीहरूमा भएको घमण्ड र अहंपनाले तिनीहरूलाई अविश्वासीहरूजस्तै बनाएको छ। यस कुराले मलाई निकै चोट पुऱ्याउँछ। स्वार्थीपन परमेश्वरबाट होइन तर यो शैतानको चरित्र हो। सबै पास्टरहरूले विचार गर्नुपर्ने कुरा के हो भने आज इसाईहरू मण्डलीमा आफूलाई मन परेको थोकहरू किनमेल गर्नका लागि बजारमा आइरहेका जस्ता देखिन्छन्। हामी प्राय: अफूलाई मन पर्ने वचनमात्र सुन्दछौँ। परमेश्वरले आफ्नो वचनद्वारा हप्काउनुभएको बेलामा हामी आफ्ना कान र आँखाहरू बन्द गर्ने गर्दछौँ किनभने हामी जीवनमा कष्ट आएको मन पराउँदैनौँ। तिमीहरू स्वर्थी बन्नु हुँदैन भनी हाम्रो प्रभुले स्पष्टसँग भन्नुभएको छ तर पनि हामी आफ्ना चहाना र अभिलाषाहरू पूरा गर्न अरूभन्दा अझै अघि बढिरहन्छौँ। यी कुराहरू विचार गर्दा साँच्चिकै मेरो हृदय छिया-छिया हुने गर्दछ।

# बारनाबास, एक असल मानिस

## A Good Man, Barnabas

बारनाबासको विषयमा धर्मशास्त्रमा यसरी लेखिएको छ: "तिनी असल, पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका मानिस थिए" (प्रेरित ११:२४)। बाइबलले पहिले बारनाबासको असल चरित्रको बारेमा बताउँदछ तर उसको अत्मिकता र विश्वासको बारेमा त्यसपछिमात्र उल्लेख गरिएको छ। हामीले यहाँ याद गर्नुपर्ने कुरा के हो भने यस पदमा तिनको व्यक्तित्वलाई अरू गुणहरूभन्दा पहिले उल्लेख गरिएको छ। यसले हामीलाई महत्त्वपूर्ण कुरातिर सङ्केत गर्दछ: बारनाबास असल मानिस भएको कारणले गर्दा पवित्र आत्मा उभित्र वास गर्नुभयो र उसले गरेका कामहरू सुन्दर ढङ्गमा प्रस्तुत भए। कुनै व्यक्तिको प्राण असल चरित्रहरूले भरिएपछिमात्र ऊ पवित्र आत्माको शक्तिमा काम गर्न थाल्दछ।

त्यसकारणले गर्दा म कुनै मानिसको आत्मिक तह अथवा उसको विश्वासको गहिराइलाई भन्दा पहिले उसको व्यक्तित्वलाई हेर्ने गर्दछु। म यो उमेरसम्म आइपुग्दा हासिल गरेका प्रसस्त अनुभवबाट के भन्न सक्छु भने कुनै पनि मानिसको सबैभन्दा महत्त्वपूर्ण पक्षचाहिँ उसको व्यक्तित्व (चरित्र) नै हो। यदि कुनै व्यक्तिमा असल चरित्र छ भने पवित्र आत्मा सजिलै उसको प्राणभित्र आउन सक्नुहुन्छ र उसभित्र काम गरी पवित्र आत्माका फलहरू फलाउन सक्नुहुन्छ। खराब चरित्र भएको व्यक्तिभन्दा असल चरित्रहरूले भरिएको बारनाबासजस्तो व्यक्ति सजिलै परिवर्तन भएर पवित्र आत्माद्वारा प्रयोग हुनसक्छ। बारनाबासमा कुनै प्रकारको स्वार्थी अभिप्राय अनि डाही स्वभाव थिएन, बरू तिनमा फराकिलो हृदय र उदार आत्मा थियो।



आधुनिक संसारको दृष्टिकोणमा बारनाबास सोझो, सरल (भोला) र निमुखा व्यक्तिजस्तो देखिन सक्छ तर वास्तवमा भन्ने हो भने तिनको व्यक्तित्व ती कुराहरूभन्दा फरक हुन्छ। बारनाबासजस्तो व्यक्तिले कहल्यै पनि हिसाब-किताबलाई महत्त्व दिँदैन तर त्यसको सट्टामा फिर्ता पाउने आशा नराखी अरूलाई दिन्छ। त्यस्तो व्यक्ति संसारिक क्रियाकलापहरूमा कमजोर देखिन्छन् तर उसले आन्तरिक अनि व्यक्तिगत सम्बन्धलाई बढी जोड दिने गर्दछ। ऊ जहाँ गए पनि शान्ति खोजी गर्ने गर्दछ। शान्ति र समर्पणता उसको स्वभाव हो भन्दा अत्युक्ति नहोला। उदाहरणको लागि बारनाबासको विषयमा लेखिएको बाइबल खण्डलाई हेरौँ: "उनले आफ्नो जमिन बेचे र त्यो रकम ल्याएर प्रेरितहरूको चरणमा राखिदिए" (प्रेरित ४:३७)। तिनले दिएको रकम गरिबहरूको खान-पानमा प्रयोग हुन्थ्यो।

बारनाबाससँग भएका ती असल चरित्रहरूका कारणले गर्दा परमेश्वरले उनलाई सुरूको मण्डलीमा पावलको बराबरीकै अगुवा बनाउनुभयो। बारनाबास नै हिब्रूको पत्रको वास्तविक लेखक हो भनेर केही ईश्वरशास्त्रीहरूले तर्क दिने गर्दछन्। तर बारनाबासको बारेमा हामीले बुझ्नुपर्ने कुरा के हो भने तिनी पावलजस्तो बाहिर गएर खुल्ला रूपमा प्रचार गर्ने जोसिला व्यक्ति भने थिएनन्। बारनाबासको दिदी मरियम सुरुको मण्डलीमा महिला अगुवा थिइन् र प्रार्थना गर्ने घरको मुख्य व्यक्ति पनि तिनी नै थिइन्। परमेश्वरले मरियमको छोरा मर्कूसलाई पनि निकै प्रेम देखाउनुभयो। मर्कूसले पवित्र आत्माको सहायतामा सुसमाचारीय मर्कूसको पुस्तक लेखे। तिनी पत्रुसका नजिकको असल चेला थिए। ग्रीक भाषामा ज्ञान नभएका पत्रुसले पवित्र आत्माको प्रेरणा र मर्कूसको सहायतामा दुइ वटा पत्रहरू (१ पत्रुस र २ पत्रुस) लेखे।

मर्कूस पत्रुसको दाहिने हातजस्तै थिए। १ पत्रुस ५:१३ मा पत्रुसले मर्कूसलाई आफ्नो "आत्मकि छोरा" भनी उल्लेख गरेका छन्। मर्कूसले आफ्नो मामा बारनाबास र आमा मरियमको विश्वासको उत्तराधिकार पाउनु विशेष आशिष्को कुरा थियो। प्रेरित पावलले पनि मर्कूसलाई आफ्नो "छोरा" भन्ने संज्ञा दिएका छन्। सहिद हुनुभन्दा केही समयअघि, जीवनको अन्तिम क्षणमा पावलले मर्कूसको साथमा रहन चाहेका थिए किनभने "मर्कूस पावलको सेवकाइमा सहयोग गर्ने व्यक्ति थिए" (२ तिमोथी ४:११)। मर्कूस पावलको निम्ति आत्मिक छोरा, मित्र र सहयोगी थिए। पछि गएर मर्कूस उत्तरी अफ्रिकाको निम्ति मिसनेरी बने। त्यहाँ उनीद्वारा कप्टिक मण्डलीको स्थापना भयो, जुन मण्डली आजको दिनसम्म पनि मिश्रमा अस्तित्वमा छ।

बारनाबास उत्साह दिने व्यक्ति भएकोले तिनको सम्पूर्ण परिवारमा परमेश्वरको आशिष् फैलिएर गयो। उक्त उत्साह दिने व्यक्तिमा हुनुपर्ने विशेष चरित्र तिनमा के थियो भने आफ्नो सबै अधिकार र अवसरहरू अरूको भलाइको निम्ति तिनले स्वइच्छाले बलिदान गरे र त्यसप्रति आनन्द मनाए। वास्तवमा भन्ने हो भने बारनाबास सुरुका बाह्र जना चेलाहरूमध्येका थिएनन् तर उनको भक्ति र समर्पणताले गर्दा आफ्नो भौतिक सम्पत्तिलाई अरूको सेवाको निम्ति बलिदान गरेर ती बाह्र जना चेलाहरूलाई उछिने। अरूहरूलाई सेवा गर्ने काममा बारनाबासलाई कसैले रोक्न सक्दैनथ्यो। बारनाबाससँग अरूलाई उत्साहित पार्नसक्ने जोसिलो हृदय थियो। चाहे तिनीहरूसँग प्रशस्त मात्रामा होस् वा नहोस्, मानिसहरूले बारनाबासमार्फत भएर अरूलाई केही दिन र सहयोग गर्न चाहन्थे। परमेश्वरको महिमाको निम्ति ती मानिसहरूले खुसी हुँदै नम्रतामा बारनाबाससँग सहकार्य गरे।



बाइबल अध्ययन गर्दा प्रेरित ५ अध्यायमा दुइ व्यक्तिहरूको बारेमा उल्लेख गरिएको पाइन्छ। तिनीहरूको आचरण बारनाबासको भन्दा एकदमै फरक थियो। तिनीहरू हननिया र सफिरा हुन् । तिनीहरूले आफ्नो जमिन बेचेर प्रेरितहरूलाई पैसा दिए। निस्वार्थ र नम्र भएर दिनुको सट्टा तिनीहरूले जमिन बेचेको रकमबाट केही आफूसँग राखे तर सबै पैसा दिएको हो भनेर खुल्ला रूपमा झूट बोलेर त्यसमा घमण्ड गर्न थाले। यहाँ ठूलो भिन्नता के छ भने कोही असल काम गरेर सार्वजनिक रूपमा प्रचार गरी त्यसमा घमण्ड गर्ने गर्दछन् तर कोही श्रद्धा र भक्तिसाथ अरूको सेवा गर्दछ तर त्यसलाई बाहिर प्रकाशमा ल्याउन आवश्यक छैन भनी विचार गर्दछन्। यस प्रकारको फरक विचार दुइ हजार वर्षअघि बारनाबास र हननियाको बीचमा विद्यमान थियो र आजको दिनमा पनि मानिसहरूमा यस्तो खालको फरक प्रवृत्ति यथावत नै रहेको पाइन्छ।

धर्मी तथा उत्साह दिने व्यक्तिहरू आफूले गरेको बलिदानमा खुसी हुने गर्दछन्। तिनीहरूले दिएकोमा आनन्दित हुन्छन् र फिर्ता पाउने आशा राख्दैनन्। त्यसको बारेमा घमण्ड गर्नु पर्ने अधिकार केही छैन भनी तिनीहरू विचार गर्दछन्। बरु त्यसको सट्टामा तिनीहरूले जति बलिदान गर्दै जान्छन्, उत्ति नै नम्र हुँदै जान्छन् ! यो कुरा कसरी सम्भव छ त ? जब परमेश्वरप्रति हृदयमा अटल विश्वास हुन्छ, त्यतिबेला मात्र यस्तो अनुभव सम्भव हुन्छ। धर्मी व्यक्तिले भौतिक कुराहरू र सांसारिक कुराभन्दा टाढाको कुरालाई देख्दछ। उनीहरू मानिहसरूले प्रशंसा गरेको र चिनेको चाहँदैनन्। उनीहरू आफ्नो आत्मिकी आँखाले विश्वाससाथ परमेश्वरलाई हेर्दछन् र तिनीहरूले सर्वशक्तिमान् परमेश्वरबाट भविष्यमा विशेष पहिचान र महिमा प्राप्त हुनेछ भन्ने कुरा अघिबाट नै बुझिसकेका हुन्छन्।

# मलाई उत्साह दिनेहरू
## My Encouragers

मैले बीस वर्षभन्दा लामो समयदेखि पास्टरीय सेवकाइ गर्दै आइरहेको छु। लामो अनुभवबाट म के भन्न सक्छु भने प्राय: इसाईहरू, जसले मण्डलीमा दशांश-भेटी इमानदारीका साथ नियमित दिइरहेका छन्, तिनीहरूले कहिल्यै पनि समस्या ल्याउँदैनन्। (यो कुराद्वारा मैले कुनै ठोस कुरा वा व्यक्तिप्रति सङ्केत गर्न खोजेको होइन तर आफ्नो व्यक्तिगत भोगाइको बारेमा मूल्याङ्कन गर्दै बताइरहेको छु।) मैले यस्तो पनि देखेको छु, कि जसले मण्डलीमा ठूलो रकमको भेटीहरू दिन्छ, त्यो व्यक्ति नम्र हुने गर्दछ। तर त्यसको विपरित मैले यस्तो पनि देखेको छु, कि जसले मण्डलीमा थोरैमात्र दशांश-भेटी दिन्छन्, उसले मण्डलीको वार्षिक भेला र बजेट निर्माणको बेलामा धेरै गनगन गरिरहेको हुन्छ। यस प्रकारका प्रवृत्ति भएका व्यक्तिहरूले मण्डलीमा धेरै नै समस्याहरू ल्याउने गर्दछन्। एसिया अथवा उत्तर अमेरिका जहाँका भए तापनि मण्डलीमा प्राय: यस्तै कुरा लागू भएको पाइन्छ। त्यस किसिमका गनगन गर्ने व्यक्तिहरूले सेमिनारीहरूमा यस विषयमा पढाउने गर्दछन् भन्दा तपाईंलाई अचम्म लाग्नसक्छ। सेवा र नम्रता बीच परस्पर सम्बन्ध किन आवश्यक छ त ? किनभने धेरैभन्दा धेरै व्यक्तिगत बलिदान र समर्पणताबाट आत्मिक वृद्धि हुँदै जान्छ र अन्तमा उक्त व्यक्ति नम्र भएर निस्कनेछ।

समर्पित हृदय भएका धेरै दाजुभाइ तथा दिदीबहिनीहरूले हाम्रो मण्डलीमा सक्रिय भएर सेवा गरिरहेका छन्। विशेषगरी वाल-सङ्गति र जवान-सङ्गतिमा सङ्लग्न भई सेवा गर्नेहरूप्रति म आभारी छु। मण्डलीमा वाल-सङ्गति सुरु गर्दा सण्डे स्कुलमा आउने एक जनामात्र बालक थियो तर सेवकाइ बढ्दै गएपछि



बालकहरूको सहभागिता पनि बढ्नथाल्यो। अहिले हामीसँग बालकहरूको बीचमा सेवकाइ गर्ने धेरै शिक्षक-शिक्षिकाहरू छन् साथै परमेश्वरको वचन घोषणा गर्ने धेरै किसिमका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। हाम्रो मण्डलीमा वाल-सङ्गति र जवान-सङ्गतिको सेवकाइ सुन्दर तरिकाबाट वृद्धि हुँदै गइरहेको छ। मलाई ती बाल -बालिकाहरू आफ्नै नाति-नातिनीहरूजस्ता लाग्दछन् र तिनीहरूलाई पढाउने शिक्षक-शिक्षिकाहरूचाहिँ छोरा-छोरीहरूजस्ता लाग्दछन्। तिनीहरू भजन-कोरस गाएर परमेश्वरलाई आराधना गरी प्रार्थना गरिरहेका देख्दा अति नै प्रशंसनीय देखिन्छन्। तिनीहरू कुराकानी गरिरहेका देख्दा पनि मलाई आनन्द लाग्दछ। त्यस प्रकारका सुन्दर दृश्यहरूले मलाई अचम्मको उत्साह मिल्दछ। अनि म परमेश्वरलाई तिनीहरूका लागि निरन्तर धन्यवाद चढाउँछु।

म महिला-सङ्गतिको सेवकाइप्रति पनि आभार व्यक्त गर्न चाहन्छु। त्यस्तै प्रकारले म विशेषगरी स्तुति-प्रशंसा झुण्डप्रति पनि सधैँ धन्यवादी छु। तिनीहरूले गाह्रा र अप्ठ्यारा परिस्थितिहरूमा पनि असल प्रकारले स्वतन्त्र भएर परमेश्वरको सेवा गर्ने गर्दछन्। यो कुरा मैले अघि पनि भनिसकेँ, कि उनीहरूको समर्पणताले मलाई साँच्चै नै हौसला र उत्साह मिल्दछ। हाम्रो मण्डलीको स्तुति-प्रशंसा झुण्डले गरेको कामको केही पारिश्रमिक पाउने आशा राख्दैनन्। उनीहरूले दर्शकहरूबाट मान-सम्मान, प्रशंसा र तालीको पनि अपेक्षा गर्दैनन्। वास्तवमा भन्ने हो भने मानिसहरूले चिनेर कदर र प्रशंसा गरोस् भन्ने चाहना उनीहरूमा पटक्कै छैन।

तर कोही-कोही यस्ता खालका व्यक्तिहरू छन्, जसले आफूलाई अरू मानिसहरूले चिनोस् अनि कदर गरोस् भन्ने कुराको तीव्र चाहना गर्दछन्। जब मानिसहरूले उनीहरूका काम र सेवालाई कदर गर्दैनन्, तब तिनीहरू गनगन गरेर

प्रतिक्रिया देखाउन थाल्छन् अनि निराश हुन्छन्। यो कुराले  के देखाउँदछ भने उनीहरू अरू मानिसहरूबाट कदर र मान-सम्मान पाउने इच्छा गर्दछन्। उनीहरूको विचारमा सेवा गर्नु भनेको मानिसहरूले उनीहरूलाई चिनोस् अनि प्रशंसा गरोस् भन्ने खातिर हो। त्यसको कारण के हो भने तिनीहरूमा विश्वासको कमी छ। तिनीहरूको विश्वास र भरोसा परमेश्वरप्रति होइन तर मानिसहरूप्रति मात्र हुने गर्दछ। मानिसहरूले हामीलाई नचिने तापनि र हाम्रो कामको कदर नगरे तापनि हामीले हाम्रो भरोसा परमेश्वरमा राख्नुपर्दछ। हामीले विश्वास र इमानदारीताका साथ परमेशवरको सेवा गर्नुपर्दछ। मानिसले नदेखे तापनि हाम्रो प्रभुले हामीलाई सधैँ हेरिरहनुभएको छ भन्ने कुरा हामीले बुझ्नुपर्दछ। हामीले गरेको सबै कामहरू र सेवकाइ स्वर्गीय राज्यमा भएको पुस्तकमा एक-एक गरी रेकर्ड राखिएका छन्।

अरू मानिसहरूले हाम्रो कामको बारेमा जेसुकै भने तपानि हामीले विश्वाससाथ प्रभुको सेवा गर्नुपर्दछ। यस्तो विश्वास भएको व्यक्ति नम्र र विवेकशील हुन्छ। उसले आफ्नो कामको लेखा परमेश्वरलाई मात्र बुझाउनुपर्दछ तर अरूलाई होइन भन्ने कुरा बुझेको हुन्छ। त्यसैले गर्दा उसले मानिसलाई होइन तर प्रभुलाई मात्र हेर्ने  गर्दछ। ऊ परमेश्वरप्रति जवाफदेही र उत्तरदायी भएकोले गर्दा उसको हृदयमा शान्तिले वास गरेको हुन्छ। यद्यपि उसको वरिपरि कोलाहाल अनि अन्धकार भए तापनि उभित्र शान्ति र आनन्द हुन्छ। मानिसप्रति होइन परमेश्वरप्रति विश्वास र भरोसा भएको व्यक्तिले आफ्नो छिमेकीसँग वादविवाद र झगडा गर्नु आवश्यक्ता छैन बरु त्यसको सट्टामा त्यस्तो विश्वासयोग्य मानिसले अरूहरूलाई बलियो बनाउनको लागि आवश्यक उत्साह दिने गर्दछ।

साँच्चै भन्नुपर्दा हाम्रो मण्डलीमा यस्ता धेरै कुराहरू छन्, जसप्रति मैले आभार



व्यक्त गर्नु नै पर्दछ। धेरै यस्ता मानिसहरू छन्, जसले उनीहरूको दु:ख-कष्टलाई प्रवाह नगरी मण्डलीमा आएर खुसीसाथ स्वतन्त्र भएर सेवकाइमा सहयोग गर्ने गर्दछन्। आफ्नो व्यक्तिगत चाहनाहरूलाई वास्ता नगरी परमेश्वरको निम्ति रुपैयाँ-पैसा, समय, मिहेनत समर्पण गरी र प्रार्थनाद्वारा अरूलाई उत्साहित गराई बलियो पार्न तिनीहरू हर-हमेशा तयार रहन्छन्। यसैगरी आभार व्यक्त गरी धन्यवाद दिनुपर्ने व्यक्तिहरूका सूचीमा मण्डलीको सबै प्रशासनिक जिम्मेवारी लिने मेरो सहायक पास्टर र मण्डली सुरुवातदेखि नै चङ्गाइको सेवकाइलाई अगुवाइ गर्नुहुने आर्क-डिकन पनि पर्नुहुन्छ। यसै क्रममा अर्को एकजना एल्डर पनि हुनुहुन्छ, जसले अङ्ग्रेजी भाषाको शिक्षा आफ्नै खर्चमा उपलब्ध गराइरहनुभएको छ। एक जना बहिनीले शुल्कविना नै मण्डलीको आराधना सेवामा पियानो बजाउने गर्छिन्। मैले यो हप्ता मण्डलीको आधिकारिक खबर भएको विवरण हेरेँ। मैले त्यहाँ थुप्रै प्रकारका आवश्यक्ताहरूमा सहायता गर्ने र अनुदान दिने विश्वासीहरूको लामो सूची देखेँ। उनीहरूले दान गरेको चिजहरू कसैलाई महत्त्वपूर्ण नहोला तर अरूहरूको निम्ति ती कुराहरूले विशेष उत्साह दिने गर्दछन्। त्यस प्रकारले सहायता गर्ने असल इच्छा भएका दाजुभाइ तथा दिदीबहिनीहरूको म खुलेर प्रशंसा गर्दछु र उनीहरूको उदारता दिन प्रतिदिन बढ्दै गइरहेको म महशुस गर्दछु। म विशेषगरी एक जना महिला डिकनलाई धन्यवाद दिन चाहन्छु, जसले हाम्रो मण्डली भवनलाई फूलै-फूलले सजाउने गर्छिन्। तिनले हरेक हप्ता नयाँ फूलका गुच्छाहरूद्वारा मण्डली सजाउने गर्छिन्। ती फूलका गुच्छाहरूले गर्दा मण्डलीको वातावरण सधैँ ताजा र जीवित देखिन्छ। ती सबै व्यक्तिहरूले प्रेम र उदारचित्तले सेवा गर्ने गर्दछन्। उहाँहरूले त्यो कामहरू मानिसहरूबाट कदर पाउन र प्रख्यात हुने इच्छा राखेर गरेका कदापि होइनन्।

धेरै मानिसहरूका नाउँहरू म यहाँ उल्लेख गर्न सक्दिनँ। मण्डलीमा यस्ता समर्पित व्यक्तिहरू पनि छन्, जसले इसाईहरूको (विश्वासीहरूको) ठूलो भेला तथा जमघटमा खाना पकाएर खुवाउने सेवा गर्ने गर्दछन्। मण्डलीमा श्रव्य-दृश्य प्रविधिका विद्युतीय उपकरणहरू सम्हालिरहेका विशेष व्यक्तिहरू पनि छन्, जसको भूमिका महत्त्वपूर्ण हुन्छ। यी मानिसहरूका कामले मलाई साँच्चै नै शक्ति प्रदान गरेको छ। उनीहरूविना कुनै पनि काम गर्न सम्भव छैन। त्यसैले पुन: एक पटक उनीहरूको कडा परिश्रमको लागि धन्यवादसहित विशेष कृतज्ञता व्यक्त गर्दछु।

केही समयअघि, मोशा नाम गरेको पाकिस्तानबाट आउनुभएको भाइले मध्य रातमा फोन गरेर विमानस्थलमा लिन आउनू भनेर बोलाउनुभयो। तिनीसँग धेरै सामानहरू भएकोले ल्याउन गाह्रो भएको थियो साथै त्यसबेलाको मौसम पनि डरलाग्दो थियो।

त्यो खबर पाएको लगत्तै एक जना हाम्रो मण्डलीको सदस्य मण्डलीको गाडी लिएर इन्चियोन अन्तर्राष्ट्रिय विमानस्थल (Incheon International Airport) -तर्फ गइहाल्यो। त्यो विमानस्थल अलि टाढा अनि अर्कै सहरमा पर्दछ। मध्य रातको समय अनि पानी परिरहेको बेलामा पनि उक्त विश्वासीले मोशालाई ल्याउन करिव एक घण्टासम्म गाडी चलाउनु पऱ्यो। मलाई त्यो व्यक्तिप्रति चिन्ता लागिरहेको थियो। रातको अन्धकार, खराब मौसम र नराम्रो सडकको कारण त्यो यात्रा त्यति सजिलो अवश्य थिएन। भोलिपल्ट बिहान म सबैभन्दा पहिले भ्यान फर्केर आयो, कि आएन भनी हेर्न गएँ। परमेश्वरलाई धन्यवाद होस् ! भ्यान त्यहाँ थियो र मोशा सरुक्षित अवस्थामा आइपुगिसकेको रहेछ। त्यो काम सानो भए तापनि सेवाको लागि उक्त विश्वासी भाइले गरेको कामप्रति म पूर्ण रूपमा आनन्दित छु। सेवाको



हृदय भएकोले गर्दा त्यो विदेशी भाईलाई पनि आफूलाईझैँ महत्त्व दिई हामीले स्वागत गर्नसक्यौँ।

मण्डलीमा दशांश-भेटी विश्वासयोग्य तरिकाले दिनेहरूप्रति म धन्यवादी छु। उनीहरूले दिएका भेटीहरू नै हाम्रो विश्व-व्यापि मिसनको दर्शनको लागि जग सावित भएको छ। परमेश्वरको राज्यमा सहभागी हुनलाई प्रभुले हामीलाई दशांश मण्डलीमा नियमित दिनलाई अनुरोध गर्नुभएको छ। त्यसैगरी अर्को पक्षलाई ध्यान दिने हो भने हाम्रो कार्यक्रमहरू र आराधाना सेवालाई कहिले पनि नछुटाउनु हुनेहरूलाई म धन्यवाद दिन चाहन्छु किनभने उनीहरूको उपस्थितिले गर्दा ती कार्यक्रमहरू तयार गर्ने दाजुभाइ तथा दिदीबहिनीहरूलाई थप हौसला र बल प्रदान गर्दछ। हामीले बुझ्नुपर्ने कुरा यो हो, कि हामीले गरेका यस्ता असल कामहरूलाई परमेश्वरले कहल्यै बिर्सनुहुन्न।

म पास्टर भएको नाताले सामना गर्नुपर्ने एउटा कठिन कुरा के हो भने मण्डली समुदायमा केही यस्ता खालका मानिहसरू छन्, जसले अरूले चिनेको, स्वीकार गरेको, कदर गरेको र प्रशंशा गरेको अनुभव गर्न चाहन्छन्। त्यस्ता मानिसहरूको परमेश्वरमा विश्वासको कमी छ भनेर भन्दा अत्युक्ति नहोला। स्वर्गीय कुराहरूमा विश्वास गरी परमेश्वरबाटको कृतज्ञतालाई खोज्नुको सट्टामा तिनीहरू मानिहरूबाटको प्रशंसा र कृतज्ञताको अपेक्षा गर्दछन्। जब यस्ता कुराहरू बढ्दै जान्छन्, तब पास्टरहरूमा समस्या उत्पन्न हुन थाल्दछ किनभने पास्टरहरूले मण्डलीको प्रत्येक मानिसको हेरचाह र वास्ता गर्नुपर्ने हुन्छ। सांसारिक कुराहरूलाई महत्त्व दिने त्यस्ता व्यक्तिहरूको अवस्था, सोच-विचार र अभिप्राय प्रत्येक हप्ता परिवर्तन भइरहेको हुन्छ र त्यो क्रम कहिल्यै पनि रोकिँदैन। तिनीहरूलाई खुसी

तुल्याउन अनि तिनीहरूका व्यक्तिगत स्वार्थ र पहिचानको मागलाई पूरा गर्न पास्टरहरूले धेरै मिहेनत गर्नुपर्ने हुन्छ। त्यस कामको लागि परिश्रममात्र होइन धेरै समय पनि  खर्च गर्नुपर्ने हुन्छ। उक्त कामले पास्टरहरूलाई निकै थकित तुल्याउँछ र उनीहरू यसो भन्ने गर्दछन्: "हे प्रभु, यी मानिसहरूलाई चित्त बुझाउनको लागि म के गर्न सक्छु ?" पास्टरहरू यसरी प्रार्थना गरी प्रभुसँग रोइ-कराइ गर्ने गर्दछन्। यस प्रकारको तनावको कारणले गर्दा पास्टरहरू वास्तविक उमेरभन्दा बुढो देखिन्छन्। मण्डलीमा यस्ता खाले धेरै मानिसहरू हुन्छन्, जसले पास्टरहरूलाई थकित तुल्याइरहेका हुन्छन्।

जब मण्डलीमा यस्तो समस्या खडा हुन्छ, तब मण्डलीमा अगुवापनमा रहेका एल्डर, आर्क-एल्डर, डिकनहरूको भूमिका अति महत्त्वपूर्ण हुन्छ। उनीहरूले व्यक्तिगत स्वार्थले भरिएका र अहम् भावना भएका मानिसहरूलाई रेखदेख गरी पास्टरलाई सहायता गर्नुपर्दछ। ती व्यक्तिहरूमा भएको नकारात्मक प्रभावलाई "साम्य पारी" समस्यालाई निराकरण गर्न कोसिस गर्नुपर्दछ। मण्डलीका साधारण अगुवाहरूले यस्तो किसिमको जिम्मेवारी पूरा गरेर पास्टहरूलाई उत्साहित र बलियो पार्नुपर्दछ।

यो सेवकाइको अति नै महत्त्वपूर्ण पक्ष हो। पास्टरहरूको लागि त्यस्तो किसिमको सहयोग र वास्ताको धेरै आवश्यक छ। यदि मण्डलीका अगुवाहरूले उक्त नकारात्मक तत्वलाई साम्य पार्न सकेनन् भने पास्टरहरू पूर्ण रूपमा थकित हुँदै जान्छन्। शैतानले त्यस्तै मौका खोजेर पास्टरहरूलाई कमजोर बनाउन भरमग्दुर कोसिस गर्छ। त्यस किसिमका परिस्थितिहरूका कारणले गर्दा पास्टरहरूका जीवनमा आत्मिकपन घट्दै जानेछ।



त्यसकारण, मण्डलीका डिकनहरू र एल्डरहरूले बारनाबासको नमुनालाई पछ्याउनुपर्दछ। उदाहरणको लागि एउटा कुरालाई हेरौँ। यदि कसैले पास्टरको बारेमा नकारात्मक कुरा बोल्यो भने उनीहरूले त्यस व्यक्तिलाई भेटेर पास्टरको असल कुराहरू बताएर शान्त पार्नुपर्दछ। तर उनीहरूले त्यसो गर्नुको सट्टामा झन् त्यो कुरामा अरू नकारात्मक कुराहरू थप्ने अनि आलोचना गरी परिस्थितिलाई बिगार्ने काम गरेमा स्वर्गमा पाउने इनामहरू गुमाउनेछ किनभने तिनीहरू उत्साह दिने काम र मेलमिलाप गराउने काममा असफल भएका हुन्छन्। त्यस्तो मण्डली आत्मिक रूपले वृद्धि हुँदै जान सक्दैन।

म सबै पाठकहरूलाई यो आग्रह गर्दछु, कि आफ्ना पास्टर तथा आत्मिक अगुवाहरूलाई कदर गरी प्रेमपूर्वक सहयता गर्नुहोस्, ताकि उहाँहरू परमेश्वरको विश्वासयोग्य सेवकहरूको रूपमा निरन्तर वृद्धि हुन सकोस्। मण्डलीको मुख्य आत्मिक अगुवा को हो र क-कसले अगुवापनमा रहेर उहाँलाई सहायता गरिरहेको छ भन्ने कुरा अति महत्त्वपूर्ण हुन्छ। यही सिद्धान्त अरू मानवीय सङ्घ-संस्थाहरूमा पनि लागू हुन्छ, जस्तै: उद्योगहरू, कम्पनीहरू, देशको सरकार, राजनैतिक दलहरू, गैर-सरकारी संस्थाहरू आदि। मण्डलीको एल्डर र डिकनहरूले यस्ताखाले विशेष प्रकारका गुणहरू धारण गर्नु  र त्यसलाई कार्यान्वयन गर्नु महत्त्वपूर्ण हुन्छ र त्यसले उनीहरूलाई विशेष प्रकारका सहयोगीहरू बनाउँदछ भन्ने कुरामा म जोड दिन चाहन्छु।

सर्वप्रथम, एल्डर तथा डिकनहरू पास्टरसामु आज्ञाकारी हुनुपर्दछ र उहाँको सामु आफ्नो व्यक्तित्वलाई सक्रिय पारी बलियो बनाउनु हुँदैन। उनीहरूले पास्टरको प्रभावलाई कमजोर बनाउनु पनि हुँदैन। पास्टर भनेको परमेश्वरबाट अभिषेक

गरिएको उहाँको सेवक हो भनेर हामीले मनमा राख्नुपर्दछ। पास्टरलाई सहायता गर्नु र सुधार गर्नु हाम्रो जिम्मेवारी हो तर उहाँसँग प्रतिस्पर्द्धा गर्नु हाम्रो कर्तव्य होइन।

पास्टरलाई सहयोग गर्ने विश्वासीहरू (इसाईहरू) अत्मिक रूपले वृद्धि भई परिपक्व हुँदै बारनाबास, कालेब र यहोशूजस्तै उत्साह दिने व्यक्तिहरू हुँदैजान्छ। त्यस्ता व्यक्तिहरू मण्डलीको ठूलो सम्पत्तिजस्तै हुन्। त्यसकारण, म परमेश्वरसँग सधैँ धेरै सहयोगीहरू जुटाइदिनको लागि प्रार्थना गर्ने गर्दछु। बारनाबासजस्तै असल चरित्र भएका मानिसहरू हाम्रो मण्डलीमा जुटाइदिनुहोस् भनेर म परमेश्वरसँग माग्ने गर्दछु (प्रेरित ११:२४)। तिनीहरू आर्थिक रूपमा सुसम्पन्न अथवा शिक्षित व्यक्ति नै हुनुपर्दछ भन्ने कुरा त्यति चासोको विषय होइन। मानिसको व्यक्तित्व र चरित्रचाहिँ यस्तो कुरा हो, जुन उसको विश्वास र आत्मिक परिपक्वभन्दा पनि महत्त्वपूर्ण हुन्छ। पास्टरहरूलाई परमेश्वरले दिनुभएको आज्ञाहरू पूरा गर्नलाई बारनाबासजस्ता व्यक्तिहरूको खाँचो पर्दछ। बारनाबासजस्ता व्यक्तिहरूले आफ्नो वरिपरिका मानिसहरूलाई सहयोग गर्नेमात्र होइन तर उनीहरूले अरूबाट आदर-इज्जत पनि पाउने गर्दछन्। अविश्वासी व्यक्तिहरूबाट पनि तिनीहरूले मान-सम्मान पाउँछन्।

बितेको बीस वर्षदेखि म धेरै बारनाबासजस्ता व्यक्तिहरूद्वारा आशिषित भइ रहेको छु। उनीहरूको कारणले गर्दा नै म आज यस स्थानमा खडा भएर परमेश्वरको राज्यको निम्ति सेवा गरिरहन सकेको छु।

कुनै पनि पारिश्रमिक, प्रशंसा र महिमा नखोजी नम्र भएर सेवा गर्ने विशेष व्यक्तिहरूप्रति म सधैँ कृतज्ञता व्यक्त गर्दछु। कतिपय अवस्थामा यस्ता व्यक्तिहरू



गुमनाम अर्थात् अज्ञात नै रहने गर्दछन् अर्थात् तिनिहरूको व्यक्तित्व लुकिएको हुन्छ। जब म स्वर्गमा जानेछु, तब म सबैभन्दा पहिले उनीहरूलाई नै खोज्नेछु। साँच्चै नै परमेश्वरको सेवा गर्ने व्यक्तिले सबैभन्दा बढी बारनाबासजस्तो व्यक्तिहरूको सम्झना गर्ने गर्दछन्। प्रिय पाठकहरू, कृपया हामी सबैजना बारनाबासजस्तै हुन कोसिस गरौँ, जसले अरू इसाईहरूलाई उत्साह दिई बलियो बनाउने काम गर्दछन्। त्यसको प्रतिफलस्वरूप प्रभुमा हाम्रो दाजुभाइ तथा दिदीबहिनीहरूबाट माया पाई सम्मानित हुनेछौँ र उनीहरूले हामीलाई सधैँ स्मरण गरिरहनेछन्। यस्ता खालका मानिसहरूले येशूको नयाँ आज्ञालाई पालन गर्दछन् (यूहन्ना १३:३४)। यस प्रकारका व्यक्तिहरूले येशूलाई आदर र प्रेम गरी महिमा दिने गर्दछन्।

प्रेरित ११:१९-२६

"स्तिफिनसको सम्बन्धमा सुरु भएको सतावटको कारण जतातते छरपस्ट भएकाहरूलाई होइन, तर यहूदीहरूलाई मात्र वचन प्रचार गर्दै, फोनिके, साइप्रस र एन्टोखियासम्म यात्रा गरे। तर तिनीहरूमध्ये कोही कोही साइप्रस र कुरेनीका मानिसहरू थिए। तिनीहरूले एन्टिओखियामा आएर ग्रीकहरूलाई पनि प्रभु येशू प्रचार गरे। प्रभुको बाहुली तिनीहरूसँग भएकाले विश्वास गर्नेहरू धेरै सङ्ख्यामा प्रभुतिर फर्के। यो समाचार यरूशलेममा भएको मण्डलीको कानमा पुग्यो, र तिनीहरूले बारनाबासलाई एन्टिओखियामा पठाए। तिनी त्यहाँ आएर परमेश्वरको अनुग्रह देखिकन खुसी भए, र तिनीहरू सबैलाई सम्पूर्ण हृदयले प्रभुपट्टि विश्वासी रहिरहन उत्साह दिए। किनभने तिनी असल, पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका मानिस थिए। मानिसहरूको ठूलो समूह प्रभुमा थपियो तब शावललाई खोज्न बारनाबास टार्ससमा गए। जब तिनले उनलाई भेट्टाए, तब उनलाई एन्टिओखियामा ल्याए। तब पूरा एक वर्षसम्मै मण्डलीका मानिसहरूसँग तिनीहरूले भेटघाट गरिरहे, र मानिसहरूको ठूलो समूहलाई शिक्षा दिए। चेलाहरू पहिलो पटक एन्टिओखियामा नै ख्रीष्टियान भनिए।"



भाग
७

# पावलको विश्वासयोग्य सहयोगी, बारनाबास

## On Paul's Faithful Supporter, Barnabas

# पावलको विश्वासयोग्य सहयोगी, बारनाबास

On Paul's Faithful Supporter, Barnabas

येशूले आफ्ना चेलाहरूलाई 'तिमीहरू येरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर' (प्रेरित १:४) भनी भन्नुभएपछि करिव एक सय बीस जना व्यक्तिहरू मर्कूसको घरको माथिल्लो तल्लामा जम्मा भएर निरन्तर प्रार्थना गर्नथाले (प्रेरित १:१५)। त्यही ठाउँमा नै तिनीहरूले पवित्र आत्माको वरदान पाए। सुरुका ती चेलाहरूद्वारा सुसमाचार यरूशलेमा द्रूत गतिमा फैलिन थाल्यो र धेरै व्यक्तिहरू विश्वासमा आए। त्यसैले, यरूशलेमको मण्डली मर्कूसको घरको माथिल्लो तल्लाबाट सुरु भएको थियो भनी भन्न सकिन्छ। पेन्तिकोसको केही समयपश्चात् यरूशलेममा एकैचोटि तीन हजार व्यक्तिहरू (पुरुषहरूमात्र गणना गरिएका थिए) परिवर्तन भए (प्रेरित २:४१)। त्यसपछि अरू पाँच हजार मानिसहरूले प्रभुलाई ग्रहण गरे भनी बाइबलले हामीलाई बताउँदछ (प्रेरित ४:४)। त्यो विन्दुमा आइपुगेपछि यरूशलेमको मण्डली अवश्य पनि निकै ठूलो भइसकेको हुनुपर्दछ र त्यहाँ महिलाहरू र बच्चाहरूसमेत गरेर बीस हजारभन्दा पनि बढी व्यक्तिहरू भइसकेको हुनुपर्दछ।

यरूशलेमको मण्डलीमा विश्वासीहरूका सङ्ख्या अत्याधिक मात्रामा बढेर गए तापनि तिनीहरूले येशूले भन्नुभएको आज्ञालाई पालना गरेनन्। प्रेरित १:८ मा



उहाँले भन्नुभएको थियो: "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" समय बिस्तारै बित्दै गयो तर ती सुरुका विश्वासीहरू पृथ्वीको अन्तिम छेउसम्म जानुको सट्टामा आफ्नै ठाउँमा आरामदायी जीवन जिएर बस्नथाले। तिनीहरूले यरूशलेम मण्डलीको वृद्धिमा मात्र ध्यान दिए र त्यसैमा सन्तुष्ट भएर त्यहाँबाट बाहिर निस्कने काममा सुस्त र निष्क्रिय भए। त्यस अवस्थालाई हामी यो दृष्टान्तबाट बुझ्नसक्छौँ: मानौँ बीस हजार दक्षिण कोरियाका विश्सासीहरूले प्रभुको आज्ञालाई इन्कार गरेर चीन, उत्तर कोरिया अथवा जापानलगाएत अरू देशका मानिसहरूलाई सुसमाचार प्रचार गर्न नगएको अवस्थाजस्तो त्यो थियो।

प्रेरित ६ अध्यायको सुरुमा हामी प्रेरितहरूले यरूशलेम मण्डलीमा सात जना डिकनहरू नियुक्त गरेको कुरा देख्नसक्छौँ। ती डिकनहरूमध्ये एक जना स्तिफनस थिए, जो विश्वास र पवित्र आत्माले भरिएका व्यक्ति थिए (प्रेरित ६:५)। अरू विश्वासी दाजुभाइ-दिदीबहिनीहरूजस्तो गरी उनी यरूशलेममा नै बसिरहन चाहेनन् तर स्तिफनसले प्रभुको आज्ञालाई शिरोपर गर्दै, सुसमाचार प्रचार गर्न सामरियाको क्षेत्रहरूमा गए भनी तिनको बारेमा बाइबलले हामीलाई बताउँदछ (प्रेरित ६:८-१५)। अन्त्यमा, उनी महिमित रूपमा सहिद भएको कुरा हामीलाई धर्मशास्त्र बाइबले बताउँछ।

जब स्तिफनसलाई सहिद बनाइएको थियो, तब शाऊल नाउँ भएका व्यक्ति नजिकै उभिएर हेरिरहेका थिए (प्रेरित ७:५८)। वास्तवमा, त्यही शाऊल नै महान् प्रेरित पावल हुन्, जसले दमस्कसको बाटोमा येशूलाई भेट गरेका थिए। उक्त

महत्त्वपूर्ण घटनापछि तिनको जीवन पूर्ण रूपले परिवर्तन भयो र जीवनभरि नै प्रभुमा समर्पित भई पृथ्वीको अन्तिम छेउसम्म सुसमाचार प्रचार गर्ने काममा निरन्तर लागिपरिरहे। यहाँ हामीले ध्यान दिनुपर्ने चाखलाग्दो कुरा के छ भने, शाऊल स्तिफनसलाई ढुङ्गा हान्ने काम र विश्वासीहरूलाई सताउने काममा मात्र सहभागी थिएनन् तर स्तिफनसकलाई ढुङ्गा हान्ने मानिसहरूका लुगाहरू तिनले नै कुरेर बसेका थिए।

## पावलको परिवर्तन
## The Conversion of Paul

डिकन स्तिफनस सहिद भएपछि परमेश्वरले यरूशलेम मण्डलीमा ठूलो सतावट आउन दिनुभयो र फलस्वरूप त्यहाँका विश्वासीहरू विभिन्न ठाउँहरूमा छरपस्ट भए (प्रेरित ८:१-२)। प्रेरितहरूबाहेक अरू सबैजना यहूदिया र सामरियाका विभिन्न भागहरूमा छरिए। त्यसो भएको कारणले गर्दा त्यो मण्डली टुक्रा-टुक्रा भएर गयो। यरूशलेमको मण्डली विशाल भएर पनि येशूको महान् आज्ञालाई पालना गरेनन्। तिनीहरू घर छोडेर कहीँ पनि गएनन्। त्यसैकारणले गर्दा परमेश्वरले सतावट प्रयोग गर्नुभएर सुरुका विश्वासीहरूलाई बलपूर्वक अरू क्षेत्रहरूमा पठाउनुभयो। छरपस्ट भएका विश्वासीहरूले चारैतिर परमेश्वरको वचन प्रचार गरे भनी बाइबलले हामीलाई बताउँदछ (प्रेरित ८:४)। तिनीहरूमध्ये केही एन्टिओखियामा गएर ग्रीकहरूलाई प्रचार गरे तर अरूहरूचाहिँ सिरियाको राजधानी दमस्कसमा गए (प्रेरित ११:२०)। यहाँ हामीले ध्यान दिनुपर्ने कुरा के हो भने दमस्कस र



एन्टिओखियामा जाने ती मानिसहरू यरूशलेम मण्डलीका साधारण विश्वासीहरू थिए, जसलाई हामी उक्त मण्डलीको बीउ (core) भन्नसक्छौँ। सतावटद्वारा परमेश्वरले ती साधारण विश्वासीहरूलाई बाहिरका दुइ सहरहरूमा पठाउनुभयो, जहाँ तिनीहरूले सुसमाचार फैलाउन सके।

परिस्थिति जेजस्तो भए तापनि दमस्कसमा पुगेका विश्वासीहरूले एकदमै उत्साहित भएर हल्लाखल्ला मच्चाउँदै सुसमाचार प्रचार गरेका थिए। त्यहाँ तिनीहरूले सहर-बजारतिर ठूलो सोरले कराउँदै र बाजा-गाजा बजाएर चर्को सोरमा भजनहरू गाउँने गर्थे। त्यसप्रकारले ती ठाउँहरूमा "नयाँ मत" फैलिँदै गएको देखेर त्यस क्षेत्रका आप्रवासी यहूदीहरू दु:खी, अशान्त अनि आन्दोलित भए, किनभने त्यसैको कारणले गर्दा पहिले यरूशलेममा समस्या खडा भएको थियो भन्ने तिनीहरूको बुझाइ थियो। तिनीहरूले उक्त हलचल ल्याउने घटनाको बारेमा यरूशलेममा भएका यहूदी अगुवाहरूलाई जानकारी दिए। त्यसबेला विश्वासीहरूले प्रकट गरेका सुसमाचारको कुराहरू यहूदीहरूका लागि झूटा शिक्षा सावित भएको थियो। यरूशलेमबाट आएका यहूदीहरूले विदेशी भूमिमा आएर हल्लाखल्ला गरी सोर मचाएर "झूटा शिक्षा" प्रचार गरेकोले ती आप्रवासी यहूदीहरूले उक्त विषयलाई शर्मको कुरा ठाने।

यरूशलेमको यहूदी अगुवाहरू त्यहाँ प्रवेश हुनलागेको नयाँ मतलाई छिट्टै उन्मूलन गर्न चाहन्थे। यहूदी मतलाई कट्टर समर्थन गर्ने एक जना जवान व्यक्ति उक्त कामको लागि खटिए। उनी विश्वास गर्ने व्यक्तिहरूलाई कैदी बनाएर यरूशलेममा ल्याउन चाहन्थे। "र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका

सभाघरहरूको नाउँमा पुर्जी मागे" (प्रेरित ९:२)। त्यो व्यक्ति शाऊल थिए, जो पछि परिवर्तन भएर पावल भए। शाऊल दमस्कसको बाटोमा हिँडिरहेको बेला स्वर्गबाट आएको एउटा ज्योतिले उसलाई प्रहार गऱ्यो भनी यस घटनाको बारे धर्मशास्त्रले हामीलाई स्पष्ट गरी बताउँदछ। वास्तवमा भन्ने हो भने उसले त्यसबेला स्वर्गारोहण हुनुभएको येशूलाई महिमा र वैभवमा भेट गरेका थिए। त्यहाँ प्रभुको ज्योतिको सामु शाऊल पराजित भएको थियो र ऊ तीनसम्म केही नदेख्ने भए।

प्रभुले शाऊलाई यसो भन्नुभयो, "उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ" (प्रेरित ९:६)। त्यसै घडी येशूले दमस्कसमा बस्ने हननिया भन्ने व्यक्तिलाई उनको दर्शनमा यसो भन्नुभयो: "उठ, र 'सीधा' नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा शाऊल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना गरिरहेका छन्" (प्रेरित ९:११)। येशूले भन्नुभएझैँ हनिनिया गएर यहूदाको घरमा भएका शाऊललाई भेटे र तिनीमाथि हात राखे। हनिनियाले तिनीमाथि हात राखेपछि तिनले दृष्टि पाए अनि तिनले बप्तिस्मा लिए। त्यसपछि शाऊल पवित्र आत्माले भरिए र उनको जीवन पूर्ण रूपले परिवर्तन भयो। उक्त घटनापछि शाऊललाई यरूशलेम फर्केर जान असम्भव थियो किनभने त्यहाँ तिनलाई विश्वासघात र देशद्रोहको आरोप लाग्नसक्दथ्यो।

परिस्थिति प्रतिकुल भएको कारणले गर्दा शाऊल यरूशलेम जानुको सट्टामा अरब देशतिर गए। त्यहाँ पुगेर तिनले आफ्नो समय वचन अध्ययन र मननको साथै येशूसँग गहिरो आत्मिक सम्बन्ध निर्माण गर्नमा बिताए। अरब देशबाट दमस्कस फर्किनुभन्दाअघि तीन वर्षसम्म तिनले त्यहाँ एक्लो अनि एकान्त समय बिताए। जब तिनी दमस्कसमा फर्केर आए, तब त्यहाँका विश्वासीहरूले तिनलाई यरूशलेम



जानको लागि सल्लाह दिए। त्यहाँ गएर तिनले प्रेरितहरूसँग भेटघाट अनि सङ्गति गर्न र आफ्नो पहिलाको जीवन पूर्ण रूपमा परिवर्तन भएको प्रामाण दिनसक्दथे। विश्वासीहरूबाट त्यस प्रकारको सल्लाह पाएपछि पावल उत्साहित भएर यरूशलेम गए। त्यहाँ उनी विशेषगरी पत्रुस र अरू प्रेरितहरूसँग भेट्न चाहन्थे। तर अफसोसको कुरा के भयो भने यरूशलेमका विश्वासीहरू र प्रेरितहरूले समेत उनीसँग भेट्ने खासै इच्छा देखाएनन् किनभने तिनको परिवर्तन वास्तविक हो कि होइन भन्ने बारेमा अझै तिनीहरूलाई सङ्का थियो। विगतमा तिनले जोशका साथ विश्वासीहरूलाई सतावट दिएको कारणले गर्दा त्यहाँका मानिसहरूले उनलाई स्वीकार गर्नु कठिन थियो। यस विषयमा छर्लङ्ग बुझ्नलाई पावले गलातीहरूलाई लेखेका पत्रको केही खण्डबाट हामीलाई मद्दत मिल्दछ (गलाती १:१७-१८)।

## पावलको दश वर्षीय तालिम
## Ten Years Training of Paul

सुरुका विश्वासीहरूको अवस्था जे-जस्तो भएता पनि पावलको जीवनमा प्रभु येशूको ठूलो योजाना थियो। उहाँले मध्य पूर्व, एशिया र भूमध्यसागरका क्षेत्रहरूमा सुसमाचार प्रचार गर्ने व्यक्तिको रूपमा पावललाई देखिसक्नुभएको थियो। वास्तवमा भन्ने हो भने उनी परमेश्वरको उद्देश्य पूरा गर्नको लागि अलग गरिएका [छुट्ट्याइएका] विशेष व्यक्ति थिए। तर मानिसहरूले पावललाई सही प्रकारले चिन्न सकेनन्। यहाँसम्म, कि मण्डलीका मुख्य अगुवाहरूले समेत उनलाई प्रेरितको रूपमा स्वीकार गर्न चाहेनन् किनभने तिनीहरू उनीसँग मिलेर सेवकाइ गर्न इच्छुक

थिएनन्। त्यसबेला पावल मानिसहरूका बीच सत्रुतापूर्ण अनि विरोधाभास परिस्थितिले गर्दा असुरक्षित थिए। एकातर्फ उनले भरखरै भेटेका विश्वासी समुदायबाट सहानुभूति र सहयोग पाउन सकेका थिएनन् भने अर्कोतर्फ उनका पुराना यहूदी मित्रहरूले तिनलाई मार्न खोजिरहेका थिए।

पावललाई विश्वासी समुदायले राम्रो व्यवहार नगरेको अनि यहूदी अगुवाहरूबाट खतरा भएको अप्ठ्यारो परिस्थितिमा बारनाबास भन्ने व्यक्तिले अचम्म रीतिले उनीसँग भेट गरे। बारनाबासले उनको सबै कुराहरू तिनलाई अवगत छ र नआत्तिनू भनी ढाडस दिए र तिनले पावललाई प्रेरित पत्रुस र याकूबसँग भेट गराए (गलाती १:१८-१९)। पत्रुस र याकूबले पावलसँग भेट त गरे तर खासै उनको बारेमा चासो भने देखाएनन्। यरूशलेममा हुँदा पावललाई यहूदी कट्टरवादीहरूको ठूलो खतरा थियो र पनि ती विश्वासीहरूले उनलाई कुनै सुरक्षा दिएनन्। त्यहाँ उनलाई मार्न षडयन्त्र भइरहेको थाहा पाएर केही मित्रहरूको सहायतामा उनी यरूशलेमबाट निस्केर गए। परिस्थिति अनुकुल नभएकोले पावल उक्त समयमा १५ दिनमात्र यरूशलेममा बसे।

उक्त घटनापछि पावल आफू जन्मेको सहर टार्ससमा गएर एक्लो जीवन जिएर करिव सात वर्ष बिताए। त्यसकारण, पावलले येशू ख्रीष्टसँग भेट गरेपछिको जीवनलाई सांसारिक दृष्टिकोणले हेर्ने हो भने त्यसबेला उनी एकदमै एक्लो र निराश हुनुपरेको थियो। उसले चिनेका सांसारिक मित्रहरूका नजरमा उनी एक असफल व्यक्ति थिए किनभने उनले सांसारिक कुराहरूबाट आफूलाई अलग्याएर पूर्णरूपमा एकान्त जीवन बिताइरहेका थिए। टार्ससमा सात वर्षसम्म बस्दा तिनको आत्मिकपनचाहिँ निरन्तर वृद्धि हुँदै गयो र त्यसलाई हामी तिनको आत्मिक तालिम



अवधि भन्नसक्छौँ। उक्त अवधिमा तिनले आफ्नो दर्शनमा परमेश्वरको सिंहासन भएको 'तेस्रो स्वर्गसम्म गएको' अनुभव पनि गर्नसके (२ कोरिन्थी १२:२)।

करिव इ.सं.३५ मा दमस्कसको यात्रामा पावलले येशू प्रभुलाई भेटेका थिए। उनको जन्म इ.सं.५ मा भएको हुनाले यशूसँग भेट हुने बेलामा तिनको उमेर ३० वर्ष भएको थियो। परमेश्वरले हननियालाई दर्शनमा पावललाई भेट्न जान आज्ञा गर्नुहुँदा यो कुरा भन्नुभयो, कि पावल अन्यजातिहरूका लागि प्रेरित हुन आमाको गर्भदेखि नै परमेश्वरद्वारा छानिएको व्यक्ति थियो (प्रेरित ९:१५)। त्यसो हुँदा-हुँदै पनि सुरुका तीस वर्षसम्म पावल येशूको विषयमा अनभिज्ञ नै थिए बरु त्यसको सट्टामा तिनी विश्वासीहरूलाई कठोर सतावट दिने काममा सक्रिय व्यक्ति बने। वास्तवमा ती सबै कुराहरू परमेश्वरको योजना थियो। यद्धपि ती कुराहरू त्यसबेला कसैलाई पनि थाहा थिएन। पावलको सम्पूर्ण जीवनभरि परमेश्वरको उदेकको योजना थियो भन्ने कुरा हामीले बुझ्नु आवश्यक छ।

जीवन परिवर्तन भएपछि पावल अरब देशमा गएर तीन वर्षसम्म बसे। त्यसपछि त्यहाँबाट दमस्कस हुँदै यरूशलेममा गएर १५ दिन बसे (गलाती १:१७-१८)। यरूशलेममा लामो समय बस्न नसक्ने परिस्थिति भएपछि उनी जोप्पाबाट पानीजहाज चढेर आफ्नो घर भएको ठाउँ टार्ससमा गएर ७ वर्षसम्म बसे (प्रेरित ९:३०)। उनको जीवनलाई सरसरती हेर्ने हो भने परिवर्तनपछि मानिसहरूसँग सम्पर्कविहिन भएर १० वर्षसम्मको लामो अवधि पावलले एक्लो अनि एकान्त अवस्थामा बिताए। उक्त समयमा तिनको उमेर चालीस वर्ष भइसकेको थियो।

लगभग त्यसैताका सतावटद्वारा छरपस्ट भएका यरूशलेम मण्डलीका विश्वासीहरू एशियाका विभिन्न भागहरूमा पुगिसकेका थिए र केही विश्वासीहरू

एन्टिओखियामा गएर मण्डली स्थापना गरे। त्यहाँ महत्त्वपूर्ण घटना के भयो भने एन्टिओखियाका विश्वासीहरूले सुसमाचार अयहूदीहरूलाई पनि प्रचार गर्न थालेका थिए। त्यस प्रकारको विशेष सेवकाइको सुरुवातको सङ्केत हामी प्रेरित ११:१९-२० मा स्पष्ट रूपमा देख्नसक्छौँ। त्यहाँ यसरी लेखिएको छ: "स्तिफनसको सम्बन्धमा सुरु भएको सतावटको कारण जतासतै छरपस्ट भएकाहरूले अरूलाई होइन, तर यहूदीहरूलाई मात्र वचन प्रचार गर्दै, फोनिके, साइप्रस र एन्टिओखियासम्म यात्रा गरे। तर तिनीहरूमध्ये कोही-कोही साइप्रस र कुरेनीका मानिसहरू थिए। तिनीहरूले एन्टिओखियामा आएर ग्रीकहरूलाई पनि प्रभु येशू प्रचार गरे।"

सुरुमा, आफ्नै जातिलाई मात्र प्रार्थमिकता दिने [ethnocentrism] कठोर स्वभावले गर्दा यरूशलेम मण्डलीका सदस्यहरूले अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्न इच्छा गरेनन्। फलस्वरूप परमेश्वरले सतावटरूपी बल प्रयोग गरेर तिनीहरूलाई यरूशलेमको सीमित क्षेत्रभन्दा निकै बाहिरसम्म छरपस्ट पारिदिनुभयो। त्यस कामको उद्देश्यचाहिँ सुसमाचार पृथ्वीको अन्तिम छेउसम्म पुऱ्याउनु नै थियो (प्रेरित १:८; ८:१)। यदि यरूशलेमको मण्डलीझैँ हाम्रो मण्डली पनि पृथ्वीको अन्तिम छेउसम्म सुसमाचार पुऱ्याउने अभियानमा निष्क्रिय र मन्द भयो भने हामीले स्वर्गीय आशिष्हरू अपेक्षा गर्नु बेकार छ। त्यसो भएमा हाम्रो विश्वास आगामि पुस्ताहरूमा सरेर जान मुस्किल हुनेछ र सायद हाम्रो मण्डली छरपस्ट हुन पनि बेर लाग्दैन। विगतको दुइ हजार वर्षीय मण्डली इतिहासले यही कुरालाई इङ्गित गरेको हामी देख्न सक्दछौँ। मण्डलीको बाहिरी स्वरूप र त्यहाँ आउने विश्वासीहरूको सङ्ख्याको आधारमा सीमित रहेर परमेश्वरले उक्त मण्डलीमा कति आशिष् दिनुभएको छ र त्यस मण्डलीको आत्मिक स्तर कस्तो छ



भन्नेजस्ता कुराहरूको मूल्याङ्कन गर्न सकिँदैन। यदि हामी सुसमाचारको काममा आफूलाई समर्पण गर्दैनौँ भने परमेश्वर हामीसँग खुसी हुनुहुँदैन। चाहे मण्डली जतिसुकै ठूलो किन नहोस्, त्यो यरूशलेमको मण्डलीजस्तै हुन सक्नेछ।

इसाई इतिहासलाई केलाएर हेर्ने हो भने बाइबलमा बारनाबासको विषयमा केही महत्त्वपूर्ण कुराहरू उल्लेख भएको पाउँदछौँ। प्रेरित ११:२२ मा बारनाबास एन्टिओखियामा पुगेको कुरा लेखिएको छ। त्यसबेला एन्टिओखियाको मण्डली वृद्धि हुँदै गएको र तिनीहरूले अन्यजातिहरूलाई पनि सुसमाचार प्रचार गरेको कुरा यरूशलेम मण्डलीका एल्डरहरूले सुने अनि वास्तवमा के भएको रहेछ भनी तत्कालीन परिस्थिति बुझ्नको लागि बारनाबासलाई त्यहाँ पठाए। उक्त घटनाको बारेमा बाइबलले स्पष्टसँग बताउँछ, कि जब बारनाबास एन्टिओखियामा पुगे, तब उनले त्यहाँ "अन्यजातिहरूका माझमा पनि परमेश्वरको अनुग्रहको प्रमाण देखे"। साँच्चै नै त्यसबेला बारनाबासले "परमेश्वरको अनुग्रह" राम्रोसँग बुझे किनभने उनी अरूहरूभन्दा फराकिलो अनि खुल्ला हृदय भएका व्यक्ति थिए। अर्को महत्त्वपूर्ण तथ्य के थियो भने उनी यरूशलेमको स्थानीय बासिन्दा थिएनन् तर साइप्रसबाट गएका आप्रवासी व्यक्ति थिए। उक्त समसामयिक परिस्थितिलाई यरूशलेमका साँघुरो विचार भएका अगुवाहरूका तुलनामा बारनाबासको बुझाइ अवश्य फरक थियो। त्यहाँ अयहूदीहरूले पनि सुसमाचारलाई ग्रहण गरेकोमा तिनीलाई कुनै अचम्म लागेन। ती अन्यजातिहरू पनि प्रभुमा बचाइनु आवश्यक थियो भन्ने कुरामा तिनी सहमत थिए। यस बाइबल खण्डलाई हामी मनन गरौँ: "तिनी त्यहाँ आएर परमेश्वरको अनुग्रह देखीकन खुसी भए, र तिनीहरू सबैलाई सम्पूर्ण हृदयले प्रभुप्रति विश्वासी रहिरहन उत्साह दिए किनभने तिनी असल, पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका मानिस थिए। मानिसहरूको ठूलो समूह प्रभुमा

थपियो" (प्रेरित ११:२३,२४)।

## बारनाबासले पावललाई एन्टिओखिया मण्डलीमा निम्त्याए
## Barnabas Invited Paul to Antioch Church

जब बारनाबास एन्टिओखियाको मण्डलीमा सेवकाइ गर्दैथिए, तब एक दिन उनलाई सात वर्ष पहिले भेट भएको पावलको याद आयो। वास्तवमा भन्ने हो भने उनलाई पावलको याद दिलाइदिने र एन्टिओखिया मण्डलीमा सेवकाइ गर्नको लागि पावललाई सेवक बनाउन आग्रह गर्ने व्यक्ति प्रभु येशू नै हुनुहुन्थ्यो। पावल बसिरहेको टार्सस भन्ने ठाउँ एन्टिओखियाबाट त्यति धेरै टाढा थिएन। पावललाई खोज्न टार्ससमा जान बारनाबास हिच्किचाएनन् भनी बाइबलले हामीलाई बताउँछ (प्रेरित ११:२५)। बारनाबासलाई टार्सस जानको लागि पवित्र आत्माले नै निर्देशन दिनुभएको कारणले गर्दा उनी एन्टिओखियाबाट निस्कन ढिला गरेनन्।

बारनाबासलाई यरूशलेम मण्डलीद्वारा एन्टिओखिया मण्डलीमा सेवकाइ गर्नू भनी खटाएको थियो। यदि बारनाबाससँग आज-भोलिका पास्टरहरूको जस्तो विचार भएको भए, सायद उनले पावललाई आफूसँग काम गर्न बोलाउने थिएनन् होला। उनीभन्दा पावल उच्च तहका शिक्षित व्यक्ति हुन् भन्ने कुरा र उनीसँग भन्दा तिनीसँग बढी खुबी र ज्ञान-बुद्धि थियो भन्ने कुरा बारनाबासलाई राम्ररी थाहा थियो। त्यहाँ बारनाबासलाई जोखिम के थियो भने यदि पावल सेवकाइमा आए भने मण्डलीमा उनको अगुवापनको स्तर घट्न सक्ने सम्भावना थियो। बारनाबास सामान्य व्यक्तिभन्दा फरक विचारधाराको व्यक्ति भएको कारणले गर्दा जोखिमको वास्ता नगरी परमेश्वरको आज्ञाअनुसार पावललाई आफूसँगै सेवकाइमा उतार्ने



विचार गरेर तिनलाई लिन गए। टार्ससमा पुगेर छोटो समयको खोजीपश्चात् नै बारनाबासले पावललाई भेट्टाए।

ती दुइ व्यक्तिहरूको भेटघाट साधारण थिइन तर त्यो अति महत्त्वपूर्ण र ऐतिहासिक घटना थियो। तिनीहरूको भेटघाट हुँदा सायद यस्तो प्रकारको कुराकानी भयो होला भनी हामी विचार गर्न सक्छौँ : "तपाईं पक्कै शाऊल हुनुपर्छ, के मैले सही भने ?" "हो, तपाईंले ठीक भन्नुभयो। म शाऊल नै हुँ। किन सोध्नुभएको ? मैले तपाईंको लागि के गर्न सक्छु र ?" शाऊल त्यसबेला अति दयनीय अवस्थामा थिए भन्ने कुरा हामी परिकल्पना गर्नसक्छौँ। उक्त समयमा तिनलाई आफ्ना नातेदार, मित्रहरू र विश्वासी दाजुभाइहरूले पनि इन्कार गरेका थिए। सायद बारनाबासले भेट्दाखेरि तिनले फोहोर अनि च्यात्तिएको लुगा लगाएका थिए होलान्। तिनीहरूको कुराकानी यसरी अगाडि बढ्यो होला। "के तपाईंले मलाई चिन्नुभयो ?" "अहँ, मैले तपाईंलाई चिन्न सकिनँ, तपाईं को हुनुहुन्छ ?" "हामीहरूको भेटघाट आजभन्दा सात वर्ष पहिले यरूशलेममा भएको थियो। तपाईंलाई केही सम्झना छ ?" "ओहो ! बल्ल मलाई सम्झना आयो। तपाईं बारनाबास हुनुपर्छ, के मैले ठीक भनैँ ?" "हो, तपाईंले मलाई चिन्नुभयो।" "अनि के कामले तपाईं टार्सस आउनुभयो त ?" "म यहाँबाट नजिकै भएको एन्टिओखिया भन्ने ठाउँको मण्डलीको अगुवा (अधिकारप्राप्त) हुँ। म तपाईंलाई लिन आएको हुँ। कृपया, मसँगै हिँड्नुहोस् र हामी दुवै जना मिलेर प्रभुको सेवा गरौँ।" प्रभुको सेवा गर्ने कुरामा दुवै जना सहमत भएर एन्टिओखियामा गए (प्रेरित ११:२६)। यहाँ हामीले याद गर्नु पर्ने कुरा के हो भने पावललाई एन्टिओखिया जान निर्णय लिन हौसला मिलेको कुरा के हुनसक्छ भने उनी यरूशलेम जाँदा बारनाबासले सान्त्वना र उत्साह दिएका थिए। तर अरू प्रेरितहरूले चाहिँ त्यसो नगरी तिनलाई विमुख

तुल्याएका थिए। बारनाबास पावलको बिर्सनै नसक्ने मित्र थिए र उनी तिनीप्रति कृतज्ञ र ऋणी पनि थिए। परमेश्वरले यी दुइ व्यक्तिहरूका सम्बन्ध र मित्रतालाई विश्व-व्यापि सुसमाचार अभियान (world mission)-को लागि विशाल खम्बाको रूपमा परिणत गर्नुभयो। यदि बारनाबास र पावलको बीचमा राम्रो सम्बन्ध नभएको भए तिनले सेवकाइ गर्नको लागि गरेका अनुरोध पावलले स्वीकार नगर्न पनि सक्थे।

म पक्कै पनि यी दुइ व्यक्तिहरूको भेटघाट, छलफल र कुराकानीको साक्षी त होइन तर हामीले त्यो घटनाको सुन्दर चित्र मन-मष्तिस्कमा उतार्नसक्छौँ। त्यसबेला इसाई इतिहासमा ती दुइ महान् व्यक्तिहरूले उठाउन लागेका ठूलो उत्तरदायित्वलाई एक आपसमा हात मिलाएर कसरी सम्झौता गरे होलान् भनी हामी कल्पना गर्नसक्छौँ। ओहो, त्यो क्षण कति अचम्मलाग्दो थियो होला ! वास्तवमा त्यो क्षण प्रभु येशूले आफ्ना चेलाहरूलाई उहाँ स्वर्गारोहण हुनुभन्दा अघि प्रेरित १:८ -मा दिनुभएको प्रतिज्ञाको कार्यान्वयनको सुरुवात-बिन्दु थियो। टार्ससमा भएको त्यो भेटघाट सामान्य देखिए तापनि करौडौँ-करोड मानिसहरूलाई बचाउन संसारभरि नै फैलिनुपर्ने महत्त्वपूर्ण स्वर्गीय अभियानको प्रारम्भ थियो। त्यो सुन्दर समयमा स्वर्गमा हुनुभएको हाम्रो प्रभु येशू अवश्य रमाउनु भएको हुनुपर्छ।

त्यसपछि पावल (त्यसबेला शाऊल) एन्टिओखियामा पुगे अनि बारनाबासले अगुवाइ गरिरहेको मण्डलीमा अरू अगुवाहरूसँग मिलेर सेवकाइ गर्नथाले। यस कुराको प्रमाण हामी प्रेरित १३:१ मा देख्दछौँ, जहाँ मुख्य अगुवा बारनाबाससँग उनलाई सहयोग गर्ने अरू अगुवाहरूका नाउँहरू क्रमवद्ध रूपमा राखिएको छ : "एन्टिओखियाको मण्डलीमा अगमवक्ताहरू र शिक्षकहरू, अर्थात् बारनाबास, काला



भनिने शिमियोन, कुरेनीका लुकियस, प्रान्तीय शासक हेरोदसँग हुर्केका मनेन र शाऊल थिए।" यस पदमा उल्लेख भएका शिमियोनचाहिँ त्यहाँ दोस्रो मुख्य अगुवा थिए, जसले केही वर्षअघि येशूका क्रूस बोकेका थिए।

शाऊलको त्यतिबेलाको सेवकाइलाई आजभोलिको दृष्टिकोणले हेर्ने हो भने उनी एक सहायक पास्टरको रूपमा त्यस मण्डलीमा अवस्थित थिए। यद्धपि उनीसँग अरू अगुवाहरूसँग भन्दा बढी क्षमता र खुबीहरू थिए, तैपनि उनले आफ्नो पास्टरीय सेवकाइको सुरुवात भऱ्याङ्गको तल्लो खुड्किलाबाट प्रारम्भ गरे। एन्टिओक मण्डलीका वरिष्ठ अगुवाहरूका अधीनमा रहेर पावलले करिव एक वर्षसम्म सेवकाइ गरे।

एन्टिओक मण्डलीका वरिस्ठ पास्टर बारानबास र सहायक पास्टर शाऊलको जीवनमा पवित्र आत्मा परमेश्वरको बेग्लै अनि विशेष योजना थियो। तिनीहरूका भविष्य संसारको विभिन्न भागहरूमा सुसमाचार पुऱ्याउनको लागि मिसेनरी भई जानको लागि निर्धारण गरिसकिएको थियो। एक दिन विश्वासीहरू आराधना गरिरहेका र उपवास बसिरहेका बेलामा पवित्र आत्माले मण्डलीलाई 'ती दुइ व्यक्तिहरूलाई विशेष कामको लागि अलग गर' भनी भन्नुभयो (प्रेरित १३:२)। त्यसकारण एन्टिओक मण्डलीका विश्वासीहरूले तिनीहरूमाथि हात राखेर प्रार्थना गरेर सुसमाचारको निम्ति बाहिर जान बिदा गरे (प्रेरित १३:३)।

बारनाबास र शाऊलको प्रथम गन्तव्य साइप्रस टापु थियो। त्यो ठाउँमा पुग्न पानीजहाजबाट करिव दुइ घण्टा लाग्दथ्यो। त्यस ठाउँमा पुगेपछि शाऊलले आफूभित्र भएको क्षमतालाई पूर्ण रूपमा अभ्यास गर्नथाले। तिनले सार्वजनिक स्थानहरूमा परमेश्वरको वचन प्रचार गर्नथाले। शाऊल अगाडि बसेर आफ्नो

अगुवापन क्षमताको अभ्यास गर्नथाले र बारनाबास पर्दापछाडि बसेर तिनलाई सहायता गर्नथाले। त्यसैबेला शाऊलले 'पावल' भन्ने नयाँ नाम पाए (प्रेरित १३:९)

## बारनाबास र पावलका फरक चरित्रहरू
## The Character differences between Barnabas and Paul

बारनाबास उत्साह दिने सच्चा व्यक्ति थिए भनेर हामीले अघिल्लो अध्यायमा लामो छलफल गर्‍यौँ। तिनको पावलप्रति भएको सहयोगी भावनाले गर्दा त्यो काम तिनले निरन्तर गरिरहे भन्ने कुरा हामी विचार गर्नसक्छौँ। बारनाबासको आज्ञाकारिता, अग्रसरता र निमन्त्रणाको कारणले गर्दा पावल सेवकाइको निम्ति पहिले एन्टिओखियामा पुगे र पछि संसारको विभिन्न भागहरूमा पुगे। बारनाबासले पावललाई उत्साह दिएको र निर्माण गरेको कारणले गर्दा नै उनले परमेश्वरको काम गरेका हुन्। उक्त उपयुक्त काम पूरा गर्नको लागि परमेश्वरले बारनाबासलाई विशेष रूपमा तयार पार्नुभएको थियो भन्ने कुरामा म विश्वस्त छु।

वास्तवमा भन्ने हो भने पावल इसाई इतिहासको सुरुको अवस्थाका अति विशिष्ट र प्रभाशाली मिसनेरी थिए। परमेश्वरले चानचुने व्यक्तिलाई अवश्य पनि तिनको साझेदार बनाउनु भएन। पावल र बारनाबासको ठीक समयमा भेट गराउने काम अत्यन्त होशियारीपूर्वक बनाइएको ईश्वरीय योजना थियो। प्रभुको तयारीअनुसार पावललाई विश्व-व्यापि इसाई मिसनको निम्ति बलियो खम्बा बनाउनको लागि बारनाबासले तिनलाई उत्साह दिनु, सहायता गर्नु, निर्माण गर्नु, अगुवाइ गर्नु र शक्तिशाली बनाउनुपरेको थियो। ती दुइ महान् व्यक्तिहरूलाई एकै ठाउँमा जम्मा हुनु कुनै संयोग होइन तर पूर्ण तयारीसाथ परमेश्वरको सिद्ध ईश्वरीय इच्छा थियो भन्ने कुरा हामीले बुझ्नुपर्दछ।



यदि हामीले बारनाबासको व्यक्तित्वलाई अध्ययन गर्‍यौँ भने के पाउँदछौँ भने उनी स्नेही, सहानुभूतिपूर्ण, निस्वार्थी, परोपकारी र दयालु स्वभावका व्यक्ति थिए। उनी डाही र ईर्ष्यालु होइन तर प्रेमसाथ अरूलाई स्वीकार गर्नसक्ने व्यक्ति थिए। बारनाबाससँग येशूका धेरै वटा चरित्रहरू थिए। म यहाँ जोड दिएर यो कुरा भन्न चाहन्छु, कि उनीसँग भएको प्रत्येक चरित्रलाई परमेश्वरले उपयुक्त ढङ्गले निर्माण गरिदिनुभएको थियो। कलिलो उमेरदेखि लिएर मृत्युको घडीसम्मै बारनाबास परमेश्वरले उनको निम्ति बनाइदिनुभएको सही बाटो भएर नै हिँडिरहे। उनको जन्म राम्रो घरानामा भएको थियो। उनको दिदी मरियम र तिनको छोरा मर्कूस प्रभुप्रति समर्पित व्यक्तिहरू थिए। परमेश्वरको राज्यको निम्ति तिनीहरूले आफूसँग भएको हरेक कुरा बलिदान गर्न हमेसा तयार रहन्थे।

बारनाबास विश्वास र आत्माले भरिएका "असल व्यक्ति" थिए भनेर बाइबलले बताउँछ। उनको बारेमा छोटकरीमा यसरी टिप्पणी गर्न सकिन्छ: उनी परमेश्वरबाट तयार पारिएका मानिस थिए र विशेष उद्देश्य पूरा गर्नको लागि तिनलाई धेरै वटा वरदानहरू र खुबीहरू दिइएका थिए। हामीले बुझ्नुपर्ने कुरा के हो भने तिनी एकै दिनमा असल व्यक्तिको रूपमा निर्माण भएका अवश्य होइन। पूर्ण तयारीको लागि हामीहरू जीवनभरि नै विभिन्न प्रकारका तालिमहरूद्वारा विस्तारै परिवर्तन हुँदैजान्छौँ। बारनाबास पनि बिस्तारै तर स्थिर अनि लगातार रूपमा अगाडि बढ्दै परमेश्वरले चाहेजस्तो व्यक्ति बनेका हुन्। हामीलाई यो कुरा थाहा छ, कि बारनाबास असल स्वभाव भएको व्यक्ति थिए। उनीसँग भएको त्यही मुख्य विशेषताले नै उनी पावलको विश्वासयोग्य सहयोगी बन्नसके। यो कुरा पक्का हो- बारनाबासको सहयोगविना पावल परमेश्वरको त्यति ठूलो सेवक कदापि हुनसक्ने थिएनन्।

बारनाबास नम्र स्वभावको व्यक्ति भएकोले नै पावल सेवकाइमा उत्रिएपछि तिनीसँग भएको सबै मान-प्रतिष्ठा र जिम्मेवारीहरू पावलको निम्ति अर्पण गरे। वास्तवमा परमेश्वरले पावललाई पास्टरीय सेवकाइभन्दा अर्कै विशेष कामको निम्ति छान्नुभएको थियो। बाइबलमा जब पावलको सेवकाइको वर्णन सुरुहुन्छ, तब बारनाबासको सेवकाइको विवरण लुकाइएको छ। पावललाई अगाडि ल्याउनु उनको मुख्य भूमिका थियो र तिनले उक्त जिम्मेवारी पूरा गरेपछि आफूलाई पर्दापछाडि नै लुकाउन रुचाए।

पावलसँग बारनाबासको भन्दा फरक स्वभावहरू थिए। उनी अलि चाँडै रिसाइहाल्ने र हडबडे व्यक्तित्व भएका मानिस थिए। त्यस्तो स्वभावले गर्दा प्राय: अरू मानिसहरूसँग तिनको मतभेद र विवाद भइरहन्थ्यो। त्यही स्वभावले गर्दा नै दोस्रो मिसनेरी यात्रा सुरु हुनुभन्दा अघि पावल र बारनाबासको बीचमा विवाद उत्पन्न भएको थियो। मर्कूस भनिने यूहन्नालाई यात्रामा साथै लाने कि नलाने भन्ने विषयमा तिनीहरूका बीचमा ठूलो मतभेद भएको थियो (प्रेरित १५:३९)।

त्यसबेलाको मतभेदले यति गम्भीर रूप लियो, कि जसले गर्दा पावल र बारनाबास एक आपसमा छुट्टिए। यहाँ अर्को कुरा पनि स्मरण गर्न उपयुक्त देखिन्छ, त्यो के हो भने पावलको सम्बन्ध सुरुका बाह्र जना प्रेरितहरूसँग त्यति राम्रो थिएन। त्यसको प्रमाण हामी गलाती २:६ मा पावलले लेखेका अभिव्यक्तिबाट थाहा पाउनसक्छौँ। त्यहाँ यसरी लेखिएको छ, "प्रतिष्ठित देखा पर्ने व्यक्तिहरू जो थिए- र तिनीहरू जस्ता भए तापनि मलाई त केही फरक पर्दैन, [...] यिनीहरूले मेरो सन्देशमा केही थपिदिएनन्।" पावलसँग राम्रो सम्बन्ध नभएका मण्डलीका अरू अगुवाहरूले पनि तिनको स्वभाव र व्यक्तित्वको बारेमा बताउन सक्छन्।



गलातीको पुस्तकमा पावलले पत्रुसलाई अगाडि नै आएर "खुल्लमखुल्ला" विरोध गरेको घटना उल्लेख गरिएको छ। पहिले विश्वासीहरूलाई सताउने व्यक्तिले त्यसबेला बाह्र प्रेरितहरूमध्ये आदरणीय मुख्य अगुवालाई हप्काएका थिए (गलाती २:११)। यी कुराहरूलाई हेर्दा हामी पावल रिसालु, अधिरजी, चाँडै निर्णय गर्ने र कठोर स्वभावका व्यक्ति थिए भनी भन्नसक्छौँ। तिनलाई तालिम दिनको लागि परमेश्वरले भद्र अनि नरम स्वभावका बारनाबासलाई सहयोगीको रूपमा खटाउनुभयो। अर्को कुरा के हो भने पावललाई एक उदाहरणीय सेवक बनाउनको लागि परमेश्वरले धेरै प्रकारको कठिन अनि अप्ठ्यारो बाटोहरूमा हिँडाउनुभयो। विभिन्न प्रकारको जाँच र दु:ख-कष्टहरूद्वारा परमेश्वरले कुमालेले झैँ उहाँको सृष्टिलाई आकार दिँदै परमेश्वरले आफ्नो जनलाई उहाँको अभिरुचिअनुसारको सुन्दर ढाँचामा बदल्नुहुन्छ (२ कोरिन्थी ११:२३-३०)।

पावलको जीवनलाई राम्ररी बुझ्नको लागि तिनको जीवन चक्रको केही महत्त्वपूर्ण मितिहरूलाई फेरि एकपटक साराशंमा हेरौँ। पावलको जन्म इ.सं.५ मा भएको थियो। दमस्दकसको बाटोमा येशूसँग तिनको अचम्मको भेटघाट इ.सं.३५ मा भएको थियो, जुनबेला तिनको उमेर तीस वर्षको थियो (प्रेरित ९:४)। त्यस घटनापछिको तीन वर्षसम्म तिनी अरब देशमा गएर बसे, त्यसपछि केही समयको निम्ति दमस्कस आए। त्यहाँबाट तिनी दुइ हप्ताको लागि यरूशलेममा गए (गलाती १:१७-१८)। उक्त घटनापछि तिनले सात वर्षसम्म आफ्नै मातृभूमि टार्ससमा सेवकाइ गरेर बिताए (प्रेरित ९:३०)।

इ.सं.४५ मा बारनाबासको निमन्त्रणा पाएर तिनी एन्टिओखियामा पुगे, जुन समयमा तिनको उमेर चालीस वर्ष पुगिसकेको थियो। पावलले एन्टिओखियाको

मण्डलीका एल्डरहरूका रेखदेखमा करिब एक वर्षसम्म सेवकाइ गरे। इ.सं.४६ देखि इ.सं.४८ को बीचमा तिनले बारनाबाससँग मिलेर पहिलो मिसन यात्रा गरे। त्यसपछि इ.सं.६० सम्म तिनले अरू दुइ वटा मिसन यात्राहरू गरे। त्यसपछि तिनको सेवकाइमा अवरोध आयो किनभने इ.सं.६० देखि ६२ सम्म तिनी नजरबन्दमा परे। तिनले लगातार चौध वर्षसम्म विभिन्न स्थानहरूमा सुसमाचार प्रचारको निम्ति यात्रा गरे। ती ठाउँहरूमा तिनले परमेश्वरको वचन प्रचार गरेर धेरै वटा मण्डलीहरू स्थापना गरे। ५५ वर्षको उमेरमा तिनी पहिलोचोटि नजरबन्दमा परे। त्यतिबेलाको मान्यताअनुसार त्यो उमेरलाई निकै वृद्ध भएको मानिन्थ्यो।

पावलले विशाल-मण्डली निर्माणको लागि पास्टर भएर एकै ठाउँमा बस्न रुचाएनन् तर पूर्णकालीन रूपमा मिसनेरी भएर विभिन्न ठाउँमा भ्रमण गरिरहे भन्ने कुरा बझ्नु महत्त्वपूर्ण छ। तिनी कहिले पनि एकै ठाउँमा तीन वर्षभन्दा लामो समयसम्म बसेनन्। एउटा स्थानमा काम सकेपछि पवित्र आत्माले अगुवाइ गर्नुभएअनुसार तिनी अर्को मिसन क्षेत्रमा गएर सेवकाइ सुरु गर्ने गर्दथे। तिनको अर्को विशेषता के थियो भने पहिले स्थापना गरेका मण्डलीहरूलाई पनि तिनले निरन्तर रूपमा सहायता गर्ने गर्दथे। चौध वर्षसम्म एक्लो अनि अफठ्यारो परिस्थितिहरूबाट र विभिन्न दु:ख-कष्टहरूबाट गुज्रिएपछि पावलमा बिस्तारै असल व्यक्तित्व र राम्रा चरित्रहरू निर्माण हुँदै गए।

नजरबन्दमा परेको दुइ वर्षको अवधिमा पावलले चार वटा पत्रहरू लेखे, तिनीहरू: एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोनको पत्रहरू हुन्। अगाडि लेखिएका दुइ पत्रहरूमा भन्दा यी पत्रहरूमा पावलको आत्मिक परिपक्वपन र भद्र स्वभाव प्रतिविम्बित भएको पाइन्छ। त्यसैकारणले गर्दा एफिसीहरूलाई लेखेका



पत्रमा तिनले यसो भनेर सुझाव दिएका छन्- झगडा र विवादहरूलाई हटाएर शान्ति कायम गर्नू, एकतामा बस्नू र मानिसहरूलाई प्रेमको दृष्टिकोणले स्वीकार गरेर क्षमा दिनू। अर्को उदाहरूणचाहिँ फिलिप्पी २:५ हो, जसमा यसरी लेखिएको छ: "तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो।" यस खण्डद्वारा तिनले पाठकहरूलाई धिरजी हुन र एकले अर्कोलाई बुझ्न र स्वीकार गर्न आग्रह गरेका छन् (तिनले अघिल्लो छ वटा पत्रहरूमा यस प्रकारले लेखेका छैनन्)।

चौथो मिसनेरी यात्राको क्रममा इ.सं.६७ मा पावल दोस्रो पटक नजरबन्दमा परे, जुनबेला तिनको उमेर ६२ वर्ष भइसकेको थियो। त्यसको केही समयपश्चात् इ.सं. ६८ मा तिनी सहिद भए। तिनलाई मृत्युदण्ड दिइनुभन्दा केही समयअघि पावलले आफ्नो आत्मकि छोरा तिमोथीलाई दोस्रो पत्र लेखे। २ तिमोथीको पुस्तकमा पावलले तिमोथीलाई अन्तिम तर महत्त्वपूर्ण अनुरोधहरू र सुझावहरू लेखेका छन्। त्यसको केही खण्डहरूमा कसलाई भेट गर्नू, कसलाई इन्कार गर्नू र कससँग होसियार रहनू भन्नेजस्ता कुराहरू उल्लेख गरिएका छन्। त्यस पत्रमा उनलाई समस्या परेको बेलामा सहायता गर्ने व्यक्तिहरूलाई धन्यवाद दिएका छन्। उनलाई त्याग्ने व्यक्तिहरूका नाउँहरू पनि त्यहाँ उल्लेख गरेका छन्। पावलका पत्रहरू पढ्दा चाखलाग्दो कुरा के भेट्टाइन्छ भने पछिल्लो लेखाइहरूमा सेवकाइको विषयका कुराहरूभन्दा मानवीय सम्बन्धहरूको बारेमा केन्द्रित भएर लेखिएका कुराहरू बढी छन्।

पावलले विभिन्न दु:ख-कष्ट र एक्लो अवस्थाहरू पार गरेपछि तिनको व्यक्तित्वमा नरमपन आएको देखिन्छ, जसले गर्दा तिनमा बिस्तारै ख्रीष्टको चरित्रहरू भरिन थाले। सुरुमा तिनी दयालु हृदय र असल चरित्र भएका व्यक्ति

नभएको कारणले गर्दा नै बारनाबाससँग छुट्टिनु परेको थियो। पावल सुरुमा रुखो स्वभाव भएका हडबडे र अविवेकी मानिस थिए, जसलाई परमेश्वरले विभिन्न तालिमहरूद्धारा सुधार गर्दै लानुभयो। पालको जीवनमा सुधार र परिवर्तनहरू आउन धेरै लामो समय लाग्यो। तुलना गरेर हेर्ने हो भने केही पक्षहरूमा पावलभन्दा बारनाबास धेरै राम्रा थिए। उनी दयालु हृदय भएका, नम्र स्वभावका, परोपकारी र अरूलाई वास्ता-प्रेम गर्ने र उत्साह दिने असल विश्वासी थिए।

फरक व्यक्तित्व र चरित्र भएका दुइ व्यक्तिहरू- पावल र बारनाबासको साझेदारी सेवकाइबाट हामीले महत्त्वपूर्ण पाठ सिक्नसक्छौँ। परमेश्वरको सेवकाइको निम्ति पावल र बारनाबासजस्ता व्यक्तिहरूको निरन्तर खाँचो पर्दछ। पावलजस्तो जोसिलो अगुवा र तिनलाई सहायता गर्ने बारनाबासजस्तो विश्वासयोग्य व्यक्ति मण्डलीमा हुनु आवश्यक छ। आफ्नो बगाललाई परिवर्तन गर्नको लागि निरन्तर वास्ता-प्रेम गरी परिश्रम गर्ने पास्टरलाई बलियो पार्न आत्मिक सहयोगीहरूको जरुरत पर्दछ। बारनाबास त्यस्तै प्रकारका एक उदाहरणीय व्यक्ति हुन्। पावललाई परिवर्तन गरी असल अगुवा बनाउनको लागि आवश्यक योग्यता र गुणहरू उनीसँग थियो।

## अगुवालाई विश्वासयोग्य सहयोगीहरू आवश्यक पर्दछ
## A Leader needs faithful Assistants

राष्ट्रको सरकारमा राष्ट्रपतिलाई उच्च स्तरको अगुवा मानिन्छ, जसलाई धेरै मन्त्रीहरू, सचिवहरू र अरू सहयोगीहरूले सहायता गर्ने गर्दछन्। राष्ट्रपति जतिसुकै शिक्षित, बुद्धिमान् र योग्य भए तापनि यदि तिनको सहयोगीहरू सामान्य



स्तरका मात्रै छन् भने तिनले देशलाई राम्रो प्रकारले अगुवाइ गर्न सक्दैनन्। चाहे त्यो सरकार होस् अथवा मण्डली, मुख्य अगुवालाई बारनाबासजस्तो व्यक्तिको सधैँ आवश्यक्ता पर्दछ, जसले तिनको अगुवापन क्षमतालाई अधिकतम अभ्यास गर्न सहायता गर्ने गर्दछन्। यदि कुनै अगुवासँग बारनाबासजस्तो सहयोगीहरू छन् भने तिनी धेरै नै खुसी हुनसक्छ।

बारनाबासजस्तो उत्साह दिने व्यक्तिको बारेमा विचार गर्दै-गर्दा मेरो मनमा करिव दश वर्षअघिको एउटा घटना याद आयो, जुन अमेरिकाको सिकागो सहरको एउटा कोरियन मण्डलीमा घटेको थियो। उक्त मण्डलीको वरिष्ठ पास्टर असल व्यक्ति हुनुहुन्थ्यो तर कहिलेकाहीँ उहाँ आफूले बोल्ने शब्दहरूका बारेमा त्यति ध्यान दिनुहुन्नथ्यो र वचन प्रचारको समयमा केही असुहाउँदो र अप्रासङ्गिक कुराहरू बोल्ने गर्नुहुन्थ्यो। त्यो मण्डलीको केही सदस्यहरूले उहाँको त्यस्तो गल्तीहरूलाई औँल्याएर अस्वीकार गर्ने गर्दथे।

एक दिन उक्त पास्टर कोरियाको सिओलमा आउनुभयो। त्यहाँ एक जना व्यक्तिले उहाँलाई विश्वास गरेर सिकागोमा भएको उहाँको मण्डलीको एक जना व्यक्तिलाई दिनको निम्ति सुनको औँठी सुम्पनुभयो। केही समयपछि उहाँ सिकागो फर्कनुभयो र त्यो औँठी सम्बन्धित व्यक्तिलाई दिनुभयो तर मण्डलीमा नराम्रो हल्ला फैलियो। त्यो के भने उहाँले त्यो औँठी आफैले राख्नुभयो। यस प्रकारको विद्वेषपूर्ण हल्लाले मण्डलीमा नकारात्मक हलचल मच्चियो। कहिलेकाहीँ त्यस प्रकारको घटनाले मण्डलीमा राजनीतिको रूप लिने गर्दछ। उक्त मण्डलीमा त्यो हल्लामा विश्वास गर्ने र नगर्ने मानिसहरूका दुइ वटा समूहहरू खडा भए, जसको कारणबाट मण्डली विभाजन हुने खतरा देखापऱ्यो। सो समस्या समाधान गर्नको लागि एल्डरहरू र

अरू कर्मचारीहरूको सभा बोलाई तिनीहरूका बीचमा छलफल र कुराकानी भयो। उहाँहरूका पास्टर चोर होइन तर परमेश्वरका धर्मी सेवक हुन् भन्ने कुरा उक्त साधारण सभाको सर्वसम्मतिबाट निर्णय निकालियो।

उक्त निर्णयलाई धन्यवाद दिनुपर्दछ, जसले तत्कालीन समस्यालाई समाधान गरी सबै कुरालाई पुरानै अवस्थामा मिलाउन सफल भयो। मण्डली परिषद्का सदस्यहरूले आधिकारिक रूपमा सो निर्णयलाई घोषणा गरेपछि पहिलेको नराम्रो हल्ला हराएर गयो। त्यो मण्डली परिषद्मा सात जना सदस्यहरू थिए र तिनीहरू सबै जनाले अप्ठ्यारो परिस्थितिमा बारनाबासले जस्तैगरी आफ्नो अगुवाको पक्षमा एउटै खालको सकारात्मक आवाज उठाए।

त्यसकारण, परमेश्वरको मण्डलीमा असल सहयोगीहरू र असल अगुवाहरूको खाँचो पर्दछ। मण्डलीमा त्यस्ता सहयोगी र उत्साह दिने व्यक्तिहरू वरिपरि भएमा पास्टरको सेवकाइ फलदायी हुँदै जान्छ।

प्राय: सबै मण्डली र समुदायहरूमा आफूलाई निकै बुद्धिमानी ठान्ने मानिसहरू हुन्छन्, जसले विभिन्न विषयहरूमा उच्च सोरले अरूको न्याय गर्न, कुरा काट्न, वाद-विवाद गर्न र खण्डन गर्न रुचाउँछन्। यस प्रकारका व्यक्तिहरू बढ्दै गएकोले नै आजभोलिका मण्डलीहरूका संरचना दिन प्रतिदिन खुकुलो हुँदै गइरहेको छ।

तर त्यसको विपरित जब मण्डलीमा बारनाबासजस्ता असल व्यक्तिहरू थपिँदै जान्छन्, तब त्यो बिस्तारै स्वस्थ्य र मजबुत परमेश्वरको घरमा परिणत हुँदैजान्छ। बारनाबासजस्ता व्यक्तिहरू भएको मण्डलीलाई परमेश्वरले कदर र सम्मान गर्नुहुन्छ र त्यसलाई उहाँले महिमित प्रकारले चलाउनु पनि हुन्छ।



यसै प्रसङ्गमा म तपाईंहरूलाई एउटा प्रश्न सोध्न चाहन्छु। तपाईं हाम्रो समाज कस्ता प्रकारका मानिसहरूले भरिएको छ त ? पावलजस्ता मानिसहरूले भरिएको छ अथवा बारनाबासजस्ता व्यक्तिहरूले भरिएको छ ? उदाहरणको लागि कोरियन समुदायलाई हेर्ने हो भने, त्यहाँ बारनाबासभन्दा पावलजस्ता व्यक्तिहरूको बाहुल्यता पाइन्छ। वास्तवमा, कोरियन समाजको विशेषता यही हो। साँच्चै भन्ने हो भने कोरियाली मानिसहरूमा बारनाबासजस्तो व्यक्ति भेट्टाउन गाह्रै पर्दछ।

मानव इतिहास महान् व्यक्तिहरूका उदाहरणीय जीवनीहरूले भरिएको छ र ती व्यक्तिहरूका उपलब्धिहरू र सफलताहरूलाई केलाउने हो भने बारनाबासजस्ता व्यक्तिहरूले सधैँ तिनीहरूलाई पछाडिबाट सहायता गरिरहेका सत्य-तथ्य हामी थाहा पाउँदछौँ। महत्त्वपूर्ण कुरा के हो भने पर्दापछाडिबाट सहायता गर्ने सहयोगीहरूद्वारा मात्र महान् अगुवाहरू सफल हुन सक्छन्। यो सिद्धान्त आजको समयमा पनि लागू हुन्छ। आज-भोलि यस प्रकारको सहयोगीलाई "परामर्शदाता" [mentor] भनिन्छ। प्राय: तिनीहरूका काम र प्रभावहरू लुकिएको अथवा पर्दापछाडि नै रहेको हुन्छ। इतिहासमा प्राय: धेरै मानिसहरूले सम्झिरहने महान् व्यक्ति (पुरुष अथवा महिला) -को पछाडि विशेष अनि शक्तिशाली परामर्शदाता हुनेगर्दछ, जसले तिनलाई निरन्तर प्रेरणा प्रदान गरिरहेको हुन्छ। विश्व प्रख्यात आत्मिक अगुवा रेभ. डेभिड योङ गी चो (Rev. David Yong Gi Cho) -को जीवनमा एक विशेष परामर्शदाता व्यक्ति हुनुहुन्थ्यो, जसको कारणबाट उहाँको जीवन र सेवकाइमा ठूलो हलचल र परिवर्तन आएको थियो। उक्त व्यक्ति अरू कोही नभएर उहाँको आफ्नै सासू थिइन्। त्यस्तै प्रकारले परमेश्वरले उहाँको कामको निम्ति छान्नुभएको महान् ईश्वरशास्त्री विद्वान्, पिटर वाग्नर (Peter Wagner) भन्ने व्यक्तिको जीवनमा पनि सिन्डी ज्याकोबस् (Cindy Jacobs) नाउँ

भएकी महिलाले परामर्शदाताको भूमिका निभाएकी थिइन्। तिनी साधारण तर प्रार्थना गर्ने महिला थिइन्। तिनीसँग अगमवाणी बोल्ने वरदान पनि थियो। जब पिटर वाग्नरको जीवनमा दु:ख-समस्या आइपर्थ्यो अनि उहाँले एक्लोपनको अनुभव गर्नुहुन्थ्यो, तब उक्त महिलाले एक असल परामर्शदाताको हैसियतले उहाँलाई सहायता र सल्लाह दिने गर्नुहुन्थ्यो। अर्को चाखलाग्दो कुरा के हो भने बिल्ली ग्राहाम (Billy Graham) -जस्तो महान् व्यक्तिको जीवनमा पनि एक साधारण तर विश्वासयोग्य र समर्पित महिलाले परामर्शदाताको भूमिका निभाएकी थिइन्।

मोशाको जीवनलाई हेरौँ। उनले हिब्रूहरूलाई अगुवाइ गरेर मिश्रदेशबाट छुटकारा दिलाएका थिए। उनलाई सहायता गर्ने कालेब भन्ने व्यक्ति थिए, जसलाई तिनले प्रतिज्ञाको भूमिमा जासुसी गर्न पठाएका थिए। उनलाई यहोशूले पनि सहायता गरे तर हामीले बुझ्नुपर्ने कुरा के हो भने यहोशूसँग पहिले नै क्षमतावान अगुवामा हुनुपर्ने गुणहरू विकास भइसकेको थियो। मोशाको मृत्युपश्चात् तिनी नै मुख्य अगुवा भए। तर कालेबसँग चाहिँ बारनाबासको जस्तो गुणहरू थिए। आफू पर्दापछाडि नै बसेर उनले मोशाको मृत्यपछि नयाँ अगुवा यहोशूलाई निरन्तर सहायता गरिरहे। नयाँ करारमा आएर पत्रुसको जीवनलाई हेर्ने हो भने अरू प्रेरितहरूभन्दा उनीसँग फरक प्रकारको स्वभाव थियो। उनलाई पनि सहायता गर्ने बारनाबासजस्तो व्यक्ति थिए। त्यो व्यक्ति अरू कोही नभएर तिनको आफ्नै भाइ अन्द्रियास हुन्। यहाँ हामीले ध्यान दिनुपर्ने कुरा के छ भने पत्रुसले भन्दा पहिले अन्द्रियासले येशूलाई भेटेका थिए। सुरुमा तिनी बप्तिस्मा दिने यूहन्नाको चेला थिए तर केही समयपछि परमेश्वरको पुत्र येशूसँग तिनको भेट भयो। अन्द्रियासले नै पत्रुसलाई येशूसँग परिचय गराएका थिए तर पछि गएर तिनले के गर्ने भन्ने कुरा निर्णय गर्न सकेनन्।



अन्त्यमा म के भन्न चाहन्छु भने प्रेरित पावलसँग पनि परामर्शदाता थियो। एन्टिओखिया मण्डलीको सेवकाइको सुरुवातदेखि नै तिनलाई एक जना महिलाले विनासर्त पूर्णहृदयले सहायता गरेकी थिइन्। पावलले तिनलाई अति आदर गर्थे अनि तिनको बारेमा प्रशंसा पनि गरेका छन्। तिनलाई परामर्श दिने महिला साइरेनीका सिमोन, जसले येशूको क्रूस बोकेका थिए, तिनकी आमा थिइन्। उक्त महिलालाई पावलले "आमा" भनेर सम्बोधन गरेका छन् (रोमी १६:१३)। हामीलाई यो तथ्य स्वीकार गर्न करै लाग्दछ, कि धेरै मात्रामा परामर्शदाताहरू महिलाहरू नै हुने गर्दछन्। ठूल्ठूला आत्मकी अगुवाहरू र पास्टहरूका सेवकाइमा परामर्श दिनेहरू पनि महिलाहरू नै छन्।

इतिहासका पानाहरूमा नाउँ भएका महान् आत्मिक अगुवाहरूका पछाडि रहेर कामगर्ने साधारणजस्ता देखिने ती महिला परामर्शदाताहरूले उहाँहरूका सफलताको निम्ति महत्त्वपूर्ण भूमिका निभएका हुन्छन्। पर्दापछाडि रहेर काम गर्ने भएकोले तिनीहरूले त्यति ख्याति र परिचय पाउन सक्दैनन्। हामीले बुझ्नुपर्ने कुराचाहिँ के हो भने परामर्शदाताहरूलाई तुच्छ सम्झी सामान्य सहायकको रूपमा मात्र सीमित राख्नु हुँदैन किनभने तिनीहरूले मुख्य अगुवाहरूका सेवकाइमा विशेष अनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्। प्राय: अगुवाहरू एक्लो हुने गर्दछन् र तिनीहरूले सबै कामहरू आफै गर्न सक्दैनन्। वास्तवमा भन्ने हो भने स्वयम् परमेश्वरले त्यस प्रकारका अगुवाहरूलाई सबै काम एक्लै गर्न दिनुहुन्न तर उहाँको कामको निम्ति असल सहायकहरू जुटाइदिनुहुन्छ। सबै कामहरू एक्लै गर्नखोज्ने अगुवा पछि गएर घमण्डी बन्नसक्छ।

सांसारिक दृष्टिकोणले हेर्ने हो भने बारनाबासले नाटक (अथवा चलचित्र) -को

प्रस्तुतकर्ता अथवा निर्माणकर्ताको भूमिका निभाए। उनी सेवकाइमा अगाडि देखा परेनन् तर पावललाई अगाडि राखे। उनले पर्दापछाडि बसेर एक सहायकको भूमिका निभाउने काम रोजे। प्रभुमा समर्पित व्यक्तिहरू त्यसप्रकारले लुकिएर सेवकाइ गर्न मन पराउँछन्। तिनीहरूले बलिदानपूर्ण जीवन जिएर अरू अगुवाहरूलाई माथि उठाउन चाहन्छन्। त्यस प्रकारका व्यक्तिहरू अरू अगुवाहरूको सफलतामा डाह गर्दैनन् तर आनन्दित हुने गर्दछन्। "गहूँको दाना माटोमा परेर मर्दछ" भनेजस्तै तिनीहरूका मनोवृत्ति हुन्छ। परमेश्वरको अनुग्रहद्वारा तिनीहरूले सहायता गर्ने र उत्साह दिनेजस्ता असल चरित्रहरू प्राप्त गरेका हुन्छन् भन्ने कुरा हामीले बुझ्नुपर्दछ। त्यस प्रकारको योग्यता र क्षमता तिनीहरूका व्यक्तिगत निर्णय र असल कामहरूले गर्दा प्राप्त गरेका होइनन्। त्यस्तो प्रवृत्ति सृष्टिकर्ता परमेश्वरको अनुग्रहबाट नै पाएका हुन्। त्यस्तो मनोवृत्ति परमेश्वरबाट दिइएको उपहार हो भनेर भन्दा फरक पर्दैन।

जब कुनै कार्यालयमा सचिवले आफू उक्त कम्पनिको मालिकजस्तो व्यवहार गर्न थाल्दछ, तब समस्या उत्पन्न हुन्छ। सहायकको भूमिका निभाउने व्यक्ति पछाडि बसेर अरू अगुवाहरूको सफलतालाई आफ्नो उपलब्धि हो भनी विचार गर्नसक्नु चानचुने कुरा होइन। त्यस्तो मनोवृत्ति परमेश्वरले दिनुभएको वरदान हो। यस दृष्टिकोणले विचार गर्दा बारनाबास सचिवजस्तो अनि पावलचाहिँ मालिकजस्तो देखिन्छ। सचिवको काम मालिकको काम र जिम्मेवारीको केही भागलाई आफूले लिनु हो, जसले मालिकलाई उसको तनावबाट हलुका बनाउन सान्त्वना दिने गर्दछ। वास्तवमा भन्ने हो भने बारनाबासले त्यस्तै काम गरेका थिए। यदि कुनै सचिवले गर्नुपर्ने कामहरू सही प्रकारले गरेन भने त्यसको परिणामस्वरूप मालिकलाई समस्या पर्नजान्छ। यदि सचिवको पदमा रहेको व्यक्तिले आफै मालिक हुन चाह्यो



भने झन् मालिकको निम्ति ठूलो समस्या हुनजान्छ।

## धेरै पावलहरू, थोरै बारनाबास
## Too Many Pauls, Less Barnabas

अगुवाको वरिपरि बारनाबासजस्ता व्यक्तिहरू उपलब्ध हुनु आशिष्को कुरा हो। तर यदि अगुवाको वरिपरि धेरै जना पावलजस्ता व्यक्तिहरू भयो भने समस्याहरू देखिन थाल्दछन्। मेरो विचारमा कोरियालीहरूमा बारनाबासको जस्तो चरित्र भएको सहायता गर्ने मानिसहरूको कमी छ। प्राय: तिनीहरू सबै जना अगुवा हुन चाहन्छन्। त्यही कारणले गर्दा नै कोरियामा सुसमाचार प्रचार हुन थालेदेखि अहिलेसम्म अनगिन्ति इसाई सम्प्रदायहरू जन्मिसकेका छन्। कोरियामा यस्ता धेरै जना धार्मिक अगुवाहरू छन्, जसले आफ्नै छुट्टै मण्डली-सम्प्रदाय स्थापना गर्न चाहन्छन्। कोरियालीहरूका लागि यो कुरा राष्ट्रिय चरित्रजस्तै भएको छ र मभित्र पनि यस्तै किसिमको मनोवृत्ति भएको कुरा महशुस गर्दछु।

मण्डलीमा वरिष्ठ पास्टर नभइकन सहायक पास्टर भएर बस्न धेरै व्यक्तिहरूलाई इच्छा हुँदैन। मानिसहरू यसरी विचार गर्दछन्- सहायक पास्टर हुनु भनेको वरिष्ठ पास्टर हुनको लागि गरिने तयारी हो। हामीहरूमध्ये धेरैजनालाई सधैँभरि बारनाबासजस्तै भएर बस्न मन लाग्दैन। कोरियाली मानिसहरूको हृदयमा यसै प्रकारको मनोवृत्ति विद्यमान छ।

कोरियाको व्यापार र उद्योगको क्षेत्रमा पनि यही सिद्धान्त लागू हुन्छ। प्राय: त्यहाँका मानिसहरू जुन ठाउँमा काम गरिरहेका छन्, त्यहाँ सिकेका ज्ञानबाट त्यस्तै

प्रकारको नयाँ काम सुरु गर्न चाहन्छन् किनभने अरू व्यक्तिहरूले मालिकको रूपमा हेरेको र मालिक भनेर सम्बोधन गरेको तिनीहरूले मन पराउँदछन्। कोरियाली पुरुषहरूलाई कुनै कार्यालाय वा संस्थाको "अध्यक्ष" पदमा रहेर काम गर्न मन लाग्दछ। अर्को कुरा के हो भने तिनीहरूलाई अरूले "श्रीमान् अध्यक्षज्यू" भनेर सम्बोधन गरेको धेरै मनपर्छ। यदि तपाईं कोरियाको भोजनालयहरूमा खाना खान जानुभयो भने त्यस्तै प्रकारले सम्बोधन गरेको सुन्न सक्नुहुनेछ। मलाई पनि त्यहाँका मानिसहरूले त्यसरी नै सम्बोधन गर्ने गर्दछन्। आजभोलि म तिनीहरूलाई यसो भन्ने गर्दछु, "मसँग कुनै पनि संसारिक व्यापार व्यवसाय छैन।"

यस्ता कुराहरू कोरियाली संस्कृतिको एक भागजस्तै भएको छ। यहाँ बारनाबासजस्तो व्यक्तिहरू थोरै मात्रामा पाइन्छन् तर अगुवा र मालिक हुन चाहने व्यक्तिहरूचाहिँ प्रशस्त मात्रामा पाइन्छन्। अगुवा र मालिक बन्नु भनेको कोरियाको मानिसहरूको जीवनको मुख्य उद्देश्य भएको छ। यस प्रकारको मनोवृत्तिले जन्माएको परिणामचाहिँ अनावश्यक होडबाजी र प्रतिस्पर्द्धा हो। अनावश्यक रूपमा मानिसहरू यस्तो विचार गरेर सावधान हुने गर्दछन्: "कुनै दिन यो मानिसले मलाई पछाडिबाट छुरा प्रहार गर्नसक्नेछ किनभने हामी दुवैले उही कुरा चाहेका छौं।" परमेश्वरको सेवा गर्ने अगुवाहरू हुन् अथवा एउटै क्षेत्रका व्यापारीहरू हुन्, तिनीहरूले एक-अर्काप्रति यस्तै प्रकारको विचार गर्ने गर्दछन्। प्राय: तिनीहरू यसरी सोच्छन्: "यो व्यक्तिले अहिले मसँग बसेर सिक्दैछ (मण्डली अथवा व्यापारमा)। एक दिन यसले मेरा मानिसहरूलाई लिएर मलाई छोडेर जानेछ र नयाँ काम सुरु गरी आफै अगुवा (अथवा मालिक) हुनेछ।" यस किसिमको सोचविचारले गर्दा आजभोलिका धेरै पास्टरहरू र उद्योगपतिहरू ससङ्कित र चिन्तित छन्। तिनीहरूले आफ्ना सहकर्मीहरूलाई विश्वास र भरोसा गर्नसकेका छैनन्। आफूभन्दा



तलका कर्मचारी र अगुवाहरूलाई तिनीहरूले भविष्यका प्रतिस्पर्द्धीको रूपमा हेर्ने गर्दछन्। यस्तो समस्या कोरियाले मात्र भोगेको छैन बरु अहिले संसार यस्तै समस्याहरूले व्याप्त छ।

मैले ईश्वरशास्त्र अध्ययन गर्ने विद्यार्थीहरूलाई पढाउन थालेको दश वर्षभन्दा बढी भइसक्यो। यसै क्रममा तेस्रो वर्षका (अन्तिम वर्षका) विद्यार्थीहरूमा मैले विशेष खालको प्रवृत्ति भेट्टाउने गरेको छु। मैले संसारका विभिन्न देशका विद्यार्थीहरूलाई पढाएको छु, जस्तै: अमेरिकी, अफ्रिकी र एशियालीहरू। ती क्षेत्रका विद्यार्थीहरूभन्दा कोरियन विद्यार्थीहरूमा मैले अलि फरक चरित्र भेट्टाएको छु। जब तिनीहरू तेस्रो वर्षमा पुग्दछन्, तब तिनीहरू दिक्षान्तित भएपछि भविष्यमा के गर्ने होला भन्ने सोचाइले गर्दा धेरै नै चिन्तित हुने गर्दछन्। प्रत्येक साल दिक्षान्तित हुने कुरादेखि चिन्तित भएका केही विद्यार्थीहरूलाई म मेरो कार्यालयमा भेट्ने गर्दछु। मण्डलीको वरिष्ठ पास्टरले तिनीहरूलाई परमेश्वरको काममा सहकर्मीको रूपमा होइन तर भविष्यको प्रतिस्पर्द्धीको रूपमा हेर्ने भएकोले तिनीहरू धेरै निराश र चिन्तित हुन्छन्। यो बाइबल कलेजबाट दिक्षान्तित भएर जाने विद्यार्थीहरूले भोग्नुपर्ने वास्तविक समस्या हो। मण्डलीमा वरिष्ठ पास्टरले तिनीहरूलाई पक्षपात गरी वैरभावपूर्ण व्यवहार गर्ने गर्दछन्। तिनीहरूले मण्डलीमा नयाँ जवान पास्टरहरूलाई स्थापित गराउने काममा त्यति चासो देखाउँदैनन्। त्यसै कारणले गर्दा दिक्षान्तितहरू भविष्यमा कुन क्षेत्रमा सेवकाइ गर्ने होला भनी सधैँ चिन्तित हुने गर्दछन्। कोरियालगाएत विश्वको अरू भागहरूमा पनि यस्तै अवस्था नहोला भनी भन्न सकिन्न।

अहिलेसम्म मैले अरू देशहरूमा यो समस्यालाई त्यति धेरै गम्भीर रूपमा लिने

गरेको पाएको छैन। चीनका मण्डलीहरूका पास्टरहरूले आफूभन्दा तल्लो दर्जाका अगुवाहरूलाई प्रेम गरी हेरविचार गर्ने गरेको मैले देखेको छु। त्यहाँका वरिष्ठ पास्टरले सम्पूर्ण मण्डली समुदायसँग मिलेर अभिषेक नगरिएका अगुवाहरूलाई भविष्यमा कहाँ खटाउने र कुन जिम्मेवारी दिने भन्ने बारेमा विचार विमर्श गर्दछन् र आवश्यक्ताअनुसार ती नयाँ अगुवाहरूलाई सहायता गर्ने गर्दछन्। त्यो कामको निम्ति तिनीहरूले वार्षिक रूपमा कार्ययोजनाको तालिका बनाउँछन्। चीनको मण्डलीहरूमा भएका माथिल्लो स्तर र तल्लो स्तरका नयाँ अगुवाहरू परमेश्वरको राज्यको निम्ति एक आपसमा हातेमालो गरेर काम गर्दछन्। तिनीहरूले मण्डलीको शाखा खोल्न अथवा नयाँ मण्डली स्थापना गर्नको लागि एकले अर्कोलाई खुसीसाथ सहायता गर्ने गर्दछन्। हामी त्यहाँको मण्डलीको संरचनालाई राम्ररी हेर्दछौँ भने एउटा आमा मण्डलीले तीन वा चार वटा नयाँ मण्डलीहरू स्थापना गर्न सहायता गर्ने गर्दछन्। त्यो आमा मण्डली र नयाँ स्थापना भएका मण्डलीहरू साझेदारी गर्दै मिलेर सेवकाइ गर्दछन्। तिनीहरूले कहिल्यै पनि एकले अर्कोलाई प्रतिस्पर्द्धीको रूपमा हेर्ने गर्दैनन्।

कोरियामा हेर्ने हो भने एउटा मण्डली अर्को मण्डलीसँग तीव्र प्रतिस्पर्द्धा गरिरहेको देखिन्छ। कोरियाली मण्डलीमा किन सहयोगात्मक भावना र असल सम्बन्ध नदेखिएको हो भने त्यहाँ बारनाबासको जस्तो चरित्र भएका व्यक्तिहरूको कमी छ। चीनमा परिस्थिति अनुकुल नभएर भूमिगत रूपमा रहेका मण्डलीहरूमा धेरै जना बारनाबासजस्ता व्यक्तिहरू छन्। त्यहाँ स्थापित अगुवालाई अगाडि देखिन्छ र अरू धेरै विश्वायोग्य व्यक्तिहरूले तिनलाई बारनाबासले झैँ सहयता गरिरहेका हुन्छन्।



चाहे मण्डलीहरूमा होस् अथवा राष्ट्रमा होस्, हामीले बारनाबासजस्ता मानिसहरूका सङ्ख्या वृद्धि होस् भन्ने तीव्र आकक्षां राख्नुपर्दछ। त्यसपछि समाजमा मेलमिलाप स्थापित भई संस्थागत रूपमा विकास हुँदै जान्छ र असल उद्देश्यहरू प्राप्त हुँदैजान्छ। त्यसकारण हाम्रो समाज र समुदायमा बारनाबासजस्तो धेरै व्यक्तिहरू निर्माण गर्नुहोस् भनी प्रभुसँग प्रार्थना गर्नुपर्दछ। विशेषगरी कोरियाली मण्डलीहरूमा बारनाबासजस्तो व्यक्तिहरू उत्पादन गर्नको लागि मानिसहरूका चरित्र र मनोवृत्ति परिवर्तन हुनु आवश्यक छ। अहिले कोरियाली मण्डलीहरूमा विद्यमान प्रतिस्पर्द्धी चरित्र र त्यसैअनुसारको मनोवृत्तिहरूले भविष्यमा बारनाबासजस्ता व्यक्तिहरू जन्माउन सक्दैन। यदि मानिसको सोच विचार र व्यवहारमा परिवर्तन भएन भने हामीले जत्ति नै यस विषयमा छलफल, कोसिस र कुराकानी गरे तापनि कुनै ठोस उपलब्धि हुन सक्दैन।

हाम्रो राष्ट्रको आधारभूत चरित्र परिवर्तन हुन आवश्यक छ र कोरियालीहरूसँग आफै अगुवा हुन चाहने प्रवृत्ति छ भन्ने तथ्य हामीले थाहा गऱ्यौं। अर्को कुरा के हो भने कोही मानिसहरूसँग चाहिँ यस्तो खालको पूर्वाग्रह हुन्छ, कि तिनीहरूले अगुवाहरूले अन्तर्राष्ट्रिय जगतमा हासिल गरेको ख्याति तथा उपलब्धीहरूलाई कमजोर पारी तिनीहरूलाई निम्नस्तरमा झार्ने काम गर्दछन्। त्यस्ता व्यक्तिहरूले अरूलाई प्रशंसा गरी उचाल्ने अनि सहारा दिने काम कहिल्यै गर्दैनन्। त्यसैकारणले गर्दा विश्व-व्यापि रूपमा अगुवाइ र मार्ग निर्देशन गर्ने कोरियाली अगुवाहरू विरलै मात्र पाइन्छ।

विगत २० वर्षदेखि रेभरेन्ड डेभिड योङ् गी चो (Reverend David Young-Gi Cho) विश्वभरिका पास्टरहरूमध्ये धेरै नै प्रख्यात हुनुहुन्छ र अहिले पनि

उहाँलाई महान् आत्मकि अगुवाको रूपमा चिनिन्छ। जब उहाँ कोरियामा प्रसिद्ध हुनुभयो, तब केही मानिसहरूले उहाँको शिक्षालाई झूटा शिक्षा भनेर आलोचना गर्न थाले र उहाँलाई कमजोर पार्ने कोसिस गरे। कोरियाभन्दा बाहिरका ख्रीष्टमा हुनुभएका दाजुभाइ तथा दिदीबहिनीहरू र मण्डलीका अगुवाहरूले उहाँको प्रशंसा गर्ने गर्दछन् र उहाँलाई रुचाउँदछन् तर देशभित्रका केही व्यक्तिहरूले चाहिँ उहाँलाई घृणा गर्ने गर्दछन्। त्यसको कारण के हो भने केही धार्मिक अगुवाहरूले उहाँको डाह गर्ने गर्दछन्। तिनीहरूले विश्वमा उहाँको अवस्था र स्थिति कस्तो छ भन्ने कुरा नबुझेर उहाँलाई कमजोर पार्ने कोसिस गर्ने गर्दछन्। यस प्रकारको नकारात्मक वातावरण भएको अवस्थामा विश्व-स्तरका अगुवाहरू उत्पादन गर्न प्राय: असम्भव नै हुन्छ। धेरै व्यक्तिहरूसँग सही प्रकारको वरदान, क्षमता र मनोवृत्तिहरू भए तापनि वातावरण अनुकुल नभएमा माथिल्लो स्तरका अगुवा निमार्ण गर्ने कार्यमा अवरोध आउँदछ।

जापानीहरू कोरियालीहरूभन्दा बिलकुलै फरक प्रकारका छन्। वास्तवमा हेर्ने हो भने सयौँ वर्षअघिदेखि जापानीहरू कोरियाली संस्कृतिबाट प्रभावित हुँदै आएका छन्। तर उन्नाइसौँ शताब्दीमा आएर जब तिनीहरूले पश्चिमी संस्कृतिलाई अनुकरण गरे, तब तिनीहरूमा आमूल परिवर्तन आएको छ। मेजी सुधार आन्दोलन (Meiji Reformation) -पछि जापानीहरूले आधुनिक पश्चिमी संस्कृतिलाई आफ्नो मौलिकपनमा समाविष्ट गर्ने व्यवस्था मिलाए, जसको कारण तिनीहरूको हरेक क्षेत्रमा सुधार र परिवर्तन आएको छ। देशको विकास गर्नको लागि तिनीहरूले जापानी विद्वान्हरूलाई नयाँ कुरा र पश्चिमी संस्कृति सिक्नको लागि बेलाएत, अमेरिका र युरोपका विभिन्न देशहरूमा पठाए। फलस्वरूप आज जापानले संसारको आधुनिकीकरण सँगसँगै आफ्नो देशको राजनैतिक, सैनिक र शैक्षिक प्रणालीहरूलाई



माथि उठाई उन्नत अवस्थामा पुग्न सफल भएका छन्। तिनीहरूले समाजको सबै पक्षको संरचनालाई परिवर्तन गरेर विकसित मुलुकहरूको दाँजोमा पुऱ्याएका छन्।

जापानीहरूले पश्चिमी मुलुकहरूबाट भित्र्याएर आफ्नो मुलुकमा लागू गरेको संस्कृतिको मुख्य पक्षचाहिँ "बारनाबास संस्कृति" हो, जुन कुराद्वारा तिनीहरूले एक-आपसलाई सहायता गर्ने, मेलमिलापमा रहने र उत्साह दिनेजस्ता असल कुराहरू सिकेका छन्। त्यसैको प्रतिफल जापानले धेरै सङ्ख्यामा विश्व-स्तरका अगुवाहरू निर्माण गर्नसकेको छ। अमेरिकामा प्रत्येक वर्ष एउटा विशेष सर्वेक्षण गरिने गरिन्छ, जसअनुसार अमेरिकीहरूलाई सबैभन्दा मनपर्ने ५० देशहरूका नाउँहरू सोधिन्छ। त्यस सर्वेक्षणको चाखलाग्दो तथ्याङ्क के छ भने प्राय: अमेरिकीहरूले सबैभन्दा पहिले बेलाएतको नाउँ लिने गर्दछन्, त्यसपछि दोस्रोमा जापान भन्ने गर्दछन्। जापान एसियाली देश भएर पनि अमेरिकीहरूको दृष्टिकोणमा दोस्रो स्तरमा पर्नु अचम्म लाग्ने तथ्य हो। विगतमा जापान र अमेरिका सत्रुवत व्यवहार गर्ने राष्ट्रहरू थिए। आजभन्दा करिव साठी वर्षअघि दोस्रो विश्व-युद्धको समयमा जापानले अमेरिकाको पर्ल हारबोर (Pearl Harbour) भन्ने ठाउँमा आक्रमण गरेका थिए। अमेरिकीहरूले आफूसँग लडाइँ गर्ने एसियाली देशमाथि किन यति धेरै दया र प्रेम देखाएका होलान् भनेर हामी छक्क पर्दछौँ।

प्राय: जापानीहरू विशिष्ठ र नम्र स्वभावका भएकोले गर्दा त्यसो भएको हो। तिनीहरूले सार्वजनिक र व्यक्तिगत कुराहरूलाई स्पष्ट छुट्ट्याउन सक्छन् र अर्को कुरा तिनीहरूमध्ये धेरै जनासँग बारनाबासको जस्तो मनोवृत्ति छ। त्यसैकारणले गर्दा तिनीहरूको देशले बाहिरका मानिसहरूबाट प्रशंसा पाउने गर्दछन्। संसारका धेरै मानिसहरूले उनीहरूलाई रुचाउँदछन्। अमेरिकामा हुने उक्त सर्वेक्षणमा सोधिने

५० देशहरूका नाउँहरूमध्ये दक्षिण कोरियाको नाउँ ४३ औँ स्थानमा आउँदछ, जुन अरूभन्दा धेरै पछाडि हुनु हो। यद्धपि विगतमा कोरियाली र अमेरिकी सैनिकहरू मिलेर दुइ वटा युद्धहरू सँगसँगै लडेका थिए (कोरियन युद्ध र भेतनाम युद्ध), तैपनि तिनीहरूले दक्षिण कोरियाप्रति त्यति धेरै सहानुभूति देखाउँदैनन्। यो कुराले हाम्रो देशको गौरव र सम्मानमा चोट लाग्नसक्छ, तर अमेरिकीहरूले कोरियालाई हेर्ने वास्तविक दृष्टिकोण यही हो।

सायद तपाईंले "नाइगरा झरना" (Niagara Falls) -को बारेमा सुन्नुभएको होला। यो ठाउँ अमेरिका र क्यानडाको सीमानामा पर्ने विश्व-प्रसिद्ध पर्यटक क्षेत्र हो। मानिसहरूले भ्रमण गर्ने संसारका तीन स्थानहरूमध्ये यो पनि पर्दछ। नाइगरा झरनाको क्षेत्रमा पर्यटन व्यवसाय गर्ने एक जना परिचित व्यक्तिले मलाई यसो भनेर सोधे: "पास्टरज्यू, किन जापानीहरूभन्दा कोरियालीहरू यति धेरै फरक छ ?" त्यो प्रश्नले म छक्क परैँ र अझ प्रष्ट पार्न अनुरोध गरैँ। उसको अनुभवबाट प्राप्त गरेको तथ्यको सारंश यस प्रकारको छ: जब उसले कोरियालीहरूलाई त्यो झरनामा घुमाउन लैजाने गर्दछ, तब समूहका मानिसहरू छुट्टिएर आफ्नै सुरमा हिँड्न थाल्दछन्। तिनीहरू पथप्रदर्शक अगुवाको नियन्त्रणमा हुँदैनन् र यात्रा सकिनुभन्दा पहिले नै छरपस्ट हुने गर्दछन्। एकपटक उनले दश जना कोरियाली पर्यटकहरूलाई त्यहाँ लगेका थिए तर केही समय बित्न नपाउँदै तिनीहरूमध्ये पाँच जना हराए। यात्रा सुरु गर्नुभन्दा पहिले नै उसले तिनीहरू सबै जना एउटै समूहमा रहनुपर्दछ भनेर सूचना दिएका थिए तर तिनीहरूले त्यसलाई वास्ता गरेनन् र आफ्नै तालमा एता-उता लागे।

त्यो व्यक्तिको भनाइअनुसार कोरियालीहरू नीति-नियम र व्यवस्थालाई मतलब



नगर्ने स्वभावका हुन्छन्। त्यसैले त्यो यात्रामा समूहको पथप्रदर्शक अगुवालाई नपछ्याई तिनीहरू आफ्नो मालिक आफै हुँ भन्ने ठानेर मनलागेको ठाउँतिर गए। तिनीहरू छरपस्ट भएपछि त्यो समूहको पथप्रदर्शकले घण्टौँ लगाएर तिनीहरूलाई खोज्नुपऱ्यो। हराएका कोरियाली पर्यटकहरूलाई खोज्न उसको थुप्रै समय बरबाद भयो र त्यसले गर्दा त्यो दिनको बाँकी कार्ययोजना सबै भताभुङ्ग हुनगयो। उसले मलाई के कुरा बतायो भने धेरैजसो कोरियाली पर्यटकहरूले उसले दिएको नियम र जानकारीलाई उलङ्घन गर्ने गर्दछन्। अझ अर्को कुरा त के हो भने तिनीहरू आफूले गरेको गल्तीप्रति पछुतो गर्दैनन् र माफी पनि माग्दैनन्। त्यसो किन भएको हो भने कोरियालीहरू प्राय: अरूलाई पछ्याउन चाहँदैनन् बरु तिनीहरू स्वयम् अगुवा बन्न चाहन्छन्।

उक्त व्यक्तिको भनाइअनुसार जापानी पर्यटकहरू कोरियालीहरूभन्दा भिन्दै प्रकारको स्वभाव र प्रकृतिका हुन्छन्। तिनीहरूले आफ्नो समूहको अगुवालाई निरन्तर पछ्याइरहन्छन्, जसले चिन्ह स्वरूप झण्डा बोकेका हुन्छन्। जापानी पर्यटकको समूहलाई हेर्दा, उनीहरू एउटै शरीरजस्तो देखिन्छ। बालकले आफ्नो अभिवावकलाई पछ्याएझैँ गरी तिनीहरूले आफ्नो अगुवालाई आदर गरी पछ्याउँछन्। तिनीहरू आफ्नो समूहबाट तर्केर कहिले पनि दाँया-बाँया लाग्दैनन्। त्यो कुरा सुनेपछि मलाई यस्तो लाग्यो- पर्यटकहरूले आफ्नो राष्ट्रिय चरित्रलाई प्रतिनिधित्व गर्ने गर्दछन्। जापानीहरूले आफ्नो देशको नियम-कानुनलाई गनगन नगरीकन पालन गर्दछन्। तिनीहरू आफूमाथिको अख्तियारमुनि अनुशासित भएर रहन्छन्। जापानमा भएका मण्डलीहरूले पनि त्यस्तै प्रकारको असल चरित्र देखाउँछन्। त्यसैकारण, जापानका मण्डलीहरू हतपत्त टुक्रिने र फुट्ने गर्दैनन्।

उक्त व्यक्तिबाट सबै कुरा सुनिसकेपछि मलाई यस्तो लाग्यो, कि हामी कोरियालीहरूमा विशेष अनि मूलभूत रूपमा परिवर्तन आउन आवश्यक छ। कोरियामा धेरै जना इसाई भएर पनि त्यस्तो कुराले मलाई दु:खित तुल्याउँदछ। इसाईहरूको बढी सङ्ख्याले देशको समष्टिगत चरित्रमा खासै परिवर्तन गर्न सकेको छैन्। सुसमाचारको शक्तिचाहिँ यस्तो कुरा हो, जसले देशमा मात्र होइन सारा विश्वमा नै भिन्नता र परिवर्तन ल्याउनसक्छ र यही कुरा वचनमा प्रतिज्ञा गरिएको छ। यो कुरा हाम्रो देशमा पूर्ण रूपमा लागू हुन सकेको छैन। म विश्वास गर्दछु, कि यसो हुनुमा सुसमाचारको शक्तिलाई अझैसम्म हामीले पूर्ण अनि गहिरो रूपमा अनुभव गर्न सकेका छैनौँ।

हामी विश्वासीहरू कसरी बारनाबासजस्तो हुन सक्छौँ त ? कसरी हामीले सुसमाचारको शक्तिलाई पूर्णरूपमा अनुभव गरी त्यसलाई देशभरि कार्य रूपमा उतार्न सक्छौँ त ? दैनिक रूपमा वचन अध्ययन र त्यसलाई गहन रूपमा मनन गरी हाम्रो हृदयलाई लगातार शुद्ध बनाउँदै गएमा सो कुरा सम्भव छ। परमेश्वरको वचनले हाम्रो स्वभावलाई काँट-छाँट गर्ने र त्यसबाट प्राप्त भएको पोषक तत्वलाई ग्रहण गर्ने गरेमा हामीमा अवश्य परिवर्तन आउनेछ। 'पन्यूमा' र 'पारा क्लेटोस' पवित्र आत्माले हामीमा भएका नराम्रा कुराहरूलाई जलाउने र धुने काम भएपछि हामी बारनाबासजस्तो हुन सक्नेछौँ। यो तरिकाबाहेक हाम्रो निम्ति कुनै विकल्प छैन।

हाम्रो आत्मिकपन र व्यक्तत्व बिस्तारै तर लगातार रूपमा परिवर्तन हुँदै जानुपर्दछ। यो काम एकै दिनमा हुँदैन, त्यसको लागि लामो समय लाग्नसक्छ। त्यस्तै प्रकारले हाम्रो देशको राष्ट्रिय चरित्रमा आमूल परिवर्तन हुन पनि धेरै लामो



समय लाग्नसक्छ र त्यो प्रकृया एक-दुइ पुस्तामा पूरा नहुनसक्छ। यो एकदमै बिस्तारै हुँदैजाने परिवर्तन हो। कोरियाका प्राथमिक र त्योभन्दा माथिल्लो स्तरमा पढ्ने विद्यार्थीहरूलाई हेर्दाखेरि मलाई यस्तो लाग्छ, कि कोरियालीहरूले अहिलेको पुस्तामा सबै कुरा परिवर्तन हुनेछ भनेर सोच्न अलि गाह्रै छ। हाम्रो नाति-पनातिहरूको पुस्तामा हामीले सोचेको जस्तो परिवर्तन होला भनी हामी अपेक्षा गर्नसक्छौँ। यहाँ हामीहरू सावधान हुनुपर्ने अर्को दु:खलाग्दो कुराचाहिँ के छ भने परिस्थिति हामीले सोचेको जस्तो नभई बरु अझ खराब हुँदै पनि जान सक्नेछ र नराम्रो प्रवृत्तिहरूले जरो गाड्न सक्नेछ। मलाई यस्तो लाग्छ- यस कुराप्रति राष्ट्रिय रूपमा चेतना र चासो जगाउनुपर्छ। सम्पूर्ण राष्ट्रलाई पश्चाताप र परिवर्तनतिर डोऱ्याउँदै लैजान आवश्यक छ।

सबैभन्दा पहिले हामी विश्वासीहरूमा परिवर्तन हुनु आवश्यक छ। हामीहरूले आफूलाई परिवर्तन गर्नको लागि के गर्न सक्छौँ त ? सुरुमा हामीले हाम्रो हृदय परिवर्तन गर्नुपर्दछ अनि परमेश्वरको वचनद्वारा हामीहरूमा येशूको चरित्र निर्माण गर्दै जानुपर्दछ। परमेश्वरको चरित्रहरू प्राप्त गर्नको लागि हामीले स्वर्गीय सिंहासनतिर फर्केर प्रार्थना गर्नुपर्दछ। त्यसपछि हामीले अघिल्लो अध्यायहरूमा सिकेको जस्तैगरी प्रशंसा, सान्त्वना, चुनौति र सल्लाहहरूद्वारा हाम्रो वरिपरिका छिमेकीहरूलाई सहायता गर्ने र उत्साहित गर्ने बानी बसाल्नुपर्दछ। तिनीहरूप्रति शारीरिक स्नेह देखाएर अनि तिनीहरूको कुरा धिरजी भएर सुनिदिएर पनि हामीले तिनीहरूलाई उत्साहित गर्नसक्दछौँ। अतिथिसत्कार र अन्तरविन्ती प्रार्थनाद्वारा पनि हामी तिनीहरूलाई सहायता गर्नसक्छौँ। अन्तमा हामीले गर्नुपर्ने महत्त्वपूर्ण काम के हो भने हामीलाई अरूले निमन्त्रणा दिएको ठाउँमा सहृदयसाथ सहभागी र उपस्थित हुनुपर्दछ। यहाँ उल्लेख गरिएका यी कुराहरूले मानिसको जीवन बचाउन

सक्छ। यही कुरालाई अप्नाएर बारनाबासले अरूहरूलाई स्वीकार, प्रेम, सहायता गर्न र उत्साह दिनसकेका हुन्।

कुनै विशेष परिवर्तनले हामीहरूको समय, परिश्रम र बलिदानको माग गरे तापनि त्यसलाई लगातार धिरजी रूपमा गर्दै जानुपर्दछ। यदि निरन्तर प्रयास र परिश्रमबाट हामीहरूमा परिवर्तन आयो भने हाम्रो भावी सन्तानहरूले ती कुराहरू हामीबाट सिक्नेछन् र तिनीहरूका जीवनमा लागू गर्नेछन्। हाम्रो प्रयासबाट प्राप्त भएको बहुमूल्य फलहरू हाम्रो सन्तानहरूले उत्तराधिकारस्वरूप प्राप्त गर्नेछन् र सो कुराहरू आगामि पुस्ताहरूमा सर्दै जानेछन्। हाम्रा नाति-पनातिहरूमा ती कुराहरू अझ विकसित भई सुन्दर रूपमा प्रकट भएको हामीले देख्नसक्नेछौँ। यस प्रकार समय सँगसँगै हाम्रा बालबच्चाहरूमा परिवर्तन आएपछि, हाम्रो देशमा पनि परिवर्तन हुँदै जानेछ र त्यसको सुन्दर प्रतिफलहरू देखिनेछन। उक्त प्रभाव गुणात्मक रूपले वृद्धि हुँदै जानेछ र राष्ट्रमा आमूल परिवर्तन हनेछ। त्यसपछि हामीले सुरु गरेको उक्त प्रकृया अरू मानिसहरूका जीवनमा उत्साह दिन र तिनीहरूलाई परिवर्तन गर्ने विशेष अभियान सावित हुनेछ।

राष्ट्रव्यापि रूपमा हुने परिवर्तनको फलहरू छोटो समयमा नै चाख्न पाइन्छ भन्ने कुरामा म जोड दिएर भन्न सक्दिनँ किनभने मानिसहरूको हृदय परिवर्तन हुन लामो समय लाग्दछ र राष्ट्रिय रूपमा परिवर्तन हुन अझ लामो समय लाग्नसक्छ। उदाहरणको लागि पावलको जीवनलाइ लिन सकिन्छ। उनलाई परिवर्तन हुन लामो समयको तालिम आवश्यक परेको थियो। तिनको जीवन पूर्ण रूपले परिवर्तन हुने क्रममा विभिन्न समस्या र कठिनाइहरू भए तापनि बारनाबासले तिनलाई निरन्तर उत्साह दिई नै रहे। पावललाई सहायता गर्न र उत्साहित पार्न बारनाबासले आफ्नो



जीवन नै समर्पित गरे। पावललाई परमेश्वरको योजनाअनुसारको विशेष अनि महान् अगुवा बनाउन तिनले महत्त्वपूर्ण भूमिका निभाए।

पावललाई परमेश्वरको काम गर्ने महान् व्यक्ति बनाउन बारनाबासले सहायता गरी जुन भूमिका खेले, त्यो त्रिएक परमेश्वरको माझमा पवित्र आत्माले निभाउनु भएको भूमिकासँग मिल्दो-जुल्दो छ। परमेश्वर पिताले जे योजना बनाउनुभयो, त्यसलाई पुत्रले यस पृथ्वीमा आउनुभएर पूरा गर्नुभयो। पुत्र परमेश्वरले उक्त काम आफू एक्लैले गर्नुभएन तर सधैँ उहाँले पवित्र आत्मा परमेश्वरको सहायता लिनुभयो। त्यस्तै प्रकारले प्रभुले पावललाई अह्राउनुभएको कामहरू पूरा गर्न तिनलाई बारनाबासको सहायताको जरुरत परेको थियो। त्रिएक परमेश्वरको माझमा पवित्र आत्माको काम सामर्थ्य दिनु, योग्य बनाउनु, र सहायता गर्नु थियो। पावलको जीवनमा बारनाबासले त्यस्तै काम गरे।

एक्लैको प्रयासले कुनै पनि व्यक्ति सफल हुन सक्दैन, चाहे त्यो पावल नै किन नहोस्। तपाईं र मेरो निम्ति पनि त्यही सिद्धान्त लागू हुन्छ। यदि मैले आफूलाई पावलजस्तै हुँ भनेर तुलना गरेँ भने, परमेश्वरले मलाई दिनुभएको सेवकाइ पूरा गर्नको लागि बारनाबासजस्तो व्यक्तिको खाँचो पर्दछ। मेरो सेवकाइ फलवन्त र सफल हुनको लागि मेरो मण्डलीका सदस्यहरू, अगुवाहरू र सहायक पास्टरहरूले बारनाबासको भूमिका निभाउनुपर्दछ। सुसमाचारको काम समूहमा गरिने परिश्रम भएकोले गर्दा, परमेश्वरबाट पावलले प्राप्त गर्ने सबै इनामहरू बारनाबासलाई पनि बाँडिन्छन्। यद्धपि पावल प्रत्यक्ष देखिने र एक बहुआयामिक जोसिलो अगुवा भए तापनि बारनाबास सधैँ तिनीसँग पर्दापछाडि उपस्थित हुने गर्दछ। एक दिन यस्तो समय आउनेछ, जब प्रभुको हातबाट हामीले इनामहरू प्राप्त गर्नेछौँ, तब प्रत्यक्ष

अगाडि देखिने र अप्रत्यक्ष रूपमा सहयाता गर्ने पर्दापछाडि लुकिएका अगुवाहरू पनि बराबरी रूपमा त्यो इनामको भागिदार हुनेछन्।

प्रभुले हामीलाई दिनुभएको आज्ञा यही हो- हामीले हाम्रो मण्डलीमा आत्मिक अगुवाहरू तयार पार्नुपर्दछ र सुसमाचार नपुगेका क्षेत्रहरूमा परमेश्वरको वचन प्रचार गर्न तिनीहरूलाई पठाउनुपर्दछ। यस कामको निम्ति परमेश्वरले मलाई "पावल" हुनको लागि बोलावट दिनुभएको हो भने मेरो मण्डलीका धेरैजसो सदस्यहरूलाई "बारनाबास" हुनको निम्ति बोलावट दिनुभएको छ। म प्रत्यक्ष अगाडि देखिने अगुवा भएको छु र मेरो मण्डलीका सदस्यहरूले चाहिँ प्रार्थना गरेर, रुपैयाँ-पैसा दिएर, समय दिएर र दर्शनहरू बाँडेर मलाई सहायता गर्ने गर्दछन्। परमेश्वरले हाम्रो मण्डलीका प्राय: सबै सदस्यहरूलाई बारनाबासजस्तो हृदय दिनुभएको छ, जसको कारणले गर्दा सेवकाइको निम्ति तिनीहरूले पर्दापछाडि बसेर निरन्तर सहायता गरिरहेका छन्। त्यसकारण, परमेश्वरले दिनुभएको जिम्मेवारीहरू विश्वासयोग्य भएर पूरा गर्न म तिनीहरूलाई आग्रह गर्दछु। म तिनीहरूलाई यसरी अनुरोध गर्दछु- "श्रोता र दर्शक भएर बस्ने होइन तर परमेश्वरको काममा यथासक्दो सहायता गरेर सहभागी बन्नुहोस्।" परमेश्वरको सुन्दर, आनन्ददायी र सिद्ध इच्छा पूरा गर्न हामी हातेमालो गर्दै मिलेर काम गरौँ। हामी यस प्रकार मिलेर काम गर्दछौँ भने प्रभु साँच्चै महिमित हुनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु।

प्रिय पाठकहरू, सबै राष्ट्रहरूमा परमेश्वरको वचन फैलाउने काममा हामी सकेसम्म प्रयास गरौँ। हामी जुन ठाउँमा छौँ र परमेश्वरले हामीलाई जुन स्थान (पद) -मा राख्नुभएको छ, त्यहीँबाट पृथ्वीको अन्तिम छेउसम्म परमेश्वरको



महिमित ज्योति फैलाउनको लागि अघि बढौँ। परमेश्वरले हामीले गरेको परिश्रम र बलिदानअनुसार एकदिन स्वर्गमा हाम्रो निम्ति राखिएको अचम्मका इनामहरू दिनुहुनेछ। हामीहरू सबै जना पावलजस्तो प्रत्यक्ष देखिने अगुवा हुन नखोजौँ तर बारनाबासजस्तो भएर अरूहरूलाई उत्साह दिन र सहायता गर्न पनि प्रयास गरौँ। यदि हामीले परमेश्वरले दिनुभएको दान र वरदान चिनेर त्यसअनुसार सेवकाइ गर्दै अघि बढ्यौँ भने येशू ख्रीष्टले हामीलाई दिनुभएको महान् आज्ञालाई उत्तम नमुना हुने गरी कार्य रूपमा उतार्न सफल हुन सक्नेछौँ।

## २ तिमोथी ४:९-२२

"मकहाँ चाँडै आउनलाई भरमग्दूर कोसिस गर, किनकि डेमासले यस वर्तमान संसारलाई प्रेम गरी मलाई त्यागेर ऊ थेसलोनिकेमा गएको छ। क्रेसेन्स गलातियामा गएका छन्, तितसचाहिँ दलमातियामा। लूका मात्र मसँग छन्। मर्कूसलाई खोजेर तिमीसाथै ल्याऊ, किनकि तिनी मेरा सेवा गर्नमा खुवै उपयोगी छन्। तर तुर्खिकसलाई मैले एफिससमा पठाएको छु। त्रोआसमा कार्पसकहाँ मैले छोडेका खास्टो र पुस्तकहरू, विशेष गरी चर्मपत्रहरू तिमी आउँदा तिम्रो साथ लिएर आऊ। तमौटे एलेक्जेण्डरले मलाई ज्यादै खराबी गर्‍यो। प्रभुले त्यसलाई त्यसका कामअनुसार बदला लिनुहुनेछ। त्यसदेखि तिमी पनि होशियार बस, किनकि त्यसले हाम्रो प्रचारको घोर विरोध गर्‍यो। मेरो पहिलो प्रतिवादमा कसैले मेरो पक्ष लिएन, तर सबैले मलाई त्यागे। यस कुराको दोष तिमीहरूलाई नलागोस्, तर सबै अन्यजातिहरूले सुन्न सकून् भनेर प्रभु मेरो साथमा खडा हुनुभयो, र सम्पूर्ण रूपले वचनको घोषणा गर्न मलाई शक्ति दिनुभयो। अनि मैले सिंहको मुखबाट छुटकारा पाएँ। प्रभुले मलाई सबै खराबीबाट जोगाउनुहुनेछ, र उहाँको स्वर्गीय राज्यको निम्ति मलाइ उद्धार गर्नुहुनेछ। उहाँलाई सदासर्वदा महिमा होस्। आमेन। प्रिस्किला र अकिलासलाई र ओनेसिफरसको घरानालाई अभिवादन भनिदेऊ। इरास्तस कोरिन्थमै रहे, त्रोफिमसलाई त मैले मेलेटसमा बिरामी अवस्थामा छोडेँ। हिउँदअघि नै आउने भरसक कोसिस गर। युबुलसले तिमीलाई अभिवादन पठाएका छन् र पुडेस, लिनस, क्लाउडिया र सबै भाइहरूले पनि। प्रभु तिम्रो आत्मासँग रहून्। तिमीसित अनुग्रह रहोस्।"



भाग
८

# पावलका भरपर्दा उत्साहदाताहरू

## The Faithful Encouragers of Paul

# पावलका भरपर्दा उत्साहदाताहरू

## The Faithful Encouragers of Paul

धर्मशास्त्रमा भएका धेरै पुस्तकहरूमध्ये मलाई विशेष गरी पावलले तिमोथीलाई लेखेका दोस्रो पत्र अति मनपर्छ। म समय समयमा त्यो किताब पढ्ने अनि मनन गर्ने गर्दछु। मैले जस्तैगरी यो पुस्तक मनन गर्ने पास्टरहरूले पावलको अन्तिम अवस्थालाई विचार गरी अफैलाई यस्तो प्रश्न गर्दछन्: "पावलजस्तै हामी पनि एक दिन मर्नेछौँ र म पनि मर्नेछु। तर के म पावलको जस्तै हृदय लिएर मृत्युको समना गर्न सकूला ?" दोस्रो तिमोथीको महत्त्वपूर्ण पुस्तक लेख्दा पावल ६३ वर्ष पुगिसकेका थिए। उनी इ.सं. ५ मा जन्मेका थिए र यो पुस्तक लेखेकै साल अर्थात् इ.सं. ६८ मा उनको हत्या गरियो।

यदि मलाई दोस्रो तिमोथीको पुस्तकको सारंश लेख्न लगाइयो भने म यसरी लेख्नेछु- त्यो पुस्तक पावलको प्रिय चेला तिमोथीलाई प्रेम, सल्लाह र सहानुभूति प्रकट गरिएको पत्र हो। पावलले त्यो पत्रमा आफू इ.सं. ३५ मा दमस्कसको बाटोमा परिवर्तन भएको समयदेखि ३३ वर्षको लामो सेवकाइको अनुभव बारेमा बताएका छन्। त्यसबेला उनले आउन लागेको मृत्युलाई देखिसकेका थिए। उनले आफू संसारबाट बिदा भएपछि तिमोथीलाई सेवकाई सम्हाल्न त्यो पत्रद्वारा सिफारिस गरेका छन्। त्यहाँ पावलले विशेष गरी दुइवटा महत्त्वपूर्ण कुराहरूमा जोड दिएका



छन्।

पहिलो कुरा, सेवकाइ कसरी गर्ने भन्ने बारेमा छ र दोस्रोचाहिँ कसरी चेला छान्ने र तालिम दिने भन्ने विषयमा छ। संसारमा धेरै खालका मानिसहरू छन् र केही व्यक्तिहरूबाट विशेष रूपमा सावधान रहनू भनी पावलले तिमोथीलाई आग्रह गरेका छन्। हामीले चेला बनाउनलाई मानिस छान्दाखेरि विश्वासिलो, भरपर्दो, उचित अनि अरूलाई सिकाउनसक्ने योग्य व्यक्ति छान्नुपर्दछ (२ तिमोथी २:२)।

### चेलामा हुनुपर्ने योग्यताहरू
### Disciple Qualifications

विशेषज्ञहरूले असल चेलाको चरित्रहरूको बारेमा A.C.T. ढाँचा प्रयोग गर्ने गर्दछन्, जसमा उपलब्धता, विश्वासयोग्य र सिक्ने वा सिकाउन सक्ने भन्ने गुणहरू पर्दछन् [A = available, C=Credible, T=Teachable or Teaching]। उपलब्धता (available) भनेको चेला बन्न चाहने व्यक्ति जुनसुकै बेलामा पनि हाजीर हुन सक्नुपर्दछ। त्यसको मतलब, त्यो व्यक्ति सुसमाचारीय कामको लागि समय छुट्ट्याउन सक्ने खालको हुनुपर्दछ। सेवकाइको निम्ति समय नहुने व्यक्तिलाई चेलाको रूपमा अपेक्षा गर्न सकिँदैन। कुनै व्यक्ति क्षमतावान अथवा प्रतिभशाली छ तर यदि ऊ सधैँ अरू कामहरूमा व्यस्त भइरहन्छ भने चेलाको निम्ति योग्य हुन सक्दैन।

चेला बन्न चाहने व्यक्ति विश्वास गर्न सकिने (C=Credible) खालको हुनुपर्दछ। वास्तवमा भन्ने हो भने चेला विश्वासिलो, इमानदार, सेवा गर्ने खालको र व्यवहारिक हुनुपर्दछ। अर्को शब्दमा भन्ने हो भने उक्त व्यक्ति भावनात्मक रूपले

स्थिर हुनपर्दछ। छिनछिनमा विचार परिवर्तन गरिरहने व्यक्ति चेला हुन योग्य हुँदैन। आत्मसंयम भएको र विचार परिवर्तन नगर्ने किसिमको व्यक्ति हामीले छान्नुपर्दछ। म यहाँ स्थिर र विचार परिवर्तन नगर्ने चेलाको विषयमा धेरै जोड दिन चाहन्नँ तर यतिमात्र भन्न चाहन्छु, कि त्यस प्रकारको योग्यताचाहिँ बौद्धिक क्षमताभन्दा महत्त्वपूर्ण कुरा हो। अन्तमा, सिकाउन सक्ने अथवा सिक्न रुचाउने (T=Teachable or Teaching) गुण चेला हुन चाहने व्यक्तिमा हुनुपर्दछ । यस प्रकारको गुणले सिकाउन सक्ने वरदान भएको व्यक्तिको बारेमा बताउँदछ। पावलले पत्रद्वारा तिमोथीलाई यस्ता चरित्रहरू भएको व्यक्तिलाई होसियारीपूर्वक छान्न सल्लाह दिन्छन्।

पावलले तिमोथीलाई सतावटको निम्ति तयारी हुन आग्रह गर्दछन्। किन तिनले यसो भने त ? किनभने तिमोथी ख्रीष्टको आत्मिक सेना थिए। सिपाहीले के खाने के लाउने भन्नेजस्ता कुराहरूको चिन्ता गर्नु हुँदैन किनभने स्वर्गमा भएको केन्द्रीय कार्यालयबाट उसलाई आवश्यक पर्ने सबै कुराहरू ठीक समयमा जुट्नेछ।

स्वर्गमा जान लागेका पावलले तिमोथीलाई यसरी आग्रह गर्दछन्- "कुनै व्यक्तिसँग सहकार्य गर्नुअघि उसको चरित्र राम्रोसँग जाँच गर्नू।" पावलले त्यसो किन भनेका हुन भने उनले खराब मानिसहरूसँगको सङ्गतको परिणाम पहिले नै अनुभव गरिसकेका थिए। भर्खरै विश्वास गरेका साधारण विश्वासी जोसिलो छ भन्दैमा ऊ योग्य अनि भरपर्दो चेला हुन सक्तैन। समुदायमा मुख्य भूमिका निभाएको अथवा धर्मशास्त्रसम्बन्धी धेरै ज्ञान हासिल गरेको छ भन्दैमा मानिसलाई सजिलै विश्वास गर्न सकिँदैन। कुनै व्यक्ति पास्टर, एल्डर वा डिकन हो भन्दैमा ऊ विश्वासयोग्य र भरपर्दो छ भन्न गाह्रो छ। त्यसैले, जो व्यक्ति A.C.T. ढाँचाको दायराभित्र रहेर



त्यसको सबै मापदण्डलाई पूरा गर्नसक्छ, उसलाई मात्र विश्वास गर्न सकिन्छ।

## पावलका अविश्वासयोग्य चेलाहरू

## The Paul's unfaithful Disciples

हामीले दोस्रो तिमोथीको पुस्तकमा भएका पदहरू गहन रूपमा अध्ययन गर्दा, पावलले तिमोथीलाई केही व्यक्तिहरूका बारेमा चर्चा गरेका पाउँदछौँ, जसले एक समयमा पावललाई पछ्याएका थिए तर पछि उनलाई धोका दिई हृदयमा चोट पुऱ्याए। तर त्यसको विपरित बेफाइदा र कष्टहरू भए तापनि विभिन्न प्रकारका बलिदानहरू गरेर पावललाई अन्तिम समयसम्म सहायता गर्ने व्यक्तिहरूलाई पावलले कृतज्ञता व्यक्त गरेका छन्। त्यस्ता व्यक्तिहरूले पावलको कमजोरी र त्रुटिलाई वास्ता नगरी जीवनको अन्तिम घडिसम्मै तिनलाई पछ्याइरहे। पावल सुसमाचार नपुगेका मानिसहरूप्रति इमानदार भएर प्रचार गर्ने काममा आकर्षित भएको कारणले गर्दा उनीहरूले तिनलाई सहायता गरेका हुनुपर्दछ भन्ने कुरा म विश्वास गर्दछु। अर्को शब्दमा भन्ने हो भने तिनीहरूको आत्मिक आँखा खुलेको कारणले गर्दा पावल यस्तो व्यक्ति हो, जसले परमेश्वरको इच्छालाई बुझेर प्रभुको आज्ञापालन गरिरहेको छ भन्ने कुरा देख्नसके। तिनीहरूले पावलको कमजोरीहरूलाई हेर्नुभन्दा सुसमाचार नपुगेको राष्ट्रहरूमा सुसमाचार पुऱ्याउनुपर्छ भन्ने उनको विशेष उद्देश्य भएको हृदयलाई हेरे। वास्तवमा भन्ने हो भने त्यस प्रकारले विचार गरेर तिनलाई सहायता गर्ने व्यक्तिहरू कमै थिए।

पावललाई प्रेम गरेर लामो सयमसम्म सहयोग गर्ने व्यक्तिहरूमध्ये डेमास पनि एक हुन् तर तिनले अन्त्यमा आएर पावललाई त्यागे। डेमासले पावलको पहिलो, दोस्रो र तेस्रो मिसन यात्रामा दह्रो प्रकारले सहयोग गरेका थिए। इ.स. ६०-६२ सम्मको पावलको पहिलो नजर बन्दमा डेमासले  रोममा तिनको नजिकै बसेर विश्वासयोग्य प्रकारले तिनलाई सहयोग पऱ्याएका थिए (कलस्सी ४:१४)।

तर इ.सं. ६८ मा पावल दोस्रो पटक नजर बन्दमा पर्दा लेखेका अन्तिम पत्रमा अचम्मको कुरा उल्लेख छ: "किनकि डेमासले यस वर्तमान् संसारलाई प्रेम गरी मलाई त्यागेर ऊ थेसलोनिकीमा गएको छ" (२ तिमोथी ४:१०)। नयाँ करारको अरू कुनै पनि खण्डमा कसैको बारेमा बताउन यहाँजस्तो रुखो शब्द प्रयोग गरिएको पाइँदैन। सायद, त्यसबेला पावललाई डेमासको सहायताको निकै खाँचो थियो होला तर तिनले पावललाई धोका दिएर संसारलाई पछ्याए।

सायद, डेमास त्यस्ता व्यक्ति थिए होला, जसले पावललाई पछ्याउँदा संसारिक फाइदा हुनुको सट्टामा झन् अनावश्यक झंझट र मूल्य चुकाउनु पर्दोरहेछ भन्ने कुराको महशुस गरे। पावलको सेवकाइ र उनको अभिरुचिहरूमा गम्भीर रूपमा भिन्नता भएको कुरा तिनले विचार गरेको हुनुपर्दछ। सायद पावल घरि-घरि जेल जानु पर्ने भएकोले र नजर बन्दको नराम्रो दागले उनलाई नकारात्मक असर पारेको पनि हुनसक्छ। ती कुराहरूका परिणामस्वरूप उनले पावलालाई त्यागेको हुनुपर्दछ।

म यहाँ एउटा मुख्य कुरामा जोड दिन चाहन्छु। पावलले "डेमासले मलाई छोडे" भन्नुको मतलब डेमासले येशूप्रतिको विश्वासलाई नै त्यागेर संसारिक कुराहरूलाई आराधना गर्न थाल्यो भन्ने कुरा सत्य होइन बरु उनले संसारिक कुराहरूलाई माया गरेको कारण सुसमाचारको कामबाट टाढा बसेको हुनसक्छ। दु:खलाग्दो कुरा के हो



भने आजभोलि मण्डलीमा पनि यस प्रकारको चरित्र भएको व्यक्तिहरू पाइन्छन्। पावलले डेमासबाट दु:ख पाएझैं, अहिले धेरै पास्टरहरूले समय समयमा नराम्रा अनि तीता अनुभवहरू झेलिरहनु परेको छ। हामीहरू डेमासजस्तो बन्नखोज्नु हुँदैन। त्यस प्रकारको मनोवृत्तिबाट छुटकारा पाउनको निम्ति हामीले दिनहुँ बाइबल मनन गर्नुपर्दछ। बाइबलका शब्दहरूलाई विशेष मनन गरी हाम्रो जीवन र सेवकाइमा त्यस कुरालाई उचित ढङ्गले लागू गर्नुपर्दछ।

पावललाई धोका दिएर चोट पुऱ्याउने अर्को व्यक्ति फलामको काम गर्ने अलेक्जेण्डर हुन्। डेमासले पावललाई छोडेर मात्र गए तर अलेक्जेण्डरले चाहिँ पावलालाई ज्यादै खराबी गऱ्यो (२ तिमोथी ४:१४)। सन्त पावल उनीसँग ज्यादै आक्रोसित भएका हुनसक्छन् किनभने १४ पदमा यसरी लेखिएको छ: "प्रभुले त्यसलाई त्यसको कामअनुसार बदला दिनुहुनेछ।" यस खण्डमा पावलले अलेक्जेण्डरलाई निर्दयी प्रकारले सरापेका छन् किनभने तिनले प्रभुको दासलाई ठूलो चोट पुऱ्याएका थिए। परमेश्वरका प्रेरितहरूलाई चोट पुऱ्याउनाले ठूलो नोक्सानी भोग्नुपर्नेछ भन्ने कुरा हामीले सधैँ याद गर्नुपर्दछ।

पद १५ मा पावलले यसरी भन्दछन्: "त्यसदेखि तिमी पनि होसियार बस, किनकि त्यसले हाम्रो प्रचारको घोर विरोध गऱ्यो।" त्यस्तो व्यक्ति कपटि हो किनभने त्यसले सेवा पाउने बेलामा पछ्याउने तर नपाएको बेलामा दोष लगाउने काम गर्दछ। अलेक्जेण्डरजस्ता व्यक्तिहरूले मण्डलीका अगुवाहरूलाई धेरै समस्यामा पार्ने गर्दछन्। तिनीहरूले अगुवाहरूलाई मण्डलीमा रेभरेण्ड भनेर आदर गरे तापनि पछाडिचाहिँ उनीहरूका विरुद्धमा नराम्रो खालका हल्लाहरू फैलाउने गर्दछन्। शुद्ध समझ नभएका त्यस्ता व्यक्तिहरू प्राय: सबै मण्डलीहरूमा हुने गर्दछन्। तिनीहरू

दोहोरो जीवन जिउने खतरनाक व्यक्तिहरू हुन्।

वास्तवमा भन्ने हो भने थोरै व्यक्तिहरूले मात्र पावललाई अन्तिम समयसम्म पछ्याए। धेरैजसो पहिलाका सहयोगीहरूले दोस्रो कैदको समयमा पावलप्रति पिठ्यूँ फर्काए।

एसिया माइनरका धेरै इसाईहरू (विश्वासीहरू) (जुन अहिलेको टर्की भन्ने देशको दक्षिण-पश्चिम क्षेत्रमा पर्दछन्) -ले अति आवश्यक परेको समयमा पावलको साथ छोडिदिए। फुगेलस र हर्मोगिनस (२ तिमोथी १:१५) पनि तिनीहरूमा पर्दछन्। एसिया माइनरका मानिसहरूलाई सुसमाचार प्रचार गर्दा र सात वटा मण्डलीहरू स्थापना गर्दा पावलले धेरै प्रकारका कठिनाइहरूका सामना गर्नुपर्‍यो। त्यसबेला तिनले स्थापना गरेका मण्डलीहरूका नाउँहरू यिनै हुन्: एफिससको मण्डली, स्मुर्नाको मण्डली, पर्गामममको मण्डली, थिआटिराको मण्डली, सार्डिसको मण्डली, फिलाडेल्फियाको मण्डली र लाउडिकियाको मण्डली। यी मण्डलीहरू निर्माण गर्नको लागि पावलले विभिन्न प्रकारका सतावटहरू भोग्नुपर्‍यो।

पावल दोस्रो पटक जेलमा परेको बेलामा दुर्भाग्यवस, ती मण्डलीहरूका धेरै विश्वासीहरूले पावललाई त्यागे। कतिले चाहिँ पावलको मृत्युदण्डको विषयमा अलोचाना पनि गरे। फुगेलस र हर्मोगिनस यस्ता मान्छेहरू हुन्, जो पावलदेखि विपरित (१८० डिग्रीको कोणजस्तै गरी) दिशातिर फर्केर गए भनी पावलले बताएका छन्। ती इसाई भनाउँदाहरू, जो पावलका ऋणी थिए, तिनीहरूले ठूलो समस्या पर्दा पावललाई छोड्नुचाहिँ एक प्रकारको दुर्भाग्य नै थियो। आफ्नो प्रिय चेलालाई अन्तिम पत्रमा पावलले यो कुरा सिकाएका छन् कि त्यस्ता किसिमका मानिसहरू पनि हुन सक्छन् र तिनीहरूबाट सधैँ होशियार रहनू।



पावलले विशेष गरेर एसिया माइनरका विश्वासीहरू (इसाईहरू) -बाट धोका खाएका थिए। पावलबाट प्रसस्त प्रेम पाएकाहरूले पनि उनलाई आवश्यक परेको बेलामा त्यागेका घटनाहरूको सङ्केत हामी बाइबलमा भेट्टाउनसक्छौँ। त्यस कुराले तिनको आत्मविश्वासमा ठूलो चोट पुर्‍याएको थियो। पावलले पहिलो नजर बन्दको समयमा एसिया माइनरका मण्डलीहरूलाई आफ्नो भित्री हृदयदेखि निस्केका शब्दहरू प्रयोग गरेर चार वटा पत्रहरू लेखेका थिए। तिनीहरू एफिसीको पत्र, फिलिप्पीको पत्र, कसलस्सीको पत्र र फिलेमोनको पत्र हुन्। पवित्र आत्माको प्रेरणामा ती पत्रहरूद्वारा उनले प्रेम, सान्त्वना, गाली (हप्काइ) र सल्लाहको शब्दहरू व्यक्त गरेका छन्।

पावलले एफिससमा भएको टुरान्नसको विद्यालयमा दुइ वर्षभन्दा बढी समयसम्म चेलाहरूलाई सिकाए (प्रेरित १९:९)। ती मानिसहरूले तिनीबाट तालिम र मार्गनिर्देशन हासिल गरे तापनि पावललाई पूर्णरूपमा त्यागे। तिनीहरूले पावललाई त्याग्नुको वास्तविक कारण के थियो होला भनी हामी केवल कल्पना मात्र गर्नसक्छौँ।

त्यसबेला पावल विशिष्ट अनि प्रख्यात व्यक्ति थिएनन्, नत उनी शक्तिशाली थिए नत प्रभावशाली नै। उनी त एउटा साधारण मिसनेरी थिए, जसले मौका पाएको समयमा टाढा अनि दुर्गम ठाउँहरूमा गएर सुसमाचार सुनाउँथे, मण्डली स्थापना गर्थे र त्यहाँ स्थानीय अगुवाहरू खडा गर्नेगर्दथे। उनी एउटै ठाउँमा लामो समयसम्म बस्दैनथे। एक ठाउँमा काम सकेपछि, तिनी त्यहाँबाट निस्केर सुसमाचारको खाँचो भएको अर्को ठाउँमा जाने गर्दथे।

पावलले भ्याएको समयमा सेवकाइको निम्ति रुपैयाँ-पैसा जम्मा गर्ने काम गर्थे।

तिनले त्यो रकम आफ्नै यात्रामा मात्र खर्च गर्दैनथे तर नयाँ स्थापना भएको माण्डलीहरू र त्यहाँका नयाँ अगुवाहरूलाई पनि सहयोग गर्ने गर्दथे। मण्डली-राजनीतिमा पावललाई कुनै चासो थिएन तर पनि सुसमाचारको खातिर तिनले निरन्तर सतावट भोगे र दुइपटक जेलमा परे।

पावलले गरेको मिसनको काम संसारले तुच्छ ठानेको अनि तिनले निरन्तर रूपमा सतावट पाउने र बारम्बार जेलमा पर्ने गरेकोले गर्दा उनलाई पछ्याउनेहरूले त्यागे। पावलसँग हुँदा असजिलो भएको कारणले गर्दा तिनीहरू टाढा भए। ती मानिसहरूले मानिसलाई मात्र पछ्याएको तर तिनको पछाडि हुनुहुने सर्वशक्तिमान् परमेश्वरलाई चाहिँ नपछ्याएको कारणले गर्दा त्यसो भएको हो भन्ने कुरामा म विश्वास गर्दछु। अगुवालाई अरूहरूले बारम्बार होच्याएको, अपमान गरेको, यातना दिएको र जेलमा राखेको देख्दा उनीहरूले असजिलो महशुस गरे। पावललाई पछ्याउनुचाहिँ तिनीहरूले शर्मको कुरा सम्झे र त्यसमा रुचि लगाएनन। त्यो कुरा तिनीहरूको व्यवसायको निम्ति, परिवारको निम्ति र व्यक्तिगत जीवनको निम्ति र बालबच्चाहरूको लागि पनि अनुकुल र लाभदायी थिएन।

ती कारणहरूले गर्दा पावललाई सबैले अलपत्र हुनेगरी त्यागे। पावलले भौतिक सफलता र आशिष्मा जोड दिनुको सट्टामा विश्वासमा वलिदान गरी क्रूसमा विश्वास गर्ने कुरामा जोड दिए। पावललाई त्याग्ने ती व्यक्तिहरूले उनी परमेश्वरको अति प्रिय र विश्वासयोग्य दास हुन् भन्ने कुरा बुझ्न सकेका थिएनन् किनभने तिनीहरूका आत्मिक आँखा बन्द भएका थिए। पावलको धैर्यतालाई पनि तिनीहरूले बुझ्न सकेनन्। वास्तवमा पावलको काम कति महत्त्वपूर्ण छ भन्ने विषयसँग सम्बन्धित ख्रीष्टको रहस्यलाई तिनीहरूले बुझ्न सकेनन्।



तिनीहरूले पावलको समर्पण र बलिदानलाई जान्न सकेनन्। परमेश्वरले स्वर्गमा पावलको निम्ति तयार पारिराख्नुभएको महान् इनामलाई तिनीहरूले विचारै गर्न सकेनन्। अन्यजातिहरूलाई सुसमाचार सुनाउनुको महत्त्व बारे तिनीहरूले सुनेका थिए र त्यो प्रभुको महत्त्वपूर्ण आज्ञा हो भन्ने कुरा पनि तिनीहरूलाई थाहा थियो तर फितलो अनि कमजोर विश्वासको कारण तिनीहरूले त्यस आज्ञालाई व्यवहारमा उतार्न सकेनन्। यस्तो कुरा आजका मण्डलीहरूका विश्वासीहरूमा पनि लागू हुन्छ। धेरै विश्वासीहरू काममा, परिवारमा र स्वास्थ्य मा आशिष् पाउनको लागि मण्डली जाने गर्दछन्। परमेश्वरबाट प्राप्त भएका कुराहरूलाई थामी राख्न तिनीहरू व्यस्त छन् तर पृथ्वीको अन्तिम छेउसम्म सुसमाचार पुऱ्याउने ईश्वरीय दर्शनलाई भने तिनीहरूले गुमाएका छन्।

## पावलका विश्वासयोग्य चेलाहरू

## The Paul's Faithful Disciples

पावललाई बीचैमा छोडेर अलपत्र पार्ने मानिसहरू एकातिर छन् भने अर्कातिर हेर्ने हो भने उनलाई हौसला दिएर सहायता गरी अन्तिम क्षणसम्म निरन्तर पछ्याउने व्यक्तिहरू पनि छन्। ती धेरै जनाहरूमध्ये तिमोथी एक विशिष्ट व्यक्ति हुन् (२ तिमोथी ४:१-९)। उनी इ.सं. ५० मा पावलको सेवकाइमा सहयोगी बनेका थिए। उनले पावलको दोस्रो मिसन यात्रादेखि लिएर पावलको हत्या भएको समय इ.सं. ६८ सम्म नै तिनलाई पछ्याइरहे। उनीहरूको सेवकाइ सहकार्य १८ वर्षसम्म रह्यो। हामीले बुझ्नुपर्ने कुरा के हो भने पावल र तिमोथीको बीच घनिष्ठ सम्बन्ध

थियो। तिमोथीलाई पावलले साँचो आत्मिकी छोरा भनेका छन्। तिमोथीको व्यक्तित्वको बारेमा बाइबलमा धेरै कुराहरू लेखिएको पाउनसक्छौँ। उनी एक आज्ञाकारी, नरम मिजासी, शुद्ध, निष्कपट र विश्वासले भरिपूर्ण व्यक्ति थिए (२ तिमोथी १:५)।

प्रिस्किला र अकिलास पावललाई अभाव र कष्टमा नछोड्ने व्यक्तिहरूमध्ये दोस्रो दर्जामा पर्दछन्। उनीहरू अहिलको टर्की भन्ने देशमा बसोबास गर्ने यहूदीहरू थिए। उनीहरू त्यहाँ राम्रो व्यवसाय चलाएर बसोबास गरिरहेका थिए। उनीहरूले पावललाई आर्थिक सहायता मात्र गरेनन् तर विभिन्न प्रकारका सेवकाइहरूमा सहभागी भई प्रभुको काममा योगदान पुऱ्याए। अकिलासको पत्नी प्रिस्किलाले पावलको मिसन काममा सक्रिय रूपमा सहायता गरेकी थिइन्। जब तिमोथी एफिसस मण्डलीमा वरिष्ठ पास्टर नियुक्त भए, तब त्यो जोडीले मण्डलीमा एल्डरको भूमिका निभाई निरन्तर आर्थिक र नैतिक रूपमा सहायता गरिरहे। प्रभुको सेवकाइमा तिनीहरूले विश्वासयोग्य भई उदाहरणीय प्रकारले सहायता गरे।

पावललाई सहायता गर्ने तेस्रो विश्वासयोग्य व्यक्तिचाहिँ वैद्य लूका हुन्। उनी युनानी (ग्रीक) जातिका विदेशी व्यक्ति हुन्। लूकाले पावललाई तिनको दोस्रो मिसन यात्रा (इ.सं. ५०) -मा भेटेका थिए। त्यही साल पावलले अर्को सहयोगी तिमोथीलाई पनि भेटेका थिए। ती दुवै जनाले पावललाई १८ वर्षसम्म सच्चा रूपले पछ्याइरहे। पावल दोस्रो पटक कैदमा पर्दा धेरैले उनलाई त्यागे तर त्यसबेलामा पनि लूका पावलको नजिकै बसेर तिनको स्वास्थको हेरचाह गरे। पहिलो कैदमा पनि तिनले पावललाई सहायता गरेका थिए।

पावलको व्यक्तिगत सचिव र तिनको स्वास्थको हेरविचार गर्ने वैद्य लूकाले



प्रेरितको पुस्तक पनि लेखे। प्रेरितहरू र परमेश्वरका जनहरूले गरेका कामहरूका वर्णन भएको उक्त पुस्तक लूकाले पावलको चौथो मिसन यात्रामा अर्थात् इ.सं. ६३ मा लेखेका हुन्। त्योभन्दा पहिला पवित्र आत्माको प्रेरणामा लूकाले सुसमाचारीय पुस्तक लेखिसकेका थिए, जसलाई लूका रचित सुसमाचारको पुस्तक भनिन्छ। त्यसकारण, लूकालाई पावलका विश्वासयोग्य सहयोगी थिए भन्न सकिन्छ।

पावलका अर्का सच्चा सहयोगी एक विदेशी व्यक्ति थिए, जसको नाउँ तुर्खिकस हो। उनले पनि पावललाई १८ वर्ष अर्थात् तिनको मृत्युसम्मै पछ्याए। तिनले पावल पहिलो कैदमा पर्दा तिनका पत्रहरू भू-मध्य सागरको वरिपरिका क्षेत्रहरूमा भएका विश्वासीहरू माझ पुऱ्याउने काम गर्दथे। हामीलाई थाहा छ, कि ती दिनहरूमा बाटो-घाटोको अवस्था राम्रो थिएन र अर्को कुरा त्यसबेला यात्रा गर्नु भनेको खतराको सामना गर्नुजस्तै थियो। सायद, तुर्खिकसले पावलका पत्रहरू बोकेर लामा र अप्ठ्यारा बाटोहरूको यात्रा गर्नुपऱ्यो होला। उनलाई ती यात्रामा हुने खतराको जानकारी हुँदा-हुँदै र धेरै लामो समय लाग्छ भन्ने कुरा थाहा भए तापनि कुनै प्रश्न र विना गनगन पावलको आज्ञालाई शिरोपर गरे।

इपाफ्रोडिटस भन्ने व्यक्ति फिलिप्पीको मण्डलीको पास्टर थिए। उनी प्रभुको भरपर्दो सेवक भएकोले पावललाई विश्वासयोग्य तरिकाले सहयोग गरे। पावल कैदमा हुँदा फिलिप्पीका इसाईहरूले (विश्वासीहरूले ) आफ्ना आत्मिक पितालाई केही पैसा पठाउने इच्छा गरे। इपाफ्रोडिटसले माकेडोनियादेखि ग्रीस हुँदै इटालिको रोमसम्म त्यो पैसा बोकेर पुऱ्याएका थिए। त्यो कठिन यात्रामा इपाफ्रोडिटसले बिरामीको कारण झण्डै ज्यान गुमाएका थिए तर पावलको प्रार्थनाले अचम्म तरिकाले उनी निको भए भनी बाइबलले बताउँदछ। त्यसपछि उनी सकुसल फर्केर

आफ्नो ठाउँ फिलिप्पी पुग्न सफल भए। त्यसकारण, सङ्ख्यामा थोरै भए तापनि केही व्यक्तिहरू विश्वासयोग्य प्रकारले पावलको सेवकाइमा समर्पित भई उनीसँगै रहेर असल सहयोगीको रूपमा परमेश्वरको काम गरे (फिलिप्पी २:२५-३०)।

पावलका अर्का विश्वायोग्य सहयोगी ओनेसिफरस हुन्। उनी दोस्रो तिमोथीको पुस्तकको १ अध्यायदेखि देखापरेका छन्। उनले विश्वासयोग्य भएर निरन्तर पावलको सेवा गरे (२ तिमोथी १:१६)। पावलले तिमोथीलाई उनीसँग राम्रो सम्बन्ध राख्न आग्रह गरेका थिए। सुरुमा एफिससबाट आएका ओनेसिफरस पछि एसिया माइनरमा बसोवास गर्नथाले। एसिया माइनरका धेरै विश्वासीहरूले (इसाईहरूले) पावललाई त्यागे तर ओनेसिफरसले चाहिँ अन्तिम घडीसम्म पावलसँग रहेर तिनको सेवकाइमा सहायता गरे। पावलले उनको बारेमा यसरी भनेका छन्: "प्रभुले ओनेसिफरसको घरानालाई कृपा राखून, किनभने तिनले मलाई अक्सर हौसला दिन्थे, र मेरो साङ्लाको शर्म मान्दैनथे" (२ तिमोथी १:१६)। आफूलाई पछ्याउने प्रियहरूले धोका दिएको कारण पावल निराश हुन्थे तर त्यसको विपरित ओनेसिफरसले उनलाई हौसला दिएर ताजा बनाउने काम गर्दथे।

ओनेसिफरसले पावललाई कस्तो प्रकारले हौसला दिए त? पावल नराम्रा क्षणहरूको सामना गरिरहेका बेलामा ओनेसिफरसले उनलाई खोज्दै भेटगर्न जान्थे भनी बाइबलले बताउँदछ। ओनिसिफरसले वफादारीपूर्वक गरेको काम प्रशंसायोग्य छ। वास्तवमा धेरै जना पावलका चेलाहरू आफ्नो अगुवा कैदमा पर्दा शर्माएर टाढा हुन खोजे तर ओनेसिफरसले त्यसो नगरी आफ्ना आत्मिक मालिकलाई त्यस्तो अवस्थामा पनि भेटेर आदर गर्ने गर्दथे र तिनलाई प्रशंसा गर्ने गर्दथे। पावलबाट सहायता र अनुग्रह पाउने धेरैले तिनलाई त्यागे तर ओनेसिफरसले पावलको कृपा



सम्झना गरी तिनलाई भेट्न गई हौसला दिने गर्दथे।

ओनेसिफरसले पावलप्रति त्यस्तो व्यवहार गरेका हुनाले २ तिमोथी १:१६ मा पावलले तिनको घरानालाई आशिष् दिएका छन्। घराना भन्नाले परिवारका सबै सदस्यरू, जस्तै: पत्नी, छोराछोरीहरू, भन्जा-भान्जीहरू, भतिजा-भतिजीहरू र नाति-नातिनाहरू पनि पर्दछन्। वास्तवमा परमेश्वरले त्यो साँचो प्रार्थनाको कदर अवश्य गर्नुभएको हुनुपर्दछ किनभने त्यो उहाँको समर्पित दास पावलको प्रार्थना थियो। ओनेसिफरसमाथि दया गर्नुहोस् भन्ने पावलको बिन्तीलाई परमेश्वरले अवश्य स्वीकार गर्नुभयो किनभने ओनेसिफरसले प्रभुको दास पावलप्रति दया देखाएर ख्रीष्टमा दाजुभाइजस्तो सम्झेका थिए। कसैमाथि दया देखाउनु भनेको त्यो व्यक्तिको कमजोरी र दोषहरूलाई नहेरी उसमाथि सहानुभूति प्रकट गर्नु हो। अरूमाथि दया देखाउनेहरूलाई आशिष् दिन परमेश्वर कहिल्यै चुक्नुहुन्न भन्ने कुरा हामीले बिर्सनुहुन्न (मत्ती ५:७)। पावलका विश्वासिलो सहयोगीहरूमध्ये उच्च दर्जामा पर्ने ओनेसिफरसलाई परमेश्वरले अवश्य आशिष् दिनुभएको हुनुपर्दछ।

## किन परमेश्वरले पावललाई प्रेम गर्नुभयो ?

## Why Did God Love Paul?

परमेश्वरले पावललाई किन गहिरो रूपले प्रेम गर्नुभयो भन्ने विषयमा प्राय: सबैलाई अचम्म लाग्नसक्छ। त्यसको कारणचाहिँ उनले सुसमाचार नपुगेका विश्वका विभिन्न भागहरूमा सुसमाचार प्रचार गर्न परिश्रम गरेकोले नै हो।

दुइ हजार वर्षको इसाई इतिहासलाई फर्केर हेर्ने हो भने "प्रचार" र "सुसमाचार अभियान" -को बहानामा आफ्नै शक्ति र राजनैतिक प्रभाव विस्तार गर्न मण्डलीहरूले धेरै पटक विदेशी राज्यहरूमा अक्रमण गरी अधिकार जमाए। अर्को पक्षलाई हेर्ने हो भने तिनीहरूले आफ्नै क्षेत्रमा रहेर सदस्यहरू वृद्धि गर्ने कुरालाई मात्र जोड दिए। यदि मण्डलीहरू त्यस्तो प्रकारले एउटै ठाउँमा मात्र वृद्धि हुने कोसिस गर्दछन् भने त्यो बाबेलको धरहरा बनाएजस्तै हो। त्यस्ता कामहरूले तिनीहरूलाई अधोगति र विनासतिर डोऱ्याउँदछ।

प्रेरित पावलले त्यस्ता मानवीय कमजोरीहरूलाई बुझेका थिए। त्यसैकारण तिनले सावधानी अपनाएर एउटा मण्डलीमा तीन वर्षभन्दा बढी समयसम्म बसेनन्। तिनी सबैभन्दा लामो समय बसेको ठाउँचाहिँ एफिसस हो। तिनी त्यहाँ तीन वर्षसम्म बसे। पावल कोरिन्थीमा डेढ वर्ष बसे। अरू ठाउँहरूमा चाहिँ तिनी केही महिनामात्र बसेर नयाँ मण्डली स्थापना गर्थे अनि नयाँ अगुवाहरूलाई तालिम दिने गर्दथे। त्यसकारण, कुनै मण्डलीमा पनि पावलले मुख्य पास्टर भई सेवकाई गरेको पाइँदैन। उनलाई मण्डली-स्थापक, मिसनेरी र असल ईश्वरशास्त्री भन्न सकिन्छ। वास्तवमा उनी साँचो आत्मिक अगुवा थिए तर उनीसँग मन्डलीका सदस्यहरू भने थिएनन्।

मण्डलीमा विश्वासीहरू वृद्धि भएपछि मण्डलीको अगुवापनमा भ्रष्टता आउने सम्भावना हुन्छ। व्यक्तिगत रूपमा म यो भन्न चाहन्छु, कि मेरो मण्डलीमा हजारौँ सदस्यहरू नहोस्। "कृपया धेरै मानिसहरू यो मण्डलीमा नपठाउनुहोस्" भनी म परमेश्वरसँग प्रार्थना गर्ने गर्दछु। यदि मेरो मण्डलीमा हजारौँ सदस्यहरू भए भने मलाई प्राप्त हुने ठूलो इज्जत र शक्तिले गर्दा पछि मलाई मिशनको काममा कमजोर



अनि पतित बनाउनसक्छ भन्ने कुराप्रति म सधैँ सचेत रहने गर्दछु। प्रभुसँग यही प्रार्थना गर्दछु, कि असल मानिहरूले परमेश्वरको वेदी भरियोस्। हाम्रो मण्डलीमा करिव तीन सय जना मानिसहरू अट्नसक्छ र यी तीन सय समर्पित इसाईहरू संसार परिवर्तन गर्नलाई प्रयाप्त छ भन्ने कुरामा म विश्वस्त छु।

म कोरियाको रूढिवादी (कट्टरवादी) प्रेसबेटेरियन परिवारमा जन्मेको मानिस हुँ। मेरो बाजे र बुबा त्यो मण्डलीको एल्डर हुनुहुन्थ्यो र मेरी आमाचाहिँ शान्त तर असाधारण खालको विश्वासी हुनुहुन्थ्यो। तिनी हरेक बिहान छ बजे नै उठेर मलाई र भाइबहिनीहरूलाई उठाएर बिहानको प्रार्थनामा समेल गराउनुहुन्थ्यो। म बालकै भएकोले त्यो बिहानै हुने प्रार्थनालाई त्यति मन पराउदिनथेँ। व्यक्तिगत खर्चको लागि पाएको पैसाबाट दशांश दिनुपर्दछ भनी मेरो बुबा आमाले दवाव दिनुहुन्थ्यो र पैसा पाउनासाथ म बैंकमा गई नयाँ नोट साटेर बाइबलको पन्नामा आगामि आइतबारको सेवामा दशांश दिनको लागि सुरक्षित राख्थेँ। यदि हामीले उहाँहरूको आज्ञालाई उल्लङ्घन गरेमा खुट्टामा लट्ठीले हिर्काएर सजायँ दिनुहुन्थ्यो।

म त्यसप्रकारको परिवेशमा हुर्केको व्यक्ति हुँ। पछि गएर म पास्टर भएँ र मेरो बहिनीले पनि पास्टरसँग विवाह गरिन्। सुरुदेखि नै मेरी आमाले म सेमिनारीमा गएर ईश्वरशास्त्र अध्ययन गरी पास्टर बनेको चाहना गर्नुहुन्थ्यो। तर जब-जब उहाँले मलाई त्यसको निम्ति अनुरोध गर्नुहुन्थ्यो, तब "म पागल भएको छु पास्टर हुनलाई, म त्यस्तो व्यक्ति हुँदै हुन्नँ" भनी जवाफ दिन्थेँ। मैले त्यसरी उत्तर दिनुचाहिँ उहाँलाई पास्टरको सपना देख्नबाट टाढा राख्ने मेरो मूर्खतापूर्ण कोसिस थियो। जवान अवस्थामा म मण्डली जाने गर्थेँ तर त्यो वास्तवमा गर्नैपर्ने अनिवार्य कार्यजस्तो मात्र थियो, हृदयको चाहनाबाट कदापि होइन। मलाई त्यसमा कुनै

चासो थिएन। त्यतिबेला म धुम्रपान र मद्यपान पनि गर्थें र त्यसमा रमाउँथें। त्यस प्रकारको अवस्थामा म अध्ययनको सिलसिलामा उत्तर अमेरिकामा गएँ।

केही विशेष कारणले गर्दा परमेश्वरले मलाई कोरियाको अरू जवान विद्यार्थीहरूजस्तै संसारिक जीवन जिउन दिनुभयो। मैले तीस वर्षको उमेरसम्म संसारिक रूपले भौतारिनुमा परमेश्वरको विशेष उद्देश्य थियो भन्ने मलाई लाग्दछ। उहाँले पावललाई पनि तीस वर्षसम्म त्यसरी नै जिउन दिनुभयो र मण्डलीलाई सताउन पनि दिनुभयो। मैले अमेरिका जानुअघि ईश्वरशास्त्र भन्ने विषय छोएको पनि थिइनँ। आत्मिक कुरामा भन्दा संसारिक कुराप्रति मेरो चासो थियो। कोरियाली विद्यार्थीहरूको विचारमा अमेरिका भनेको त्यस्तो ठाउँ हो, जहाँ प्रसस्त अवसरहरू उपलब्ध छन्। म पनि त्यस्तै विचार राखेर अगाडि बढ्न चाहने व्यक्ति थिएँ। म नियमित रूपमा मण्डलीमा सामेल हुन्थे तर मेरो प्राथामिकताचहिँ संसारिक कुराहरूप्रति नै थियो।

सुरुमा म भोजनालयमा साधारण काम गर्नथालें र पछि बिस्तारै रेस्टुरेण्टको बारमा रक्सी वितरण गर्ने काम गरें। त्यस कामको अनुभवबाट सायद मैले मद्यपान तथा त्यससम्बन्धी पेयपदार्थहरूमा विद्यावारिधि गर्न सक्नेथिएँ। त्यसबेला मलाई सयौं प्रकारको रक्सीहरूको नाउँहरू कण्ठस्त थियो। तिनीहरूलाई कसरी मिश्रण गर्ने भन्ने बारेमा पनि मलाई राम्रो ज्ञान थियो। रक्सीको नयाँ उत्पादन र त्यसको नामहरू पनि मेरो दिमागमा ताजा थिए। वास्तवमा भन्ने हो भने म अरू कोरियन विद्यार्थीहरूको माझमा प्रख्यात थिएँ किनभने म रेस्टुरेण्टमा बारटेण्डर बन्न सफल भएको थिएँ, जसलाई त्यो समयमा सफल पेशा मानिन्थ्यो। त्यतिबेला बारटेण्डर बन्नु गोरा जातिका मानिसहरूलाई पनि मुस्किलको काम थियो।



केही समय पश्चात् म एउटा ठूलो मण्डलीमा जान थालें तर त्यो सामाजिक र अरू विषयको लागि मात्र थियो।। मैले त्यहाँ ख्रीष्टमसको समयमा नाँच र भोजको कार्यक्रमहरू पनि आयोजना गरें। त्यसबेला म उत्तर अमेरिकको कोरियालीहरूमा धनी व्यक्ति गनिन्थें। मसँग रुपैया-पैसा, सुविधायुक्त गाडी, मान-प्रतिष्ठा र इज्जतजस्ता कुराहरू थिए। ती संसारिक कुराहरूमा रुमल्लिरहेको बेला एक दिन मण्डलीको जागृति सम्मेलनमा गएँ। वास्तवमा भन्ने हो भने म त्यहाँ आत्मिक लाभको निम्ति गएको थिइनँ तर कसैलाई मैले भेट्नु परेकोले गएको थिएँ।

म केवल मानिसलाई भेट्न मण्डली गएको थिएँ तर परमेश्वरलाई होइन। म ढिलो गएको हुनाले सो कार्यक्रम सकिन लागेको रहेछ। जब म बेदी भएको कोठामा पुगें, तब वक्ताले मेरो ध्यान उहाँतिर केन्द्रित गर्नुभयो। उक्त वक्ता सानो कददी बुढी महिला थिइन्। तिनी सफा कोरियाली सँस्कृतिको पहिरनमा थिइन्। उक्त महिला कोरियामा पहिल पटक निर्माण भएको इसाई प्रार्थना गर्ने भवन (Christian Prayer Center) -को निर्देशक हुनुहुँदो रहेछ। उहाँले सयौं व्यक्तिहरूलाई पास्टर बन्नमा ठूलो सहयोग गरिसक्नुभएको रहेछ।

मण्डलीमा प्रवेश गर्ने बेलामा तिनी को हुन् भनेर मैले चिनेको थिइनँ। म पछाडिपट्टिको ठाउँ प्राय: जहाँ ढिला आउनेहरू बस्ने गर्दछन्, त्यही गएर बसें। तर वचन सकिएपछि त्यहाँ विश्वासै गर्न नसकिने घटना घट्यो। वचनपछि छोटो भजन गाउँदै गर्दा ती महिला उठिन् र पुलपिटबाट म भएतर्फ अघि बढिन्। त्यो घटना अचम्मलाग्दो र रहस्यमय थियो किनभने उहाँले आँखा बन्द गरेर कुनै विशेष व्यक्तिलाई खोज्दै हुनुहुन्थ्यो। अगाडि आएर अचानक उहाँले मलाई च्याप्प समात्नुभयो र बेदी भएको ठाउँतिर डोऱ्याउन थाल्नुभयो। मलाई अगाडि लगेर

उहाँले गवाही बाँड्न अनुरोध गर्नुभयो।

कहिले पनि नभेटेको बजैले मलाई मण्डली समुदायको अगाडि लगेर गवाही भन्न लगाउनुभयो। लाजले गर्दा मैले केही पनि बोल्न सकिनँ। त्यसबेला म निकै आत्तिएको थिएँ। मैले तिनलाई "मसँग गवाहीको रूपमा भन्ने कुनै कुरा छैन" भनेर पुलपिटबाट तल ओर्लेर आएँ। त्यो दिनको अनुभव बिर्सनै नसकिने खालको थियो। केही दिनपछि मलाई त्यो मण्डलीमा फेरि जान मन लाग्यो र गएर पहिला बसेको ठाउँमा बसेँ।

त्यस दिन पनि उक्त महिलाले वचन सकिएपछि भजन गाउने बेलामा आँखा बन्द गरेर नजिक आएर मेरो हात समातिन्। त्यसबेला उक्त भवनमा सयौँ व्यक्तिहरू थिए। त्यसरी तिनले मलाई दुइपटक खोजेकोले गर्दा म छक्क परेँ। तिनले मलाई वेदीको छेउमा लगेर ठूलो सोरमा मेरो निम्ति प्रार्थना गरिदिइन्। तिनले यसो भनेर प्रार्थना गरिन्: "तिमी यो युगको निम्ति सन्त पावल जस्तैगरी प्रयोग हुनेछौ। तिमीले संसारभरि नै परमेश्वको नाउँमा ठूला कामहरू पूरा गर्नेछौ।" साँच्चै भन्ने हो भने मैले सन्त पावलजस्तो व्यक्ति बन्ने सपनामा पनि सोचेको थिइनँ तर ती महिलाले मलाई सन्त पावलजस्तो हुनको लागि प्रार्थना गरिदिइन्।

त्यो अनौठो घटनापछि ती महिलाले मलाई भेट्ने कुरा गरिन्। उहाँलाई साधारण मानिसहरूले भेट्न ज्यादै मुस्किल थियो। एकदिन उहाँले मलाई कोरियामा भएको उहाँको प्रार्थना केन्द्रमा बोलाउनुभयो, जहाँ कोरियाको मण्डलीहरूका पाँच हजार अगुवाहरू भेला भएका थिए। त्यहाँ अचम्मलाग्दो कुरा के भयो भने ती महिलाले मजस्तो अभिषेक नै नभएको व्यक्तिलाई ठूल्ठूला पास्टरहरूका सामु वचन प्रचार गर भनेर अनुरोध गर्नुभयो। त्यो विशेष अनि आदरणीय ठाउँ थियो र उक्त अवसर प्रख्यात र अनुभवी पास्टरहरूका लागि



सुहाउँदो थियो। तर देशका धेरै आत्मिक अगुवाहरूका माझ परमेश्वरको वचन दावी गर्ने अमूल्य अवसर उहाँले मलाई दिनुभयो।

परमेश्वरको अनुग्रह र अगुवाइमा आजसम्म मैले त्यही दिन सुरु गरेको काम पछ्याउँदै आइरहेछु। यो पुस्तामा पावलको जस्तो दर्शन बोकेकाहरूमध्ये म पनि एक हुँ जस्तो मलाई लाग्दछ। चालीस वर्ष पुगेपछि परमेश्वरले सबै सम्पत्ति र इज्जत मानलाई त्यागी उहाँलाई पछ्याउन कडा आज्ञा दिनुभयो। त्यो अचानक अनि अप्रत्यासित परिवर्तनले गर्दा मेरी पत्नीलाई सुरुमा धेरै नै कठिन भयो। त्यसबेला दशकौँ लगाएर कमाएको सम्पत्तिको सवाल थियो। तर अन्तमा, मेरो पैसाप्रतिको मोह हराएर गयो। मानिसहरूले मलाई बौलाहा भनेर भने तर परमेश्वरले उहाँकै उद्देश्यको निम्ति मलाई प्रयोग गर्न थाल्नुभयो।

चालीस वर्षको उमेरबाट सुरु गरेर अर्को दश वर्षसम्म मैले ईश्वरशास्त्र अध्ययन गरी पास्टर हुनलाई चाहिने सबै आवश्यक्ताहरू पूरा गरेँ। पढाइको सिलसिलामा परमेश्वरले मलाई विभिन्न मिसनको क्षेत्रहरूमा पठाउनुभयो। मैले सुसमाचार नपुगेको धेरै ठाउँहरूमा जाने अवसर पाएँ। बीस वर्षसम्म उत्तर अमेरिकामा आरामको जीवन जिएको व्यक्तिलाई परमेश्वरले दुर्गम क्षेत्रहरू देखाउनुभयो, जहाँ सुसमाचार नसुनेका मानिसहरू बस्ने गर्दथे। जब म ती ठाउँहरूमा जान्छु, परमेश्वरले बारम्बार मलाई त्यहाँका मानिसहरूको सेवा गर भनी भन्नुहुन्छ। मैले उहाँमाथि भरोसा गरेर आजसम्म उहाँको वचनलाई पछ्याइरहेको छु।

साँच्चै भन्ने हो भने कोरियामा कुनै मण्डली अथवा सम्प्रदायसँग मेरो सम्बन्ध छैन। अहिलेसम्म पाहुनाको रूपमा वचन प्रचार गर्न पनि कुनै मण्डलीले मलाई बोलाएको छैन न त मेरा कलेजको कुनै साथी कोरियामा काम गरिरहेका छन्।

आजसम्म म आफैले खालि परमेश्वरमा भरोसा राखी सेवकाइ गरिरहेछु। जब म सन्त पावललाई सम्झन्छु, परमेश्वरले उनलाई एक्लो अवस्थामा राख्नुभएको कुरा सम्झने गर्दछु। पावललाई जस्तै गरेर मलाई पनि उहाँले एक्लै भई सेवा गर्न लगाउनुभएको छ।

एक्लो अवस्थाको परिणामस्वरूप परमेश्वरले मलाई देशभित्रको आन्तरिक सेवकाइमा नभएर वाह्य सेवाको निम्ति आँखा खोलिदिनुभएको छ। परमेश्वरले मलाई विदेश र सुसमाचार नपुगेको राष्ट्रहरूमा सुसमाचार सुनाउन रुचि राख्नको निम्ति तालिम दिनुभयो। अन्तमा, उहाँको कामको निम्ति भेलापार्नु भएको विदेशीहरूको निम्ति कोरियामा ईश्वरशास्त्रको शिक्षा दिन बाइबल कलेज सुरु गर्न अगुवाइ गर्नुभयो। आज हाम्रो स्कुल राम्रै छ तर सुरुका तीन वर्षहरूमा भने हामीले झुपडी र पालहरूमा बिताउनुपर्‍यो। जब त्यो म कुरा प्रभुमा राख्थैं, उहाले यसो भन्नु हुन्थ्यो: "तैंले भरोसा गर्न लाएकको कोही व्यक्ति छ ? तसँगै वद्यावारिधि गर्नेहरूसँग तेरो केही सम्बन्ध छैन्। वास्तवमा भन्ने हो भने तसँग भरपर्नको लागि कोही पनि छैन भन्ने कुरा म जान्दछु। अब म मेरा मानिसहरू चुन्नेछु, जसलाई म माया गर्छु र तँलाई सहायता गर्नको निम्ति तिनीहरूलाई पठाउनेछु।" परमेश्वर प्रतिज्ञामा कहिल्यै चुक्नुभएन। एकपछि अर्को गर्दै मानिसहरू सेवकाइको लागि जुट्न थाले। अहिले मसँग काम गर्ने सहकर्मीहरू थोरै मात्र छन्। तिनीहरूलाई म विगतको समयदेखि नै चिन्दछु। ती सबै व्यक्तिहरू मेरो निम्ति अमूल्य छन्। ती सबैलाई परमेश्वरले सेवा गर्नको निम्ति चुन्नुभएको हो भन्ने मलाई विश्वास छ।

मानिसहरूले मलाई यसरी सोध्ने गर्छन्: "कसरी तिमीले यत्रो ठूलो विदेशी मिसन अरू मण्डली अथवा ठूला सम्प्रदायहरूसँग सम्बन्ध नराखीकन सञ्चालन



गर्नसकेका छौ।" इमानदारी पूर्वक भन्नुपर्दा यो प्रश्नको उत्तर मसँग छैन। हामीलाई कुनै पनि ठूला मण्डलीहरू वा संस्थाहरूले आर्थिक रूपमा सहयोग गरेका छैनन्। परमेश्वरले नै समय समयमा प्रसस्त गरी जुटाइदिनुहुन्छ र सेवकाइलाई निरन्तरता दिइरहेको छु। म साँचो भन्दछु, कि यो सेवकाइ गर्ने वास्तवमा म होइन तर स्वयम् परमेश्वर हुनुहुन्छ।

एसिया बाहिर अनि मध्य पूर्वको केही भागहरूमा र अफ्रिकामा हाम्रो सेवकाइ सञ्चालनमा छ। पन्ध्र वटा देशहरूमा पाँच हजार विद्यार्थीहरूलाई ईश्वरशास्त्रको शिक्षा दिने जिम्मेवारी मैले पाइसकेको छु। ए.एम.आइ. -को शिक्षा भू-उपग्रह प्रणालीबाट प्रसारण गर्नपाउँदा धेरै आशिष्को महशुस गरेको छु। त्यस प्रविधिबाट हाम्रो प्रचार एसिया महादेशभरि प्रसारण हुनसक्छ। परमेश्वरले योजना मद्वारा सम्पादन गर्नुभएको कारणले गर्दा यी सबै कुराहरू सम्भव हुनआयो। तपाईंको आँखामा हाम्रो सेवकाइको मुख्य व्यक्ति म देखिएको हुनसक्छु तर म होइन केवल हाम्रो प्रभु हुनुहुन्छ, जसले पिता परमेश्वरले बनाउनुभएको योजना सबै कामहरू पूरा गर्नुहुनेछ।

भविष्यमा हाम्रो सेवकाइ कहाँसम्म जाने हो हामीलाई थाहा छैन। भोलि हुने कुरा पनि हामी देख्नसक्तैनौँ। म एक पाइला अगाडि के हुने हो देख्न सक्तिनँ तर जब विश्वासमा कदम बढाउँछु, परमेश्वरले सधैँ सही दिशामा डोर्‍याउनुहुन्छ भन्ने कुरामा म विश्वस्त छु। त्यसलै गर्दा मैले मेरो जीवन र सेवकाइलाई परिवर्तन गरैँ। मेरो आफ्नै योजनामा भर पर्नुको सट्टामा पूर्ण रूपमा परमेश्वरको अगुवाइमा विश्वाससाथ उहाँमा भर पर्ने मैले अठोट गरेको छु।

साँच्चै नै हाम्रो ए.एम.आइ. मण्डली परमेश्वरको अगुवाइमा स्थापना भएको हो।

मैले स्थानीय मण्डली खडा गर्ने सोच राखेको थिइनँ। म स्थानीय मण्डलीको पास्टर हुन सुहाउँदिनँ भन्ने मेरो विचार थियो। मण्डलीभित्र पास्टरीय सेवकाइमा अल्झेपछि मेरो विदेशको मिसनको काम गर्ने क्षमता सीमित हुन्छ र त्यसको लागि म उपलब्ध हुन सक्तिनँ भन्ने म सोच्थेँ।

तरै पनि परमेश्वरले मलाई भन्नुभयो, कि मैले हाल सेवा गरिरहेको ए.एम.आइ. मण्डली विशेष मण्डली हुनेछ, जसले मिसनको काम गर्नेछ। यो मण्डलीले मेरो दर्शन र प्रयन्तनलाई बुझेर विदेशी मिसनमा सहायता गर्नेगर्दछ। उहाँको वचनद्वारा उत्साहित भएर मलगायत केही मानिसहरू मिलेर यो मण्डली निर्माण गऱ्यौं। पहिला मण्डली सार्न मिल्ने पालजस्तो थियो। भरखरै कुनै व्यक्ति मण्डली हेर्नमात्र आएको छ, भने त्यो व्यक्ति परमेश्वरले उहाँको योजनापूर्वक पठाउनुभएको हो भन्ने मलाई लाग्दछ। त्यसकारण म हाम्रो मण्डलीका ससदस्यहरूलाई अरू परम्परावादी इसाईहरूको पुरानो ढाँचासँग तुलना नगरी सही अगुवापनलाई पछ्याउन हौसला दिने गर्दछु।

परमेश्वरले दिनुभएको महान् आज्ञामा सहकार्य गर्न हाम्रो मण्डलीका विश्वासीहरूले मलाई सहायता गरेको उहाँ चाहनुहुन्छ। मैले पहिले नै भनिसकेको छु, कि मलाई ठूलो मण्डलीको नेतृत्व गर्ने चाहना छैन। हाम्रो मण्डली अरू मण्डलीहरूभन्दा फरक छ। म परमेश्वरले राखिदिनुभएको लक्ष्यप्रति निरन्तर लागिपरेको छु र यो लक्ष्य आफैले नभएर मेरो साथी र सहकर्मीसँग मिलेर हासिल गर्न चाहन्छु।

परमेश्वरले मलाई दिनुभएको वरदानचाहिँ विदेशका अगुवाहरूलाई तालिम दिनु, मिसन क्षेत्रहरूमा मण्डली स्थापना गर्नु र ती ठाउँहरूमा बाइबल स्कुल र



सेमिनारीहरू सञ्चालन गर्नु हो। स्थानीय अगुवाहरूलाई तालिम दिई निश्चित श्रेणीमा पुऱ्याएपछि, स्थानीय सेवकाइको सम्पूर्ण जिम्मेवारी उनीहरूलाई सुम्पेर म परमेश्वरले देखाउनुभएको अर्को मिसन क्षेत्रमा जान चाहन्छु।

हाम्रो ए.एम.आइ. प्रसारण पद्धतिमार्फत सबै आत्मिकी अगुवाहरू, मिसन संस्थाहरू र संसारका इसाई सम्प्रदायहरूलाई ख्रीष्टमा एउटै शरीर बनाउने र तिनीहरूको सेवा गर्ने मेरो दर्शन हो। परमेश्वरले यो गहकिलो दर्शन धेरै पहिले दिनुभएको थियो। ए.एम.आइ. प्रसारण वास्तवमा मेरो प्रार्थनाको उत्तर हो। जब मैले परमेश्वरलाई तपाईंले दिनुभएको दर्शन प्राप्त गर्न सकिनँ भनेर प्रार्थना गरेँ, तब उहाँले मलाई यो ए.एम.आइ. प्रसारण संस्था दिनुभयो।

हाम्रो ए.एम.आइ. मण्डली अरू मण्डलीहरूजस्तो धेरै व्यक्तिहरूबाट भेटी र अनुदान जम्मा गरेर बनाइएको होइन। यदि मण्डलीका सदस्यहरूबाट उठेको रकम र उनीहरूबाट पाएको सहयोगबाट बनिएको भए उनीहरूले "यो मेरो मण्डली हो" भन्नसक्ने थिए र मण्डलीलाई आफ्नो बसमा राख्नेथिए। उनीहरूको आफ्नै लगानी र हितको निम्ति एक अर्कामा झगडा गर्नेथिए। तर यस्तो समस्या हाम्रो मण्डलीमा छैन। हाम्रो मण्डली एक्लो व्यक्तिको सहयोगबाट बनिएको हो। भवनको निर्माण गर्नुभन्दा अघि हाम्रो मण्डलीको महिला डिकनलाई परमेश्वरले मण्डली भवनको दर्शन दिनुभयो। वास्तवमा भन्ने हो भने मानिसहरूले तरकारी उत्पादन गर्ने ठाउँमा मण्डली निर्माण हुन्छ भन्ने कुरा हामीले कल्पना पनि गरेका थिएनौँ। केही समयपछि परमेश्वरले त्यही दर्शन उक्त महिला डिकनको पतिलाई दिनुभयो। नयाँ मण्डली भवनमा मानिसहरू जम्मा भएको दर्शन तिनीहरू दुवैले देखेका थिए। त्यसैले गर्दा त्यो परिवारले खुसीसाथ भवन निर्माणमा लाग्ने सम्पूर्ण खर्च बेहोरे। परिणामस्वरूप

मण्डलीका सदस्यहरूले भवन निर्माणको लागि चिन्ता गर्नुपरेन। तिनीहरूले आफ्नो ध्यान वाह्य सेवकाइ र मिसनमा केन्द्रित गरे पुग्नेभयो।

आजको मण्डलीहरूलाई हेर्दा मेरो हृदय छियाछिया हुन्छ। सङ्ख्यामा तिनीहरू बढिरहेका छन् तर शुद्धतामा चाहिँ ह्रास आउँदैछ। उनीहरूले वाह्य मिसनमा स्रोत-साधनहरू लगानी गरेको देखिएता पनि त्यसमा तिनीहरूको आफ्नै स्वार्थ लुकेको छ। त्यो आफ्नै हक हितको लागि सञ्चालन भइरहेका छन्। परमेश्वरको जस्तै हृदय भएर मिसनको काममा समर्पित हुने धेरै जना छैनन्। यस्तो परिस्थितिमा हाम्रो परमेश्वर कति दु:खित हुनुहुन्छ होला भनेर म विचार गर्ने गर्दछु।

निश्चय पनि म एक्लै मण्डलीको सुधार गर्नमा सफल हुन सक्दिनँ तर इमानदारीपूर्वक यो आशा राख्दछु, कि हाम्रो मण्डली एउटा उदाहरण हुनेछ। मेरो माण्डली परमेश्वरले चाहेजस्तै बाटोमा हिँडोस् भन्ने कुरा म चाहन्छु। माण्डली सुधारको निम्ति जोसिला हृदय भएका व्यक्तिहरूलाई पठाइदिनुहोस् भनी म सधैँ परमेश्वरसँग प्रार्थना गर्नेगर्दछु। आजको युगमा साँच्चै परमेश्वरलाई यस प्राकरका व्यक्तिहरूको आवश्यक्ता छ, जोहरू मण्डली सुधारको लागि बलिदान हुनसक्छन्। बेफाइदा र हानी हुने परिस्थितिमा पनि खुसीसाथ परमेश्वरको सेवा गर्न चाहने व्यक्तिहरूको आज ठूलो खाँचो छ।

परमेश्वरको कामको निम्ति बलिदान हुन तयार हुने धेरै व्यक्तीहरू ए.एम.आइ. मण्डलीमा भएकोले म धेरै खुसी छु र यसमा गर्व गर्दछु। जब म उनीहरूलाई हेर्छु, पावलले ओनेसिफरसको निम्ति आशिष् मागेझैँ उनीहरूलाई र उनीहरूको परिवारमाथि आशिष् खन्याउनुहोस् भनी नम्रतापूर्वक म परमेश्वरसँग प्रार्थना गर्ने गर्दछु। मलाई यो युगमा सन्त पावलको जस्तो सेवकाइको निम्ति परमेश्वरले



बोलाउनु भएकोमा आशिष्को अनुभूति गर्दछु। त्यसैकारणले मलाई तिमोथी, प्रिस्किला र अकिलासजस्ता व्यक्तिहरूको खाँचो छ। म लूका र तुर्खिकसजस्तो इमानदार व्यक्तिहरूको खोजीमा छु। आजको दिन पनि इपाफ्रोडिटस, बारनाबास, यूहन्ना, मर्कूस, र ओनेसिफरसजस्ता सहयोग गर्ने निस्वार्थ व्यक्तिहरूको म उत्सुकतापूर्वक चाहना गर्दछु।

परमेश्वरले त्यस्ता व्यक्तिहरू मलाई दिनुभएको छ। भविष्यमा पनि निरन्तर दिइरहनुहुनेछ भन्ने कुरामा म ढुक्क छु। यी आशिषित व्यक्तिहरू हुन्, जसले कमजोर हुँदा अनि लड्नलाग्दा हौसला र सहायता दिई मलाई माथि उठाए। साँच्चै यिनीहरूको हौसलाको मलाई अति खाँचो छ। "प्रभुले ओनेसिफरसको घरानलाई कृपा राखून्, किनभने तिनले मलाई अक्सर हौसला दिन्थे" भनेर पावलले उनको मित्र ओनेसिफरसको निम्ति प्रार्थना गरेझैँ म मेरा मित्रहरू र सहकर्मीहरूका निम्ति निरन्तर प्रार्थना गर्दछु। ओनेसिफरसले पाएजस्तै कृपा र आशिष् तिनीहरूले पाउनेछन्। मलाई हौसला दिइरहन उनीहरूलाई अनुरोध गर्दछु। अन्तमा, तपाईहरू पनि उत्साह दिने व्यक्तिहरू बन्नुहोस्। आमिन!